# रविलाल अधिकारीको नियात्राकारिता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत

पृथ्वीनारायण क्याम्पस नेपाली विभागको एम.ए. दोस्रो वर्षको

दशौँ पत्र (५१०-१) को प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

**रोहिणी ढकाल**

क्याम्पस रोल नं. ३०/०६८।०६९

त्रि.वि. दर्ता नं. ६-१-९९९-४५८-२००४

परीक्षा रोल नं. : ४८०२३८



**पृथ्वीनारायण क्याम्पस**

नेपाली विभाग

पोखरा

२०७४



रविलाल अधिकारीको नियात्राकारिता

रोहिणी ढकाल

२०७४

## शोध निर्देशकको मन्तव्य

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पृथ्वीनारायण क्याम्पस नेपाली विभागको स्नातकोत्तर तहको दशौं पत्रको प्रयोजनार्थ **रविलाल अधिकारीको नियात्राकारिता** शीर्षकको शोधपत्र **रोहिणी ढकाल**ले मेरा निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र तयार गर्न उहाँले अथक परिश्रम र मेहेनत गर्नुभएको छ । उहाँको मेहेनत र परिश्रमबाट म सन्तुष्ट छु साथै आवश्यक मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७४-०४-०८
ई.सं. : २०१७-०७-२३

............................
सहप्रा. खुमलाल पौडेल
शोध निर्देशक
पृथ्वीनारायण क्याम्पस
नेपाली विभाग
पोखरा

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पृथ्वीनारायण क्याम्पस नेपाली विभागको स्नातकोत्तर तहको दशौं पत्रको प्रयोजनार्थ श्रद्धेय गुरु सह-प्राध्यापक खुमलाल पौडेलको प्राज्ञिक निर्देशनमा तयार गरेको हुँ । आफ्नो प्राध्यापन र कार्यव्यस्तताका बावजुद पनि मलाई शोधपत्र लेखनमा सल्लाह, सुझाव र हौसला तथा पथप्रदर्शन गर्नुभएकोमा उहाँप्रति आभार प्रकट गर्दछु ।

यस शोधपत्रको शीर्षक छनोट तथा स्वीकृति दिने क्रममा आवश्यक सल्लाह तथा सुझाव र सदैव हौसला प्रदान गर्नुभएकोमा नेपाली विभागका विभागीय प्रमुख सह-प्राध्यापक कृष्णप्रसाद पौडेलप्रति पनि आभार प्रकट गर्न चाहन्छु । यस शोधपत्रको लेखनका क्रममा आफ्ना सम्पूर्ण कृति उपलब्ध गराइ आवश्यक सल्लाह दिनु भएकोमा शोधनायक एवं कृतिका रचनाकार, श्रद्धेय गुरु प्रा.डा. रविलाल अधिकारीज्यूप्रति आभार व्यक्त गर्दछु । आफू निरक्षर रहेर पनि सदैव पढ्नका लागि हौसला प्रदान गर्नु हुने पुजनीय मेरा माता पिताप्रति पनि आभार प्रकट गर्दछु । शोधपत्र लेखनका क्रममा घरायसी वातावरण तयार पारी सहयोग पुऱ्याइदिएकोमा जीवन संगिनी लक्ष्मी लामिछाने साथै मलाई निरन्तर प्रेरणा तथा हौसला र आवश्यक सहयोग पुऱ्याएकोमा भाइ गौतम ढकालप्रति पनि आभारी छु ।

यसै गरी यस शोधपत्र छिटो छरितो र शुद्धसँग टङ्कन गरिदिएकोमा श्रेष्ठ कम्प्युटर सर्भिस नदिपुरका संचालक ईश्वर श्रेष्ठ र सिद्धार्थ कम्युनिकेशनलाई पनि धन्यवाद दिन चाहन्छु । अन्त्यमा, यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. अन्तर्गत पृथ्वीनारायण क्याम्पस नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७४।०४।०८

रोहिणी ढकाल
पृथ्वीनारायण क्याम्पस, पोखरा

## सङ्क्षेपीकृत शब्द तथा सङ्केत सूची

| | | |
|---|---|---|
| अ.स्ना.शो | - | अप्रकाशित स्नातकोत्तर शोधपत्र |
| आ.दी. | - | आचार्य दीक्षित |
| काठ. | - | काठमाडौं |
| चौ.सं. | - | चौथो संस्करण |
| डा. | - | डाक्टर |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - | दोस्रो संस्करण |
| निर्दे. | - | निर्देशक |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पू. | - | पूर्ववत् |
| पृ. | - | पृष्ठ |
| प्र. | - | प्रकाशन/प्रकाशक |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| प्रलेस | - | प्रगतिशील लेखक सङ्घ |
| प्रा. | - | प्राध्यापक |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| र. | - | रचना |
| वि.सं. | - | विक्रम सम्वत् |
| सन्/ई.सं. | - | ईस्वी सम्वत् |
| सम्पा. | - | सम्पादन/सम्पादक |
| सा.प्र. | - | साझा प्रकाशन |
| ......... | - | केही अंश छुट भएको |
| " " | - | ऐजन |
| / | - | वा / र |

# विषयसूची


स्वीकृतिपत्र

सिफारिसपत्र

कृतज्ञता ज्ञापन

सङ्क्षिप्त रूप तथा चिह्नसूची

| | | |
|---|---|---|
| **परिच्छेद एक : शोध परिचय** | | **१-५** |
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोध प्रयोजन | १ |
| १.३ | विषय प्रवेश | १ |
| १.४ | समस्या कथन | २ |
| १.५ | शोधको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोध-कार्यको औचित्य तथा महत्त्व | ४ |
| १.८ | शोधको क्षेत्र र सीमा | ४ |
| १.९ | शोधविधि र सामग्री सङ्कलन | ५ |
| १.१० | शोधपत्रको रूपरेखा | ५ |
| **परिच्छेद-दुई : नियात्राको सैद्धान्तिक परिचय** | | **६-४२** |
| २.१ | विषय प्रवेश | ६ |
| २.२ | नियात्राको परिचय, स्वरूप र परिभाषा | ७ |
| | २.२.१ नियात्राको परिचय तथा स्वरूप | ७ |
| | २.२.२ नियात्राको परिभाषा | ८ |
| २.३ | नियात्राका तत्त्वहरू | ११ |
| | २.३.१ गतिशीलता | १२ |
| | २.३.२ स्थानीयता | १२ |
| | २.३.३ निजात्मकता/स्वच्छन्दता | १२ |
| | २.३.४ अनुभूतिमयता | १३ |
| | २.३.५ चिन्तनशीलता/रोचकता/रसात्मकता | १३ |
| | २.३.६ आत्मीयता | १३ |

२.३.७ कल्पनाप्रवणता १४
२.३.८ कौतूहल १४
२.३.९ आख्यनात्मकता १५
२.३.१० पात्र १५
२.३.११ अवधि/समय परिस्थिति/वातावरण १६
२.३.१२ उद्देश्य १६
२.३.१३ भाषाशैली १६
२.४ नियात्राका निकटवर्ती उपविधाहरू १७
२.५ नेपाली नियात्राको विकास २२
२.५.१ पृष्ठभूमि २२
२.५.२ पृष्ठभूमि काल (वि.सं. १५५० देखि वि.सं. १९६९ सम्म) २५
२.५.३ आरम्भकाल (वि.सं. १९७० देखि वि.सं. १९९८ सम्म) २८
२.५.४ आधुनिक काल (वि.सं. १९९९ देखि वर्तमानसम्म) २९
२.५.४.१ प्रथम चरण (वि.सं. १९९९ देखि वि.सं. २००९सम्म) ३१
२.५.४.२ द्वितीय चरण (वि.सं. २०१० देखि २०२२ सम्म) ३२
२.५.४.३ तृतीय चरण (वि.सं. २०२३ देखि वर्तमानसम्म) ३५
२.६ निष्कर्ष ४२

**तेस्रो परिच्छेद : रविलाल अधिकारीको सङ्क्षिप्त जीवनी तथा नियात्रा लेखन यात्रा ४३-७४**
३.१ नियात्राकारको वैयक्तिक परिचय ४३
३.१.१ जन्म र बाल्यकाल ४३
३.१.२ पारिवारिक वातावरण ४३
३.१.३ शिक्षा ४४
३.१.४ रुचि र स्वभाव ४५
३.१.५ पेसा ४५
३.१.६ साहित्य सिर्जनामा प्रेरणा ४५
३.१.७ सम्मान र पुरस्कार ४७
३.१.८ सेवा र सम्बद्धता ४७
३.२ साहित्यकार अधिकारी ४७
३.२.१ कवि अधिकारी ४७
३.२.२ सम्पादक अधिकारी ४८

३.२.३ समालोचक अधिकारी ४८
३.२.३ निबन्धकार अधिकारी ४९
३.२.४ नियात्राकार अधिकारी ५०
३.२.५ नियात्राकार अधिकारीको चरण विभाजन/वर्गीकरण ५०
३.२.५.१ पूर्वाद्ध चरण (२०४६-४७ - २०६६ सम्म) ५१
३.२.५.२ उत्तरार्द्ध चरण २०६६ - हालसम्म ५८
३.२.५.२.१ घुमन्तेको सेरोफेरो (२०७१) ५९
३.२.५.२.२ अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२) ६४
३.२.६ रविलाल अधिकारीका नियात्राको वर्गीकरण ६८
३.२.६.१ स्वदेशकेन्द्री नियात्राहरू ६९
३.२.६.२ विदेशकेन्द्री नियात्रा ७०
३.२.७ उद्देश्यका आधारमा वर्गीकरण ७१
३.२.७.१ पुरस्कार ग्रहण गर्न जाँदा ७१
३.२.७.२ स्रष्टालाई सम्मान गर्न जाँदा ७१
३.२.७.३ पुस्तक खरिद गर्न जाँदा ७२
३.२.७.४ स्मृति सभा तथा सम्मेलनमा भाग लिन ७२
३.२.७.५ विशुद्ध यात्रा/भ्रमण ७३
३.२.८ निष्कर्ष ७४

**चौथो परिच्छेद : अधिकारीका नियात्राहरूको अध्ययन तथा विश्लेषण ७५-११२**
४.१ विधागत अध्ययन ७५
४.२ कृतिगत विश्लेषण ८०
४.२.१ पुस्तकप्रेमीका दृष्टिले ८०
४.२.२ साहित्यिक व्यक्तित्वका दृष्टिले ८१
४.२.३ यथार्थ वर्णनका दृष्टिले ८३
४.२.४ शीर्षकीकरणका दृष्टिले/तथ्यात्मकता ८४
४.२.५ सूचनामूलकताका दृष्टिले ८५
४.२.६ ऐतिहासिक वर्णनका दृष्टिले ८६
४.२.७ विविध चर्चाका दृष्टिले ८८
४.२.७.१ प्राकृतिक सुन्दरताको चर्चा ८८
४.२.७.२ भौतिक उन्नतिको चर्चा ८८

४.२.७.३ सांस्कृतिक/धार्मिक चर्चा	८९
४.२.७.४ आहार विहार सम्बन्धी चर्चा	९०
४.२.७.५ राजनैतिक चर्चा	९१
४.२.७.६ लोकगीतको चर्चाका दृष्टिले	९२
४.२.८ मानवतावादीका दृष्टिले	९३
४.२.९ समीक्षक आग्रहका दृष्टिले	९५
४.२.१० इमानदार, स्पष्ट र सीधा वर्णनका दृष्टिले	९६
४.२.११ भाषाशैली प्रयोगका दृष्टिले	९८
४.२.११.१ सरल र बोधगम्य भाषा	९८
४.२.११.२ उखान टुक्काको प्रयोग	९८
४.२.११.३ आगन्तुक भाषाको प्रयोग	९९
४.२.११.४ कवितांशको प्रयोग	१००
४.२.११.५ संस्कृत सुक्तिको प्रयोग	१०२
४.२.११.६ आञ्चलिक तथा झर्रा शब्दको प्रयोग	१०३
४.२.११.७ बिम्ब र प्रतीकको प्रयोग	१०४
४.२.१२ तस्वीर तथा चित्रको प्रयोग	१०४
४.३ नियात्रा विधाका तत्त्वगत आधारमा नियात्रा कृतिको विश्लेषण	१०६
४.२.१३ निष्कर्ष	१११

**पाँचौ परिच्छेद : उपसंहार	११२-११९**
५.१ निष्कर्ष	११९
सन्दर्भ सूची
परिशिष्ट

# परिच्छेद एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **रविलाल अधिकारीको नियात्राकारिता** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोध-पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभाग पृथ्वीनारायण क्याम्पस पोखरा, नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दशौं (५१०-१) पत्रको प्रयोजनका लागि प्रस्तुत रहेको छ ।

## १.३ विषय प्रवेश

रविलाल अधिकारी नेपाली साहित्यमा कविता, समालोचना, खण्डकाव्य, निबन्ध र नियात्रा विधामा कलम चलाउने व्यक्ति हुन् । आफ्नो लेखनको सुरुवातको चरणमा कविताबाट साधना गरेका अधिकारी पछिल्लो क्रममा निबन्ध, समालोचना र नियात्रा विधामा कलम चलाइरहेका छन् । नेपाली नियात्रा विधामा उनका तीनवटा नियात्रा कृतिहरू १. फेरि बनारस जाँदा र अन्य नियात्राहरू (२०६६) २. घुमन्तेको सेरोफेरो (२०७१) ३. अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२) प्रकाशित छन् । मूलतः प्रगतिवादी समालोचना र निबन्ध विधामा सिद्धहस्त मानिएका अधिकारीका नियात्रा कृतिहरू पनि निकै गहकिला छन् । आफूले देखेको परिवेश, ठाउँको चित्रण यात्रा अनुभव तथा तिनै भोगाइको सूचना/जानकारी उनले आफ्ना कृतिमा प्रतिबिम्बित गरेका छन् । विभिन्न समयमा लेखिएका र प्रकाशित समेत भएका लेखहरूको सङ्कलन गरी पुस्तकाकार पनि प्रदान गरेका छन् । अधिकारीका अन्य कृतिहरूमा शोध वा अनुसन्धान भए पनि नियात्रा कृतिको भने सैद्धान्तिक मान्यताका आधारमा अध्ययन र विश्लेषण हुन बाँकी नै छ । नेपाली नियात्रा परम्परामा उनले पुऱ्याएको योगदानको निरूपण हुन बाँकी नै छ । त्यसैले उनका नियात्रा कृतिको विधागत मान्यताका

आधारमा अध्ययन गरी यसका मूख्य वैशिष्ट्यहरू केलाउनु आवश्यक छ । तसर्थ प्रस्तुत शोध-कार्य उल्लिखित यिनै सन्दर्भहरूसँग जोडिन आएको छ ।

## १.४ समस्या कथन

प्रस्तुत शोधका समस्याहरू निम्न लिखित रहेका छन् ।

क) रविलाल अधिकारीको नियात्रा लेखन यात्रा के कस्तो छ ?

ख) रविलाल अधिकारीका नियात्राहरूको के कसरी अध्ययन गर्न सकिन्छ ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधकार्य निम्न लिखित उद्देश्यहरू पूर्ति गर्ने कार्यसँग जोडिएको छ :

क) अधिकारीको नियात्रा लेखन यात्रा प्रस्तुत गर्नु,

ख) अधिकारीका नियात्राहरूका विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा लामो समयदेखि खासगरी कविता, निबन्ध, समालोचना तथा नियात्रामा क्रियाशील रविलाल अधिकारी एक सिद्धहस्त व्यक्तित्व हुन् । उनका कविता, निबन्ध तथा समालोचनालाई आधार बनाएर विद्वान्हरूद्वारा थुप्रै लेख, समालोचनाका साथै अध्ययन, अनुसन्धान पनि भएका छन् । साथै उनका नियात्रा निबन्धमा सीमित रूपमा पत्र पत्रिकामा लेखहरू प्रकाशित भएका छन् । विद्वान्हरूबाट विभिन्न समयमा चर्चा एवं टिप्पणी पनि भएका छन् । तसर्थ प्रस्तुत शोध कार्य रविलाल अधिकारीका नियात्रा कृतिका सैद्धान्तिक मान्यताका आधारमा अध्ययन तथा, विश्लेषण गरिएको छ । तसर्थ यिनै नियात्रा कृतिसँग जोडिन आउने सामग्रीलाई नै यस अध्ययनमा प्राथमिक महत्त्व दिइएको छ । त्यसैकारण अधिकारीका नियात्रालाई नै केन्द्रविन्दु बनाएर लेखिएका सन्दर्भ कृतिहरूलाई तथा विद्वान्हरूबाट व्यक्त विचार (कृतिका सन्दर्भमा) लाई मात्र पूर्व कार्यका रूपमा ग्रहण गरी समीक्षा गरिएको छ जुन निम्नानुसार छन् ।

क) पुरुषोत्तम ढकालले अधिकारीलाई निबन्धकारका रूपमा मात्र चर्चा गरेका छन् । उनले नियात्राकारका रूपमा कुनै उल्लेख गरेका छैनन् । (ढकाल : २०६०) पृ.१६

ख)  डोलकुमारी पौडेलले आफ्ना अनुभव र मन, मस्तिष्कमा उर्लेका भाव तथा विचारलाई आफूले भोगेको घटनालाई समेटी रोचक शैलीमा निबन्ध लेख्ने निबन्धकार भनी चिनाएकी छिन् । उनले पनि निबन्धकारका रूपमा मात्र चर्चा गरेकी छिन्, नियात्राका बारेमा उल्लेख गरेकी छैनन् (पौडेल : २०६०) पृ १६ ।

ग)  भीम रानाभाटले प्रकाशकीय मन्तव्य दिँदै "यस कृतिमा कतिपय समालोचकीय धारणहरू भए पनि यो उहाँको सिर्जनात्मक कृति हो । आफ्नो यात्रामा आइपरेका बग्रेल्ली समस्या र अविस्मरणीय क्षणहरूलाई बडो रोचक ढङ्गबाट सरल र सरस शैलीमा प्रस्तुत गरिएको छ ।" उनले अधिकारीका नियात्रा सरल र सरस भएको अभिव्यक्ति दिएका छन् । रानाभाटले यो टिप्पणी कुनै सिद्धान्तको आधारमा गरेका होइनन् । (अधिकारीः २०६६ फेरि बनारस......... ) पृ.क/ख

घ)  रविलाल अधिकारीले आफ्ना नियात्रा कृतिका सन्दर्भमा लेखकीय मन्तव्य राख्दै "समालोचनातिर संलग्न हुन थालेपछि गद्य तिर ध्यान गयो, यस्ता परिवेशमा अर्काका विषयमा मात्र कुरा काटेर लेख्दा म भित्रको सिर्जनात्मकता मर्ने भयो । त्यसैले मैले आफ्नो सिर्जनात्मकता कायम राख्न निबन्धमा कलम चलाएँ" भन्दै आफ्नो सिर्जनात्मकता कायम राख्न निबन्ध, नियात्रा लेखेको कुरा बताएका छन् । साथै उनले "भ्रमण गरेका सन्दर्भका कुराहरूलाई लिएर लेखिएका निबन्ध "नियात्रा" हुन्छन् भन्ने मान्यतालाई पालन गरी यी निबन्धहरूको नाम नियात्रा भनी राखेँ ।" भनी उल्लेख गरेका छन् । साथै आफूले भ्रमण गरेका सन्दर्भको टिपोट/लेख नै नियात्रा हो भनी नियात्राकारले नियात्राको परिभाषा दिएका छन् । (अधिकारीः २०६६, फेरि बनारस जाँदा) पृः ग,घ,ङ ।

ङ)  हाजी हनिफ मियाँले प्रकाशकीय मन्तव्य दिँदै "एउटा दिग्गज लेखकले समकालीन कलाको मिलान गरी तयार पारेको एक मूल्यवान् पुस्तक" भनी पुस्तक वा नियात्रा कृतिको महत्त्वको चर्चा गरेका छन् । उनले यो टिप्पणी किताब प्रतिको धारणा व्यक्त गर्ने सन्दर्भमा प्रस्तुत गरेका हुन् (अधिकारी : २०७१, घुमन्तेको ........) ।

"आफ्ना नियात्राहरू नेपालकै विभिन्न भागमा गरिएको भ्रमण तथा भारतका केही सहरहरूको भ्रमणका सन्दर्भमा लेखिएका छन्" भनेर लेखकले आफ्ना नियात्रा स्वदेश र विदेशका सन्दर्भ पनि आएका छन् भनी उल्लेख गरेका छन् । (अधिकारी : २०७१, घुमन्तेको सेरोफेरो)

रविलाल अधिकारीका बारेमा धेरै लेख तथा शोध र अनुसन्धान पनि भइसकेका छन् । ती निबन्ध, समालोचना, कविता आदिमा मात्र भए तर नियात्रा कृतिका बारेमा

सैद्धान्तिक आधारमा भने अध्ययन र विश्लेषण हुन भने बाँकी नै रहेको कुरा माथि उल्लेखित पूर्वकार्य समीक्षाका टिप्पणीबाट प्रष्ट भइसकेको छ । तसर्थ उनका नियात्रा कृतिका बारेमा सैद्धान्तिक आधारमा अध्ययन विश्लेषण हुनु आवश्यक छ ।

## १.७ शोध-कार्यको औचित्य तथा महत्त्व

रविलाल अधिकारी नेपाली साहित्यको कविता, समालोचना, निबन्ध तथा नियात्रा विधामा कलम चलाउने एक सिद्धहस्त साहित्यकार हुन् । अधिकारीका हाल सम्म तीन वटा नियात्रा कृतिहरू : १) फेरि बनारस जाँदा र अन्य नियात्राहरू (२०६६) २) घुमन्तेको सेरोफेरो (२०७१) ३) अस्ट्रेलिया छोटो बसाइ, थोरै हेराइ (२०७२) प्रकाशित छन् । यी सङ्ग्रहहरूमा खासगरी स्वदेश र विदेश यात्राको अनुभव समेट्दै पाठकलाई समेत त्यही पुगेको अनुभव दिलाउने रचनाहरू छन् । तसर्थ यो शोधपत्र तिनै नियात्रा कृतिका बैशिष्ट्यहरू केलाउन मै जोडिन आएको छ । रविलाल अधिकारी कस्ता व्यक्तित्व हुन् भन्ने समस्याको समाधान खोज्नु नै प्रस्तुत शोधकार्यको औचित्य हो । तसर्थ यी नियात्राकृतिको विभिन्न कोणबाट अध्ययन, विश्लेषण गरी निष्कर्षमा पुग्नु बाञ्छनीय हुन्छ । प्रस्तुत शोध यही प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ । त्यसैले प्रस्तुत शोध समस्याहरूको समाधान नभइसकेको अवस्थामा यो शोध कार्य औचित्यपूर्ण रहेको प्रष्ट हुन्छ । यसका अतिरिक्त प्रस्तुत शोधले रविलाल अधिकारीका बारेमा तथा उनका नियात्रा कृतिका बारेमा जिज्ञासुहरूलाई महत्त्वपूर्ण सामग्री दिने र नेपाली साहित्यको अनुसन्धान परम्परालाई अगाडि बढाउने भएकाले पनि यसको औचित्य पनि रहेको छ ।

## १.८ शोधको क्षेत्र र सीमा

रविलाल अधिकारीले नेपाली साहित्यका कविता, निबन्ध, खण्डकाव्य, समालोचना तथा नियात्रा लगायत विविध विधामा कलम चलाएका छन् । प्रस्तुत शोधमा रविलाल अधिकारीका तीन नियात्रा कृतिहरू १) फेरि बनारस जाँदा र अन्य नियात्राहरू २) घुमन्तेको सेरोफेरो ३) अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइको चर्चा नै यसको अध्ययन क्षेत्र हो । यस शोधकार्यमा यी तीन कृतिहरूमा प्रस्तुत नियात्राहरूको सामान्य चिनारी प्रस्तुत गर्नुका साथै सैद्धान्तिक परिचय, नियात्राकार अधिकारीको सङ्क्षिप्त व्यक्तित्व, नियात्रा लेखन यात्रा, विभिन्न कोणबाट नियात्राको विश्लेषण गर्नु नै यसका क्षेत्र हुन् । साथै नियात्राकारका अन्य कृतिहरूको बारेमा यस शोध कार्यमा चर्चा गरिने छैन । साथै नियात्रा कृतिको व्यापक क्षेत्र वा सूक्ष्म चर्चा र अध्ययन विश्लेषण यसको अध्ययन क्षेत्रभित्र पर्दैन । नियात्रा कृतिको

सामान्य परिचय प्रस्तत् गर्नु र सूक्ष्म विश्लेषण नभई समग्रमा चिनारी दिनु नै यसको सीमा हो ।

## १.९ शोधविधि र सामग्री सङ्कलन

यस शोध कार्यमा पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरी आगमनात्मक पद्धतिबाट सङ्कलित तथ्यहरू, सूचनाहरू तथा सामग्रीहरूको व्याख्या र विश्लेषण गरिएको छ। यो शोध पत्र कृतिपरक अध्ययन भएकाले यसमा कृतिगत वा विषयवस्तुगत अध्ययन गरिएको छ। यसका अतिरिक्त सम्बन्धित स्रष्टा, शोध निर्देशक र विषयसँग सम्बन्धित विज्ञहरूसँग परामर्श गरी सङ्कलित तथ्यहरूका आधारमा अध्ययन र विश्लेषण गरी निष्कर्ष निकालिएको छ। साथै नियात्रा विधाका तत्त्वहरूका आधारमा रविलाल अधिकारीका नियात्राको विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोध प्रबन्धलाई सु-व्यवस्थित रूपमा सम्पन्न गरी निम्नानुसार अध्यायहरू विभाजित गरिएको छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : नियात्राको सैद्धान्तिक चिनारी

परिच्छेद तीन : रविलाल अधिकारीको सङ्क्षिप्त चिनारी र नियात्रा लेखनयात्रा

परिच्छेद चार : नियात्राकार अधिकारीको नियात्राहरूको अध्ययन विश्लेषण

परिच्छेद पाँच : शोध निष्कर्ष

# परिच्छेद दुई
# नियात्राको सैद्धान्तिक परिचय

## २.१ विषय प्रवेश

साहित्यका विभिन्न विधाहरूमध्ये निबन्ध पनि एक महत्त्वपूर्ण विधा हो । 'निबन्ध' संस्कृत व्याकरणको शब्द निर्माण प्रक्रियामा 'नि' उपसर्ग लागेको 'बन्ध' धातुमा 'घञ' प्रत्यय लागेर बनेको हुन्छ । यसको अर्थ बाँध्ने काम गर्नु अर्थात् भाव वा विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिका आयतनमा सङ्गृहीत गर्नु र निजात्मक अभिव्यक्ति दिनु भन्ने हुन्छ (सुवेदी, २०६३ : १) । यो विधा आजसम्म आइपुग्दा एक संमृद्ध विधाका रूपमा परिचित तथा स्थापित भएको छ । निबन्ध विधालाई परिभाषित गर्ने क्रममा विद्वान्हरूको एक मत पाइँदैन । एकथरी विद्वान्हरू बौद्धिकतामा जोड दिन्छन् भने अर्काथरी विद्वान्हरू आत्मपरक भावात्मकतामा जोड दिन्छन् । आधुनिक निबन्धको सुरुवातदेखि नै आत्मपरक र वस्तुपरक गरी मूलतः दुई धारहरू विकसित हुँदै आएका हुन् । केही आधुनिक निबन्धकारहरू बौद्धिकता तथा आत्मपरक भावात्मकता यी दुवैमा रमाउन चाहन्छन् । निबन्धका उपविधालाई केलाउने क्रममा शिल्पशैलीका दृष्टिले विभिन्न प्रकार भेट्न सकिन्छ । निबन्धका उपविधा वा प्रकारका बारेमा राजेन्द्र सुवेदीले "नियात्रा, प्रबन्ध, जीवनी, संस्मरण, आत्मकथा, शब्दचित्र, सम्पादकीय, टिप्पणी, भूमिका, दैनिकी, पत्रसाहित्य, समीक्षा, प्रतिवेदन, अन्तर्वार्ता आदिलाई लिन सकिन्छ" भनेका छन् (सुवेदी, २०५८:४) । यीसबै उपविधाहरूका आ-आफ्नै शैली संरचना तथा आत्मगत पक्ष रहे पनि यिनीहरूका बीच केही न केही समानता भने भेट्न सकिन्छ । यी सबै उपविधा मध्ये नियात्रा उपविधा भएर पनि रूप र संरचनामा अन्य उपविधा भन्दा केही भिन्न छ । नियात्रा निश्चित ठाउँमा गरिएको यात्राबाट उत्पन्न अनुभूतिहरूलाई प्रतिभा र बौद्धिक तीक्ष्णताद्वारा गद्यात्मक भाषामा प्रस्तुत गरिएको सिर्जनात्मक अभिव्यक्तिलाई भनिन्छ ।

नियात्रा यात्रा साहित्यको सिर्जनात्मक नवगद्य लेखनको एक महत्त्वपूर्ण भेद हो । यो नितान्त रूपले यथार्थपरक, गतिमय, अनुभवात्मक र निजात्मक हुन्छ । साथै यसमा

गौण रूपमा स्मृति तत्त्व पनि रहेकै हुन्छ । विश्व साहित्यमा लामो समयदेखि प्रचलित र प्रतिष्ठित रहँदै आएको यो लेखन नेपाली साहित्यमा वि.सं. १५५० मा बीज रूपमा देखा परेर क्रमशः अङ्कुरित, पल्लवित र पुष्पित हुँदै क्रमिक र व्यतिक्रमिक रूपमा अघि बढ्दै गएर वर्तमानमा बहु आयामिक एवम् लोकप्रिय र समृद्ध भइसकेको छ, साथै स्वतन्त्र विधागत अस्तित्व स्थापनाका निम्ति प्रयासरत समेत छ (उपाध्याय, २०६६:७) ।

## २.२ नियात्राको परिचय, स्वरूप र परिभाषा

### २.२.१ नियात्राको परिचय तथा स्वरूप

निबन्धको लोकप्रिय उपविधा नियात्रा हो । यात्रा शब्दमा 'नि' उपसर्ग लागेर नियात्रा शब्द बन्दछ । यसले खास प्रकारको यात्रा साहित्यको अर्थ दिन्छ । यो शब्द संस्कृत र हिन्दी भाषामा प्रचलित छैन र नेपाली साहित्यमा पनि पहिले प्रचलनमा थिएन । तर नेपाली साहित्यमा बालकृष्ण पोखरेलद्वारा नव निर्माण गरिएको र प्रचलनमा आएको शब्द हो । ठाउँ विशेषका जीवन्त पर्यावरणको वा सम्बन्धित ठाउँका व्यक्ति, संस्कृति, प्रकृति, जीवन, भोगाई, सोच विचार, भूगोल, उन्नति, अवनति आदि जस्ता अभिव्यक्तिहरूलाई सिर्जनात्मकरूपले चित्रण गरिएको विधालाई नियात्राका रूपमा चिनिन्छ । नेपाली बृहत् शब्दकोशमा भनिएको छ, "नियात्रा भनेको यात्रा निबन्धको औपन्यासिक या उपाख्यानात्मक रूप हो" (पोखरेल र अन्य (सम्पा.), २०४० : ट) । बालकृष्ण पोखरेलले ताना शर्माको **बेलायततिर बरालिँदा** (२०२६) को भूमिकामा "सत्यको निस्तो वर्णन छ भने यो यात्रा लेख (ट्राभल एकाउन्ट) र रमरमको आनन्दबाट मुछिएको छ भने चाहिँ नियात्रा कहलाउँछ" भनेर नियात्रा उपविधाको परिचय गराएका हुन् । यसै क्रममा नियात्राको परिभाषा दिने क्रममा राजेन्द्र सुवेदीले भनेका छन्, "यात्रामा प्रवृत्त हुने यात्रीले आफूले देखेका, भोगेका र अनुभवका परिधिमा समेटेर अनुभूति पुञ्जमा सुरक्षित गरिने तत्त्वलाई निबन्धका रूपमा स्थापना गरेको छ भने त्यस्ता रचनालाई नियात्रा (ट्राभल एकाउन्ट) भनिन्छ" (सुवेदी, २०५८:४०) । सुवेदीकै अनुसार, यात्रा साहित्य वा भ्रमण साहित्य अन्तर्गत यात्रा कविता, यात्रा कथा, यात्रा उपन्यास, यात्रा निबन्ध र यात्रा नाटक पर्दछन् भने यात्रा निबन्ध अन्तर्गत यात्रा लेख, यात्रा वृत्त, यात्रा विवरण, यात्रा वृत्तान्त, यात्रा

संस्मरण, नियात्रा (निभ्रमण), यात्रा चिठी र यात्रा आत्मजीवनी पर्दछन् (सुवेदी, २०५८:४०) ।

मूलतः निबन्ध आत्मपरक र वस्तुपरक गरी दुई मुख्य प्रकार भए तापनि यस भित्र अनेक उपविधाहरू रहेका पाइन्छन् । यसै प्रसङ्गमा गङ्गा प्रसाद उप्रेती भन्छन्, निबन्धका प्रकार अति धेरै छन् त्यसमध्ये यात्रालाई विषयवस्तु बनाएर लेखिएको निबन्ध यात्रा निबन्ध 'नियात्रा' वा निभ्रमण हो (उप्रेती, २०४६:११७) यी माथिका विविध परिभाषा वा तथ्यहरूका आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने यात्रा सम्बन्धी विषयवस्तु भएको लघु आयामको, गद्य विधाको एक नवीन अवधारणाको रूपमा चिनिने नियात्रा वर्तमान समयमा निबन्धकै एक प्रकार भएर पनि स्वतन्त्र रूपमा आफ्नो अस्तित्त्व स्थापना गर्न सङ्घर्ष गरिरहेको एक विधा हो ।

## २.२.२ नियात्राको परिभाषा

नेपाली साहित्यमा 'नियात्रा' शब्द निकै पछि मात्र निर्माण भयो । तारानाथ शर्माको यात्रा साहित्यिक ग्रन्थ **बेलायततिर बरालिँदा'** (वि.सं. २०२६) को भूमिका लेख्ने क्रममा बालकृष्ण पोखरेलले शर्माको उक्त ग्रन्थमा सर्वप्रथम 'नियात्रा' शब्दको प्रयोग गरेका थिए । शर्माको उक्त ग्रन्थमा सङ्गृहीत निबन्धात्मक शैलीमा प्रस्तुत, लेखकीय निजात्मक रागले पर्याप्त मात्रामा रञ्जित एवम् हार्दिकताले ओतप्रोत, कल्पनासिक्त र अनुभूति रचनाहरूलाई नेपाली यात्रा साहित्यको नवीनतम मानकका रूपमा लिएर उपर्युक्त विशेषताले सम्पन्न यात्रा कृतिका अर्थमा शर्माका ती रचनाहरूलाई 'नियात्रा' संज्ञा दिई उनले आफ्नो उक्त भूमिकात्मक लेखबाट नेपाली साहित्यमा नियात्रा शब्दको नवनिर्माण र प्रथम प्रयोग समेत गरेको पाइन्छ ।

नेपाली साहित्यमा नियात्रा नवनिर्मित र मौलिक शब्द हुनाले यसको प्रयोग नेपाली भाषा साहित्य बाहेक अन्य साहित्यमा नभएको हुँदा यसको परिभाषा पनि हालसम्म नेपाली विद्वान्हरूबाट मात्र गरिएको पाइन्छ। ती मध्ये केही महत्त्वपूर्ण परिभाषाहरू यसप्रकार छन् ।

(क) नियात्रा शब्दका निर्माता र प्रथम प्रयोक्ता बालकृष्ण पोखरेलले "सत्यको निस्तो वर्णन छ भने यात्रा विवरण र रमरमको आनन्द पनि मुछिएको छ भने नियात्रा कहलाउँछ" (पोखरेल, २०३४:ख) भनेका छन् ।

(ख) नेपाली वृहत् शब्दकोशमा- "नियात्रा यात्रावर्णनबारे कथात्मक वा आख्यनात्मक शैलीमा लेखिएको निबन्धको एक किसिम हो" (पोखरेल र अन्य (सम्पा.) २०४० : ७३४) भनिएको छ ।

(ग) तारानाथ शर्माले "नियात्रा भन्नाले यात्रावर्णनमा निजात्मक अनुभूतिको सफल समावेश भएको निबन्ध भन्ने बुझिन्छ" (शर्मा, २०४६:३८) भनेका छन् ।

(घ) गङ्गाप्रसाद उप्रेतीले "नवीन भू गोलप्रति यात्राकारको निजात्मकताले निकालेको निचोड नै नियात्रा हो (उप्रेती, २०४६:१०७) भनेका छन् ।

(ङ) राजेन्द्र सुवेदीले "यात्रामा प्रवृत्त हुने यात्रीले आफूले देखेका, भोगेका र अनुभवमा समेटेका अनुभूतिपुञ्जमा पाइने तथ्यलाई निबन्धको रूपमा स्थापना गरेको छ भने त्यस्ता रचनालाई नियात्रा भनिन्छ" (सुवेदी, २०४९:४०) भनेका छन् ।

(च) निर्मोही व्यासले "नियात्रा एक स्वच्छन्द प्रकृतिको अनुभूति प्रधान र रससित सिर्जनात्मक गद्य लेखन हो, जसमा सृजनशील यात्रीद्वारा आफ्नो यात्रानुभवलाई प्रगाढ निजात्मक रङ्गले रङ्गाएर उन्मुक्त, आकर्षक र आल्हादक शैलीमा आत्मपरक ढङ्गबाट निबन्धात्मक रूपमा जीवन्त पाराले प्रस्तुत गरिएको हुन्छ" (व्यास, २०६१:५५-५९) भनेका छन् ।

(छ) मेघराज शर्मा मञ्जुलले "फिल्महरू र स्लाइडहरूले देखाउने दृश्यझैं यात्राबारे गरिएको अभिव्यक्ति यात्रा संस्मरण (Travelogue) हो, जसमा एक वा एकभन्दा बढी ठाउँहरूको वर्णन गरिएको हुन्छ" (पोखरेल, २०६६ : १०) भनेका छन् ।

(ज) भीष्म उप्रेतीले "सामान्यतः यात्रा गर्ने व्यक्ति, यात्रा गरिने ठाउँ र उक्त ठाउँको सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक र राजनीतिक जीवनको अभावमा यात्रावृत्तान्त रचना गर्न सकिँदैन । यी कुराहरूमा अझ चिन्तशीलता र अनुभूतिको निजात्मकता समेत थपिएपछि त्यो यात्रानिबन्ध बन्दछ" (पोखरेल, २०६९ : १०) भनेका छन् ।

(झ) हेमनाथ पौडेलले "नियात्राले साहित्यिक आस्वादन मात्र होइन, त्यस स्थानको संस्कृति, सभ्यता, रीतिरिवाज आदिका साथै भौगोलिक-सामाजिक स्थिति र सम्बन्धित घटना, कार्य र जीवनको समेत चित्र पाठकका मनमा उतार्न सक्दछ" (पोखरेल, २०६९ : १०) भनेका छन् ।

उपर्युक्त विद्वान्हरूका दृष्टिकोणहरूका आधारमा अन्ततः के भन्न सकिन्छ भने कुनै सिर्जनशील यात्रीले यात्राका क्रममा देखे भोगेका विविध दृश्य, घटना-प्रसङ्ग र त्यसबाट उसमा परेको प्रभाव वा अनुभवलाई निजात्मक रङ्गले रङ्ग्याएर भावना तथा कल्पनाको यथोचित समन्वयका साथ मनोहारी शैलीमा आत्मपरक ढङ्गबाट लिपिबद्ध गरेको यथार्थपरक गद्य कृति नै यात्रा साहित्य हो। नियात्रा चाहिँ यात्राकारको प्रगाढ आत्म रागरञ्जित र अनुभूति प्रबल यात्रा वर्णन हो। जसमा नियात्राकारको यात्रागत वस्तुतथ्य लेखकीय आत्मपरकतासित एकाकार भएको हुन्छ। साथै नियात्राकारको यात्रा भोगाइका तीता, मीठा क्षण, उसका संस्मरण, अनुभव आदि पनि सँगै घोलिएर यसमा आएको हुन्छ। यो निजात्मक अनुभूतिको प्रवाहले भरिएको उत्कृष्ट यात्रा लेखनका तात्पर्यमा नव यात्रासाहित्यकारका बीच तथा पाठकहरूका बीच पनि लोकप्रिय छ। पछिल्लो समय यसको लेखन तथा प्रकाशन पनि संख्यात्मक रूपमा बृद्धि भइरेकै छ।

## २.३ नियात्राका तत्त्वहरू

जीवन र जगत्को कलात्मक वा सौन्दर्यपरक अभिव्यक्ति नै साहित्य हो। अतः यो कुनै एउटै मात्र देश, कालको सीमाभित्र नबाँधिने सार्वदेशिक, सार्वकालिक र सार्वजनीन अभिव्यक्ति हो, शाश्वत मूल्ययुक्त अभिव्यक्ति हो। वाङ्मयको अन्य शाखाहरू जीवन र जगत्का कुनै एक वस्तुगत वा तथ्यगत पक्ष विशेषसित मात्र सम्बन्ध राख्दछन् तर साहित्य एक यस्तो शाखा हो जुन माथिका सबै वस्तु र तथ्यसँग सम्बन्धित हुँदाहुँदै पनि नितान्त पृथक छ र जीवनको त्यस्तो कुनै पक्ष र जगतको त्यस्तो कुनै क्षेत्र नै छैन जुन साहित्यको विषय बन्न नसकोस् र नबनेको होस्। साहित्यको विषय र क्षेत्र व्यापक फराकिलो रहेको छ। जुनसुकै स्थान, भूगोल आदिमा पनि साहित्यको मानव बस्तीभित्र विकास भएको पाउन सकिन्छ।

साहित्य वाङ्मयको एक सुललित र स्वच्छन्द प्रकृतिको सृजनशील विधा हो। साहित्यभित्र पनि विभिन्न विधा र उपविधाहरू मौलाउँदै र फस्टाउँदै गइरहेको पाइन्छ। मानव सभ्यताको विकाससँगै नयाँ नयाँ लेखन प्रवृत्ति तथा विषयसँगै विभिन्न विधाको निरन्तर विकास भइरहेको छ। साहित्यका यी विधालाई एक अर्कोबाट फरक गर्ने यिनीहरूका तत्त्वहरू केही संयुक्त छन्। यात्राका क्रममा यात्राकारले देखेका, भोगेका वा अनुभव गरेका विविध पक्ष तथा घटना विवरणलाई ध्यानमा राखी कलात्मक तरिकाले

विभिन्न शैलीमा आफ्ना विचार तथा भावनालाई अपनाएर लेखिएको आत्मरागरञ्जित सिर्जनात्मक रचनालाई नियात्रा भनिन्छ। यसलाई अन्य विधाबाट अलग गर्न विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गरी अध्ययनलाई अघि बढाइएको छ :-

(क) वीरेन्द्रबहादुर राईले यात्रा वा गतिमयता, पात्र वा चरित्र, परिवेश, रमरम आख्यान, चिन्तनशीलता, सृजनात्मक र भाषाशैली आदिलाई यसका तत्त्वका रूपमा प्रस्तुत गरेका छन् (पोखरेल, २०६९ : १०)।

(ख) प्रिया गौतमले आख्यान,पात्र, अवधि, उद्देश्य, उपकरण र शैलीलाई मानेकी छन् ( गौतम, २०५४:२३-२४)।

(ग) होमनाथ सुवेदीले आख्यान, पात्र, अवधि, उद्देश्य, उपकरण र शैलीलाई यसका तत्त्वका रूपमा अघि सारेका छन् (सुवेदी, २०३८:१२-१४)।

(घ) वेदव्यास उपाध्यायले प्राथमिक तत्त्व, द्वितीयक तत्त्व र अन्य तत्त्व गरी तीन प्रकारका र यी तीन प्रकारभित्र प्राथमिकमा गतिशीलता, स्थानीयता र तथ्यात्मकता गरी तीन उपभेद द्वितीयकमा निजात्मकता, अनुभूतिमयता, चिन्तन, आत्मीयता, कल्पनाप्रवणता, स्वच्छन्दता, रसात्मकता, रोचकता, चित्रात्मकता र कौतूहल गरी दश उपभेद र अन्यमा आख्यानात्मकता, पात्र, अवधि, समय परिस्थिति र वातावरण, उद्देश्य र भाषाशैली गरी छ वटा उपभेद प्रस्तुत गरेका छन् (उपाध्याय, २०६६:५५-६६)।

(ङ) गङ्गाप्रसाद उप्रेतीले सूचनात्मकता, निजात्मकता र चिन्तनशीलतालाई यसका तत्त्व मानेका छन् (उप्रेती, पूर्ववत्:१०७)।

(च) ठाकुरप्रसाद पराजुलीले आत्मीयता, निजात्मकता, कल्पनाप्रवणता, चित्रात्मकता र रोचकतालाई यसका तत्त्वका रूपमा उल्लेख गरेका छन् (पराजुली, २०५८:३५)।

(छ) तारानाथ शर्माले यात्रा स्थलको तथ्यात्मकता, यात्रीको भावना, अनुभूति र कल्पनाप्रवणता जस्ता कुराहरूलाई यसका तत्त्वका रूपमा अघि सारेका छन् (शर्मा, २०५८:भूमिका)।

उपर्युक्त विभिन्न विद्वान्हरूका अभिमतका आधामा निष्कर्षतः के भन्न सकिन्छ भने नियात्रा वा यात्रासाहित्य मूलतः निजात्मक निबन्धबाट अनेक तत्त्व यसका पनि तत्त्वका रूपमा रहेका देखिन्छन्। निबन्धका निम्ति आवश्यक नपर्ने र नियात्राका निम्ति नभई नहुने

तत्त्व यात्रामयता वा गतिशीलता हो, जुन कुनै एक निश्चित स्थल वा प्रदेशदेखि अर्को एक वा अनेक निश्चित स्थल वा प्रदेशसम्म अखण्डित रहन्छ । यी प्रस्तुत अभिमतहरूका आधारमा नियात्राका तत्त्वहरूलाई यस अध्ययनमा वेदव्यास उपाध्यायले प्रस्तुत गरेझैं निम्न लिखित रूपमा गरिएको छ ।

## २.३.१ गतिशीलता

गतिशीलता वा यात्रामयता नियात्राको प्रथम आधारभूत तत्त्व हो । नियात्रामा यात्रा अनिवार्य हुन्छ । यात्राविना नियात्राको सिर्जना गर्न सकिँदैन । हिँडेर, उडेर, गुडेर, वगेर जसरीभए पनि यात्रा गरेकै हुनु पर्दछ । यात्रा गतिशील साथै वास्तविक पनि हुन्छ । यात्राविना नियात्राको रचना गर्दा नियात्रा अवास्तविक हुने भएकोले गतिशीलता वा यात्रामयताकै कारण हरेक पाठक नियात्राकारसँगै वास्तविक रूपमै यात्रा गरिरहेको महसुस गर्न सक्दछ । त्यसकारण गतिशीलता वा यात्रामयतालाई नियात्राको प्रथम आधारभूत तत्त्व मान्नुपर्छ ।

## २.३.२ स्थानीयता

स्थानीयता नियात्राको अर्को आधारभूत तत्त्व हो । कुनै पनि यात्रा कुनै न कुनै स्थान र समयसित सम्बद्ध हुन्छ । जुन स्थानको यात्रा गरिएको हुन्छ, त्यहाँको परिवेश वा स्थानीयतालाई नियात्राकारले नियात्राको विषयवस्तु बनाएकोहुन्छ । स्थानीयता अन्तर्गत नियात्राकारको यात्रावधि, यात्रारत स्थलहरू, समाज, भेषभूषा, संस्कृति, प्रकृति आदि सबै पर्दछन् । छोटकरीमा भन्दा यात्राको क्रममा आएका जीवन र जगत् सबै स्थानीयताभित्र पर्दछन् । जसको अभावमा नियात्रा सिर्जनाको कल्पनासम्म पनि गर्न सकिँदैन । त्यसकारण स्थानीयतालाई नियात्राको अर्को आधारभूत तत्त्व मानिन्छ ।

## २.३.३ निजात्मकता/स्वच्छन्दता

आत्मपरक लेखनका निम्ति अत्यन्तै आवश्यक तत्त्वका रूपमा निजात्मकतालाई लिइन्छ । हरेक प्राणीका स्वभावमा निजात्मकता भेटिन्छ । त्यसमाथि पनि साहित्य सिर्जनामा यसको महत्त्वपूर्ण स्थान हुन्छ । निजात्मकताका कारणले गर्दा नै एउटै शीर्षक र

विधामा फरक-फरक व्यक्तिका साहित्यमा फरकपन भेटिन्छ । त्यसकारण निजात्मकतालाई नियात्राको अर्को महत्त्वपूर्ण तत्त्व मानिन्छ । निजात्मकतासँगै नियात्राकारको यात्रा वर्णनमा स्वच्छन्द हुनु पनि आवशयक मानिन्छ । कुनै बाधा, व्यवधान बिनाको भ्रमण र भ्रमण वर्णन पनि नियात्राका लागि आवश्यक हुन्छ ।

### २.३.४ अनुभूतिमयता

नियात्रामा यात्राका क्रममा देखेका र भोगेका भूपरिवेश, समाज, प्रकृति, संस्कृति, सांस्कृतिक जनजीवन आदिका साक्षात्कारबाट नियात्राकारलाई प्राप्त हुने अनेकानेक अनुभूतिहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् साहित्य सिर्जनामा । अनुभूतिको अभावमा नियात्राको रचना गर्न नसकिने भएकाले अनुभूतिमयतालाई नियात्राको अत्यावश्यक तत्त्व मानिन्छ ।

### २.३.५ चिन्तनशीलता/रोचकता/रसात्मकता

कुनै पनि स्रष्टामा चिन्तशीलताको अभावमा नव साहित्यको सिर्जना हुन सक्दैन । त्यसमा पनि नियात्रामा नियात्राकार यदि चिन्तनशील हुन नसकेमा वौद्धिकताको अभावमा नयाँ सिर्जना हुन सक्दैन । चिन्तशीलताको अभावमा कुनै पनि साहित्य सिर्जना गर्न नसकिने एउटा पक्ष हो भने नियात्रा सिर्जना गर्न नियात्राकार विभिन्न स्थानमा पुग्नु पर्दछ । त्यहाँ उसले देखेका, भोगेका कुराहरूलाई चिन्तन गरेर जस्ताको त्यस्तै रूपमा प्रस्तुत गर्नु पर्ने भएकाले चिन्तनशीलतालाई नियात्राको अत्यावश्यक तत्त्व मान्नु पर्दछ । साथै नियात्राकारले आफ्नो यात्रा प्रसङ्गलाई रोचक बनाउन रोचक प्रसङ्गको वर्णन तथा रसात्मक भाषाको प्रयोग पनि गर्नुपर्छ । जसका कारण कृति रोचक तथा रसात्मक बन्न पुग्छ ।

### २.३.६ आत्मीयता

नियात्रा रचना गर्नका लागि विभिन्न स्थानको विचरण वा भ्रमण आवश्यक मानिन्छ । नियात्राकारले भ्रमण गरेका विभिन्न स्थान, देखेका पशुपंक्षी, वनस्पति अथवा सजीव वा निर्जीव वस्तुसँग तादात्मीकरण वा आत्मीयताको अभावमा नव रचना गर्न

सम्भव नहुने भएकाले नियात्राको अर्को महत्त्वपूर्ण तत्त्वका रूपमा आत्मीयतालाई लिनु पर्दछ । लोकप्रिय स्रष्टा बन्नका लागि वा सफल लेखक हुनका लागि आफूले देखेका, भोगेका, अनुभूति गरेका विभिन्न सजीव तथा निर्जीव वस्तुसँग अपरिचयीकरण भए पनि परिचयीकरण वा तादात्मीकरण वा आत्मीयताको भाव सिर्जना गर्नु पर्दछ । त्यसैले आत्मीयतालाई नियात्रा रचनाको आवश्यक तत्त्व मानिएको हो ।

### २.३.७ कल्पनाप्रवणता

नियात्रासाहित्यमा सफल रूपमा प्रकट हुनका लागि नियात्राकारले विभिन्न स्थानको भ्रमण गरी आफूले देखेका भोगेका कुराहरूलाई कल्पनाप्रवणताको सहायताले मानवलाई प्रकृतिकरण तथा प्रकृतिलाई मावनीकरण गर्नु पर्दछ । कल्पनाप्रवणताविना नियात्राकारले तत्क्षणिकतामा विगतलाई आगत र अनागतमा ल्याएर तथा अनागतलाई आगत र विगतमा पुऱ्याउन सक्दैन । त्यसकारण यात्रागत वस्तुतथ्यलाई कल्पनाको लालित्य भरेपछि मात्रै साहित्यिकता प्राप्त हुन्छ । त्यसैले कल्पनाप्रवणता यात्रालेखन यात्रासाहित्य नभएर यात्राविवरण मात्र बन्न पुग्दछ । यस तथ्यबाट के कुरा प्रमाणित हुन्छ भने नियात्राको अत्यावश्यक तत्त्वका रूपमा कल्पनाप्रवणतालाई मान्नु पर्दछ ।

### २.३.८ कौतूहल

मानव स्वभावैले भ्रमणप्रिय हुन्छ । भ्रमणका निम्ति भ्रमण गर्ने व्यक्तिका मनभित्र प्रबल कौतूहल उत्पन्न भएको हुन्छ । यसले भ्रमणकारका मनमा भ्रमण गर्ने स्थानप्रति आकर्षण र उत्प्रेरणा सिर्जना गर्दछ । नियात्रा लेखन यात्रा वा भ्रमणबिना सम्भव हुँदैन । यात्राका क्रममा एकपछि अर्को गर्दै विभिन्न स्थान, समाज, जनजीवन, रहनसहन, संस्कृति एवम् घटनाप्रति यात्राकारको कौतूहल यात्राको क्रमसँगै बढ्दै गएर यात्रावधिभर कायम रही यात्राको समापनसँगै टुङ्गिन्छ । यसप्रकार यात्राकारको मनमा यात्राको सुरुदेखि अन्त्यसम्म कायम रहेर कृतिलाई सजीव रूपले अगाडि बढाएर पाठकका मनमा उत्प्रेरणा जगाउने भएकाले कौतुहललाई नियात्रासाहित्यको अत्यावश्यक तत्त्वका रूपमा लिनु पर्दछ ।

माथि प्रस्तुत गरिएका यी विभिन्न तत्त्वहरू नियात्रा लेखनका लागि अत्यन्तै आवश्यक मानिन्छन् । यसका अतिरिक्त साहित्यका अन्य विधाहरूमा समेत आउने र

नियात्रामा पनि यिनीहरूको उपस्थिति रहने आख्यानात्मकता, पात्र, अवधि, समय-परिस्थिति र वातावरण, उद्देश्य र भाषाशैली जस्ता तत्त्वहरूलाई सुरुमा उल्लेख नगरेर यस अध्ययनमा अन्त्यमा उल्लेख गरिएको  छ ।

## २.३.९ आख्यनात्मकता

नियात्रा लेखनआख्यानात्मक लेखन नभएर नियात्राकारको अनुभवात्मक लेखन हो । नियात्रामा पनि आख्यान त रहन्छ तर अनुभवात्मक र आफ्नै प्रकारको हुन्छ । नियात्रामा आख्यान यात्राको तयारीदेखि सुरु भएर यात्रान्तमा पुगेर समाप्त हुन्छ । यसको आख्यानात्मकता यात्रामै केन्द्रित हुन्छ । यात्रा अवधिभर यात्राकारसित एकपछि अर्को गर्दै साक्षात्कार हुन आउने नयाँ परिवेश, प्रकृति, दृश्य, घटना आदिले आख्यानात्मकताको काम गरेका हुन्छन् । नियात्राकारले आफूले देखेका, भोगेका, सजीव दृश्यहरूका माध्यमले नियात्राका पाठकलाई ज्ञान प्रदान गरेको हुन्छ । त्यसैले आख्यानात्मकता साहित्यका अन्य विधाको जस्तो नभएर अनुभवात्मक प्रकारको नियात्रामा रहन्छ । त्यसकारण आख्यानात्मकतालाई नियात्रा सिर्जनाको आवश्यकीय तत्त्वका रूपमा लिइन्छ ।

## २.३.१० पात्र

साहित्यका हरेक विधामा प्रमुख वा गौण रूपमा पात्रहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आएका हुन्छन् । नियात्रामा नियात्राकार नै केन्द्रीय पात्र हुन्छन् । अपवादमा मात्रै नियात्राकार केन्द्रीय पात्र नहुन सक्छ । जस्तै 'जङ्गबहादुरको बेलायत यात्रा' को केन्द्रीय पात्र जङ्गबहादुर नै हो तर नियात्राकार चाहिँ होइनन् । नियात्राकारका सहयात्री एवम् यात्राको परिवेशमा प्रकट भएका अन्य पात्रहरू नियात्राका सहायक वा गौण पात्र हुन्छन् । त्यसकारण यात्रा र पात्रविना नियात्रा हुन सक्दैन । नियात्रामा नियात्राकारले भोगेका समग्र सत्यलाई पाठक सामु प्रस्तुत गर्ने काम प्रमुख रूपमा उसले नै गरेको हुन्छ । नियात्राकारले यात्रा कालावधिभर आद्योपान्त उपस्थित भएर पाठकलाई आफ्ना अनुभव सुनाइ रहेको हुन्छ । त्यसैकारण नियात्राकार नै नियात्राको प्रमुख पात्रका रूपमा आएको हुन्छ र नियात्रा रचना गर्दा पात्रलाई आवश्यकीय तत्त्व मानिन्छ ।

### २.३.११ अवधि/समय परिस्थिति/वातावरण

मानव स्वभावैले भ्रमणप्रिय हुन्छ । यसो भए तापनि मानवले आफ्नो समग्र जीवन भ्रमणमा व्यतीत गर्न सक्दैन । यात्रासाहित्य सिर्जनाका लागि यात्रा अनिवार्य रूपमा गर्नै पर्दछ । यात्राको अवधि चाहे लामो समयका लागि होस् चाहे छोटो अवधिको नै किन नहोस्, यात्रासाहित्यमा यात्राको अवधि यति नै हुन्छ भनेर सीमाङ्कन गर्न भने सकिँदैन । जति समय यात्रा गरिन्छ त्यति नै समयभित्र यात्रा विवरण तयार पारिन्छ । यस अर्थमा पनि भन्न सकिन्छ यात्रासाहित्य भित्र समावेश नियात्रा रचना गर्दा अवधिलाई आवश्यकीय तत्त्व मान्नु पर्दछ। साथै नियात्राकारले आफू भ्रमण गर्दाको समय, परिवेश तथा वातावरणको पनि चर्चा गरेको हुन्छ, त्यसको महत्त्व चीर कालसम्म रहन्छ ।

### २.३.१२ उद्देश्य

साहित्यका अन्य विधाका तुलनामा नियात्राको उद्देश्य पृथक हुन्छ । नियात्राकारको निजात्मकताको संवेदनाद्वारा पाठकवर्गको मनमस्तिष्कमा यात्रास्थलका वहुपक्षीय यथार्थको चित्र प्रस्तुत गर्नु नियात्राको उद्देश्य हो । नियात्राकारको प्रमुख उद्देश्य यात्रा भएकाले सोद्देश्यमूलक यात्राको अपेक्षा नियात्रामा गरिन्छ । निरुद्देश्य यात्रा वा स्वच्छन्द भ्रमणमा आनन्द प्राप्त भए तापनि नियात्रामा यसले कुनै महत्त्व राख्दैन । त्यसकारण यात्रामा अनुभव गरेका नवीन अनुभूतिहरूलाई सरल र सहज भाषाका माध्यमद्वारा पाठकसामु प्रस्तुत गर्नु यिनै यात्राकारको मुख्य उद्देश्य हुन्छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने उद्देश्य विनाको कुनै पनि साहित्यिक विधाको महत्त्व नहुने भएकाले उद्देश्यलाई नियात्राको महत्त्वपूर्ण तत्त्वका रूपमा स्वीकार गर्नु पर्दछ ।

### २.३.१३ भाषाशैली

भाषा मानवीय अभिव्यक्ति वा भाव सम्प्रेषणको एक सशक्त माध्यम हो । साहित्य भाषाकै माध्यमद्वारा पाठकसामु आउने भएकाले भाषाशैली साहित्यका अन्य विधा उपविधाहरूका जस्तै नियात्राको पनि एक महत्त्वपूर्ण तत्त्व हो । साहित्यकार अनुसार भाषाशैली फरक फरक भए तापनि प्राञ्जल, सरल प्रवाहमय, आस्वाद्य र प्रभावकारी भाषाशैलीको अपेक्षा नियात्रामा गरिन्छ । त्यसकारण भाषाशैली सरल तथा प्राञ्जल नभएमा

नियात्रा साहित्येत्तर लेख मात्रै बन्न जाने हुँदा भाषाशैलीलाई नियात्राको महत्त्वपूर्ण तत्त्व मान्नु पर्दछ ।

नियात्राका लागि उपर्युक्त तत्त्वहरू आवश्यक पर्ने हुनाले यिनको अभावमा नियात्रा नभएर साहित्येत्तर यात्रानिर्देशिका मात्रै बन्न पुग्दछ । त्यसकारण नियात्राका लागि उपर्युक्त तत्त्व हुनु आवश्यक मानिन्छ वा ठानिन्छ ।

## २.४ नियात्राका निकटवर्ती उपविधाहरू

यात्राका क्रममा देखेका, भोगेका र अनुभव गरेका वस्तु तथ्यलाई निजात्मक रङ्गले रङ्गाएर भावना र कल्पनाको यथोचित समन्वयका साथ मनोहारी शैलीमा आत्मपरक ढङ्गबाट लिपिवद्ध गरेको यथार्थपरक, आत्मरागरञ्जित प्रस्तुतिलाई नियात्रा भनिन्छ । नियात्राका लागि गतिशीलता, स्थानीयता, तथ्यात्मकता, निजात्मकता, अनुभूतिमयता, चिन्तनशीलता, आत्मीयता, कल्पनाप्रवणता, स्वच्छन्दता, रसात्मकता, रोचकता, चित्रात्मकता, कौतूहलता, आख्यनात्मकता, पात्र, अवधि, समय, परिस्थिति र वातावरण, उद्देश्य, भाषाशैली जस्ता तत्त्वहरू आवश्यक मानिन्छ । नियात्राका गुणहरूसँग निकट रहेका अन्य केही उपविधाहरू पनि छन् । नियात्राका निकटवर्ती उपविधाहरूका बारेमा वेदव्यास उपाध्यायले “यात्राको प्रवाहसँगै संस्मरण लहराएको हुन्छ । दैनिकीले व्यापकता पाएको हुन्छ । पत्र साहित्यका सन्देश, हार्दिकता, मनोरञ्जन, वैयक्तिक रागजस्ता पक्षहरू तरङ्गित हुन्छन् । आत्मकथा यात्रासँग मिलेर ढुकढुक गरेको हुन्छ, शब्दचित्र यात्राकै क्रममा विभिन्न व्यक्ति, वस्तु, स्थान आदि पक्षको कलात्मक तस्वीर खिच्न सक्रिय रहन्छ र विवरण यात्रासँग जोडिएका सत्यतथ्य सहितका विविध पक्षलाई साहित्यिक भाव भूमिमा अभिव्यक्त गर्न अग्रसर भएको हुन्छ” भनेका छन् (उपाध्याय, पूर्ववत्, ७३-८०) । वेदव्यास उपाध्यायले प्रस्तुत गरेझैं नियात्राका निकटवर्ती उपविधाहरूलाई निम्नानुसार अध्ययन गरिएको छ ।

### (क) निबन्ध

नियात्रा निबन्धको निजात्मक भेदबाट विकसित लेखन हो । नियात्राको सम्बन्ध निबन्धसित पूर्वज र वंशजका रूपमा रहेको छ । निबन्धमा पाइने आत्मीयता, भावुकता र हार्दिकता जस्ता निश्छल अनुभूतिका साथै स्वच्छन्दता, रसात्मकता, सजीवता,

कल्पनाप्रवणता, आत्मपरकता वा निजात्मकता र चिन्तनशीलता जस्ता गुणहरू नियात्रामा पनि पाइने हुनाले नियात्राको अत्यन्त नजिकको उपविधाका रूपमा निबन्धलाई लिने गरिन्छ ।

**(ख) संस्मरण**

नियात्राको अत्यन्त निकटको उपविधाको रूपमा संस्मरणलाई लिने गरिन्छ । कुनै घटना कुनै व्यक्ति, कुनै महत्त्वपूर्ण अनुभव तथा कुनै यात्रा आदिबारे आत्मपरक शैलीमा लेखिने सङ्क्षिप्त आकार प्रकारको रचनालाई संस्मरण भनिन्छ । बालकृष्ण पोखरेलका अनुसार "पुरानो घटना, वस्तु, महत्त्व आदिलाई ताजा राख्न आवश्यक पर्ने महत्त्वपूर्ण कुराको उल्लेख कथन वा रचनालाई संस्मरण भनिन्छ (पोखरेल र अन्य (सम्पा) पूर्ववत्:१२१०) । रमेशचन्द्र रोकाका अनुसार "संस्मरण भनेको लेखकसँग सम्बन्धित जीवनमा भोगेका संस्मरणीय घटनाहरूको आलेख हो" (रोका, २०५५:१७) ।

मोहनराज शर्माका अनुसार "वैयक्तिक अनुभव तथा संस्मरणका आधारमा आफ्ना वा अरु कसैको जीवन वृत्तान्तलाई विषय वनाएर लेखिएको निबन्धलाई संस्मरण भनिन्छ" (शर्मा, २०५५:५१५) । वेदव्यास उपाध्यायका अनुसार "संस्मरणमा कुनै लेखकद्वारा जीवन क्रममा साक्षात्कृत र स्मृतिमा सञ्चित कुनै विशेष संस्मरणीय स्थान, प्रकृति, समाज, संस्कृति, व्यक्ति, वस्तु, घटना आदिसित सम्बद्ध वैयत्तिक जीवनानुभवका व्यापक प्रसङ्गहरूलाई खण्ड-खण्ड रूपले आत्मपरक ढङ्गबाट प्रस्तुत गरिने गरिएको हुन्छ" (उपाध्याय, पूर्ववत्:७४) ।

अतः नियात्रामा पनि उपर्युक्त कुराहरू समावेश हुने भएकाले संस्मरणलाई नियात्राको निकटवर्ती उपविधा मानिन्छ ।

**(ग) दैनिकी**

लेखकले बिहान आफू उठेदेखि बेलुका सुत्नु अघिसम्मका देखे भोगेका आफू सम्बद्ध व्यक्तिगत तथा समाजका विविध क्षेत्रसँग सम्बद्ध घटना तथा अनुभवहरूलाई सामान्य भूत कालमा लेख्ने एक प्रकारको लेखनलाई दैनिकी भनिन्छ । दैनिकीको समय सामान्यतः १२ घण्टाको हुन्छ । वेदव्यास उपाध्यायका अनुसार "कुनै व्यक्तिको दैनन्दिन कार्य व्यापारका विवरणहरूको अङ्कन वा मनोदशाको आलेखन नै दैनिकी लेखन हो । यो नितान्त वैयक्तिक लेखन हो । यसमा दैनिकी लेखकको वा सम्बद्ध व्यक्तिको व्यक्तित्व प्रतिविम्वित हुन्छ । दैनिकीस्थान र तिथिमितिको अङ्कनका साथ प्रतिदिन लेखिन्छ वा केही दिन

बिराएर पनि लेखिन्छ। यो लेखकको इच्छानुसार सामान्य बुँदा टिपोटका रूपमा वा वर्णनात्मक रूपमा पनि लेखिन्छ। त्यस्तै लेखक स्वयम्‌को जीवनमा घटिन नितान्त वैयक्तिक घटनादेखि लिएर समाजका विविध क्षेत्रसित सम्बद्ध घटनाप्रसङ्ग यसका विषय बन्न सक्छन्। ती मध्ये साहित्यिक मूल्य प्राप्त गरेको दैनिकीलाई नै दैनिकी साहित्य भनिन्छ" (उपाध्याय, पूर्ववत्: ७५)। रमेशचन्द्र रोकाका अनुसार "दैनिकी सामान्यतया लेखकले आफ्नो लागि नितान्त वैयक्तिक प्रयोगका लागि लेख्दछ। यसमा समय, पात्र, परिवेश, घटना र ती घटना प्रतिका आफ्ना स्वच्छन्द प्रतिक्रिया विना ढाकछोप खुलस्त व्यक्त गरिएको हुन्छ" (रोका, पूर्ववत्:२९)

रोज रोजको घटना र कार्य व्यापारसम्बन्धी टिपोटलाई दैनिकी वा दैनन्दिनीय भनिन्छ। अतः यसमा एक दिनभरिको अनुभवको तथ्यात्मकता आवश्यकता पर्दछ। साहित्यिक मान्यता प्राप्त यस उपविधालाई पनि नियात्राको निकटवर्ती उपविधा मानिन्छ।

**(घ) रिपोर्ताज**

सञ्चार तथा साहित्यको विकाससँगै जन्मन पुगेको गद्य साहित्यको नवीन लेखनलाई रिपोर्ताज भनिन्छ। रिपोर्ताज पत्रकारिताका सन्दर्भमा पत्रकारहरूले राष्ट्रिय महत्त्वको खवर बन्न सक्ने समाज, देश वा विदेशमा घटेका अत्यन्त समसामयिक र गम्भीर घटनाहरूको तथ्यात्मकतालाई प्रतिवेदन वनाउँदै जाने क्रमको विकसित रूप हो। तथ्य र दृश्यकै आधारमा रचना गरिने हुनाले यसलाई पनि नियात्राको निकटवर्ती उपविधाकै रूपमा लिने गरिन्छ।

**(ङ) आत्मकथा**

आख्यानात्मकता जीवनसँग सम्बन्धित प्रमुख घटना, गद्यमयता, रोचक प्रस्तुति, सरस अभिव्यक्ति, घटनाको कलात्मक प्रस्तुति भएको लेखक स्वयम्‌द्वारा लेखिएको आफ्नै जीवनी वा निजात्मक स्मृति चित्र सहितको आत्मपरक गद्य लेखनलाई आत्मकथा भनिन्छ। यो प्रथम पुरुष शैली तथा प्रायः जसो भूतकालमै लेखिन्छ। आत्मकथा शब्दका सट्टामा आत्मचरित्र, आत्मकहानी, आत्मजीवनी, आत्मवृत्तान्त, आत्मसंस्मरण आदि शब्दहरू पनि प्रयोग भएको पाइन्छ। विशेषतः विविध क्षेत्रका प्रतिष्ठित व्यक्तिहरूका आत्मकथा पाठकका निम्ति रुचि लाग्ने खालका भएको पाइए तापनि हाल आएर सामान्य व्यक्तिका कतिपय आत्मकथाले पनि सफलता पाएको र साहित्यिक महत्त्व राख्न थालेका छन्। बालकृष्ण पोखरेलका अनुसार "आफ्ना सम्बन्धमा आफैले लेखेको वा भनिएको कथा, आफैले

बनाएको आफ्नै वृत्तान्त, आफ्नै जीवनचरित्र, आत्मचरित्रलाई आत्मकथा भनिन्छ" (पोखरेल र अन्य (सम्पा.) २०४०:९८) । वेदव्यास उपाध्यायले "आत्मकथा लेखकीय आत्मचरित्र प्रधान साहित्यिक गद्य हो, जुन लेखक स्वयंद्वारा आत्मपरक शैलीमा आत्मजीवनको समग्र इतिवृत्त रूपमा लेखिन्छ" भनेका छन् (उपाध्याय, पूर्ववत्:७६) । मोहनराज शर्माले "आफ्नो जीवनलाई विषय वनाएर लेखेका निबन्धलाई आत्मकथा भनिन्छ । दैनिकी, चिठीपत्र आदि यसै खालका निबन्ध हुन् । आत्मकथा र संस्मरणमा प्रमुख भिन्नता के छ भने आत्मकथामा आन्तरिक चरित्रमा बढी बल दिइन्छ तर संस्मरणमा वाह्य घटनामा बढी जोड दिइन्छ" भनेका छन् (शर्मा, पूर्ववत् : ५१५) । आत्मकथा तथ्यात्मकताकै आधारमा लेखिने भएकाले यसलाई पनि नियात्राको निकटवर्ती उपविधा मान्नु पर्दछ ।

**(च) शब्दचित्र वा रेखाचित्र**

शब्दचित्र वा रेखाचित्रलाई पनि नियात्राको निकटवर्ती उपविधाका रूपमा लिइन्छ । माजदा असदले शब्दचित्र वा रेखाचित्र नामक नव गद्यमय रूप साहित्यमा चित्रकलाबाट आएको हो । चित्रकलामा रेखाहरूमा माध्यमबाट कुनै स्थान, प्रकृति, वस्तु र व्यक्तिको सजीव चित्र प्रस्तुत गरिएझैं साहित्यमा शब्दका माध्यमद्वारा त्यो काम दुरुस्त रूपमा गरिन्छ । व्यक्तिको स्थूल वाह्य रूपलाई मात्र नभई उसको अमूर्त र सूक्ष्म भावना र गुण दोष आदि समग्र वैशिष्ट्य र दौवर्ल्यहरूलाई एकै दृष्टिमा पूर्ण उद्घाटित तुल्याउन सक्ने किसिमले तीक्ष्णताका साथ अभिव्यक्त गरिन्छ" भनेका छन् (असद, ई. १९९१:३०) । भिक्टर प्रधानले "सङ्क्षिप्तता, वर्णनात्मकता, तटस्थता, यथार्थपरकता शब्दचित्र वा रेखाचित्रका विशेषता हुन् शब्दचित्र वा रेखाचित्र चित्रकलाबाट उद्भूत लेखन हुनाले चित्रात्मकतालाई यसको विशिष्ट गुण मान्न सकिन्छ" भनेका छन् (प्रधान, पूर्ववत्:५८) । बालकृष्ण पोखरेल "प्रत्यक्ष देखेझैं गरी कुनै व्यक्ति, वस्तु वा घटनाको वर्णन गरिने साहित्य लेखन वा शैली विशेषलाई शब्दचित्र भनिन्छ" भनेका छन् (पोखरेल र अन्य (सम्पा, २०४० : ११८२) । ईश्वर बरालले "शब्दचित्र छोटो र जीवन्त हुन्छ । शब्दचित्र लेखकले व्यक्ति, स्थान, वातावरण र प्रसङ्गको अमिट छापलाई कलम कुचीद्वारा प्रभावकारी रूपमा चित्रण गर्छ शब्दचित्रमा । ……… सफल शब्दचित्र लेखनको लागि संवेदनशीलता, सूक्ष्म पर्यवेक्षण शक्ति वा प्रसङगको एक पक्षमा छिटो छरितो रूपमा प्रकाश पारिन्छ" भनेका छन् (बराल, २०५५:७९१) । मोहनराज शर्माले "एउटा व्यक्ति वा वस्तुलाई विषय वनाएर शब्दचित्रका ढङ्गमा लेखिएको निबन्धलाई रेखाचित्र भनिन्छ । यसमा र कथामा प्रायः समानता देखिन्छ

तर एउटा प्रमुख भिन्नता के छ भने रेखाचित्र एकात्मक (एक व्यक्ति वा वस्तुतर्फ उन्मुख) हुन्छ तर कथा एकात्मक नभई वहुपात्रीय हुन्छ" भनेका छन् (शर्मा, पूर्ववत्:५१२) ।

यस प्रकार आफूले अनुभव गरेका दृश्यहरूलाई शब्दका माध्यमबाट सजीव रूपमा उतार्न सके मात्र नियात्राकार सफल मानिन्छ । नियात्राभित्र समाविष्ट तथ्यात्मकतालाई उजागर गर्न पनि शब्दचित्र आवश्यक हुन्छ । त्यसकारण यी दुई विधा तथा उपविधाबीच निकटको सम्बन्ध भेट्न सकिन्छ ।

**(छ) जीवनी**

आदर्शवान् व्यक्तिको बारेमा जन्मदेखि उसले जीवनमा गरेका, भोगेका हरेक यथार्थ तथ्य तथा अन्तिम समयसम्मको सम्पूर्ण विवरणलाई जीवनी भनिन्छ । जीवनी पाठकका लागि सन्देशमूलक हुने गर्दछ । जीवनी, विवरणात्मक र सूचनात्मक हुन्छ । वेदव्यास उपाध्यायले "कुनै व्यक्ति विशेषद्वारा जीवनावधिमा गरिएका कार्यहरूको वृत्तान्त नै जीवनी हो । जीवनीलाई जीवनचरित वा जीवनचरित्र पनि भनिन्छ । जीवनी नितान्त रूपले व्यक्तिकेन्द्री साहित्यिक लेखन हो । यसमा सम्बद्ध व्यक्ति विशेषको आन्तरिक र वाह्य दुवै व्यक्तित्वको तथ्यपरक ढङ्गबाट विश्लेषण गर्दै उसको जीवनको अर्थदेखि इतिहाससम्मको वृत्तान्त प्रस्तुत गरिन्छ र ऊसित सम्बन्धित अनेक विशेषताहरूको उद्घाटन गरिन्छ । साथै यसमा जीवनीनायकका ती विशेषताहरूको परस्पर सम्बद्धता र एकसूत्रता कायम रहन्छ । तटस्थता एवम् सहृदयता जीवनी लेखनका विशिष्ट गुण हुन् । सत्यको उद्घाटन गर्नु नै जीवनीकारको एक मात्र लक्ष्य हुन्छ । जीवनीनायकका जीवनसित सम्बन्धित घटनाहरूको पर्याप्त मात्रामा छानविन गर्नका लागि जीवनीकारले अन्वेषण पनि गर्नुपर्दछ । जीवनीमा लेखकको निजात्मकता, अनुभूति, भावना र कल्पनाले विशेष महत्त्व पाउँदैन ।" भनेका छन् (उपाध्याय, पूर्ववत्:७८-७९) । यसरी जीवनी सत्य र तथ्यमा आधारित हुने हुनाले यसलाई पनि नियात्राको निकटवर्ती उपविधा मानिन्छ ।

**(ज) विवरण**

निबन्धको एक भेदको रूपमा लिइने विवरण (Report) लाई प्रतिवेदन, घटनालेखन, जाहेरी, टिपोट आदिका नामले पनि चिनिन्छ । रमेशचन्द्र रोकाले "समाजमा घटेका विशेष घटनालाई प्रत्यक्षदर्शीले आफ्ना अनुभूति, दृष्टिकोण, न्यूनकल्पना तथा सशक्त कलाका सहाराले मनोरम र चित्रात्मक ढङ्गमा गरिने घटना वृत्तान्त नै विवरण साहित्य हो । विवरण एउटा इतिहास हो, विशेष घटना हो एउटा युगको । यसमा सामाजिक, राजनैतिक,

सांस्कृतिक, आर्थिक विविध पक्षको तथ्यात्मक अभिलेख हुन्छ र साथमा घटना नायकको असामान्य मनोदशा, वीरता, सङ्कल्प र अवशानको सनसनीपूर्ण कथा हुन्छ भनेका छन् ( रोका, पूर्ववत:२९) । विवरणमा रमणीयपन तथा कलात्मकता पनि केही मात्रामा भए तापनि बढी मात्रामा सत्य तथ्यको उपयोग गरिन्छ । विवरणमा प्राप्त वस्तुतथ्यको शृङ्खलाबद्ध प्रस्तुति हुने भएकाले यो ज्ञानवर्द्धक तथा सूचनामूलक हुन्छ । त्यसैले विवरणलाई पनि नियात्राको निकटवर्ती उपविधा मानिन्छ ।

## २.५ नेपाली नियात्राको विकास

### २.५.१ पृष्ठभूमि

सभ्यताको प्रारम्भदेखि नै मानिसले घुमफिर गर्न थाल्यो र यही प्रवृत्तिले गर्दा मानिसलाई आजको वैज्ञानिक र विकसित युगसम्म ल्याइपुऱ्यायो । भ्रमण यात्रा मानव जातिको इतिहाससँगै जोडिने भएकाले भाषाको विस्तार, प्रगति तथा परिमार्जन हुनमा यही प्रवृत्तिले भूमिका खेलेको पाइन्छ । प्रिया गौतमले “पुरातात्त्विक इतिहास, सांस्कृतिक विविधता, प्राकृतिक विचित्रताको अतिरिक्त आज विज्ञानले ल्याएका आश्चर्यलाग्दा कुराहरूको अवलोकन, आस्वादन र तिनबाट प्राप्त अनुभूतिलाई मानवले इतिहासको आदिकालदेखि नै मौलिक, लिखित वा यस्तै अन्यन्यमाध्यमबाट यद्किञ्चित रूपमा अभिव्यक्त गर्दै आएको छ र अद्यापि यो परम्परा यथावत् छ । यात्राबाट प्रेरित भएर लेखिने यात्रासाहित्यको विकासकाल उन्नाइसौं वा बीसौं शताब्दी मात्रै मान्न सकिए तापनि यसको प्राचीनताको दृष्टिले चाहिँ मानवमा सौन्दर्यचेतना विकास भइसकेपछि नयाँ-नयाँ ठाउँको अवलोकन गर्न थालेका प्रागैतिहासिक कालसम्म पुग्न सकिन्छ” भनेकी छन् (गौतम, २०५४:२९) ।

सभ्यताको प्रारम्भमा मानिस गाँस, वास र कपासकै लागि यात्रा गरे पनि मानवमा जब चेतनाको विकास भयो तबदेखि मनोरञ्जन, नयाँ संस्कृति, परिवेशको जानकारीका लागि, शैक्षिक ज्ञान अभिवृद्धिका लागि तथा धार्मिक उद्देश्यले आन्तरिक तथा वाह्य पर्यटनकै रूपमा भ्रमणलाई विकसित गराएको पाइन्छ । मानिसको यही विविध रुचिका कारण गरिने यात्राको प्रभाव विश्वका हरेक साहित्यमा परेको पाइन्छ ।

वीरेन्द्रबहादुर राईले "पूर्वको सर्वप्राचीन ग्रन्थ ऋग्वेदलाई साहित्यिक ग्रन्थको आदि रूप मानिन्छ। ऋग्वेदका उषः सूक्तहरूमा एक कुशल एवम् स्वच्छन्दतावादी कविले सुन्दर प्रकृतिमा यात्रा गर्दै यात्रा कविता (सूक्त) रचना गरेका छन्। वैदिक साहित्यपछि वाल्मीकिको 'रामायण' र वेदव्यासको 'महाभारत' जस्ता आर्ष महाकाव्यहरूमा पनि धेरै ठाउँको यात्राको सुन्दर वर्णन पाइन्छ। कालिदासकै 'मेघदूत' खण्डकाव्यमा पनि यात्राका आकर्षक वर्णनहरू परेका छन्। दण्डीको 'दशकुमारचरित' र वाणभट्टको 'कादम्बरी' जस्ता काव्यमय गद्य कृतिहरूमा पनि सुन्दर र आकर्षक शैलीमा यात्रावर्णन गरिएको पाइन्छ। चिनियाँ यात्रीहरू फायमान, ह्वेनसाङ आदिका यात्रावर्णनहरू पनि यस क्रममा उल्लेखनीय छन्" भनेका छन् (राई, पूर्ववत्:१६)। भानु घिमिरेले "नेपाली साहित्यमा नियात्राको पृष्ठभूमि यात्रासाहित्यका रूपमा आएको पाइन्छ। हालसम्मप्राप्त सर्वप्राचीन यात्रालेख 'राजा गगनिराजको यात्रा' (वि.सं. १५५० तिर) हो। अज्ञात लेखकको यो यात्रावर्णनमा राजा गगनिराजलाई कल्याणकारी, दानी र भ्रमणमूलक व्यक्तित्वको रूपमा वर्णन गरिएको छ। नेपाली गद्य लेखनकै प्रारूप मानिएको यो यात्रालेख प्राचीन भाषामा लेखिएको छ। यस कारणले वर्तमान नेपाली भाषाभन्दा यसको भाषाशैली धेरै पृथक र जटिल पनि छ। संरचनागत रूपबाट हेर्दा पनि यो कृति  सुगठित छैन। साहित्यिक दृष्टिले यसको महत्त्व कम भए पनि ऐतिहासिक दृष्टिले यसको आफ्नै महत्त्व छ" भनेका छन् (घिमिरे, २०५८:२०१)। पाश्चात्य साहित्यमा पसेनियसको 'हिलाडस पेरिजेसिस', रवर्ट लुई स्टिभेन्सको 'अ जर्नी विद अ डङ्की' (इ.सं. १७७२), स्यामुल जोनसनको 'अ जर्नी टू द वेष्टर्न आइसेल्स अफ स्कटल्याण्ड' (ई.सं. १७७५), अल स्टेन्सिको 'अ सेन्टिमेन्टल जर्नी ( ई.सं. १८१०), रुडोल्फ रास्पको 'व्यारन मञ्चसन' (ईसं., १७८५) आदि यात्रासाहित्यका पृष्ठभूमि हुन् र यही नियात्राको पृष्ठभूमि हो (इनसाइक्लोपेडिया ब्रिटानिका, १९६८:६१७)। कपिल अज्ञातले "सुवानन्ददासको वीरता, देशभक्ति र राजभक्तिले ओतप्रोत भएको कविता 'पृथ्वीनारायण शाह' मा पनि लडाईं गर्दाको यात्रावर्णन निकै रोचक शैलीमा आएको छ। 'राजा गगनिराजको यात्रा' (वि.सं. १५५० तिरको), करिव ३६० वर्षपछि अज्ञात लेखककै 'जङ्गबहादुरको बेलायत यात्रा' (वि.सं. १९१०) अर्को यात्रालेख प्राप्त भएको छ। जङ्गबहादुर वि.सं. १९०६ मा यूरोप (बेलायत र फ्रान्स) को यात्रामा गएका थिए। यो राजनीतिक एवम् कुटनीतिक उद्देश्यले गरिएको यात्रा थियो। जङ्गबहादुर राणालाई बेलायत र फ्रान्स कुन शक्तिशाली छ भनी जान्नु थियो र उसैसँग सम्बन्ध कायम गर्नु

थियो । जङ्गवहादुरले बेलायत नै शक्तिशाली भएको पाए र बेलायतसँग नेपालको सर्वप्रथम कुटनीतिक सम्बन्ध पनि कायम भयो । जङ्गबहादुरको बेलायत यात्रा त लेखियो तर जङ्गवहादुरको फ्रान्स यात्रा चाहिँ लेखिएन भनेका छन्" (अज्ञात, २०५८:२११) ।

यी माथिका विभिन्न विद्वान्हरूका भनाइ तथा लेखाइबाट के प्रष्ट हुन्छ भने ३६० वर्षको रिक्ततालाई भर्दै नेपाली यात्रासाहित्य एवम् नियात्रा परम्परामा 'जङ्वहादुरको बेलायत यात्रा' ले एक कोशेढुङ्गा (Milestone) को रूप लिन पुगेको छ र यसै अज्ञात लेखकको कृतिबाट नेपाली साहित्यमा नियात्राको श्री गणेश भएको देखिन्छ । यस कृतिमा निकै आकर्षक प्राञ्जल तथा स्तरीय भाषाशैलीको प्रयोग भएको पाइन्छ । त्यसरी नै संरचना पक्ष पनि निकै सुगठित र सुललित पाइन्छ । यसै पृष्ठभूमिबाट नेपाली साहित्यमा नियात्राको परम्परा र विकास अगाडि बढेको देखिन्छ ।

नेपाली यात्रासाहित्यको विकास प्रक्रियालाई विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले विभाजन गरेका छन् । यसरी काल विभाजन गर्नेहरूमा प्रमुख रूपमा दयाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्मा, होमनाथ सुवेदी, वेदव्यास उपाध्याय र प्रमोद प्रधान पर्दछन् । जुन निम्नानुसार छन् :-

श्रेष्ठ र शर्माले नेपाली साहित्यको सङ्क्षिप्त इतिहास भन्ने आफ्नो पुस्तकमा दुई कालखण्डमा विभाजन गरेका छन् (श्रेष्ठ र शर्मा, पूर्ववत्:१८२) ।

(क) निर्माणकाल (२००७ को क्रान्तिपूर्व)

(ख) विकास काल (२००७ को क्रान्ति पश्चात्)

यसरी नै होमनाथ सुवेदीले आफ्नो शोधपत्रमा नेपाली यात्रासाहित्यको कालक्रमिक स्वरूपलाई तीन भागमा विभाजन गरेका छन् (सुवेदी, पूर्ववत्: २६-४०) ।

(क) नेपाली यात्रासाहित्यको प्राथमिक काल वि.सं. १९०६ देखि वि.सं. १९७० सम्म

(ख) नेपाली यात्रासाहित्यको माध्यमिक काल वि.सं. १९७१ देखि वि.सं. १९९१ सम्म

(ग) नेपाली यात्रासाहित्यको आधुनिक काल वि.सं. १९९१ पश्चात्

त्यसरी नै वेदव्यास उपाध्यायले आफ्नो विद्यावारिधि शोधप्रवन्धमा नेपाली यात्रासाहित्यको विकास क्रमलाई तीन भागमा विभाजन गरेका छन् (उपाध्याय, पूर्ववत्:९२) ।

(क) पृष्ठभूमि काल वि.सं. १५५० देखि वि.सं. १९६९ सम्म

(ख) आरम्भ काल वि.सं. १९७० देखि वि.सं. १९९८ सम्म

(ग) आधुनिक काल वि.सं. १९९९ देखि वर्तमानसम्म

यसै क्रममा प्रमोद प्रधानले नेपाली निबन्धको इतिहास भन्ने आफ्नो पुस्तकमा नेपाली यात्रानिबन्ध कालविभाजन भनी तीन चरणमा वर्गीकरण गरेका छन् (प्रधान, पूर्ववत्:२१९) ।

(क) प्रारम्भिक वा पहिलो चरण (वि.सं. १९१० भन्दा अघि)

(ख) विकासशील वा दोस्रो चरण (वि.सं. १९१० देखि वि.सं. २००९ सम्म)

(ग) आधुनिक वा तेस्रो चरण (वि.सं. २010 देखि हालसम्म)

यसरी उपर्युक्त विभिन्न विद्वान्हरूले गरेका वर्गीकरणलाई आधार मानी यस अध्ययनमा वेदव्यास उपाध्यायले प्रस्तुत गरेझैं निम्नानुसारले वर्गीकरण गरी अध्ययन गरिएको छ ।

(क) पृष्ठभूमि काल (वि.सं. १५५० देखि वि.सं. १९६९ सम्म)

(ख) आरम्भ काल (वि.सं. १९७० देखि वि.सं. १९९८)

(ग) आधुनिक काल (वि.सं. १९९९ देखि वर्तमानसम्म)

## २.५.२ पृष्ठभूमि काल (वि.सं. १५५० देखि वि.सं. १९६९ सम्म)

नेपाली नियात्रा परम्पराको इतिहास निकै लामो रहेको छ । नियात्राको यो लामो यात्रामा कतै निकै लामो रिक्तता छाएको छ भने कतै निकै पूर्णता पनि पाएको छ । हालसम्मको खोज अनुसन्धानबाट प्राप्त भएको प्रमाणानुसार 'राजा गगनिराजको यात्रा' ( वि.सं. १५५० तिर) नै सबैभन्दा जेठो नियात्रात्मक रचना हो । यसलाई नियात्राको जन्म नमानिए पनि नियात्रा जन्म हुनुभन्दा अगाडिको भ्रूण नै मानिन्छ । नेपाली साहित्यमा हालसम्मप्राप्त यात्रासाहित्य तथा नियात्राको प्राचीनतम् लिखित रूप भने यही कृति नै हो । अतः 'राजा गगनिराजको यात्रा' को साहित्यिक महत्त्व त्यति नभए पनि नियात्राको इतिहासमा यसको निकै ठूलो महत्त्व रहेको छ । यसरी 'राजा गगनिराजको यात्रा' (वि.सं. १५५० तिर) देखि हालसम्म नेपाली नियात्राले ५२४ वर्षको यात्रा पार गरिसकेको छ । 'जङ्गवहादुरको बेलायत यात्रा' (वि.सं. १९१०) देखि पनि नेपाली नियात्राले १६४ वर्षको यात्रा पूरा गरेको छ ।

ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण अज्ञात लेखकद्वारा प्राचीन भाषामा लेखिएको 'राजा गगनिराजको यात्रा' कृतिसँगै यात्रासाहित्यको नियात्रा विधामा एउटा नयाँ परम्पराको थालनी भएको मानिन्छ । वेदव्यास उपाध्यायले "यस कालका मुख्य कृतिहरू बेनामी 'राजा गगनिराजको यात्रा' (र वि.सं. १५५०), गदाधर पाध्या सुवेदीको 'अर्जीपत्र' (र वि.सं. १८३१-३२) अन्तर्गत 'काशीयात्रा प्रसङ्ग', बेनामी (सिद्धिमान सिंह राजभण्डारीको कृति भन्ने अनुमान गरिएको तर हालसम्म प्रमाणित भइनसकेको) 'जङ्गबहादुरको बेलायत यात्रा' (र. वि.सं. १९१० तिर), बेनामी 'बत्तीस सालको रोजनाम्चा' (र. वि.सं. १९३२-३३) तथा शिखरनाथ सुवेदीद्वारा लिखित शिखरनाथ भाष्य' (वि.सं. १९५७) आदि हुन्" भनेका छन् (उपाध्याय, पूर्ववत्:९२) । उपाध्यायले नै "राजा गगनिराजको यात्रा पूर्ण प्रकाश नेपाल यात्रीद्वारा अन्वेषित सम्पादित तथा काठमाडौंस्थित नेशनल रिसर्च एसोसिएट्स नामक संस्थाबाट वि.सं. २०३९ सालमा ग्रन्थाकाररूपमा प्रकाशित आदि र अन्त्य भाग अनुपलव्ध अपूर्ण वा खण्डित कृति हो  यसको लेखोट कर्णाली अञ्चल मुगु जिल्लाको कार्की वाडा गाउँका कालाखुरी रावतको घरमा उपलव्ध भएको हो" भनेका छन् (उपाध्याय, पूर्ववत्:९२) ।

यसै क्रममा गदाधर पाध्या सुवेदीद्वारा रचित 'अर्जीपत्र' (र.वि.सं. १६०० तिर) रचनाकाल अनुल्लिखित कृति नेपाली यात्रासाहित्यको पृष्ठभूमिकालीन उपलव्ध सामग्रीहरूमध्ये उल्लेखनीय सामग्रीका रूपमा प्रस्तुत छ । यस कृतिका बारेमा अन्वेषक राजाराम सुवेदीले 'सुवेदीहरूको वंशावलीको खोजीका क्रममा कास्की जिल्लाको ढिकुरपानी (ढिकुरपोखरी ?) गा.वि.स. को सुवेदी गाउँमा मूल लेखोटका रूपमा नभएर प्रतिलिपिका रूपमा प्राप्त उक्त कृति राजाराम सुवेदीद्वारा लिखित 'सुवेदीहरूका मूलको खोज' शीर्षक लेखको परिशिष्ट २ का रूपमा दधिराज सुवेदी सम्पादक र सुवेदी समाज, विराटनगर प्रकाशक रहेको 'भारद्वाज' पत्रिकाको प्रवेशाङ्क (वि.सं. २०५९) मा आद्योपान्त प्रकाशित छ। यसमा सुवेदीले गदाधर पाध्या सुवेदीको 'अर्जीपत्र' उपशीर्षक दिई यसको खोज, विषय, महत्त्व र समयबारे सङ्क्षिप्त चर्चा गरी यसमा प्रयुक्त शब्दावलीको अर्थ दिने काम गरेका छन्" (सुवेदी, २०५९:११५-११८) ।

यसरी नै बेनामी 'श्री ५ वडामहाराज पृथ्वीनारायण शाहको जीवनी' अन्तर्गतको "काशीयात्रा" नामक ग्रन्थलाई बुद्धिसागर पराजुलीले सम्पादन एवम् दामोदर कोइरालाले संशोधन गरी श्री ५ को सरकार वीर पुस्तकालयबाट वि.सं. २०२० सालमा प्रकाशित

गरिएको छ। यसमा श्री ५ पृथ्वीनारायण शाहको काशीयात्रा प्रसङ्ग समाविष्ट छ। यो जीवनीमूलक विधा भएकाले स्वतन्त्र यात्रामूलक कृति नभए तापनि यात्रासाहित्यको पृष्ठभूमि कालीन कृतिमा समाविष्ट 'काशीयात्रा' उल्लेखनीय छ (पराजुली, २०२०:१-२१)।

पृष्ठभूमिकालीन अर्को कृति बेनामी (सिद्धिमान सिंह राजभण्डारीले लेखेको भन्ने अनुमान गरिएको तर हालसम्म प्रमाणित भइनसकेको) 'जङ्गबहादुरको बेलायत यात्रा' हो। लेखकको नाम नखुलेको र वि.सं. १९१० तिरको कृति मानिएको उक्त पुस्तकको प्रथम प्रकाशन कमल दीक्षितका सम्पादनमा मदन पुरस्कार पुस्तकालयबाट वि.सं. २०१४ सालमा भएको हो। यसमा वि.सं. १९०३ मा नेपालका प्रधानमन्त्री बनेका जङ्गबहादुर राणाले वि.सं. १९०६ देखि १९०७सम्म राजदूतका हैसियतले गरेको बेलायत यात्राको वृतान्त सरल र सहज भाषाशैलीमा गरिएको  छ। त्यसरी नै यस कृतिमा साहित्यिक गुण तथा परकीय यात्रावर्णन भएकाले नेपाली यात्रासाहित्यको पृष्ठभूमिकालीन महत्त्वपूर्ण कृति मानिन्छ (दीक्षित, २०४७:१२)।

यसपछि बेनामी 'बत्तीस सालको रोजनाम्चा' अर्को उल्लेखनीय कृति हो। यस कृतिमा जङ्गबहादुर राणा वि.सं. १९३२ सालमा पश्चिम नेपालको यात्रामा गएको र वि.सं. १९३३ मा फर्केको कुरा सरल, सहज भाषाशैलीमा दैनिकीमा जस्तै दिनाङ्क उल्लेख गरिएको छ। मूलतः यो कृति यात्राकेन्द्री नभएर शिकारकेन्द्री छ तापनि विषयवस्तु यात्रा नै भएकाले नेपाली यात्रासाहित्यको पृष्ठभूमिकालीन कृतिका रूपमा यसको महत्त्व छ ( दीक्षित, २०२३:?)।

यसरी 'राजा गगनिराजको यात्रा' (वि.सं. १५५०) देखि सुरु भएको नेपाली नियात्राको पृष्ठभूमि कालमा अज्ञात लेखकका र लेखक थाहा भएका विभिन्न कृति प्रकाशित भएका थिए। यस्तै अन्य कृतिहरूमा वेदव्यास उपाध्यायका अनुसार "लालबहादुर आउँमासीको 'भोटको लडाईंको सबाइ' (र.वि.सं., १९१२ प्र.वि.सं. १९४२) यसमा पद्यात्मक शैलीमा युद्धयात्रासित सम्बन्धित संस्मरणात्मक विषयवस्तु छ। तुलाचन आलेको 'धावाको सबाइ' (वि.सं. १९५० तिर) र धनवीर भण्डारीको 'अब्वर पहाडको सबाइ' (र.वि.सं. १९५१ तिर, प्र.वि.सं. १९७०) यी दुई कृतिमा पद्यात्मक शैलीमा यात्रानुभव कम र युद्ध वर्णनको विषयवस्तु बढी छ। शिखरनाथ सुवेदीको 'शिखरनाथ भाष्य' (वि.सं. १९५७) यसमा यात्रा निर्देशानात्मक तथा स्थान परिचयात्मक विषयवस्तु छ। उदयनारायण काफ्लेको 'बद्रीवर्णन' (वि.सं.) राजीवलोचन जोशीको 'शङ्खमूल यात्रा' (वि.सं. १९५९) यी दुई कृतिमा

तीर्थवर्णनको पद्यात्मक प्रस्तुतिमा यात्रानुभव भन्दा वस्तुवर्णनकै प्रधानता पाइन्छ । राममणि आ.दी. का 'लर्ड किचनरलाई कोसेली' (वि.सं. १९६२) यसमा तत्कालीन नेपालका प्रधानमन्त्री चन्द्रशमशेरद्वारा किचनरलाई कोसेली दिन काशीदेखि सिमलासम्म गरेको कष्टमय रेलयात्राको वर्णन छ । आ.दी. कै 'गन्धमादन यात्रा', 'सामेश्वरमा फिर्ती सवारी', 'मेरो पैदल काशीयात्रा', यी कृतिमा यात्रा तत्त्व दुर्वल र संस्मरण तत्त्व प्रबल रहेको पाइन्छ । प्रतीमन थापा मगरको 'श्री ३ महाराजा सर जङ्गबहादुर राणाजीको जीवन चरित्र' (वि.सं. १९६५) यसमा 'जङगबहादुरको बेलायत यात्रा' कृतिको जस्तै शैलीमा जङगबहादुरको जीवनी प्रस्तुत गरिएको छ । पद्यमा यात्रावर्णन गरिएको चिरञ्जीवी शर्मा पौड्यालको 'श्रीयुरोप यात्रा (वि.सं. १९६७) उल्लेख्य छन्" (उपाध्याय, पूर्ववत्:१०७-१११) । यसप्रकार अज्ञात लेखकको 'राजा गगनिराजको यात्रा' (वि.सं. १५५० तिरको) देखि 'श्रीयुरोपयात्रा' (वि.सं. १९६७) सम्मको समयावधिलाई नेपाली नियात्रासाहित्यको पृष्ठभूमिकाल मानिन्छ । यसपछिका दुई वर्षमा उल्लेखनीय कृतिहरू रचना भएको पाइदैन ।

### २.५.३ आरम्भकाल (वि.सं. १९७० देखि वि.सं. १९९८ सम्म)

पृष्ठभूमि तथा प्राथमिक कालमा असचेत रूपले वस्तुपरक शैली परकीय यात्रावर्णनबाट आरम्भ भएको नेपाली यात्रासाहित्यक लेखन आत्मपरक शैलीको स्वकीय यात्रावर्णनको क्षीण आभा प्रस्तुत गर्दै पुनः वस्तुपरक शैली र परकीय यात्रावर्णनमै सीमित हुन पुगेको र कालक्रममा शिथिल एवम् विचलित समेत हुन पुगको परिप्रेक्ष्यमा 'मेरो लन्दन राजतिलक यात्रा' शीर्षक ग्रन्थाकार यात्रासाहित्यिक कृति लिएर वि.सं १९७० मा शेरसिंह रानाको आगमन हुन्छ । उनबाट सर्वथा सचेत रूपले आत्मपरक शैलीमा स्वकीय यात्रावर्णन गरिएको उक्त कृति 'नेपाली यात्रासाहित्यमा एउटा कोसेढुङ्गाका रूपमा उपस्थित देखिन्छ (भट्टराई, २०५८:२१८) किनभने उक्त कृतिकोप्रणयन-प्रकाशनबाट नेपाली यात्रा साहित्यिक लेखनमा एक नवीन युगको आरम्भ हुन्छ, जसलाई नेपाली यात्रासाहित्यको आरम्भ वा प्रवर्तनकाल मान्न सकिन्छ । रानाको आगमनदेखि लिएर भवानी भिक्षुको आगमनपूर्वसम्मको यस कालावधिमा विषयगत, शैलीगत, संरचनागत र प्रवृत्तिगत दृष्टिले समेत उल्लेखनीय ग्रन्थाकार एवम् स्फुट कृतिहरूको रचना भएको पाइन्छ भने नेपाली साहित्यमा एक युगान्तकारी र नवयुगप्रवर्तक मानिने 'शारदा' (वि.सं. १९९१) पत्रिकाको

प्रकाशनसँगै कविता, कथा र निबन्ध विधाले आधुनिक स्वरूप प्राप्त गरे जस्तै यसै पत्रिकामा प्रकाशित भवानी भिक्षुको 'सिमलासम्म' (वि.सं. १९९९) शीर्षक यात्रासाहित्यिक कृतिले नयाँ युगको प्रवर्तन स्पष्ट रूपमा गर्दछ । यो प्रवर्तन पूर्वको (वि.सं. १९७० देखि वि.सं. १९९८ सम्मको) अवधिलाई नियात्रासाहित्यको आरम्भ काल मान्नु उपयुक्त हुन्छ ( उपाध्याय, पूर्ववत्:११३) । यस कालमा नेपाली नियात्राले आधुनिक यात्रा साहित्यिक स्वरूप निर्माण गर्नका लागि सवल पूर्वाधार समेत प्राप्त गरेको पाइन्छ ।

यस कालमा निम्नानुसारका स्वकीय र परकीय यात्रावर्णनमा आधारित कृतिहरूको रचना भएको पाइन्छ : शेरसिंह रानाको 'मेरो लन्दन राजतिलक यात्रा' (वि.सं. १९७०), चिरञ्जीवी शर्मा पौड्यालको 'आफ्नु कथा' (र.वि.सं. १९७४, प्र.वि.स. २०१४) अन्तर्गत "काश्मीर यात्रा प्रसङ्ग', हरिनाथ प्याकुर्‍यालको 'तीर्थ जाँदाको वृत्तान्त' (वि.सं. १९७४), अज्ञात व्यक्तिद्वारा लिखित 'समुद्र यात्राको आनन्द' (गोरखापत्र वि.सं. १९७८), गुरूप्रसाद मैनालीको 'श्री ५ मुमा बडामहारानीको तीन धाम सवारीको दैनिक विवरण' (र.वि.सं. १९८१, प्र.वि.सं. २०५१, उन्नयन), काशीनाथ आचार्य दीक्षितको भएका कुरा (र.वि.सं. १९८८, प्र.वि.स. २०३१ ), शमशेर बहादुर मल्लको 'छ मैन्हाको भ्रमण' (शारदा वर्ष १, अङ्क ८, वि.सं. १९९२-असोज), सुवर्णमान सिंह कटुवालको 'बाराहक्षेत्र दर्शन' (शारदा वर्ष ४, अङ्क १२ (ख), वि.सं. १९९५-चैत्र), रणशूर लिम्बूको 'बर्माको सम्झना' (र.वि.सं. १९९६, प्र.वि.सं., २०१८) आदि रहेका छन् ।

वेदव्यास उपाध्यायले "यस कालमा स्थानपरिचयात्मक र यात्रा निर्देशनात्मक गद्य कृतिहरू तथा संवाद काव्य, वार्णिक छन्दमा युद्ध यात्रावर्णन, तीर्थयात्रा वर्णन तथा संसारका विभिन्न देशको वर्णन गरिएका पद्य कृति समेत लेखिएका पाइन्छन् । त्यस्तै नेपालीमा अनुवाद गरिएका कृति समेत पाइन्छन्" भनेका छन् (उपाध्याय, पूर्ववत्, ११३) । यसप्रकार यस कालमा विभिन्न लेखकका स्वतः स्फूर्त ढङ्गबाट वस्तुपरक प्रस्तुतिमा परकीय यात्रावर्णनका तुलनामा आत्मपरक पूर्णतः स्वकीय यात्रावृत्तान्त, यात्रागत वस्तुतथ्यमा आधारित धार्मिक विषय प्रसङ्गको वर्णन, संस्मरणात्मक, आत्मकथात्मक, शिकारकेन्द्री यात्रासित सम्बद्ध, तीर्थस्थलको चर्चा, विश्वयुद्धको चर्चासँग सम्बन्धित विषयवस्तु भएका कृतिहरू रचना भएको पाइन्छ । यसरी शेरसिंह रानाद्वारा लिखित 'मेरो लन्दन राजतिलक' यात्रा (वि.सं. १९७०) देखि भवानी भिक्षुको सिमलासम्म (वि.सं. १९९९) भन्दा अगाडिको कालावधिलाई नेपाली नियात्रासाहित्यको आरम्भकाल मानिन्छ ।

### २.५.४ आधुनिक काल (वि.सं. १९९९ देखि वर्तमानसम्म)

नेपाली नियात्रासाहित्यको आरम्भकालपछिको समयलाई आधुनिक काल मानिन्छ । वेदव्यास उपाध्यायले "नेपालमा प्रेसको प्रवेश भएको छ दशक जति पछि हेमराज पाण्डेको 'चन्द्रिका व्याकरण' (वि.सं. १९६९), सोमनाथ सिग्द्यालको 'मध्यचन्द्रिका' (वि.सं. १९७६) र 'लघुचन्द्रिका' (वि.सं. १९९१), पारसमणि प्रधानको 'सजिलो नेपाली व्याकरण' (वि.सं. १९८९) र पुष्कर शमशेर राणाको 'नेपाली कसरी शुद्ध लेख्ने' (वि.सं. १९९१) जस्ता व्याकरण ग्रन्थहरूको प्रकाशन भयो । त्यसबाट नेपाली भाषाको तत्कालीन स्वरूपमा परिष्कार आउँदै गयो र त्यसको स्तरीकरण एवम् आधुनिकीकरण हुँदै गयो । नेपाली भाषा प्रकाशिनी समिति एवम् नेपाली भाषानुवाद परिषद् जस्ता संस्थाहरूको स्थापना पनि भयो । त्यसै सिलसिलामा वि.सं. १९९१ सालमा 'शारदा' पत्रिकाको प्रकाशन आरम्भ भयो । यसले कृतिहरूको प्रकाशनको अवसर र सुविधामा विस्तार भयो । फलतः अन्य आधुनिक विधाको लेखनसँगै आधुनिक नेपाली यात्रासाहित्यको लेखनका निम्ति उत्साहजनक वातावरणको सिर्जना भयो र विधा सिद्धान्त र मान्यताप्रति सचेत नयाँ-नयाँ आधुनिक यात्रा लेखक देखा पर्दै जान थाले" भनेका छन् (उपाध्याय, पूर्ववत्:१२७) । यसरी यस कालको नियात्रा साहित्यलाई अग्रगति प्रदान गर्नमा शारदा, गोरखापत्र, उदय, प्रगति, धरती, जुद्धोदय पब्लिक हाई स्कुल पत्रिका, नेपाली, रूपरेखा, रचना, हिमानी, मुकुट, रत्नश्री, भानु, आँखो, मोती, मधुपर्क, सम्झना, अभिव्यक्ति, बरगाछी, युगज्ञान साप्ताहिक, मिर्मिरे, संसार, पारिजात, गरिमा, बगर, उन्नयन आदि असङ्ख्य पत्रपत्रिका तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, जगदम्वा प्रकाशन, साझा प्रकाशन जस्ता थुप्रै प्रकाशन संस्थाहरूको महत्त्वपूर्ण योगदान रहेको छ । आधुनिक नियात्रासाहित्यलाई अध्ययनमा सहजताका लागि वेदव्यास उपाध्यायले झैं गरी तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

(क) प्रथम चरण (वि.सं. १९९९ देखि वि.सं. २००९ सम्म)

(ख) द्वितीय चरण (वि.सं. २०१० देखि वि.सं. २०२२ सम्म)

(ग) तृतीय चरण (वि.सं. २०२३ देखि वर्तमानसम्म)

### २.५.४.१ प्रथम चरण (वि.सं. १९९९ देखि वि.सं. २००९सम्म)

आधुनिक कालको प्रथम चरणको महत्त्वपूर्ण रचनाको रूपमा भवानी भिक्षुको 'सिमलासम्म' (वि.सं. १९९९) लाई लिइन्छ। वेदव्यास उपाध्यायले 'यस चरणका कृतिहरूमा भवानी भिक्षुका 'सिमलासम्म' (वि.सं. १९९९), 'मेरो काठमाडौं यात्रा' (वि.सं. २०११), 'दाजीलिङ्ग भ्रमणमा प्राप्त साहित्यिक अनुभव' (वि.सं. २०१२), रुद्रराज पाण्डको 'गँडखार यात्रा' (वि.सं. १९९९), उपेन्द्र पुरुष शर्माको 'मानसरोवर तथा कैलाशको वर्णन' ( वि.सं. १९९९), केशवराज पिंडालीको 'त्रिशुलीको बाटो' (वि.सं. १९९९), फलेन्द्रविक्रम राणाका 'भेडाबारी यात्राको एक झलक' (वि.सं. १९९९) र 'मेरो सर्लाही यात्रा' (वि.सं. २०००), हरिप्रसाद गोर्खा राईको 'मेरो डायरीको कैयौं पृष्ठ' (वि.सं. २००२), 'मेरो पाल्पा तानसेनतर्फको यात्रा' (वि.सं. २०३९), भीमनिधि तिवारीको 'यात्राका तीन सम्झना' (वि.सं. २००४), धर्मराज थापाको 'यात्रीको यात्रा' (वि.सं. २००५), मुक्तिनाथको 'पोखराको बजार' (वि.सं. २००५), बावुराम आचार्यको 'भगवान् पारसनाथ' (वि.सं. २००५), अज्ञात लेखकको 'मुक्तिनाथको यात्रा' (वि.सं. २००६), तेजबहादुर प्रसाईंको 'रमाइलो यात्रा' (वि.सं. २००६), समुद्रदत्त कोइरालाको 'यताउतिबाट' (वि.सं. २००६), कुन्ता (कान्ता ?) ठाकुरको 'मेरो नेपाल भ्रमण' (वि.सं. २००९), लैनसिंह वाङदेलको 'डायरीको एक पृष्ठ' (वि.सं. २००९) आदि हुन्" भनेका छन् (उपाध्याय, पूर्ववत्:१२८-१२९)। यसप्रकार यस चरणमा यात्रास्थलका वर्णन, यात्राको आनन्द, आख्यानात्मक संस्मरणात्मक प्रस्तुति, प्रकृतिप्रेम भएका कृति भेटिन्छन्। वेदव्यास उपाध्यायले "नेपाली यात्रासाहित्यको आधुनिक कालको प्रथम चरणका उपलब्ध उपर्युक्त कृतिहरूमध्ये भिक्षुको 'सिमलासम्म' देवकोटाको 'पहाडी जीवन' तथा तिवारीको 'यात्राका तिन सम्झना' विशेष उल्लेख्य छन्। यी मध्ये पनि भिक्षुको 'सिमलासम्म' यात्रासाहित्यिक दृष्टिले सर्वाधिक सफल छ" भनेका छन् (उपाध्याय, पूर्ववत्:१३३)।

यसरी नेपाली नियात्रासाहित्यको आधुनिक कालको प्रथम चरणमा विभिन्न यात्रा लेखक भए तापनि सशक्त यात्रालेखकको रूपमा भवानी भिक्षु, लक्ष्मीप्रसाद देवकोटा र भीमनिधि तिवारी देखा परेका छन्। भिक्षुले आफुले देखेका, भोगेका वस्तु तथा तथ्यहरूलाई परिष्कृत कवितात्मक भाषाशैली, आख्यानात्मक प्रस्तुति, कृत्रिमताप्रति विकर्षण, जीवनका शाश्वत् मूल्य र मान्यताप्रति अगाध आस्था, प्राञ्जल र काव्यात्मक भाषाशैली, रसात्मक र रोचकता सिमलासम्म कृतिमा प्रस्तुत गरेका छन्। त्यसकारण यस

कृतिलाई नेपाली नियात्रासाहित्यको आधुनिक स्वरूप प्राप्त प्रथम कृतिका रूपमा लिन सकिन्छ। यसरी नै देवकोटाले स्वछन्दतावादी धारा, मानवतावादी जीवनदृष्टि, अध्यात्ममूलक सौन्दर्यचेतना, प्रकृतिप्रेम अगाध अनुराग, समाजपरक चिन्तन र सुधारको आग्रह जस्ता गुणले 'पहाडी जीवन' लाई सशक्त बनाएका छन्। त्यस्तै तिवारीले पर्वतीय ग्राम्य स्थलहरूको कष्टसाध्य पदयात्रामा प्राप्त रोचक र रोमाञ्चक अनुभवहरूलाई सरल भाषा र संस्मरणात्मक शैलीमा निजात्मकताको आवरणका साथ 'यात्राका तीन सम्झना' मा प्रस्तुत गरेका छन्। यसरी भवानी भिक्षुको 'सिमलासम्म' (वि.सं. १९९९)। देखि लैनसिंह वाङ्देलको 'डायरीको एक पृष्ठ' (वि.सं. २००९) सम्मको समयावधिलाई आधुनिक कालको प्रथम चरण मानिन्छ।

### २.५.४.२ द्वितीय चरण (वि.सं. २०१० देखि २०२२ सम्म)

नेपाली नियात्रासाहित्यको आधुनिक कालको द्वितीय चरणको आरम्भ वि.सं. २०१० देखि नारायण वास्कोटाको सम्पादनमा काठमाडौंबाट प्रकाशित प्रगति द्वैमासिक पत्रिकाको वर्ष १ अङ्क ४ (वि.सं. २०१० कार्तिक-मंसिर) देखि क्रमशः बर्ष १ अङ्क ५, वर्ष ३ अङ्क १, पूर्णाङ्क १३ र वर्ष ३ अङ्क २ पूर्णाङ्क १४ मा गरी चारवटा अङ्कमा धारावाहिक रूपले प्रकाशित एवम् पछि वि.सं. २०१४ मा उही शीर्षकमा ग्रन्थाकार रूपले प्रकाशित लैनसिंह वाङ्देलको पत्रशैलीको यात्रा साहित्यिक कृति 'यूरोपको चिठी (वि.सं. २०१४) बाट भएको देखिन्छ। त्यसपछि प्रगति लगायत काठमाडौंबाट प्रकाशित हुने 'शारदा', 'गोरखापत्र', 'धरती', 'हिमाली' आदि पत्रिकाहरूका साथै भारतको बनारसबाट प्रकाशित 'उदय', कालिम्पोङबाट प्रकाशित हुने 'भारती' र दार्जिलिङ्गबाट प्रकाशित हुने 'दियालो' आदि पत्रपत्रिकाहरूमा विभिन्न लेखकका स्फुट रूपका अनेक यात्रासाहित्यिक कृतिहरूको प्रकाशन भएको पाइन्छ। यसरी नै वाङ्देल लगायतका अन्य कतिपय लेखकका अनेक ग्रन्थाकार कृति पनि प्रकाशित देखिन्छन्।

यस कालमा प्रकाशित कृतिहरूमा मनकुमारी थापाका 'मेरो स्कटल्याण्ड यात्रा' ( भारती, वि.सं. २०१०) र 'प्यारीसको एक झलक' (भारती, वि.सं. २०११) मित्रदेव साहित्य भूषणका पुस्तकाकार कृतिहरू 'बराह यात्रा' (वि.सं. २०१०) र 'मेरो हवाईयात्रा' (वि.सं. २०१३) राधिका रायाको 'मेरो पहिलो समुद्र यात्रा' (भारती, वि.सं. २०११), दौलतविक्रम विष्टको 'वायुयानमा पैंतालिस मिनेट' (प्रगति, वि.सं. २०११), डी.के. शाहीको 'हाम्रो

गोसाईंकुण्ड' यात्रा, (प्रगति, वि.सं. २०११), भवानी भिक्षुको 'मेरो काठमाडौं यात्रा' (शारदा, वि.सं. २०११) मधुमालती प्रधानको 'मेरो बनारस यात्रा' (भारती, वि.सं. २०१२), सुरेन्द्रराज शर्माको 'देश उँभोतिर' (गोरखापत्र, २०१२), मुरारीकृष्ण शर्माको पुस्तकाकार कृति 'पश्चिमी नेपालमा श्री ५ महेन्द्र' (वि.सं. २०१२), शङ्कर गार्ग्येयको 'वखुं तिती वखुं तिती' (शारदा, वि.सं. २०१३), बालकृष्ण रूपाबासीको 'सुङनामनेरको बास' (उदय, वि.सं. २०१३) सत्यमोहन जोशीको लोकसंस्कृतिको अन्वेषणमा केन्द्रित पुस्तकाकार कृति 'हाम्रो लोक संस्कृति' (वि.सं. २०१३) हेमचन्द्र भट्टाचार्यको 'लौ जाऊ साँखू' (धरती, वि.सं. २०१४) रामजीप्रसाद शर्माका 'हाम्रो पूर्वी तराईको भ्रमण' जुद्धोदय पब्लिक हाई स्कुल (पत्रिका, वि.सं. २०१४) ।

हाम्रो भारत भ्रमण' (जुदोदय पब्लिक हाई स्कूल पत्रिका (वि.सं. २०१५-२०१६) हरिहर शास्त्रीको पुस्तकाकार कृति 'श्री ५ महेन्द्रको रुस भ्रमण' (वि.सं. २०१५), सिद्धिचरण श्रेष्ठको 'तामाङ्रिखी म फेरि आउनेछु' (शारदा, वि.सं. २०१६), धर्मराज थापाको पुस्तकाकार कृति 'मेरो नेपाल भ्रमण' (वि.सं. २०१६), रुद्रनाथ शर्माको 'डेढ महिना सिलाङमा' (उदय, वि.सं. २०१६), दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र' को 'प्रकृतिको काखमा दुई महिना' (उदय, वि.सं. २०१६), रमेश प्रसादको 'हाम्रो पश्चिम नेपालको भ्रमण' (जुद्धोदय पब्लिक हाई स्कुलको पत्रिका (वि.सं. २०१७), प्रेमराज शर्मा पौडेलको 'एउटा यात्रा' ( नेपाली, वि.सं. २०१७), जितबहादुर मानन्धरको 'इलिफ्यान्टको गुफाभित्र' (शारदा, वि.सं. २०१७), मदनसिंह मगरको पुस्तकाकार कृति 'श्री ५ महेन्द्रको पाकिस्तान यात्रा (वि.सं. २०१८), ज्ञानरत्न तुलाधरको पुस्तकाकार कृति 'श्री ५ महेन्द्र चीनमा' (वि.सं. २०१८), एन.वी. श्रेष्ठको 'ताजमहल' (उदय, वि.सं. २०१८), डोरबहादुर विष्टको 'थाकखोलाको यात्रा' (गोरखापत्र, वि.सं. २०१९), नरबहादुर थापाको 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' (उदय, वि.सं. २०१९), विजयराज आचार्यको 'मूलबाटोको मेला' (जुद्धोदय पब्लिक हाई स्कुल पत्रिका, वि.सं. २०१९) मोहनमणि आ.दी. को 'राष्ट्रको सेवामा' ( नेपाली, वि.सं. २०१९), हर्कबहादुर गुरुङ 'लेखाली' का 'युरोपको एक झलक' (रूपरेखा वि.सं. २०१९), 'युरोपबाट फर्केर हेर्दा' (रूपरेखा, वि.सं. २०२०) र 'मेमसुनदेखि मनसलु' ( मुकुट, वर्ष अनुल्लिखित), चूडानाथ भट्टरायको 'पन्ध्रदिने पर्यटन' (हिमानी, वि.सं. २०१९) हरिप्रसाद गोर्खा राईको 'सागर हेर्न पुगें' (दियालो, वि.सं. २०२०) लैनसिंह वाङ्देलको पुस्तकाकारकृति 'स्पेनको सम्झना' (वि.सं. २०२०), देवरत्न धाख्वाको पुस्तकाकार कृति

'चीन : एक झलकमा' (वि.सं. २०२०), शिवराज उपाध्याय बरालको पुस्तकाकार कृति 'काशीयात्रा' (वि.सं. २०२०), टीकाप्रसाद उपाध्यायका पुस्तकाकार कृति 'श्री ५ महेन्द्रको नारायणी यात्रा' (वि.सं. २०२०) र 'श्री ५ महेन्द्रको वाराणसी यात्रा' (वि.सं. २०२२), कृष्ण वम मल्लको 'इजरैलको सम्झना' (गोरखापत्र, वि.सं. २०२१), भैरव अर्यालको 'पाकिस्तानमा हाम्रा केही दिन' (गोरखापत्र, वि.सं. २०२१), सूर्यलालका 'सोभियत सङ्घमा १६ दिन' (गोरखापत्र, वि.सं. २०२१) र 'एकै दिनको कुरो' (गोरखापत्र, वि.सं. २०२१), पूर्ण प्रसाद शर्माको 'सल्लेरी बेसीको सम्झना' (रूपरेखा, वि.सं. २०२१), डिल्लीराम तिमसिनाको 'बद्री जाँदा' (रूपरेखा, वि.सं. २०२१), लोकराज बरालको 'ताजमहल एउटा घुँइचोभित्रको कथा' (रचना, वि.सं. २०२१), केदारमणि आ.दी. को पुस्तकाकार कृति बेलायत जाँदा (वि.सं. २०२२) आदि रहेका छन् ।

वेदव्यास उपाध्यायले "सारांशतः आधुनिक नेपाली यात्रासाहित्यको द्वितीय चरणको आरम्भ (वि.सं. २०१०) मा लैनसिंह वाङ्देलको 'युरोपको चिठी' को धारावाहिक प्रकाशनबाट भएको देखिन्छ । यस चरणमा स्वदेशी र विदेशी उभय परिवेशकेन्द्री कृतिहरूको लेखन भएको पाइन्छ र विदेशी अन्तर्गत भारतका साथै समुद्रपारिका समेत परिवेशकेन्द्री यात्रासाहित्यिक कृतिहरूको सिर्जना भएको पाइन्छ । साथै कतिपय नारी यात्राकारहरूले पनि यस क्षेत्रमा कलम चलाएको पाइन्छ । त्यस्तै स्फुट कृति धेरै स्रष्टाहरूबाट लेखिएको पाइन्छ भने ग्रन्थाकार कृतिको लेखन केही सीमित स्रष्टाहरूबाट मात्र भएको पाइन्छ । यस चरणका विशेष उल्लेख्य स्रष्टाकारूपमा लैनसिंह वाङदेल, धर्मराज थापा र केदारमणि आ.दी. देखिन्छन् र यसको प्रतिनिधित्व लैनसिंह वाङ्देलबाट भएको पाइन्छ" भनेका छन् (उपाध्याय, पूर्ववत्: १४०) ।

नेपाली नियात्रा साहित्यको द्वितीय चरणका नियात्राकारहरूमध्ये वाङ्देलले कला र कलाकारसम्बन्धी विषयमा संस्मरणात्मक शैलीमा सरल भाषामा, धर्मराज थापाले यात्रावर्णन, चोखो नेपालीपनात्मक भाषाशैली, कवितात्मक सौन्दर्य, केदारमणि आ.दी. ले यात्रानुभव, विवरणात्मक, धार्मिक तथा पर्यटकीय सूचना-सम्प्रेषण तथा अन्य नियात्राकारका कृतिमा आत्मपरकता पाइए पनि निजात्मक रागको अभाव, स्वकीय यात्रा वर्णनात्मक, परकीय यात्रावर्णनात्मक जस्ता विशेषता पाइन्छन् । यसरी नेपाली नियात्रासाहित्यको विकास क्रममा प्रथम चरणको तुलनामा द्वितीय चरणलाई सिर्जनात्मक उर्वरताका दृष्टिले महत्त्वपूर्ण मान्न सकिन्छ ।

### २.५.४.३ तृतीय चरण (वि.सं. २०२३ देखि वर्तमानसम्म)

नेपाली नियात्रासाहित्यको आधुनिक कालको तृतीय चरणको आरम्भ तारानाथ शर्माको 'मेनाइ साँघुको मेला' रत्नश्री, द्वैमासिक साहित्यिक पत्रिकाको वर्ष ४ अङ्क ३ वि.सं. २०२३ मा प्रकाशित भए पछि मानिन्छ । शर्माको उक्त कृतिका बारेमा बलकृष्ण पोखरेलले "तानासर्मालाई उहाँको 'मेनाइ साँघुको मेला' ले नेपाली निबन्धको वर्तमान अवस्थाको चुचुरोसम्म पुऱ्याएको छ । खास गरी यात्रासाहित्यको क्षेत्रमा यस निबन्धले यौटा नौलो र अपूर्व पाटो जोडेको छ । खास गरी यात्रासाहित्यको क्षेत्रमा तारानाथ शर्माको आगमन युगान्तकारी घटनाका रूपमा देखिन्छ भने उनको आगमनपूर्वसम्म प्रायः यात्राको वस्तुपरक वर्णनमा मात्र सीमित रहेको नेपाली यात्रासाहित्य शर्माको आगमनपछि उनको लेखनीबाट आत्मपरक धारामा प्रवाहित हुन पुगेको पाइन्छ । यसरी लेखकीय निजात्मक राग, अनुभूति, चिन्तन र संवेदनासमन्वित यात्रासाहित्यिक लेखन परम्पराको प्रवर्तन शर्माबाट भएको पाइन्छ" भनेका छन् (शर्मा, २०३४ : ख, घ) । यसै प्रसङ्गमा वेदव्यास उपाध्यायले "यस चरणमा नेपाली यात्रासाहित्य शिल्पगत, भावगत र विषयगत सबै दृष्टिले बहुआयामिक भएको पाइन्छ । साथै सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले यो विशेष रूपले उर्वर रहेको पाइन्छ तथा विविध उद्देश्यले प्रेरित भएर स्वेदश र विदेशका विभिन्न भागका यात्रामा प्रवृत्त असङ्ख्य लेखकका लेखनीबाट स्फुट र ग्रन्थाकार असङ्ख्य यात्रासाहित्यिक कृतिहरूको सिर्जन भएको पाइन्छ' भनेका छन् (उपाध्याय, पूर्ववत् : १४१) ।

यस चरणमा नेपालको राजधानी काठमाडौंबाट प्रकाशित हुने गोरखापत्र, नेपाली रूपरेखा, रचना, रत्नश्री, मुकुट, मधुपर्क, अभिव्यक्ति, मिर्मिरे, गरिमा, बगर, उन्नयन, आदि दैनिक, मासिक, द्वैमासिक र त्रैमासिक पत्रपत्रिकाहरूका साथै राजधानी बाहिरका पूर्वदेखि पश्चिमसम्मका विभिन्न स्थानबाट प्रकाशित हुने आँखो, मोती, युगज्ञान, सम्झना, वरगाछी, लालुपाते आदि अनेक पत्रपत्रिकाहरूमा असङ्ख्य स्फुट कृतिहरूको प्रकाशन तथा विभिन्न ग्रन्थाकार कृतिहरूको समेत धारावाहिक रूपमा प्रकाशित भएको देखिन्छ । त्यसरी नै साझा प्रकाशन, पुरानो ने.रा.प्र.प्र. हालको नेपाल प्रज्ञा प्रतिष्ठान लगायतका प्रकाशन संस्थाहरूबाट र कतिपय निजी प्रकाशन संस्थाहरूबाट विभिन्न यात्राकारहरूका कृतिहरू प्रकाशित भएका देखिन्छन् ।

यस चरणमा प्रकाशित नियात्रात्मक कृतिहरूमा केदारमणि आ.दी. का ‘बद्री केदारयात्रा तीस वर्ष अघिको’ (वि.सं. २०२३), ‘चारधामको यात्रा’ (वि.सं. २०२५), ‘यताउताका कुरा’ (वि.सं. २०२५), ‘एक फन्को’ (वि.सं. २०२५), ‘हिउँदमा बेलायत’। वि.सं. २०२७), ‘यतै वरिपरि’ (वि.सं. २०३९), ‘तीनतिर’ (वि.सं. २०३१), ‘यात्राका कुरा’ (वि.सं. २०३१), ‘रतनकोशीन जाँदा’ (वि.सं. २०३३), ‘यात्रा समुच्चय’ (वि.सं. २०४०), तारानाथ शर्माका ‘जमर्काहरू’ (वि.सं. २०२५), ‘बेलायततिर बरालिँदा’ (वि.सं. २०२६), ‘जीवनका छाल’ (वि.सं. २०३०), ‘पाताल प्रवास’ (वि.सं. २०४२), ‘आँसु छचल्किदै जान्छ’ (वि.सं. २०५६), ‘नसुनिएका ध्वनि’ (वि.सं. २०६१) र ‘चरी भरर’ (वि.सं. २०६५), विश्वनाथ ढकालको ‘डोल्पाली सेरोफेरो’ (वि.सं. २०२५), मातृकाप्रसाद कोइरालाको ‘मेरो आसाम यात्रा’ (वि.सं. २०२५), डिल्लीराम तिमसिनाको ‘बनारसको चिठी’ (वि.सं. २०२५), पूर्णप्रकाश नेपाल ‘यात्रीका’‘मेरो मुक्तिनाथ यात्रा’ (वि.सं. २०२६), ‘सेतीको नालीवेली’ (वि.सं. २०३४), ‘काशीपुरी परिदर्शन’ (वि.सं. २०३६) ‘वदलिँदो घामछाया’ (वि.सं. २०३७), ‘नियात्राको नौलो सुसेली’ (वि.सं. २०३९) र ‘राराको सौराई’ (वि.सं. २०५७), देवीचन्द्र श्रेष्ठका ‘काठमाडौंबाहिर’ (वि.सं. २०४५), ज्यानबहादुर नेवाको ‘चीन भ्रमण’ (वि.सं. २०३०), जनकलाल शर्माको ‘कौतुकमय डोल्पो’ (वि.सं. २०३१), धर्मराज थापाका ‘मेरो नेपाल भ्रमण’ (वि.सं. २०३२), ‘गण्डकीको सुसेली’ (वि.सं. २०३४), ‘चितवन दर्पण’ (वि.सं. २०३६), ‘तनहूँ फूलवारी’ (वि.सं. २०३६), ‘लोकसंस्कृतिको घेरामा लमजुङ; (वि.सं. २०३९) र ‘सगरमाथाको सेरोफेरो’ (वि.सं. २०४४), यादव खरेलको ‘समुद्र-पारी’ (वि.सं. २०३२), योगी नरहरिनाथको ‘हाम्रो दर्शन’ (वि.सं. २०३२), सूर्य वहादुर सेन ओलीका ‘देश दर्शन भाग-१’ (वि.सं. २०३३), ‘देश दर्शन भाग-२’ (वि.सं. २०४०), ‘गौचरनदेखि गौपूजासम्म’ (वि.सं. २०५२), ‘आफ्नै खोजका सन्दर्भहरू’ (वि.सं. २०५५), ‘देशभक्तहरूको भूमि इजरायलमा केही दिन’ (वि.सं. २०५९) र ‘अविस्मरणीय जुम्ला’ (वि.सं. २०५९), सलोन कार्थकद्वारा सम्पादित ‘समुद्रवारि समुद्रपारि’ (वि.सं. २०३३), रमेश विकलका ‘सातसूर्य एक फन्को’ (वि.सं. २०३४) र ‘निलगिरिको छायामा’ (वि.सं. २०५०) नारदमणि पौडेलका ‘मेरो यात्रा संस्मरण’ (वि.सं. २०३४) र ‘नियात्राका नवीनतम थुङ्गाहरू’ (वि.सं. २०५९) दिलबहादुर नेवाको ‘यात्रासङ्कलन महाराष्ट्र’ (वि.सं. २०३४), चूडामणि रेग्मीद्वारा सम्पादित ‘गम्दा (घुम्दा?) फिर्ता, (वि.सं. २०३४), धर्मालोक महास्थविरद्वारा लिखित र नानीमाया मानन्धरद्वारा अनूदित ‘महाचीन यात्रा’ (वि.सं. २०३५), काजी रोसनको

'मानसरोवरमा डुबुल्की मार्दा' (वि.सं. २०३५), भिक्षु अमृतानन्दको 'जापान भ्रमणको डायरी' (वि.सं., २०३५), भक्तकृष्ण नकर्मीको 'आफ्नो देशयात्रा मेची खण्ड' (वि.सं. २०३६), रुद्रबहादुर खत्रीको 'मेरो भोट दोसाँधीको अनुभव' (वि.सं. २०३७), घनश्याम राजकर्णिकारका 'विदेशको यात्रा स्वदेशको सम्झना' (वि.सं. २०३७), 'देश प्रदेशको भ्रमण केही संस्मरण (वि.सं. २०४३), 'केही चिन्तन:केही मन्थन' (वि.सं. २०४५) र 'बौद्ध तीर्थ यात्रा नालन्दादेखि लुम्बिनीसम्म' (वि.सं. २०६०), वेदी पोखरेलको 'देश पोकाभित्रका पन्ध्र अँजुली' (वि.सं. २०३८), कमल दीक्षितका 'उखान मिलेन' (वि.स. २०३७), 'नूनको खोजीमा' (वि.सं. २०४२), र 'महाचिन' (वि.सं. २०५५), कुमार घिसिङको 'दूनघाटी नालापानी' (वि.सं. २०३८), घटराज भट्टराईका 'डोल्पाकी छोटी' (वि.सं. २०३९), 'गोसाइँकुण्ड (वि.सं. २०४६), 'भानु यात्राका आठ दिन' (वि.सं. २०५४) र 'तीन धाम यात्रा' (वि.सं. २०६५), महेश्वर रायका 'काली सेतीका छालहरू' (वि.सं. २०४०) र 'पिरामिडको देशमा' (वि.सं. २०४७), पद्यराज जोशीको 'वर्तमान नेपाल यात्रा : एक परिचय' (वि.सं. २०४०), रञ्जुश्री पराजुलीको 'विदेशमा विताएको केही वर्ष' (वि.सं. २०४१), मदनमणि दीक्षितको 'वर्लिन डायरीको पाना' (वि.सं. २०४१), राममणि आ.दी. को 'अक्षरपछि अक्षर' (वि.सं. २०४१), देवीप्रसाद वनवासीको 'मुलुकभित्रै भौंतारिँदा' (वि.सं. २०४२), श्रीकृष्ण गौतमका 'अल्छीका पाइला' (वि.सं. २०४२), 'तस्मात् चरैवेति' (वि.सं., २०४५), 'घुम्टोभित्रको सयरङ्गी अनुहार हुम्ला' (वि.सं. २०४६) र 'माल्दिभ्सको प्रेमकथा र अन्य यात्राहरू' (वि.सं. २०६३), भूपहरि पौडेलको 'थलैथलाका पाटाहरू' (वि.सं. २०४३), शान्ति क्षेत्रीको 'अरवसागरको सूर्यास्त' (वि.सं. २०४६) मञ्जुलका 'सम्झनाका पाइलाहरू' (वि.सं. २०४४) र 'जाने होइन दाइ आलापोट ?' (वि.सं. २०४७), गङ्गाप्रसाद उप्रेतीका 'स्मृतिको छालमा इटाली' (वि.सं. २०४४) र 'तिव्वतमा दश दिन' (वि.सं. २०६४), मौदगल्यको 'चीन भ्रमणका चार हप्ता' (वि.सं. २०४४), मोहन सिटौलाको 'परिभ्रमण' (वि.सं. २०४४), नैयर नदीमको 'आश्चर्यमय उपत्यका' (वि.सं. २०४४), विजय चालिसेका 'अप्रिलको बेलायत', 'हिमाली आँखा' (वि.सं. २०४५) र 'मनका तुलिकामा स्मृतिका बिम्बहरू' (वि.सं. २०६३), 'निर्मोही' व्यासका 'नौ पाइला' (वि.सं. २०४६), 'ठोरीको एल्वम' (वि.सं. २०४८), 'झलझली आँखामा' (वि.सं. २०५१) र 'सेरोफोरो सबै मेरो' (वि.सं. २०६१), भीष्म उप्रेतीका 'यात्राका केही थुँगा फूल' (वि.सं. २०४६), 'नीलो पानी र नीला भावनाहरू' (वि.सं. २०५५), 'लहरलहरका अक्षरहरू' (वि.सं. २०५८), 'तेहरान डायरीको

एक साता' (वि.सं. २०६३), 'घर फर्कने दिन' (वि.सं. २०६६) र 'एक पटक टोकियो' ( वि.सं. २०६९), नरेन्द्रराज पौडेलका 'छुडुङको जङ्गलमा हराउँदा' (वि.सं. २०४७) र 'एलोसी माथिको साँझ' (वि.सं. २०६०), तेजप्रकाश श्रेष्ठका 'पाइलाका डोबहरू' (वि.सं. २०४८), 'दौडाहा : घुमाउरा बाटाहरूमा' (वि.सं. २०५७) र 'साङ्ग्रिला पछ्याउँदै' (वि.सं. २०६२), सुनिल पौड्यालको 'बेलायत यात्रा कल्पना र यथार्थ' (वि.सं. २०४८), सत्यमोहन जोशीको 'न्यूजिल्याण्डमा पहिलो नेपाली' (वि.सं. २०४९), सुधा त्रिपाठीका 'बादल, धर्ती र आस्थाहरू' (वि.सं. २०५०) र 'जीवन सूत्र र स्वप्नाभाष' (वि.सं. २०५४), प्रकाश ए राजका 'एउटा यात्रा लेखकका कथा' (वि.सं. २०५०) र 'केही खोजेको केही देखेको' (वि.सं. २०५८), कुलचन्द्र कोइरालाको 'यात्रा लामाबगरको' (वि.सं. २०५०), ईश्वर मानन्धरको 'लण्डनदेखि बद्रीनाथसम्म' (वि.स. २०५२), जय छाङछाका 'कङ्गारुको देशदेखि आइफल टावरसम्म' (वि.सं. २०५२), 'चाँप फुल्ने पहाडमुन्तिर' (वि.सं. २०५४), 'बादल रुँदाको जुरिच' (वि.सं. २०५९) र 'बिव्ल्याँटो आकाशको धरातलतिर' (वि.सं. २०६४), गोविन्द गिरी प्रेरणाका 'फेरो' (वि.सं. २०५२), 'टिष्टाको किनारै किनार' (वि.सं. २०५५) र 'गुड वाई अमेरिका !' (वि.सं. २०६२), सागर शर्माको 'देवघाट धाम' (वि.सं. २०५३), अनिल पौडेलको 'काठमाडौंदेखि सिक्किमसम्म' (वि.सं. २०५३), केशवप्रसाद उपाध्यायको 'प्रशान्ति निलयममा तीन दिन' (वि.सं. २०५४), राजेन्द्र सुवेदीको 'मेरो यात्रा मेरै परिवेशभित्र' (वि.सं. २०५४), देवीप्रसाद सुवेदीको 'मेरो दैनिकीका पानामा चीन' (वि.सं. २०५५), नन्दु उप्रेतीको 'फेवादेखि विवासम्म' (वि.सं. २०५६), चूडामणि रेग्मीको 'घुमेको कुरा' (वि.सं. २०५६), मुक्तिनाथ शर्मा नेउपानेका 'काठमाडौंदेखि लण्डनसम्म' (वि.सं. २०५७), 'बेलायततिरका झझल्काहरू' (वि.सं. २०६२) र 'तीर्थाटन' (वि.सं. २०४), रोहितको 'कोरिया भ्रमण' (वि.सं. २०५७), लैनसिंह वाङ्देलको 'रोमको एउटा फूल र प्यारिसको एउटा काँडा' (वि.सं. २०५७), बुलु मुकारुङको 'जापानको चक्कर' (वि.सं. २०५७), सलोन कार्थकको 'पदयात्रा गाउँको फन्को विदेशको' (वि.सं. २०५७), रामप्रसाद अधिकारीको 'मेची काली' (वि.सं. २०५८), अच्युत खनालको 'स्मृति बिम्ब' (वि.सं. २०५८), राम पराजुलीको 'स्मृतिका क्षणहरू' (वि.सं. २०५८), ध.च. गोतामेको 'तीन बास' (वि.सं. २०५८), ज्ञानेन्द्र विवशका 'राराकी अप्सरा' (वि.सं. २०५८) र 'प्रणय र पाइला' ( वि.सं. २०६१), विश्वम्भर चञ्चलका 'क्षितिजदेखि क्षितिजसम्म' (वि.सं. २०५८) र 'वारिदेखि पारिसम्म' (वि.सं. २०६२), रामप्रसाद पन्तका 'जापान भ्रमणका केही

सम्झनाहरू' (वि.सं. २०५८), 'यात्रा र अनुभूति' (वि.सं. २०६०), 'पेट्रोनास टावरको सेरोफोरो' (वि.सं. २०६३), 'वाह्र सूर्य : सोह्र फन्को' (वि.सं. २०६५) र 'पर्यन्त देश' (वि.सं. २०६६), विनय रावलको 'ठुल्दिदीको देश' (वि.सं. २०५८), पोषरमण चापागाईंका 'पश्चिम अस्ट्रेलियाको यात्रा संस्मरण सेरोफोरो पर्थको' (वि.सं. २०५८), 'गोसाइँकुण्डदेखि चेन्नैसम्म (व.सं. २०६०), 'मौन चुल्ठो' (वि.सं. २०६४) र 'पुष्प प्रकम्प' (वि.सं. २०६८), कृष्णप्रसाद वस्यालको 'आफ्नै यात्रा आफ्नै अनुभूति' (वि.सं. २०५९), तुलसी भट्टराईको 'यात्रामा बटुलिएका फूल' (वि.सं. २०५९), पुण्यप्रसाद खरेलको 'घुमिफिरी रुम्जैटार' (वि.सं. २०५९), सुकुम शर्माको 'कोम्रोङ खोला बाँचे भेट होला' (वि.सं. २०५९), पृथ्वीवहादुर सिंहको 'डेनमार्क भ्रमणको डायरी' (वि.सं. २०५९), अनुकृतिकाको 'मेरो ज्याम्वोरी यात्रा' (वि.सं. २०५९), गोपी मैनालीको 'आँखाभरि रमिता मनभरि वेदना' (वि.सं. २०५९), गोविन्दराज भट्टराईका 'एक्लै एक्लै एक्लै' (वि.सं. २०६०), 'सङ्गै वसौं यो रात' (वि.सं. २०६४) र गोधूलिका 'दश पाइला' (वि.सं. २०६५), नरेन्द्रराज प्रसाइँका 'ठाँगे उक्लेपछि' (वि.सं. २०६०) र 'रेलको रमाइलो' (वि.सं. २०६५), श्रीओम श्रेष्ठ, 'रोदन' का 'समुद्रपारि समुद्रवारि' (वि.सं. २०६०) र 'नविर्सने दिनहरू' (वि.सं. २०६२), इल्या भट्टराईका 'लफबराको वरिपरि' (वि.सं. २०६१) र 'युरोप नौलो परिवेश' (वि.सं. २०६५), गोविन्द वर्तमानको 'सोह्र साँझहरू' (वि.सं. २०६१), चन्द्रप्रसाद भट्टराईको 'प्रशान्तका छालहरूमा मेरो नेपाल' (वि.सं. २०६१), चन्द्रकान्त आचार्यको 'सम्झनाको क्षितिजबाट' (वि.सं. २०६१), कृष्ण प्रधानको 'हनोइदेखि हो-ची-मिन्ह सिटीसम्म' (वि.सं. २०६१) प्रदीप नेपालको 'अमेरिकी बास : मातृभूमिको सम्झना' (वि.सं. २०६१), प्रतिक ढकालका 'हिमालपारि पुगेपछि, (वि.सं. २०६१), 'सेती पनि काली पनि' (वि.सं. २०६३) र 'सगरमाथाको आधारशिविरबाट' (वि.सं. २०६३), विष्णुवहादुर सिंहको 'स्मृतिका छालहरू' (वि.सं. २०६२), युवराज नयाँघरेको 'अनाम पहाडमा फनफनी' (वि.सं. २०६२), कृष्ण वानियाँको 'केही अनुभव : केही अनुभूति' (वि.सं. २०६३), रमेशमोहन अधिकारीको 'सम्झनाको सेरोफोरो' ( वि.सं. २०६३), हेमराज पहारीको 'उत्तरी गोलार्द्धको एक फन्को' (वि.सं. २०६३), ध्रुवचन्द्र गौतमका 'घडीहरूको देशमा समय खोज्दै' (वि.सं. २०६३) र 'जर्मनी नयाँ आँगनमा पाइला टेक्दा' (वि.सं....?), शारदा अधिकारीको 'जीवन जे जसरी पनि बग्दो रहेछ' (वि.सं. २०६३), राजेन्द्रप्रसाद अर्यालको फ्रान्सको भ्रमण मेरा संस्मरण' (वि.सं. २०६३), रामशरण शर्मा अर्यालको 'अल्वर्टा यात्रा मेरो केही  अनुभूति' (वि.सं. २०६३), गोपीकृष्ण शर्माको 'मेरो

अमेरिका यात्रा' (वि.सं. २०६३), कलाधर काफ्लेका बेलायततिरका तीस पाइला' (वि.सं. २०६३), 'मेरो स्वदेश भ्रमण' (वि.सं. २०६५), र 'पहिलेका भ्रमण, अहिलेका संस्मरण' ( वि.सं. २०६६), नारायणदत्त शास्त्रीको, 'अमेरिका यात्रा र अनुभूति' (वि.सं. २०६४), ईशान गौतमको 'मायालु बतास अनि रङहरू' (वि.सं. २०६५), केदारनाथ खनालको 'यात्राका स्पन्दनहरू' (वि.सं. २०६५), विन्दु कोइरालाको 'उक्लीभञ्ज्याङमा पुग्दा' (वि.सं. २०६४), दामोदर पुडासैनी 'किशोर' को 'यात्राको प्रेमिल तरङ्गहरू' (वि.सं. २०६५), रह शर्माको 'पहाडको फेदीको पाहुनाघर' (वि.सं. २०६५), कृष्ण प्रसाईको 'अनुभूतिका, छालहरू' ( वि.सं. २०६५), मोह दुवालको 'चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण' (वि.सं. २०६५) र 'सिक्किम पुग्दाका कुराहरू' (वि.सं. २०६६), रविन्द्र समीरको 'ग्रेटवालको ग्रेट अनुभूति' ( वि.सं. २०६६), पुर्णप्रसाद अधिकारीको 'अविस्मृत अभिव्यञ्जना' (वि.सं. २०६६), राम विनयको 'टापुमा तैरिंदा' (वि.सं. २०६६), उपमा आचार्यको 'स्मृतिको सङ्घारभित्र अमेरिका' (वि.सं. २०६६) र जगदीश प्रसाद शर्माको 'अमेरिकामा महिना दिन' (वि.सं. २०६७), हरिप्रसाद भण्डारीको 'कुनमिनको सेरोफेरो' (वि.सं. २०६०),जीवा लामिछानेको 'सरसर्ती संसार' (वि.सं. २०७३), वियोगी बुढाथोकीको 'किरिङमिरिङ सडकमा अलपत्र' ( वि.सं. २०७३), पूण्यप्रसाद भट्टराईको 'यार्साको हुक्का' (वि.सं. २०७२), 'यात्राका प्रतिबिम्ब' (वि.सं. २०७१) सम्पा. गीता रेग्मी/प्रभा बराल, पुष्कर शाहको 'संसारलाई साँढे पाँच फन्को' (वि.सं. २०७१), मोहन मैनालीको 'उपल्लो थलो' (वि.सं. २०६९), रविलाल अधिकारीको 'फेरि बनारस जाँदा र अन्य नियात्राहरू' (वि.सं. २०६६), 'घुमन्तेको सेरोफेरो' (वि.सं. २०७०), 'अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ' (वि.सं. २०७२), यादवराज उपाध्यायको 'हिउँमा टेकिएका पाइलाहरू' (वि.सं. २०६६), कृष्ण धरावासीको 'रेड स्क्वायर' (वि.सं. २०७२) । कृष्ण बजगाइँको 'यूरेसियाको स्पर्श' (वि.सं. २०७३), आदि रहेका छन् ।

नेपाली नियात्रासाहित्यले आधुनिक कालको तृतीय चरणमा सङ्ख्यात्मक र गुणात्मक दुवै हिसावले सम्पन्नता प्राप्त गरेको छ । यसप्रकार यस चरणमा स्वदेश र परदेशका विभिन्न भागका यात्रामा प्रवृत्ति असङ्ख्या लेखकका ग्रन्थाकार र स्फुट रूपमा यात्रासाहित्यिक कृतिहरूको सिर्जना भएको पाइन्छ । यस चरणमा प्रकाशित ग्रन्थाकार नियात्रात्मक कृतिहरूका नाम, लेखक र प्रकाशन वर्ष सम्भव भएसम्म प्रस्तुत गरिएको छ भने स्फुट रूपमा प्रकाशित लेखकका कृतिहरू असङ्ख्य भएकाले यस अध्ययनमा सम्भव नभएकाले प्रस्तुत गरिएको छैन ।

यसप्रकार यस चरणमा रचना गरिएका स्वदेशी र विदेशी परिवेशका अनि विदेशीमा पनि समुद्रवारि र समुद्रपारि अथवा पूर्वीय एवम् पाश्चात्य असङ्ख्या देशहरूका परिवेश, भूगोल, प्रकृति, इतिहास, समाज, सभ्यता, संस्कृति एवम् जनजीवन, रहनसहन, कला समावेश भएका साथै तिनका अनेक आरोह अवरोह जस्ता विविध पक्षहरू समावेश भएका राष्ट्रवादी, मानवतावादी स्वर भएका प्राकृतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, साहित्यिक, पुरातात्विक, भाषिक, ऐतिहासिक, राजनीतिक, प्राविधिक, अन्वेषणमूलक आदि विविध विषय क्षेत्रसँग सम्बन्धित नियात्रात्मक साहित्यिक कृतिहरू प्रशस्त मात्रामा प्रकाशित भएका छन्। यस चरणका मुलभूत प्रवृत्तिका बारेमा वेदव्यास, उपाध्यायले "स्वच्छन्दता, निजात्मकता, स्थान, वस्तु र नवीन प्राप्तिको सम्प्रेषण, क्रान्तिकारिता, यथार्थता, सामाजिक र आर्थिक चित्रण, जाति, संस्कृति र राष्ट्रप्रेम, प्रकृति चित्रण, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका वस्तु र तिनका मूल्यको खोजी, पर्यटकीय सूचना सम्प्रेषण र सुधारवादी विचार आदि देखिन्छन् र ती मध्ये कतिपय प्रवृत्ति भिन्न-भिन्न स्रष्टामा वैयक्तिक रूपले र कतिपय स्रष्टामा समष्टीगत रूपले न्यूनाधिक मात्रामा विद्यमान देखिन्छन्" भनेका छन् (उपाध्याय, पूर्ववत्:१४२)। यसरी यस चरणमा सिर्जना भएका नियात्राहरूमा विविध विषयगत व्याप्ति, स्वेदशी तथा विदेशी विविध यथार्थ पक्षको अङ्कन, सोद्देश्यमूलक, स्वच्छन्द भ्रमणमूलक र मिश्रित प्रकारका धारामा प्रवाहित आख्यानात्मक, संस्मरणात्मक, निबन्धात्मक, दैनिक्यात्मक, पत्रात्मक, वर्णनात्मक, विवरणात्मक आदि शैलीमा लिखित वस्तुपरक र आत्मपरक धारामा देखिए तापनि वस्तुपरक लेखनका तुलनामा निजात्मक रागसमन्वित लेखनले महत्त्व र लोकप्रियता प्राप्त गर्दै कवितात्मक र गद्यात्मक दुवै प्रकारका भाषाको प्रयोग भएको पाइन्छ। समग्रमा नेपाली नियात्रासाहित्यको परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले विकास भएको पाइन्छ। वर्तमानमा पनि नियात्रा साहित्य माथि प्रस्तुत गरिएका विविध धारा, उपधारा र प्रवृत्तिहरूलाई आत्मसात् गर्दै नव शैली शिल्पको आविष्कार र अवलम्वन गर्दै उत्तरोत्तर प्रगतितर्फ अघि बढिरहेको छ। यसप्रकार सङ्ख्यात्मक तथा गुणात्मक दुवै दृष्टिले विकसित यस चरणलाई नेपाली नियात्रासाहित्यको निकै विकसित चरणका रूपमा लिइन्छ।

## २.६ निष्कर्ष

यस परिच्छेदमा यात्रासाहित्यको सिद्धान्तसम्बन्धी अध्ययन प्रस्तुत गरिएको छ । त्यसअन्तर्गत नियात्राको परिचय, स्वरूप र परिभाषासम्बन्धी विद्वान्हरूका मत दिई नेपाली साहित्यमा नियात्राको स्थान पहिचान गरिएको छ । नियात्राका निकटवर्ती उपविधा र नेपाली नियात्राको विकासक्रम तथा नेपाली साहित्यमा लिखित तथा प्रकाशित नियात्राकारका नियात्रात्मक कृतिहरूको विवरण प्रस्तुत गरी साहित्यका अन्य विधा कथा, कविता, निबन्ध, उपन्यास जस्तै यसको पनि विशिष्ट पहिचान छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

# तेस्रो परिच्छेद

# रविलाल अधिकारीको सङ्क्षिप्त जीवनी तथा नियात्रा लेखन यात्रा

## ३.१ नियात्राकारको वैयक्तिक परिचय

### ३.१.१ जन्म र बाल्यकाल

रविलाल अधिकारीको जन्म वि.सं. २००२ साल आषाढ १७ गते शनिबारका दिन हालको कास्की (पुरानो लमजुङको) मिजुरेडाँडा गा.वि.स. वडा नं. ७ गोर्जेमा भएको हो भन्ने कुरा शोधनायक बताउँछन् । पिता काशीनाथ अधिकारी र माता राधिकादेवी अधिकारीका जेष्ठ सन्तानको रूपमा उनको जन्म भएको हो । एक मात्र छोरा भएकाले आमा बाबुबाट स्वाभाविक रूपमा नै धेरै माया पाएँ । आफूभन्दा मुनि एक बहिनीसहित चार जनाको परिवार भए पनि जीवन यापन गर्न कठोर सङ्घर्ष गर्नु बाध्यता थियो । गाउँघरका ओराली, उकाली, दुःख सुखको अनुभव राम्रोसँग गर्दै आफ्नै दौँतरीसँग खेलेर बाल्यकाल बितेका कुरा शोधनायक बताउँछन् । आमा चल्ता फिर्ता र बाबु अत्यन्त सरल र सोझो भएका कारण म आमासँग बढी डराउँथेँ । तत्कालीन समयमा शिक्षण संस्थाको अभाव भए पनि गाउँमै रहेको भाषा पाठशालामा गएर अधिकारीले शिक्षा ग्रहण गरेका थिए । छोरालाई पढाउनु पर्छ, शिक्षित बनाउनुपर्छ भन्ने धारणा बाबुआमाको थियो ।

यसरी रविलाल अधिकारीको बाल्यकाल कमजोर आर्थिक अवस्था र सामान्य शिक्षा दीक्षाका साथमा गोर्जेकै उकाली ओराली गर्दै दुःखपूर्ण रूपमा बितेको पाइन्छ ।

### ३.१.२ पारिवारिक वातावरण

रविलाल अधिकारीको पारिवारिक अवस्था सामान्य रहेको थियो । चार जनाको परिवार भए पनि दुःख सुख गरेर खान पुग्ने नै जग्गा जमिन थियो । वि.सं. २०२१ मा बाबुको मृत्यु भएपछि परिवारमा दुःख थपियो । त्यसपछि २०२१ सालमा उनी पढ्न काठमाडौँ गएको देखिन्छ । उनको प्रथम वैवाहिक परिवार असफल भएपछि २०३१ सालमा

सम्झना देवी अधिकारीसँग दोस्रो वैवाहिक जीवन सुरु गरे । हाल उनी दुई छोरा र एक छोरीका साथमा नाति नातिनी सहित बुद्धचोकमा आनन्द साथ आफ्नो जीवन व्यतित गरिरहेका छन् ।

## ३.१.३ शिक्षा

रविलाल अधिकारीले प्रारम्भिक शिक्षा गाउँ (गोर्जे) कै भाषा पाठशालामा हासिल गरेको देखिन्छ । त्यतिखेर गाउँमा शिक्षण संस्था नभए पनि कास्की अर्घौंका गुरु हेमराज अधिकारीलाई गुरुका रूपमा मानेर गोर्जे भाषा पाठशालामा उनले पनि भर्ना भई पढ्न थाले । गाउँकै स्थानीय भाषा पाठशालामा संस्कृत सम्बन्धी कर्मकाण्ड एवम् पाणिनी व्याकरण, संस्कृत व्याकरण, लघुकौमुदी जस्ता संस्कृत विषय पढेको बुझिन्छ । आमाबाबुले आफूले पढ्न नसके पनि छोराले पढोस् भनेर भाषा पाठशालामा भर्ना गरी दिएका हुन् । बाबुले मैले नपढे पनि छोराले संस्कृत पढेर कर्मकाण्ड पढे टपरा टक्टक्याएर पनि जीवन निर्वाह गर्न सक्छ भनेर मलाई संस्कृत पढाउनु भयो भन्ने कुरा शोधनायक बताउँछन् । बाबु काशीनाथ अधिकारीको मृत्यु भएपछि २०२१ सालमै पढ्न काठमाडौँ गई रानीपोखरी संस्कृत पाठशालामा १ वर्ष अध्ययन गरी वि.सं. २०२२ सालमा बनारसको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय अन्तर्गतको नेपाली संस्कृत महाविद्यालयमा भर्ना भई त्यहीँबाट वि.सं. २०२७ सालमा साहित्य विषयमा शास्त्री पास भए । त्यसपछि हिमालय नि.मा.वि. गोर्जेमा प्रधानाध्यापक नियुक्त भई वि.सं. २०२८ सालबाट अध्यापन कार्यमा संलग्न भए । अध्यापनमा मात्र सीमित नभई त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट प्राइभेट दिएर वि.सं. २०३३ सालमा नेपालीमा एम.ए. पास गरेका थिए । सेवाकै क्रममा वि.सं. २०५५ सालमा ‘प्रगतिवादी नेपाली समालोचनाको विश्लेषणात्मक अध्ययन’ शीर्षकमा विद्यावारिधि समेत पुरा गरे ।

यसरी रविलाल अधिकारीले विभिन्न कठिनाइहरू भोग्दै गोर्जे पाठशालाबाट सुरु गरी त्रिभुवन विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेको देखिन्छ । हालसम्म पनि आफूलाई अध्ययन र खोज अनुसन्धान मै सक्रिय बनाइरहेका छन् ।

### ३.१.४ रुचि र स्वभाव

रविलाल अधिकारी सादा जीवन उच्च विचारका धनी हुन्। सधैँ नम्र र हँसिलो रहने, निर्लोभी प्रवृत्ति, प्रगतिशील विचारधारामा आस्था राख्ने अधिकारी सादा र सात्विक भोजन ग्रहण गर्ने गर्दछन्। देखेका कुरा खुलस्त भन्ने उनी हक्की स्वभावका मानिन्छन्। विशेष गरेर अध्ययन र भ्रमणमा रुचि राख्ने अधिकारी ज्ञान आर्जन गर्न अध्ययन गर्न नै लालायित रहेका छन्। बढीभन्दा बढी ज्ञानआर्जन गरी साहित्य लेखन र प्रकाशन गर्ने चाहना उनमा रहेको पाइन्छ। खोक्रो आडम्बर तडक भडकमा नरमाउने, बालक, बृद्ध युवा सबैसित कुरा गर्न रुचाउने अधिकारी आफूभन्दा साना तथा विद्यार्थीहरूसँग पनि उत्तिकै समय दिएर कुरा गर्ने गर्दछन्। यो नै उनको सादगीको परिचय हो।

### ३.१.५ पेसा

जीवनयापन गर्नलाई कुनै न कुनै पेसा चाहिन्छ। जीवनमा उद्यम गर्नका लागि गीताले प्रेरणा दिएकोले गर्दा आफू कुनै न कुनै काममा व्यस्त हुने गर्दछु भन्ने अधिकारीले अध्यापनलाई नै आफ्नो पेसा बनाए। वि.सं. २०२७ सालमा शास्त्री पास गरेपछि वि.सं. २०२८ सालदेखि वि.सं. २०३५ साल फागुनसम्म हिमालय नि.मा.वि. गोर्जेमा प्रधानाध्यापक भई सेवा गरे। साथै पछि आफैले सो स्कुललाई मा.वि. बनाए। २०३५ साल फागुनमा पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरामा सहायक प्राध्यापक तथा पछि प्राध्यापक भई २०७० असार १६ गते अवकाश पाएको देखिन्छ। जीवन यापनका क्रममा पोखराकै विभिन्न बोर्डिङ स्कुलमा अध्यापन गरेका थिए भन्ने शोधनायक बताउँछन्।

### ३.१.६ साहित्य सिर्जनामा प्रेरणा

साहित्य सिर्जनामा प्रेरणाको ठूलो महत्त्व रहन्छ। आफ्ना आमाबाबु अशिक्षित भएकाले घरमा साहित्य सिर्जना गर्ने प्रेरणा तथा वातावरण शून्य नै थियो तर भाषा पाठशालामा पढ्ने विद्यार्थी हुनाले त्यहाँको वातावरणले साहित्य सिर्जनातर्फ अभिमुख बनाएको पाइन्छ। भाषा पाठशालामा प्रत्येक शुक्रबार साहित्यिक कार्यक्रम राखिने र आफू पनि सक्रिय भई भाग लिने गरेको कुरा शोधनायक बताउँछन्। यसरी भाग लिन तथा केही न केही लेख्न र सुनाउन गुरु हेमराज अधिकारीले प्रेरणा दिएको अधिकारी

बताउँछन् । यति मात्र नभई साहित्य सिर्जना गर्न नेपाली साहित्यका मूर्धन्य स्रष्टाहरू लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भानुभक्त आचार्य, लेखनाथ पौड्याल तथा माधव घिमिरेबाट विशेष शैली र शिल्पको प्रभाव परेको अधिकारी बताउँछन् । साथै शंकर लामिछाने, हिन्दी भाषाका प्रगतिवादी धाराका साहित्यकारबाट निकै नै प्रभाव परेको र आफूले त्यही प्रभावमा लेख्न थालेको बताउँछन् ।

वि.सं. २०१५ सालमा 'बन्ने थियो गोर्जेको डाँडा एउटा मास्टर झिकाइदेऊ महेन्द्र' भन्ने गीत रचना गरी साथीहरूसँग गाउँदै हिँडेको र यो अप्रकाशित नै रहेको कुरा अधिकारी बताउँछन् । त्यसपछि वि.सं. २०२० सालमा 'दुःखको आवाज' कविता सङ्ग्रह प्रकाशित भएपछि मात्र औपचारिक रूपमा साहित्यमा प्रवेश गरेको पाइन्छ । 'दुःखको आवाज' कविता सङ्ग्रह तीनजना साथीहरू टीकाराम अधिकारी, रविलाल अधिकारी र बाबुराम अधिकारीको संयुक्त सङ्ग्रह हो । त्यसपछि अधिकारी बनारस लागे र त्यहीँ रहेका साहित्यकारको सम्पर्कमा रहे । हिन्दी साहित्यमा प्रगतिवादी धारा बाहेक अन्य धाराको अस्तित्व लुप्त प्राय भएको र जे जति लेख, रचना पाइन्छन् ती प्रायः प्रगतिवादी साहित्यकारको मात्र भएको बताउँछन् । प्रगतिवादी साहित्यले पीडित र निमुखा वर्गको हित चाहने रुढीवादी अन्धविश्वासको घोर विरोध गर्ने, मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई अवलम्बन गर्ने हुँदा आफू पनि निमुखा वर्गको भएको साथै आफूलाई उक्त दर्शन राम्रो लागेकाले प्रगतिवादी विचारतर्फ लाग्न प्रेरित गरेको बताउँछन् । त्यस्तै आफूमा बलराम उपाध्याय र पुष्पलाल श्रेष्ठको सम्पर्कले मार्क्सवादी दर्शनको प्रभाव परेको कुरा अधिकारी बताउँछन् । बनारसमै छँदा गुरु डिल्लीराम तिमसिना, कवि युद्धप्रसाद मिश्र तथा मित्र बोधराज काफ्ले आदिबाट छन्दमा कविता लेख्न प्रेरणा पाएको साथै हिन्दी साहित्यका छायाँवादी कवि पन्त, महादेवी बर्मा, रामधारी सिंह दिनकर आदिका प्रवचन एवम् कविताबाट पनि प्रेरणा पाएको बताउँछन् ।

त्यस्तै प्राध्यापनमा क्याम्पसमा लागेपछि कविता लेखनबाट बढुवाको लागि नम्बर नथपिने र समालोचना र अनुसन्धान समीक्षाबाट नै नम्बर थपिने कुरा थाहा पाएपछि कविता लेख्न छाडेर समालोचना र निबन्धतर्फ केन्द्रित भएको अधिकारी बताउँछन् ।

यसरी रविलाल अधिकारी आफ्ना गुरु, नेपाली साहित्यका साहित्यकार, मार्क्सवादी दर्शन तथा आफ्नै अन्तःस्करणबाट प्रेरित भई साहित्य सिर्जनामा लागेको कुरा बुझिन्छ ।

### ३.१.७ सम्मान र पुरस्कार

रविलाल अधिकारीले विभिन्न समयमा साहित्य सेवा गरेबापत पुरस्कृत भएका छन् । नेपाली साहित्यमा कविता-काव्य, समालोचना सिर्जना गरी साहित्यको श्रीवृद्धिमा लागेकाले अधिकारी पुरस्कृत भएका छन् । उनले पाएका पुरस्कार यस प्रकार छन् :

१. युद्धप्रसाद मिश्र स्मृति पुरस्कार २०५२

२. रत्न श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार २०५७

३. शुक्ला साहित्य पुरस्कार २०५९

४. गण्डकी साहित्य पुरस्कार २०६९

५. सहिद दशरथ चन्द स्मृति पुरस्कार २०७०

६. राष्ट्रिय जनसांस्कृतिक महासङ्घको संस्थापकको सम्मान २०६९

यी पुरस्कार रविलाल अधिकारीले कविता, समालोचना, निबन्ध जस्ता कृतिहरू रचना गरेर नै विभिन्न सम्मान र पुरस्कार प्राप्त गरेको देखिन्छ ।

### ३.१.८ सेवा र सम्बद्धता

रविलाल अधिकारी प्राध्यापन भैरहँदा र अवकाश पछि पनि विभिन्न साहित्यिक तथा गैर साहित्यिक सङ्घ संस्थामा सक्रिय रूपमा संलग्न रहेको पाइन्छ। हाल उनी गण्डकी साहित्य संगम, अलिमियाँ लोक वाङ्मय प्रतिष्ठान, साहित्य शृङ्खला पोखरा, प्रगतिशील लेखक सङ्घ जस्तासाहित्यिक सङ्घ संस्थामा आबद्ध रहेका छन् । साथै आफ्नो टोल छिमेकमा रहेका विभिन्न सामाजिक सङ्घ संस्थामा सक्रिय भइरहेका छन् ।

## ३.२ साहित्यकार अधिकारी

### ३.२.१ कवि अधिकारी

रविलाल अधिकारीको लेखन आरम्भ नै कविताबाट भएको हो । वि.सं. २०१५ सालमा 'बन्ने थियो गोर्जेको डाँडा एउटा मास्टर झिकाइदेऊ महेन्द्र' भन्ने गीत रचना गरेर उनले आफ्नो कवित्व शक्ति प्रदर्शन गरेका थिए । त्यसपछि वि.सं. २०२० सालमा आफ्ना तीन जना सहपाठी मिलेर 'दु:खको आवाज' (कविता सङ्ग्रह) प्रकाशित गरे ।

हालसम्म उनको थुप्रै कविता कृति प्रकाशित भइसकेका छन्। उनका प्रकाशित कविता कृतिको नाम र प्रकाशन वर्ष :

१. बुकि फूल कविता संगालो (२०३१)

२. एकलव्य (पौराणिक लघु काव्य) (२०३५)

३. परदेशीलाई पत्र (कवितात्मक चिठीको सँगालो) २०४१

४. आँसुको अँजुली (शोककाव्य) २०४१

५. हर्के (ऐतिहासिक लघु काव्य) २०४६

यी उनका प्रकाशित कविता कृतिहरू हुन् भने थुप्रै फुटकर कविताहरू र केही काव्यकृतिहरू अझै अप्रकाशित रूपमा नै रहेका छन्। यी कविता कृतिका माध्यमद्वारा उनलाई कविका रूपमा लिन सकिन्छ।

### ३.२.२ सम्पादक अधिकारी

रविलाल अधिकारी कवि मात्र नभएर उनले आफ्नो प्रतिभा अन्य क्षेत्रतिर पनि प्रदर्शन गरेका छन्। उनले कुशल सम्पादकको परिचय पनि विभिन्न प्रकारका कृतिको सम्पादन गरेर दिइसकेका छन्। यहाँ उनले सम्पादन गरेका केही कृतिको नाम उल्लेख गरिन्छ।

- गोविन्द भट्टका समालोचना (२०५५) सम्पादन
- भानूदय (सहसम्पादन)
- गण्डकी संगम (पत्रिका) (सहसम्पादन)
- पोखरेली पराग (पुस्तिका) (सहसम्पादन)
- अलि मियाँको आवाज (कविता सँगालो) (सहसम्पादन)
- पृथ्वी वाङ्मय (नेपाली विभागको अनुसन्धानमूलक पत्रिका) (सहसम्पादन)

### ३.२.३ समालोचक अधिकारी

रविलाल अधिकारी कवि मात्र नभएर उत्कृष्ट समालोचक पनि हुन्। उनले प्राध्यापनमा संलग्न भएपछि आफ्नो क्षमता प्रदर्शन गर्न वा साहित्यिक सिर्जना गर्न पनि समालोचनातर्फ हात बढाए। त्यति मात्र नभइकन उनले समालोचना मै विद्यावारिधि पनि

हासिल गरे । 'प्रगतिवादी नेपाली समालोचनाको विश्लेषणात्मक अध्ययन' शीर्षकमा उनले विद्यावारिधि पनि पुरा गरे । हालसम्म उनका प्रकाशित समालोचनात्मक कृतिहरू यस प्रकार छन् :

१. प्रगतिवादी नेपाली कविता (इतिहास र विश्लेषण २०४४)
२. अनुभव र आँखाहरू (लेख समालोचना सङ्ग्रह २०४६)
३. प्रगतिवादी दृष्टिमा यौन सम्बन्ध र सांस्कृतकि चिन्तन (लेख सङ्ग्रह २०४७)
४. नेपाली समालोचनाको रूपरेखा (इतिहास र विश्लेषण २०५१)
५. छेलिएका छविहरू (पाँच प्रतिभाको परिचय २०५२)
६. प्रगतिवादी नेपाली समालोचना (इतिहास र विश्लेषण २०५६)
७. साहित्यिक सन्दर्भ : चर्चा र टिप्पणीहरू (लेख समीक्षा सङ्ग्रह २०५८)
८. साहित्य सारथि (पूर्वीय साहित्य सिद्धान्त २०५९)
९. अलि मियाँ : व्यक्ति र कृति (व्यक्ति परक अध्ययन २०६०)
१०. कमल दीक्षितका नियात्राः एक अध्ययन (व्यक्तिपरक अध्ययन २०६५)
११. नेपाली लोक साहित्यको झलक (लोक साहित्य २०६५)
१२. गद्यकारका रूपमा देवकोटा (व्यक्तिपरक अध्ययन २०६६)

अधिकारीका यी समालोचना कृतिहरू कुनै लोकसाहित्य, कुनै प्रगतिवादी विचारतर्फ, कुनै व्यक्तिपरक अध्ययन जस्ता रहेका छन् । यसरी हेर्दा रविलाल अधिकारी नेपाली समालोचकहरूमा अग्रपङ्क्तिमा रहेका छन् ।

### ३.२.३ निबन्धकार अधिकारी

रविलाल अधिकारीले निबन्ध विधामा पनि कलम चलाएका छन् । उनले प्राध्यापक भएपछि कविता मात्रै रचना गरेर बढुवाका लागि नम्बर नपाइने र निबन्ध र समालोचना गरे नम्बर बढ्ने र बढुवा हुन पाइने भन्दै निबन्ध लेखनमा अघि बढेको पाइन्छ । उनका निबन्धहरू आत्मपरक शैलीमा लेखिएका विवरणात्मक तथा थोरै वर्णनात्मक शैलीका छन् । साथै यसमा उनका अनुभवहरू सँगालिएका पाउन सकिन्छ र रमरम बौद्धिकताको छनक पनि पाइन्छ । हालसम्म उनका प्रकाशित निबन्ध कृतिहरू निम्न प्रकार छन् :

१. मनोरमा (निबन्ध सङ्ग्रह २०६०)
२. कुरौटेको कुटुरो (निबन्ध संगालो २०७०)

३.	बिर्सिदिने परम्परा (निबन्ध सङ्ग्रह २०५७)

यसरी आत्मपरक शैलीमा रमरम बौद्धिकताले रङ्गिएका उनका तीन निबन्ध कृतिहरू प्रकाशित छन् । प्रस्तुत शोधकार्य रविलाल अधिकारीका नियात्रामा केन्द्रित भएकाले यसलाई निबन्ध शीर्षकमा नसमेटी छुट्टै शीर्षकमा चर्चा गरिएको छ । अधिकारीको नियात्रा कृति अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइको परिशिष्ट खण्डमा सातवटा निबन्ध समेत समावेश गरिएको छ ।

## ३.२.४ नियात्राकार अधिकारी

रविलाल अधिकारी भ्रमणप्रिय व्यक्ति हुन् । उनी विभिन्न काम विशेषले यात्रा गर्दा त्यहाँ भए गरेका तीता मीठा भोगाइलाई आफ्ना सिर्जनात्मक कलमद्वारा आत्मपरक शैलीमा रङ्ग्याउँदै रच्ने गर्दछन् । उनका नियात्रा कृतिहरू विचारात्मक भन्दा विवरणात्मक हुने गर्दछन् । उनका नियात्रा कृतिहरूमा नेपालभित्रका तथा नेपाल बाहिरका परिवेश तथा अस्ट्रेलियासम्मका सन्दर्भहरू आएका छन् । उनका नियात्रा कृतिहरू र त्यसको प्रकाशन वर्ष :

१.	फेरि बनारस जाँदा र अन्य नियात्राहरू २०६६

२.	घुमन्तेको सेरोफेरो २०७०

३.	अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ २०७२

## ३.२.५ नियात्राकार अधिकारीको चरण विभाजन/वर्गीकरण

रविलाल अधिकारीको नियात्रा लेखन यात्राको सुरुवात वि.सं. २०४८ सालबाट भएको देखिन्छ । नियात्राकारले त्यसभन्दा अघिदेखि नै लेखे पनि प्रकाशित भने २०५८ सालमा मात्र भएको देखिन्छ । "२०४६-४७ देखि मैले पनि नियात्रा लेख्न थालेँ । त्यतिबेलाका प्रारम्भिक नियात्राहरू मैले पत्रपत्रिकामा छपाउने प्रयास पनि गरिन । ती आभ्यासिक काम मात्र भए ।" (पृ. ९ लेखकको कुरो, फेरि बनारस जाँदा र अन्य नियात्राहरू) । यसरी अधिकारीले नियात्रा २०४६-४७ सालबाट नै सुरु गरे पनि पहिलो प्रकाशित नियात्रा चाहिँ 'गोकुल जयन्ती मनाउन जाँदा' हो । यो २०५८ सालको समकालीन साहित्यको यात्रा संस्मरण विशेषाङ्कमा प्रकाशित भएको थियो । त्यस पछि

उनको नियात्रा लेखन यात्रा धिमा गतिमा अगाडि बढेको देखिन्छ । उनको नियात्रा लेखन यात्रालाई विभाजन गर्दा दुई भागमा बाँड्न सकिन्छ ।

१. पूर्वाद्ध चरण : २०४६/४७-२०६६ सम्म

२. उत्तरार्द्ध चरण : २०६७ पछि हालसम्म

### ३.२.५.१ पूर्वाद्ध चरण (२०४६-४७ - २०६६ सम्म)

यस चरणमा रविलाल अधिकारीले कविता, समालोचना सँगसँगै नियात्रा लेखन कार्यलाई पनि अघि बढाएको पाइन्छ । आफू कामका सिलसिलामा विभिन्न स्थानमा जाँदा गरिएका टिपोटलाई पछि लेखको रूप दिएका छन् । यस चरणमा उनका नियात्रा शैली र शिल्पले अरू नियात्राकारभन्दा भिन्न देखिन्छन् । यस चरण उनको आभ्यासिक चरण नै रहेको पाउन सकिन्छ । वि.सं. २०४८ सालमा प्रथम पटक लेखिएको 'गोकुल-जयन्ती मनाउन जाँदा' नियात्रा पछि अर्को नियात्राका लागि करिब ८ वर्ष कुर्नुपऱ्यो । २०५६ मा 'दाङका आङमा आश्रय लिँदा' दोस्रो नियात्रा लेखन रहेको छ । यस चरणमा नियात्राकारका विभिन्न बाधा, व्यवधान घरायसी परिस्थिति तथा व्यस्त जीवनशैलीले पनि प्रभाव पारेको बुझ्न सकिन्छ । उनका यस चरणका नियात्राहरू आत्मपरक शैलीमा वर्णनात्मक र विवरणात्मक तबरमा लेखिएका छन् । यी नियात्राहरूमा रमरम बौद्धिकताका झुल्काहरू र समीक्षक आग्रह ज्यादा भेट्न सकिन्छ । आयतनका हिसाबले पनि निकै लामा छन् । यस चरणमा उनका नियात्रा स्वदेश तथा विदेशकेन्द्री दुवैथरी रहेका छन् । यस चरणमा उनको एक मात्र नियात्राकृति फेरि बनारस जाँदा र अन्य नियात्राहरू (२०६६) प्रकाशित छ । यस नियात्रा कृतिको थप अध्ययन यसपछिका शीर्षकमा गरिन्छ । यस कृतिमा रहेका तीन वटा नियात्रा पहिला नै विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् भने आठ वटा नियात्रा नयाँ छन् ।

**प्रकाशित नियात्राको नाम र प्रकाशन वर्ष, पत्रिका**

१. गोकुल जयन्ती मनाउन जाँदा, २०५८ (समकालीन साहित्य)

२. ससुरालीदेखि स्मृति सभासम्म, २०६० (समष्टि)

३. मेरा निम्ति काशी ज्ञान भूमि हो, २०६५ (गरिमा)

पूर्वाद्ध चरणको उनको नियात्रा कृति फेरि बनारस जाँदा र अन्य नियात्राहरू हो । यस कृतिभित्र ११ वटा नियात्राहरू सङ्गृहीत छन् । तिनीहरूको क्रमशः नाम तल प्रस्तुत छ :

१. गोकुल जयन्ती मनाउन जाँदा (२०४८)
२. दाङका आङमा आश्रय लिँदा (२०५९)
३. ससुरालीदेखि स्मृति सभासम्म (२०५९)
४. सातौँ सम्मेलनदेखि गाउँले मिलनसम्म (२०६३)
५. फेरि बनारस जाँदा (२०६४)
६. मेरा निम्ति काशी ज्ञान भूमि हो (२०६५)
७. आफ्नै गाउँ आफैँ पाहुना (२०६४)
८. दिल्ली यात्राको सम्झना गर्दा (२०६५)
९. मेरो जाँगर मेरो मुर्ख्याइँ (२०६६)
१०. पटना : सपना कि विपना (२०६६)
११. भैरहवाको साहित्यिक यात्रा (२०६६)

यी नियात्रा कृतिहरू नियात्राकार विभिन्न समयमा सभा सम्मेलनमा जाँदा तथा दिल्ली, बनारससम्मका यात्रा वृत्तान्त समावेश गरिएको छ ।

'फेरि बनारस जाँदा र अन्य नियात्राहरूमा सङ्गृहीत नियात्राहरूको थप चर्चा :

### १. गोकुल जयन्ती मनाउन जाँदा (२०४८)

यो नियात्रामा नियात्राकार अधिकारी र पोखराका केही युवा जनकवि गोकुल जोशीको जन्म जयन्ती मनाउन राइपुर गई आउँदाको यात्रा वर्णन समावेश छ । यस कृतिको (फेरि बनारस जाँदा र अन्य नियात्राहरू) सबैभन्दा पहिलो नियात्रा हो । यस नियात्राभित्र जनकविको ६२ औँ जन्म जयन्ती मनाउन जाने क्रममा पृथ्वी चोकबाट नाउडाँडामा पुग्दा राजीव गान्धी मारिएको खबर सुन्छन् । त्यसपछि प्रगतिनगरमा पुगेर खाना खाई अरौँदी खोलाको किनार किनारै पूर्वतिर लागि त्यहाँका डाँडा काँडा खेतबारी भिर जङ्गल नौलो मान्दै विभिन्न विषयमा चर्चा गर्दै चुत्रो खाई मुख कालो पार्दै अघि बढ्छन् । गाउँमा पुगेपछि जनकविको लोक पद्य लक्ष्मीप्रसाद भट्टराई बाट सुनी कापीमा उतार्छन् । साथै गाउँ घरको दूध, दही, मोही साथै न्यानो आतिथ्यले तृप्त भएर जनकविको

फोटो अघि राखी जन्म जयन्ती मनाउँछन् । जनकविका बारेमा त्यहाँ थाहा पाएका तथ्यलाई मनन गर्दै उनका साथी, दिदी तथा आफन्तलाई भेट्छन् । गोकुलको घर स्याङ्जा र तनहुँको सिमानामा पर्ने भएकाले आफ्नो कविताको शीर्षक 'सिमनाको दीप' राखेको पनि थाहा पाउँछन् । यसरी कार्यक्रम सकिएर बेलुका खानपिन तथा गाउँलेलाई कविता सुनाएर भोलिपल्ट विदा मागी पुनः पोखरा फर्कन्छन् ।

## २. दाङका आङमा आश्रय लिँदा (२०५६)

यो नियात्रा २०५६ सालमा लेखिएको हो । यस नियात्रामा दाङमा आयोजना हुने रापती साहित्य परिषद्का पुरस्कार वितरण एवम् कविता सम्मेलन कार्यक्रमा आतिथ्यता ग्रहण गर्न जाँदाका क्रममा भएका घटना विवरण समावेश गरेर लेखिएका कुरा समावेश गरिएका छन् । पोखराबाट दाङ जाँदा बसमा खँजाहा भेट भएको र उसका विगतका बारेमा थाहा पाएको साथै बुटवल पुग्दा बुँद रानालाई गाडीमा डाकी सँगै कुरा गर्दै घोराही पुग्छन् । अमर गिरीका आतिथ्यमा पुगेका अधिकारी दाङ महोत्सवको कार्यक्रमसँगे श्रीपञ्चमीमा गरिने रापती साहित्य परिषद्को कार्यक्रम दीपा शिखा उच्च मा.वि. मा गरिने कार्यक्रममा सहभागी बन्छन् । त्यहाँ उपस्थित आफ्ना चिनारुसँग कुरा गर्दै कार्यक्रममा सहभागी बन्छन् । आतिथ्यता ग्रहण सँगै पुरस्कार वितरण पछि भएको कविता वाचनमा दाङका साहित्यकारका कविता सुनेर दङ्ग पर्दछन् । दाङको साहित्य इतिहास, गतिविधि, नेपाली साहित्यको समसामयिक धारा र गतिविधि बारे जानकार हुन्छन् । साथै छन्दका कविता सुनेर दङ्ग पर्दै छ घण्टासम्म कविताका कार्यक्रममा स्रोता हलचल नगरी बस्नुले साहित्य प्रतिको अनुराग सम्झँदै अचम्मित पर्छन् । तत्कालीन कवितामा समसामयिक देशको अवस्था, नेपालको अवस्था, द्वन्द्व, नेताका स्वार्थी पन, प्रति व्यङ्ग्य आदि विषयको समावेश भएको कुरा उल्लेख गर्छन् । दाङमा माघ २७ र २८ गते भएका साहित्यिक कार्यक्रम, समीक्षा, चर्चा, पुस्तक विमोचनमा सहभागी भई पोखरा फर्कन्छन् ।

## ३. ससुरालीदेखि स्मृति सभासम्म (२०५९)

यो नियात्रा यस पुस्तकको तेस्रो नियात्रा हो । यस नियात्रामा नियात्राकार निर्मोही व्यासका निमन्त्रणामा कलैयामा हुने देवकोटा स्मृति सभामा सहभागी हुन जान्छन् । काठमाडौँबाट नेपाली साहित्यका हस्तीहरूको भेला हुने तथा सम्मान कार्यक्रममा सहभागी

हुन नियात्राकार ससुराली पनि जाने श्रीमतीलाई पनि माइतमा छाडेर आफू कार्यक्रममा सहभागी हुन जान्छन् । कार्तिक १३ गते ससुरालीमा बसेर भोलिपल्ट बिहानै वीरगञ्जतिर लाग्छन् । वीरगञ्जको साझा पुस्तक भण्डारमा टहलिँदै गर्दा बसबाट कलैया गई घनश्याम न्यौपाने परिश्रमीसँग भेट भएर होटलमा एकछिन थकाइ मारी काठमाडौँका पाहुनासँग भेटी भोलिपल्ट सिम्रौनगढतिर लाग्छन् । त्यहाँ जाँदा काठमाडौँका साहित्यकार तथा अरू पाहुनासँगै गढीमाई मन्दिर, झरोखर पोखरी, कंकाली माई मन्दिर, १३५६ मा जलेको अन्नभण्डारमा तिलक हेरी, रनिवास, हरिहर पुरको सन्दुस जस्ता दर्शनीय स्थल हेरी फर्कन्छन् । बेलुका पाँच बजे सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा सहभागी बन्छन् र कार्यक्रमका बारेमा बुँद रानासँग समीक्षा गर्छन् । भोलिपल्ट देवकोटा जयन्ती कार्यक्रममा नेपाली साहित्यका मूर्धन्य प्रतिभा श्यामप्रसाद शर्मा, ताना शर्मा, प्रेमविनोद नन्दन र भीम विरागको रथारोहणमा सहभागी बन्छन् । विभिन्न साहित्यकारद्वारा सम्मानित व्यक्तित्वको बारेमा परिचय गराउँछन् । उनले गोविन्द भट्टका बारेमा परिचय पनि दिन्छन् । त्यसपछि भएको गजल गोष्ठीमा सहभागी भई भोलिपल्ट गाडी चढी पोखरा फर्कन्छन् ।

## ४. सातौँ सम्मेलनदेखि गाउँले मिलनसम्म (२०६३)

यस नियात्रामा नियात्राकार अधिकारी क्यान्सर पीडित साहित्यकार जनकप्रसाद हुमागाईंलाई भेट्न काठमाडौँ जान्छन् । उनको स्वास्थ्य अवस्थाको जानकारी हासिल पछि प्रगतिशील लेखक सङ्घको सम्मेलनमा भाग लिन पुल्चोक क्याम्पसमा पुगेर उद्घाटन समारोहमा भाग लिन्छन् । विभिन्न कम्युनिष्ट पार्टीका नेताका चर्को भाषण पछि केन्द्रीय सदस्यमा उम्मेदवारी दिन्छन् । तर एमाले पार्टीबाट पोखराकै अर्के उम्मेद्वार भएकाले उनी हार्न बाध्य भई फर्किएर कोठामा गई भोलिपल्ट दक्षिणकाली माईको दर्शन साथै आफ्ना गाउँका साथी संगतिसँग भेट्छन् । भोलिपल्ट आफू पराजित भएको मानसिकता बोकी पोखरा फर्कन्छन् ।

## ५. फेरि बनारस जाँदा (२०६४)

२०३१ सालपछि आफू बनारस नगएको र फेरि जाँदा यस नियात्राको शीर्षक नै फेरि बनारस जाँदा भन्ने राखिएको छ । यो नियात्रा लेख यो कृतिभित्रको सबैभन्दा लामो

नियात्रा हो । नियात्राकार बनारस आफू मात्र नगई आफूले पढेको ठाउँ देखाउन आफ्नो श्रीमतीलाई पनि घुमाउन लैजान्छन् । कार्तिक ७ गते घरबाट थालिएको यात्रा प्रसङ्ग भैरहवामा पुगेर बसबाट ओर्लेर रिक्सामा चढेर बोर्डर पारीको होटलमा बास बस्छन् । त्यहाँको खानाको चर्चासँगै भोलिपल्ट भारतीय सरकारी गाडी चढी बनारस प्रस्थान गर्छन् । बाटामा खानेकुरा खाँदै बनारस पुग्छन् र त्यहीँ होटलमा बास बस्छन् । आफू बनारस बस्दाका समय र अहिलेको समयको तुलना गर्दै समयले ल्याएको परिवर्तन तथा आफू बस्दाका समयलाई पुनः स्मरण गर्छन् । काशी बनारसका साँघुरा गल्लीमा कसरी हिँड्ने भन्ने कुरा श्रीमतीलाई सम्झाउँदै उनी आफू हिँडेका चोक, गल्लीको जानकारी गराउँछन् । आफू बनारस बस्दा साहित्यिक व्यक्तिको नेपालबाट उपस्थिति भए पछि सक्रिय रूपमा भाग लिने र उनीहरूका धारणा सुन्ने कुरा श्रीमतीलाई बताउँछन् । साथै नेपाली तीर्थयात्रीका लागि बनाइएको धर्मशालामा बासको खोजी गरी रमेश अधिकारीका बारेमा सोध खोज गरेर पत्ता लगाउँछन् । त्यसपछि संस्कृत महाविद्यालयको खोजी गर्दै जान्छन्, दुर्गाप्रसादजीसँग भेटछन् । बनारस साडीका लागि पनि प्रख्यात छ । त्यसैले बाटामा विक्रेताहरू आ आफ्ना साडीको विज्ञापन गर्छन् र नियात्राकार साडी हेर्न एक दुई पसलमा छिर्छन् । बाबु माधवप्रसादका महलमा उनका छोरा सागरसँग भेट चिनापर्ची पछि घाटको दर्शन गर्न जान्छन् र किनकान गर्छन् । विद्याधर्म प्रचारिणी समितिको चिनारी श्रीमतीलाई देखाउँदै आफू बसेका स्थान, ठाउँको जानकारी दिँदै उनी महाविद्यालयका नेपाली समितिका मन्त्री कृष्णप्रसाद ढुङ्गानाका बारेमा चर्चा गर्छन् । उनको ठग प्रवृत्तिको बारेमा पनि थाहा पाउँछन् । बनारस पहिलाको जस्तो नरहेको र अहिले नेपालीको अभाव खट्केको कुरा नियात्राकार उल्लेख गर्छन् । यस नियात्रालाई नियात्राकारले विभिन्न ११ वटा उपशीर्षकमा विभाजन गरेका छन् ।

### ६. मेरा निम्ति काशी ज्ञानभूमि हो

रविलाल अधिकारी बनारस मै बसेर शास्त्री पास गरे, आफ्नो ज्ञान (साहित्यिक, राजनीतिक) को क्षितिज पनि फैलाउने मौका पाए । यस पटक बनारस पुग्दा भागीरथी गङ्गाको दर्शन मात्र गरेर नुहाएनन्, उनले मात्र नभएर श्रीमतीले पनि नुहाइनन् भन्दै विगतमा चिसो पानीमा नुहाएर आमा बिरामी हुनु भएकोले आफू पनि बिरामी हुन नपरोस् भनेर उनले ननुहाएका हुन् । बनारसको महत्त्व केलाउने क्रममा नियात्राकारले बनारस

राजनीतिक, धार्मिक र आध्यात्मिक कोणबाट महत्त्व छ भनेका छन् । बनारसका विभिन्न तीर्थस्थलमा नेपालीहरू तीर्थ गर्न जाने, पढ्नका लागि संस्कृत विश्वविद्यालयमा जाने र राजनीतिक रूपले पनि बनारस पहिलेदेखि नै केन्द्र रहेको कुरा उल्लेख गरेका छन् । नेपालका राजनीतिक नेताहरू विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई लगायत पुष्पलाल आदिले यहाँबाटै आफ्नो राजनीतिक जीवन सुरु गरेका थिए । साथै आफूले पनि बनारस काशीमा आइ पढेर प्रशस्त लाभ लिएको कुरा उनले उल्लेख गरेका छन् । बनारसमै छँदा आफूले विभिन्न साहित्यकारका पुस्तक पढी त्यहाँबाट नै आफू भक्ति मार्ग छाडी ज्ञानमार्ग रोजेको बताउँछन् ।

## ७. आफ्नै गाउँ आफैँ पाहुना (२०६४)

आफू जन्मेको हुर्केको ठाउँ आफ्नो खेतबारी, पाखो पखेरो आफूले छाडेर आए पनि निकै प्यारो हुन्छ । समय र परिस्थितिले त्यस ठाउँमा पुग्न पनि निकै समय लाग्दो रहेछ भन्दै नियात्राकार आफ्नै गाउँ गोर्जे पुनः जान पनि १५-१६ वर्ष कुर्नु पऱ्यो भनेका छन् । आफैले ७ वर्षसम्म प्रधानाध्यापक भई नि.मा.वि. बाट मा.वि. सम्म बनाएको विद्यालयमा पाहुना हुन जाँदा आफू मात्र नगई कान्छो छोरालाई पनि लिएर जान्छन् । आफू जन्मेको स्थान आफूले हिँडेका दोबाटो गल्लीहरू चिनाउँदै पाखो पखेराको बारेमा जानकारी दिँदै नियात्राकार बेलुका आफ्नै घर किनेर बस्ने तुलसीप्रसाद कहाँ बस्छन् । भोलिपल्ट बिहान आफ्नै नातेदारकहाँ भेटघाट तथा खानपिन पछि विद्यालयको कार्यक्रममा उपस्थित हुन्छन् । आफू गाउँकै भुक्तभोगी भएको र केही वर्ष पढाएर गाउँकै ऋण तिरेका जस्ता कुरा बताउँछन् र अन्त्यमा एउटा स्पष्टीकरण दिएर नियात्राको अन्त्य गर्छन् ।

## ८. दिल्ली यात्राको सम्झना गर्दा (२०६५)

बनारसमा भनेजस्ता साहित्यिक पुस्तक नपाएपछि नियात्राकार पुस्तक किन्न दिल्ली जाने योजना बनाउँछन् । पोखराका केही साहित्यिक मित्रसँग दिल्ली जाने योजना सुनाउँदा चारजना साथीले सँगै जाने कुरा गर्छन् । दसैँका टीकाको पर्सिपल्ट दिल्लीका लागि चारजना प्रस्थान गर्छन् । बाटामा गाडीले रोकेका स्थानमा खाना नमिठो भए पनि सास धान्नका लागि पेट भरेको प्रसङ्गसँगै दिल्ली पुग्छन् । दिल्लीमा नारायणजीका बहिनी ज्वाइँका कोठामा पुगेर खाना खाई ज्वाइँका अफिसमा पुगी चिनापर्ची गर्छन् र भोलिपल्ट

वाणी प्रकाशन, राजकमल प्रकाशन, ज्ञानपीठ प्रकाशनमा पुगी केही किताब किनेर फर्कन्छन् । बहिनीलाई मासु खुवाउन मासु किनेर लगे पनि उनले नखाएकाले त्यो मासु आफैले खानु परेको नमज्जाको प्रसङ्ग उल्लेख गर्छन् । आग्रा घुम्न शुक्रबार गएकोमा आग्राका ताजमहल शुक्रबार बन्द रहेको र बाहिरैबाट अवलोकन गरेको प्रसङ्ग तथा पिपुल्स पब्लिसिङ हाउसमा केही पुस्तक किनेर डेरामा पुगी खाना खाएर रेल चढी नेपाल फर्कन्छन् । यस नियात्रालाई नियात्राकारले ५ उपशीर्षकमा विभाजन गरेर वर्णन गरेका छन् ।

### ९. मेरो जाँगर : मेरो मुख्याईं (२०६६)

रविलाल अधिकारीले यस नियात्रा शीर्षकमा आफूले पहिले गरेका कार्यपछि आएर हेर्दा मूर्खता जस्तो लागेको कुरा निर्धक्क साथ उल्लेख गरेका छन् । गोर्जे भाषा पाठशालामा आफ्ना अक्षर राम्रा बनाउनका लागि एक दिन नै माया मारी एउटा कापी किन्नका लागि पोखरा आउनु र पुस्तक किन्न कै लागि भए पनि कुनै काम नपरी कनै बनारस र इलाहावाद पुगेर फर्कनुलाई नियात्राकारले आफ्नो मुर्ख्याइ ठानेका छन् । यस नियात्रामा नियात्राकार आफूलाई मन परेको पुस्तक खरिद गर्न बनारस र इलाहावाद जाँदाका सन्दर्भलाई उल्लेख गरेका छन् र के कस्ता पुस्तक किने र कहाँ पाइने रहेछ भन्ने सूचना समेत दिएका छन् ।

### १०. पटना : सपना कि विपना (२०६६)

यस नियात्रा शीर्षकमा रविलाल अधिकारी पुस्तक किन्नका लागि पटना पुगेको सन्दर्भ उल्लेख गरेका छन् । उनले पटना र नेपालको सम्बन्धको ऐतिहासिक चर्चा गर्दै पटना विश्वविद्यालयको नेपाल सम्बन्धको चर्चा गरेका छन् । पटनामा गएर के कस्ता पुस्तक किने भन्ने सूचना पनि दिएका छन् । उनले विभिन्न प्रकाशनका आफूलाई उपयोगी पुस्तक पनि किनेको चर्चा गरेका छन् । साथै नियात्राकारले आफू लहडमा नै पटना आएकोले पटना आफू सपनामा हो कि विनपामा नै हो भन्ने संशय व्यक्त गरेका छन् ।

### ११. भैरहवाको साहित्यिक यात्रा (२०६६)

रविलाल अधिकारीको यस नियात्राभित्र भैरहवामा भएको साहित्यिक कार्यक्रमको चर्चा गरेका छन् । यस नियात्रामा नियात्राकारले पत्रात्मक शैलीमा मोदनाथ प्रश्रितलाई

सम्बोधन गर्दै भैरहवामा भएको साहित्यिक कार्यक्रमको जानकारी गराएका छन् । जसमा अलिमियाँ लोकवाङ्मय प्रतिष्ठानको जानकारी सँगै यस संस्थाले देशैभरिका साहित्यिक स्रष्टालाई उनीहरू बसेकै स्थानमा गएर सम्मान गर्ने गरेको जानकारी गराएका छन्, यसै सन्दर्भमा लुम्बिनी अञ्चलका स्रष्टालाई सम्मान गरिएको, त्यहाँको साहित्यिक गतिविधिको चर्चा गरिएको कार्यक्रममा सहभागी भई आफू लाभान्वित भएको साथै त्यहाँबाट प्रकाशित साहित्यिक पत्रिका पनि आफूले पढेर लाभान्वित भएको कुरा व्यक्त गरेका छन् ।

यसरी रविलाल अधिकारीको नियात्राको पूर्वाद्ध चरणको यस नियात्रा कृतिमा ११ वटा नियात्रा रहेका छन् । लेखन तथा प्रकाशनका हिसाबले पनि आभ्यासिक चरण नै रहेकोले उनको नियात्रा लेखन यात्राको यो पहिलो कृतिका रूपमा रहेको छ ।

### ३.२.५.२ उत्तरार्द्ध चरण २०६७ - हालसम्म

रविलाल अधिकारीको २०६६ सालमा 'फेरि बनारस जाँदा र अन्य नियात्राहरू' प्रकाशित भएपछि दोस्रो चरण वा उत्तरार्द्ध चरण सुरु हुन्छ । दोस्रो वा उत्तरार्द्ध चरणमा उनका २ वटा नियात्रा कृतिहरू प्रकाशित छन् । यसलाई उनको उत्तरार्द्ध चरण मान्नको प्रमुख कारण यो उनको नियात्रा लेखन र प्रकाशनको उर्वर समय भएकाले हो साथै पूर्वाद्ध चरणमा भन्दा यस चरणमा पाठकसँग खुल्न सक्नु पनि एक कारण हो । उनको नियात्रा लेखनको पूर्वाद्ध चरण र उत्तरार्द्ध चरणमा शैली र शिल्पमा खास फरक त भेटिँदैन तर पनि लेखन प्रकाशनको उर्वर समय भएकाले २०६६ भन्दा अघि पूर्वाद्ध र पछि (२०६७) बाट उत्तरार्द्ध चरण मानिएको हो । यस चरणका उनका नियात्राहरू वर्णनात्मक र विवरणात्मक मात्रै छन् । आत्मपरक शैलीमा कता कति बौद्धिकतासँगै धेरै मात्रामा सूचनामूलकता र विवरणात्मक रहेका छन् । यस चरणका उनका नियात्राहरू स्वदेशकेन्द्री र विदेशकेन्द्री रहेका छन् । यस चरणको पछिल्लो कृति अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२) उनको एउटा सिङ्गो विदेशकेन्द्री नियात्रा कृति हो । यी नियात्राभित्र पनि पुस्तक खरिद गर्न जाँदाका प्रसङ्ग, साहित्यिक कार्यक्रममा भाग लिन जाँदाका प्रसङ्ग, विविध स्रष्टालाई सम्मान गर्न जाँदाका प्रसङ्ग, धार्मिक भ्रमण, विदेश भ्रमण जस्ता यात्रा प्रसङ्गहरू समेटिएको छ । यस चरणका ३ वटा नियात्राहरू पहिला नै पत्रिकामा प्रकाशित

भइसकेका छन् भने बाँकी नियात्राहरू अप्रकाशित नै रहेका छन् । उनका यस चरणका नियात्रा कृतिको चिनारी तल प्रस्तुत छ :

१. घुमन्तेको सेरोफेरो (२०७१)

२. अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२)

**यस चरणमा पत्रिकामा प्रकाशित नियात्राहरू**

- बन्दीपुरे यात्रा- ट्याक्सी व्यवसायी समितिको स्मारिका
- फेरि मूर्खताकै कुरो - शब्द संयोजन
- भानु जन्मस्थलको यात्रा - हिमशिखर

रविलाल अधिकारीका उत्तरार्द्ध चरणका नियात्रा कृति र तिनको छोटो परिचय तल प्रस्तुत छ :

### ३.२.५.२.१ घुमन्तेको सेरोफेरो (२०७१)

यो नियात्रा कृति रविलाल अधिकारीको दोस्रो नियात्रा कृति हो भने उत्तरार्द्ध चरणको प्रथम कृति हो । यस नियात्रा कृतिभित्र १५ वटा यात्राका सन्दर्भ रहेका छन् । ती यात्राका सन्दर्भहरू नियात्राकार विभिन्न समयमा सभा सम्मेलनमा जाँदा, सम्मान लिन/ग्रहण गर्न जाँदा, स्रष्टालाई सम्मान गर्न जाँदाका प्रसङ्गहरू समावेश छन् । तिनीहरूमध्ये कुनै लामा छन् भने कुनै छोटा छन् । ती नियात्राहरूको नाम तल क्रमशः राखिएको छ :

१. मनकामनाको न्यु : केवलकारमा क्यु (२०६७)

२. कलकत्ताको रहर : प्रतीक्षाको कहर (२०६७)

३. बन्दीपुरे यात्रा (२०६७)

४. गाउँसहरमा लमजुङ दरबार (२०६७)

५. दार्जिलिङदेखि देउघाटसम्म (२०६८)

६. यो पनि साहित्यिक यात्रा हो (२०६८)

७. सिलिगुडीसम्मको साहित्यिक यात्रा (२०६८)

८. फेरि पनि मूर्खताकै कुरो (२०६९)

९. धादिङ बेसीको साहित्यिक यात्रा (२०७०)

१०. भानु जन्मस्थलको यात्रा (२०७०)

११. पुष्पकमलको स्मृति दिवस मनाउन जाँदा (२०७०)

१२. प्रलेसको नवौं सम्मेलनमा जाँदा (२०७०)

१३. पटनाको पुनर्यात्रा (२०७०)

१४. सहिद दशरथचन्द स्मृति पुरस्कार लिन जाँदा (२०७०)

१५. मिर्मी मुनि काली थुनेको (२०७०)

यी नियात्राहरू २०६७ सालदेखि २०७० सालसम्मका अवधिमा लेखिएका हुन् । यी नियात्राको थप चर्चा तल प्रस्तुत छ :

**१. मनकामनाको न्यु : केवलकारमा क्यु (२०६७)**

यस नियात्रामा नियात्राकार मनकामनाको दर्शन गर्न आफ्नी श्रीमतीसँग शनिबार गएको र धेरै भीड लागेको चर्चा गरेका छन् । भीआइपी भनेर पालो उछिनेर जान मन नभएकाले बरु चार घण्टा नै भए पनि पालो कुरेरै केबलकार चढ्ने इच्छा व्यक्त गरी उनी पालोमा नै केबलकार चढेर मनकामना माईको बाहिरैबाट दर्शन गरी फर्कन्छन् ।

**२. कलकत्ताको रहर : प्रतीक्षाको कहर (२०६७)**

यस नियात्रामा नियात्राकार पुस्तक खरिद गर्न तथा कलकत्ताको दर्शनीय स्थलको अवलोकन गर्न आफ्ना चार जना साथीसँग गएका थिए । यस नियात्रा अलि लामो भएकाले विभिन्न पाँच उपशीर्षकमा बाँडेका छन् । पूर्व प्रसङ्ग, दोस्रो पटक पटना यात्रा, कलकत्ताको यात्रा, कलकत्ताका दर्शनीय स्थलहरू, प्रतीक्षाको यात्रा गरी यात्रामा भए गरेका कार्य तथा देखेका दृश्यको वर्णन गरेका छन् । पटनामा विभिन्न पुस्तक प्रकाशन कहाँ गए पनि थोरै मात्र पुस्तक खरिद गरेको प्रसङ्ग, कलकत्ताको दर्शनीय स्थलको जानकारी, कलकत्तामा खाना सस्तो रहेको प्रसङ्गसँगै फर्कदा रेलमा वैटिङ टिकट परेकाले रातभर निदाउन नपाएको प्रसङ्गको चर्चा गरेका छन् ।

### ३. बन्दीपुरे यात्रा (२०६७)

बन्दीपुरे यात्रामा नियात्राकार श्रीमती र श्रीमतीकी माहिली दिदीसँगै बन्दीपुर हेर्न गएको प्रसङ्ग उल्लेख गरेका छन्। बन्दीपुर नेपालको दर्शनीय स्थल भएको, बन्दीपुरसम्बन्धी धेरै गीत बनेको, बन्दीपुरका धेरै प्रतिभाले राष्ट्रमा ख्याति कमाएको प्रसङ्ग नियात्राकारले वर्णन गरेका छन् । बन्दीपुरमा रहेका सुन्तलाका बोटहरू बुढो भएको प्रसङ्गसँगै त्यहाँबाट देखिने विभिन्न जिल्ला र हिमशृङ्खलाका दृश्यको चर्चा गरेका छन् ।

### ४. गाउँसहरमा लमजुङ दरबार (२०६७)

यस नियात्रामा नियात्राकार अधिकारी आफ्नी श्रीमतीसँग लमजुङ दरबार घुम्न गएको प्रसङ्ग समावेश छ । आफू गाउँमा मास्टर छँदा तलब लिन तथा विविध कामले गाउँसहर गएको र क्याम्पस पढाउन पोखरा नै आइ बसेकाले त्यतातिर जाने काम नपरेको प्रसङ्गसँगै बेसीसहरमा बास बसेर भोलिपल्ट बिहानै हिँडेर गाउँसहर पुग्छन् र त्यहाँका पुराना दरबारसँगै कालिका मन्दिरको बारेमा चासो राख्दै सोध्छन्। त्यहाँबाट फर्कँदा भतिजो काशीनाथ अधिकारीकहाँ खाना खाएर पोखरा फर्कन्छन् ।

### ५. दार्जिलिङदेखि देउघाटसम्म (२०६८)

यस नियात्रामा नियात्राकारले दार्जिलिङको सुन्दर भूमिको दृश्यावलोकन गर्न गएको प्रसङ्ग समावेश गरेका छन्। आफ्ना घर वरपरका साथीहरू जम्मा गरी भ्रमण जान लागेकी श्रीमतीका समूहमा पुरुष साथीका रूपमा यो भ्रमण हुन लागेको प्रसङ्गसँगै इलाम र दार्जिलिङका प्राकृतिक सुन्दरताको वर्णन गरेका छन्। दार्जिलिङमा कालु नाम गरेका एक जना मानिस भेटी उसको संयोजनमा जिप चढेर दार्जिलिङ यात्रा गर्छन् । त्यहीँ चिया किनमेलको प्रसङ्ग साथै बाघचुलीबाट सूर्योदयको दृश्यको वर्णन पनि गरेका छन् । फर्कदा नारायणगढमा बास बसी मौलाकालिकाको दर्शन गरी पोखरा फर्केको यात्रा वर्णनमा समावेश छ ।

### ६. यो पनि साहित्यिक यात्रा हो (२०६८)

रविलाल अधिकारी लोककवि अलिमियाँ लोक वाङ्मय प्रतिष्ठानको संयोजनमा दमौलीमा आयोजित साहित्यिक कार्यक्रममा सहभागी भएको यात्रा प्रसङ्ग यसमा समावेश

छ । भानुभक्तका पनाति मुक्तिनाथ आचार्यलाई सम्मान गर्ने कार्यक्रममा सहभागी भएको र मुक्तिनाथ आचार्यसँग चिनजान गरेको उनका भाइ हरिनाथ आचार्यसँग पनि चिनजान गरेको प्रसङ्ग, त्यहाँ वाचन भएका गीत, कविताका सन्दर्भ समेत उल्लेख गरेका छन् ।

### ७. **सिलिगुडीसम्मको साहित्यिक यात्रा** (२०६८)

यस नियात्रामा रविलाल अधिकारी अलिमयिाँ लोक वाङ्मय प्रतिष्ठानको संयोजनमा सिललिगुडीमा आयोजित स्रष्टा सम्मान कार्यक्रममा सहभागी भएका छन । पोखराबाट गएका हरिदेवी कोइराला, कृष्णप्रसाद बास्तोला, फणीन्द्र अकिञ्चन, भीम रानाभाटसँगै उनी बेलाबारीको साहित्यिक कार्यक्रममा सहभागी भई त्यहाँ भएको साहित्यिक कार्यक्रमको चर्चा समेत गरेका छन् । सिलिगुढीमा सिक्सटी प्लसले आयोजना गरेको स्रष्टा सम्मान कार्यक्रममा सहभागी बन्छन् । यस नियात्रालाई ३ वटा उपशीर्षकमा विभाजन गरेका छन् ।

### ८. **फेरि पनि मूर्खताकै कुरो** (२०६९)

यस नियात्रामा नियात्राकार अधिकारी आफूलाई केही आवश्यक पुस्तक किन्नका लागि गोरखपुर पुगेर आएको प्रसङ्गलाई उल्लेख गरेका छन् । रु. आठ सयको पुस्तक किन्न तीन हजार खर्च गरेको तथा जेठ महिनाको गर्मीमा हतारसँग पुस्तक किन्न गएको जस्ता प्रसङ्ग जोड्दै नियात्राकारले यो पनि मूर्खता नै हो भनी भनेका छन् ।

### ९. **धादिङ बेसीको साहित्यिक यात्रा** (२०७०)

रविलाल अधिकारी अलि मियाँ लोक वाङ्मय प्रतिष्ठानका संयोजनमा धादिङका स्रष्टा सम्मान कार्यक्रममा सहभागी भएको यात्रा प्रसङ्ग यसमा समावेश छ । धादिङका स्रष्टा डिल्लीरमण गुरु, दामोदर नलाङी, हरि खनाल तीन जनालाई सम्मान गरिएको र कार्यक्रममा गीत, कविता, सुनाइएको प्रसङ्ग यस नियात्रामा उल्लेख गरिएको छ ।

### १०. **भानु जन्मस्थलको यात्रा** (२०७०)

यो नियात्रा नेपाली साहित्यका आदिकवि भानुभक्तको जन्मस्थल तथा भानु सङ्ग्रहालय भ्रमणमा पृथ्वीनारायण क्याम्पसका नेपाली विभागका सदस्यहरू सहभागी भएको यात्रा वृत्तान्त समावेश छ । यस नियात्रालाई पाँच उपशीर्षकमा विभाजन गरिएको

छ । क्याम्पसकै गाडीमा ११ जना भएर पृथ्वीचोकबाट थालिएको यात्रा भानुभक्तको ससुराली गुणादीमा गई ससुराली गाउँले तथा चन्द्रकला अध्ययन केन्द्रका सदस्यहरूसँग चिनजान हुन्छ त्यस पछि भानुजन्म स्थल हेर्नका लागि उकालो लाग्दै भानुभक्तको सालिक हेर्दै भानुभक्तको भत्केको घरसम्म पुग्छन् । त्यहाँबाट माथि डाँडा सम्मै पुगेर त्यहाँबाट दृश्यावलोकन गर्दै फर्केर सेपां वगैँचामा भात खाई बन्दीपुर पुगेर बसेको प्रसङ्ग उल्लेख गरेका छन् । भोलिपल्ट बन्दीपुरको दृश्य हेर्दै पोखरा फर्केर यात्रा सकिएको छ ।

### ११. पुष्पकमलको स्मृति दिवस मनाउन जाँदा (२०७०)

यस नियात्रामा नियात्राकार घरदेखि भिँडाबारीसम्म पुष्पकमल सुवेदीको स्मृति दिवस मनाउन जाँदाको यात्रा वृत्तान्त समावेश छ । पुष्पकमल सुवेदीले बराह निम्न मा.वि. को स्थापना कार्यमा महत्त्वपूर्ण योगदान गरेको र प्र.अ. समेत भइ कार्य गरेको राजनीतिलाई नै समाजसेवाको बाटो बनाएको जस्ता सन्दर्भ उल्लेख गरिएको छ । नेपाली बामपन्थी आन्दोलनका गण्डकी धौलागिरिका अगुवा मध्येका एक जनाका रूपमा पुष्पकमल रहेको कुरा नियात्राकारले बताएका छन् ।

### १२. प्रलेसको नवौँ सम्मेलनमा जाँदा (२०७०)

प्रगतिशील लेखक सङ्घको नवौँ सम्मलेनमा जाँदा के कस्ता कार्यहरू भए भन्ने वृत्तान्त यस नियात्रामा उल्लेख गरिएको छ । प्रलेसको स्थापनाको ऐतिहासिक जानकारीसँगै आफू पनि त्यसको गण्डकी अञ्चल तयारी समिति सदस्य भएको कुरा उल्लेख गरेका छन् । आफू पार्टीमा प्रतिबद्ध भए पनि पार्टीका साथीले नपत्याएको र अरू पार्टीबाट पनि नछोइने भएको तीतो यथार्थ पनि उल्लेख गरेका छन् । साथै यस पटक पोखरा कै प्रतिनिधित्व गर्दै एमाले पार्टीका तर्फबाट प्रलेसको केन्द्रीय सदस्य समेत भएको कुरा पनि नियात्राकारले व्यक्त गरेका छन् ।

### १३. पटनाको पुनर्यात्रा (२०७०)

नियात्राकार अधिकारीले आफू क्याम्पसबाट पेन्सनमा बस्ने भएपछि फुर्सदका दिनमा बैदिक साहित्यको अध्ययन गर्ने चाहना व्यक्त गर्दै तिनै वैदिक साहित्यका किताब खोज्ने सन्दर्भमा नै पटना पुगेका छन् । यस नियात्रामा उनले पटनामा आफूले के कस्ता

पुस्तक किनियो र ती पुस्तक कहाँ, कुन प्रकाशनको रहेछ भन्ने जानकारी समेत दिएका छन् ।

### १४. सहिद दशरथचन्द स्मृति पुरस्कार लिन जाँदा (२०७०)

यस नियात्रामा नियात्राकारले आफू सहिद दशरथ चन्द स्मृति पुरस्कार लिन नारायणगढ जाँदा र त्यहाँका बारेमा वर्णन गरेका छन् । उक्त पुरस्कार लिन आफू मात्र नगई श्रीमतीलाई समेत लिएर गई आफ्नै छोराका डेरामा बसेको र त्यहाँ भएको 'हाम्रो सिर्जना' भन्ने साहित्यिक पत्रिकामा सहिद दशरथ चन्दको बारेमा छापिएको लेख सामग्री पढेको उल्लेख गरेका छन् । त्यहाँ पुस्तक विमोचन कार्यक्रम तथा पुरस्कार वितरण कार्यक्रममा सहभागी भएको जानकारी समेत दिएका छन् । पुराना साहित्यकार तथा नयाँ साहित्यिक व्यक्तित्वसँगको भेटघाट तथा परिचय भएको पनि यस नियात्रामा उल्लेख गरेका छन् ।

### १५. मिर्मी मुनि काली थुनेको (२०७०)

यस नियात्रामा नियात्राकारले कालीगण्डकी जलविद्युत परियोजनाले निर्माण गरेको बाँध अवलोकन गर्न बुढाबुढी गएको प्रसङ्ग उल्लेख गरेका छन् । नेपाली लोकगीतको चर्चा गर्दै उनले कालीगण्डकी जलविद्युत् परियोजनाको बाँध निर्माण स्थलमा पुगी सो बाँध अवलोकन तथा फोटो खिचेर फर्केको यात्रा वर्णन यसमा समावेश गरेका छन् ।

यसरी रविलाल अधिकारीको उत्तरार्द्ध चरणको पहिलो कृति घुमन्तेको सेरोफेरोमा सङ्गृहीत नियात्राको छोटो चिनारी प्रस्तुत गरिएको छ । यस कृतिमा स्वदेश यात्रा तथा विदेश यात्राका वृत्तान्त तथा नेपालभित्रैका यात्रा वर्णनहरू समावेश गरिएको छ । नियात्राकारको यसै चरणको अर्को कृति हो अस्ट्रेलिया : छोटो बसाइ थोरै हेराइ (२०७२) । यस कृति विशुद्ध विदेशकेन्द्री नियात्रा कृति हो । यस कृतिको छोटो परिचय तल प्रस्तुत छः

### ३.३.५.२.२ अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२)

यो नियात्रा कृति २०७२ सालमा प्रकाशित भएको हो । यो नियात्रा कृति नियात्राकारको विशुद्ध विदेशकेन्द्री नियात्रा कृति हो । नियात्राकार ३ महिनाको अस्ट्रेलिया भ्रमणबाट नै यस कृतिको जन्म भएको हो । यस नियात्रा कृतिमा नौ वटा नियात्रा समावेश

छन् भने परिशिष्टमा सात वटा निबन्ध र एउटा कविता समावेश गरिएको छ। यस नियात्रा कृतिमा पनि पूर्ववर्ती कृतिका जस्तै शैली र शिल्प अँगालिएको छ। आत्मपरक शैलीमा विवरणात्मक र ज्यादा सूचनामूलकता रहेका छन्। कताकति बौद्धिकताका छनक समेत पाइन्छन्। यस कृतिभित्र नियात्राकार पोखराबाट अस्ट्रेलिया जाँदा, त्यहाँ रहँदा बस्दा देखेका स्थान, भ्रमण गरेका स्थानको जानकारी तथा फर्कदाका प्रसङ्ग समावेश गरेका छन्।

यस नियात्रा कृतिभित्रका नियात्राका थप चर्चा तल प्रस्तुत छ :

**१. पोखरादेखि क्यान्बेरासम्म** (२०७१)

यस नियात्रामा नियात्राकार पोखरादेखि क्यान्बेरासम्म पुग्दाका यात्रा वर्णन समावेश गरिएको छ। त्रिभुवन विमानस्थलमा जाँदा विदेश जाने आउनेको ताँती तथा विदाइसँगै सिल्क एअरको ठूलो जहाजको प्रसङ्ग, जहाजमा दिइएको खानेकुराको जानकारी तथा सिङ्गापुरको ट्रान्जिट पछि सिड्नीसम्म जहाजमा बस्ताका यात्रा प्रसङ्ग समावेश गरिएको छ। सिड्नी विमानस्थलमा आफ्नो दाह्री काट्ने पत्ती झिक्न लगाएको प्रसङ्ग यसमा समावेश गरिएको छ।

**२. क्यान्बेरा आइपुगेपछि** (२०७१)

नियात्राकार क्यान्बेरा आइपुगेपछि नेपालका राजदूत रुद्रकुमार शर्माका निमन्त्रणामा खाना खान जान्छन्, उनी सँगै नेपालको राजनीतिक परिस्थितिको चर्चा गर्छन्। अस्ट्रेलियाको नेपालको दुतावासले न्युजिल्याण्ड पनि हेर्नुपर्ने कुराको जानकारीसँगै अस्ट्रेलियामा छोरी बस्ने घरको जानकारी, वरिपरिको वातावरण र क्यान्बेरा सहरको छोटो जानकारी दिएका छन्। पोखरामा बस्नका लागि कुनै पनि पार्क नभएको तथा कलकत्तामा जाँदा पार्क र खुला मैदान देखेको प्रसङ्गसँगै क्यान्बेरामा खुल्ला पार्क र शान्त वातावरणले प्रभावित भएको प्रसङ्ग यसमा समावेश गरेका छन्।

**३. अस्ट्रेलिया : छोटो चिनारी** (२०७१)

यस नियात्रामा नियात्राकारले अस्ट्रेलियाको छोटो चिनारी दिएका छन्। यसलाई नियात्राभित्रको निबन्ध भन्नु उपयुक्त देखिन्छ। नियात्रा हुनका लागि गतिशीलता हुनुपर्छ तर यहाँ नियात्राकारले घरै बसेर चर्चा गरेका कारण यसलाई निबन्ध मात्रै भनिएको हो।

तैपनि नियात्रामा समावेश गरिएकाले यसको चर्चा गर्नु भने आवश्यक छ। यसमा अस्ट्रेलियाको विभिन्न राज्यको जानकारी तथा अस्ट्रेलिया महादेशको स्थापना, अस्ट्रेलिया राज्यको ऐतिहासिक चर्चा गरेका छन्। अस्ट्रेलिया पत्ता लागेको समय, पत्ता लगाउनेको नाम, त्यहाँको राष्ट्रिय जनावर, मुद्राको जानकारी दिएका छन्। अस्ट्रेलियामा हुने खेतीपाती, तरकारीका नाम, चराचुरुङ्गी, फलफूल तथा अन्त्यमा क्यानबेराको पार्लियामेन्ट हाउसको फोटो समेत समावेश गरिएको छ।

## ४. अस्ट्रेलियाको नेपाली साहित्य र पत्रपत्रिका (२०७१)

यस नियात्रामा नियात्राकारले अस्ट्रेलियाबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिका र तिनमा प्रकाशित लेख, रचनाको चर्चा गरेका छन्। यसमा नियात्राकारको समीक्षक दृष्टि देख्न सकिन्छ। अस्ट्रेलियाबाट प्रकाशित हुने नेपाल न्युज अस्ट्रेलिया, द नेपाली भिजन अस्ट्रेलिया, द नेपाली टाइम्स अस्ट्रेलिया, अस्ट्रेलियाको नेपाली पत्र, नामक पत्रिकाहरूका विभिन्न अङ्कहरू लिएर तिनलाई विश्लेषण गरेका छन्। यी पत्रिकाहरू कुनै साप्ताहिक, कुनै पाक्षिक, कुनै मासिक र कुनै द्वैमासिक रहेका जानकारी दिएका छन्। ती पत्रिकामा प्रकाशित लेख रचनाहरू पनि विभिन्न विचारसँग सम्बद्ध भएर लेखिएका, साहित्यिक रचनाहरू पनि स्वतः स्फूर्त नभई कनीकुथी पाना भर्न मात्र लेखिएका र कुनै चाहिँ ज्यादै राम्रा पनि भएका चर्चा गरेका छन्। पत्रपत्रिकामा राशिफल, समाचार, विश्व सन्दर्भ, यात्रा वर्णन आदि स्तम्भ राखिएको तथा अस्ट्रेलियामा विभिन्न जातीय सङ्गठन पनि खोलिएको चर्चा समेत यस नियात्रामा गरेका छन्। अन्तिममा अस्ट्रेलियाको राष्ट्रिय जनावर कङ्गारुको चित्र समावेश गरेका छन्।

## ५. भोजहरूको भोज (२०७१)

यस नियात्रामा नियात्राकारले आफू अस्ट्रेलियामा रहँदा आफ्नो परिवार बाहेक अरूका घरमा गएर खाना खाएको प्रसङ्गलाई समावेश गरेका छन्। उनले आफू अस्ट्रेलियामा बस्दा के कस्ता आहारविहारहरू खाए र त्यहाँ के कस्तो खानेकुरा खाइने रहेछ भन्ने जानकारी यस नियात्रामा गराएका छन्। बार्बीक्यु, क्रुज पार्टी गर्ने चलन तथा एकले अर्को साथीलाई बोलाएर खाना ख्वाउने चलन नेपालीहरूको रहेको उल्लेख गरेका छन्। नेपाली राजदूतका घरमा खाइएको भोज, डा. रमेश पौडेलको घरमा भएको

भोजलगायतको चर्चा गरेका छन् । नियात्राकारले विशेष गरेर नेपालमा पोलेको मासु, आलु खाए पनि पोलेको फर्सी र प्याज खाएको कुरालाई अचम्म मानेका छन् । अन्त्यमा एडिसन पार्कमा भोज खाँदाको पारिवारिक दृश्य भएको एक फोटो पनि समावेश गरेका छन् ।

### ६. **सिड्नी यात्रा** (२०७१)

सिड्नी यात्रा नियात्रामा नियात्राकारले सिड्नीको ऐतिहासिक जानकारीसँगै आफूले हरबर ब्रिज, अपेरा हाउसको दृश्य अवलोकन गरेको उल्लेख गरेका छन् । समुद्रमा फेरी चढेको, रेल चढेर रकडेलमा झरेको, ठूलो भेडाको मूर्ति तथा फाँटमा चरिरहेका गाई तथा भेडाका बथानका दृश्य, अस्ट्रेलियामा भेटिएका नेपालीहरू, गाई फारामको चर्चा गरिएको छ । यो यात्रा एकैदिनमा गरिएको हो । अन्त्यमा अपेरा हाउस र सिड्नी पुलको एक फोटो पनि राखिएको छ ।

### ७. **बाइबाइ अस्ट्रेलिया** (२०७१)

यस नियात्रामा अधिकारीले अस्ट्रेलियालाई सम्बोधन गर्दै एकालाप रूपमा अस्ट्रेलियाको वर्णन गरेका छन् । आफ्नो विगतका स्मृति गर्दै आफ्ना बाबुले संस्कृतको कर्मकाण्ड पढेर पण्डित भएर पनि खान्छ भनी संस्कृत पढ्न पठाएको आफू त्यता नलागि मास्टर भएको, यही मास्टरी पेसाबाट छोराछोरीलाई स्नातकोत्तर तहसम्म पढाएको र आफू अस्ट्रेलियामा २-३ महिनाभन्दा बढी नबस्ने कुरा उल्लेख गरेका छन् । म यहाँ छोराबुहारीले नभई छोरी ज्वाइँले बोलाएको भएकाले आफ्नो अवस्था फरक रहेको सन्दर्भ समेतको वर्णन गर्दै अस्ट्रेलियाको शान्ति, भुगोल, त्यहाँका जनताको प्रशंसा गरेका छन् । अन्त्यमा अस्ट्रेलियाको राष्ट्रिय पक्षी इमुको चित्र राखिएको छ ।

### ८. **अस्ट्रेलियाबाट फर्कंदा** (२०७१)

आफू अस्ट्रेलियाबाट नेपाल फर्कंदा के के भए र यात्राका क्रममा के के देखेँ भन्ने वृत्तान्त यस नियात्रामा गरेका छन् । नेपाल फर्कनका लागि साथी पाल्पाका भूपू सांसदकी श्रीमतीसँगै भएको, ज्वाइँले सिड्नी विमानस्थलसम्म छाडेको र त्यहाँबाट बोर्डिङ पास गराइ, जहाज चढी सिङगापुर आएको, जहाजमा खाना कुखुराको मासुमा नुन चर्को भएको प्रसङ्ग यसमा उल्लेख छ । सिङ्गापुरबाट काठमाडौँ आइ ओर्लेर आफ्नो झोला लिई

कान्छो छोरा लिन आएको र धेरै बेर लगाउनुभयो भनी गुनासो गरेको प्रसङ्ग यसमा समावेश गरिएको छ ।

**९. क्यान्बेरामा मैले के के देखेँ (२०७१)**

यस नियात्रामा नियात्राकारले क्यान्बेरामा के के देखेँ त भन्ने कुरा उल्लेख गरेका छन् । तालमा घुम्न गएको र त्यसको वरिपरि हिँड्ने बाटो बनाइएको र जेम्स कुकको सम्झनामा ठूलो ग्लोब राखिएको जनाएका छन् । एन्सले हिलमा बाटो पुऱ्याइ टावर निर्माण गरिएको प्रसङ्ग तथा क्यान्बेराको मुख्य सहरमा चलेको महोत्सव नेसनल म्युजियमको अवलोकन, नेसनल युनिभर्सिटीको परिसर, टेलेस्ट्रा टावर, पार्लियामेन्ट हाउस, वारमेमोरियल हलको अवलोकन मुख्य रहेका छन् । एकै दिनमा सबैतिर राम्रोसँग हेर्न नपाइएको प्रसङ्ग पनि उल्लेख गरेका छन् ।

यसरी नियात्राकारले यस नियात्रा कृतिमा आफू अस्ट्रेलियामा रहँदाका समयमा देखेका दर्शनीय स्थल तथा गरेका कार्य, भेटेको मान्छेका बारेमा वर्णन गरेका छन् । अन्त्यमा विभिन्न स्थानमा भ्रमण गरेका फोटाहरू राखिएको छ ।

रविलाल अधिकारीको नियात्रा लेखन यात्रालाई दुई चरणमा विभाजन गरेर हेर्न सकिन्छ । प्रथम पूर्वाद्ध चरण (२०४७/२०४८-२०६६ सम्म र उत्तरार्द्ध चरण २०६६ पछि हालसम्म भनेर मानिएको छ । पछिल्लो समय या उत्तरार्द्ध चरण उनको नियात्रा लेखनको उर्वर समय हो । लेखन तथा प्रकाशनका हिसाबले हेर्दा पनि २ वर्षको अवधिमा २ वटा नियात्रा कृति प्रकाशित हुनुले पनि यसको मुख्य कारण मान्न सकिन्छ । तथापि शैली, शिल्प तथा वैचारिक हिसाबले हेर्दा भने पूर्वाद्ध चरण र उत्तरार्द्ध चरणमा कुनै पनि फरक पाइँदैन ।

## ३.२.६ रविलाल अधिकारीका नियात्राको वर्गीकरण

रविलाल अधिकारीका नियात्रा कृतिलाई विभिन्न तरिकाले वा कोणबाट वर्गीकरण गर्न सकिन्छ । तिनका वैशिष्ट्यताहरूलाई विभिन्न शीर्षकमा अध्ययन गर्न सकिन्छ तर यहाँनेर उनका नियात्रालाई वर्गीकरण गरिएको छ :

### ३.२.६.१ स्वदेशकेन्द्री नियात्राहरू

रविलाल अधिकारी नेपालभित्र विभिन्न सन्दर्भमा, परिवेशमा यात्रा गर्दाका लेखिएका नियात्राहरू स्वदेशकेन्द्री नियात्रा हुन् । देशभित्र पारिवारिक भ्रमण तथा, साहित्यिक कार्यक्रममा सहभागी हुँदाका सन्दर्भमा यी नियात्राहरू लेखिएका छन् । यी नियात्राहरू कतै प्राकृतिक सुन्दरताको वर्णनमा छन् भने कतै सांस्कृतिक सम्पदाको वर्णनमा छन् । यी नियात्राहरूको नाम तल प्रस्तुत छ :

१. गोकुल जयन्ती मनाउन जाँदा (२०४८)

२. दाङका आङमा आश्रय लिँदा (२०५६)

३. ससुरालीदेखि स्मृति सभासम्म (२०५९)

४. सातौँ सम्मेलनदेख गाउँले मिलनसम्म (२०६३)

५. आफ्नो गाउँ आफैँ पाहुना (२०६४)

६. भैरहवाको साहित्यिक यात्रा (२०६६)

७. मनकामनाको न्यू : केवलकारमा क्यू (२०६७)

८. बन्दीपुरे यात्रा (२०६७)

९. गाउँसहरमा लमजुङ दरबार (२०६७)

१०. यो पनि साहित्यिक यात्रा हो (२०६८)

११. धादिङ बेसीको साहित्यिक यात्रा (२०७०)

१२. भानु जन्मस्थलको यात्रा (२०७०)

१३. पुष्पकमलको स्मृति दिवस मनाउन जाँदा (२०७०)

१४. प्रलेसको नवौँ सम्मेलनमा जाँदा (२०७०)

१५. सहिद दशरथचन्द स्मृति पुरस्कार लिन जाँदा (२०७०)

१६. मिर्मी मुनि काली थुनेको (२०७०)

यी स्वदेशकेन्द्री नियात्राहरू नेपालका विभिन्न भागको भ्रमण गर्दाका सन्दर्भहरू हुन् । नियात्राकार विभिन्न साहित्यिक कार्यक्रम जस्तैः विभिन्न स्थानका साहित्यकारलाई सम्मान गर्न जाँदा, आफैँ पुरस्कार ग्रहण गर्न जाँदा तथा विभिन्न पर्यटकीय स्थलको भ्रमण गर्न जाँदाका वर्णन अटाएका छन् । यी देशभित्रकै यात्रा वृत्तान्त भएकाले यी नियात्राहरू स्वदेशकेन्द्री नियात्रा हुन् ।

### ३.३.६.२ विदेशकेन्द्री नियात्रा

नियात्राकार अधिकारी विभिन्न समयमा विभिन्न उद्देश्यका साथ विदेश यात्रा गर्दा लेखिएका नियात्रा विदेशकेन्द्री नियात्रा हुन् । नियात्राकार भारतका विभिन्न सहरहरूको भ्रमण गर्दा तथा दार्जिलिङ भ्रमण, सिलिगुडी भ्रमण गर्दाका यात्रा वर्णनहरूलाई विदेशकेन्द्री नियात्रामा राखिएको छ। साथै तीन महिनासम्म अस्ट्रेलियामा रहँदा फेरि लेखिएको नियात्रा पनि विदेशकेन्द्री नियात्रा हो । यी नियात्रामा पनि नियात्राकारले विदेशको यात्रामा भोग्नु परेको झन्झट, दुःख तथा हैरानीलाई यथार्थ रूपमा उतारेका छन् । साथै भ्रमण गर्दा देखेका कुरा, मनमा लागेका विचार अनि यात्राका रमाइला प्रसङ्ग पनि यस नियात्राभित्र अटाएका छन् । विदेशकेन्द्री नियात्राको विवरण तल प्रस्तुत गरिएको छ :

१. फेरि बनारस जाँदा (२०६४)

२. मेरा निम्ति काशी ज्ञान भूमि हो (२०६५)

३. दिल्ली यात्राको सम्झना गर्दा (२०६५)

४. मेरो जाँगर मेरो मूर्ख्याइँ (२०६६)

५. पटना : सपना कि विपना (२०६६)

६. कलकत्ताको रहर : प्रतीक्षाको कहर (२०६७)

७. दार्जिलिङदेखि देउघाटसम्म (२०६८)

८. सिलिगुडीसम्मको साहित्यिक यात्रा (२०६८)

९. फेरि पनि मूर्खताकै कुरो (२०६९)

१०. पटनाको पुनर्यात्रा (२०७०)

११. पोखरादेखि क्यान्बेरासम्म (२०७१)

१२. क्यान्बेरा आइपुगेपछि (२०७१)

१३. अस्ट्रेलिया : छोटो चिनारी (२०७१)

१४. अस्ट्रेलियाको नेपाली साहित्य र पत्रपत्रिका (२०७१)

१५. भोजहरूको भोज (२०७१)

१६. सिड्नी यात्रा (२०७१)

१७. बाइबाइ अस्ट्रेलिया (२०७१)

१८. अस्ट्रेलियाबाट फर्कंदा (२०७१)

१९. क्यान्बेरामा मैले के के देखेँ (२०७१)

यी माथि उल्लेख गरिएका नियात्रा शीर्षकहरू विदेशकेन्द्री नियात्रा हुन् । यी नियात्राहरू नियात्राकार विदेश भ्रमण गर्दाका परिणति हुन् । विभिन्न उद्देश्यले गरिएका यात्राका चर्चा यी नियात्राहरूमा गरिएको छ । पुस्तक खरिद गर्न, नेपाल बाहिरका नेपाली भाषी लेखक, साहित्यकारलाई सम्मान गर्न र विभिन्न दर्शनीय स्थलको दृश्यावलोकन गर्न गरिएका यात्रा वर्णनहरू यसमा समावेश गरिएका छन् ।

यसरी रविलाल अधिकारीका नियात्रालाई स्वदेशकेन्द्री र विदेशकेन्द्री गरी वर्गीकरण गर्न सकिन्छ, त्यो बाहेक अन्य कोणबाट पनि वर्गीकरण गर्न सकिन्छ ।

## ३.२.७ उद्देश्यका आधारमा वर्गीकरण

यात्रा गर्ने मान्छे बिना उद्देश्य यात्रा गर्दैनन् । आजको व्यस्त समयमा मान्छे बिना उद्देश्य कतै पनि हिँड्न, यात्रा गर्न सक्दैन । ऊ एउटा न एउटा कामले हिँडिरहेको हुन्छ । यस्तैमा रविलाल अधिकारी पनि विभिन्न सन्दर्भमा काम विशेषले नै यात्रा गरेका छन् । त्यसैले उनका समग्र नियात्रा तीन कृतिहरू फेरि बनारस जाँदा र अन्य नियात्राहरू ( २०६६), घुमन्तेको सेरोफेरो (२०७१), अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२) लाई अध्ययन विश्लेषण गर्दा निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

### ३.२.७.१ पुरस्कार ग्रहण गर्न जाँदा

नियात्राकार अधिकारी नियात्राकार मात्र नभई नेपाली साहित्यका कविता, समालोचना, निबन्ध फाँटमा कलम चलाउने स्रष्टा पनि हुन् । लामो समयदेखि यी क्षेत्रमा योगदान गरेबापत उनले थुप्रै पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् । उनका नियात्रा पनि यही पुरस्कार ग्रहण गर्न जाँदाका सन्दर्भमा लेखिएका छन् । सोही कार्यक्रममा जाँदाका प्रसङ्गलाई पनि उद्देश्य बनाइएको छ । जस्तैः सहिद दशरथ चन्द स्मृति पुरस्कार लिन जाँदा (२०७०) ।

### ३.२.७.२ स्रष्टालाई सम्मान गर्न जाँदा

नियात्राकार अधिकारी लोककवि अलिमियाँ वाङ्मय प्रतिष्ठानसँग सम्बद्ध रहेका छन् । उनी सो संस्थाका सल्लाहकारका हैसियतले नेपालभित्रका तथा नेपाल बाहिरका नेपाली स्रष्टालाई सम्मान गर्न जाँदाका प्रसङ्ग समेटी लेखिएका नियात्रा रहेका छन् ।

नेपालका विभिन्न सहरमा रहेका स्रष्टा तथा सिलिगुडीका स्रष्टालाई सम्मान गर्ने क्रममा उनका नियात्रा लेखिएका छन् । जस्तैः

- भैरहवाको साहित्यिक यात्रा (२०६६)
- यो पनि साहित्यिक यात्रा हो (२०६८)
- सिलिगुडी सम्मको साहित्यिक यात्रा हो (२०६८)
- धादिङबेसीको साहित्यिक यात्रा (२०७०)

### ३.२.७.३ पुस्तक खरिद गर्न जाँदा

रविलाल अधिकारी प्राध्यापक हुन् । प्राध्यापक स्वभावैले अध्ययनशील हुन्छन् । आफूलाई आवश्यक पर्ने पुस्तक नेपालभित्र नपाएपछि उनी भारतका सहरमा पुग्छन् । यिनै सन्दर्भमा यी नियात्राहरू जन्मन गएका हुन् । पुस्तक खरिद गर्न जाँदाका यात्रा वर्णन यिनै नियात्रामा समावेश गरिएका छन् । जस्तै :

- दिल्ली यात्राको सम्झना गर्दा (२०६५)
- मेरो जाँगर : मेरो मुर्ख्याइँ (२०६६)
- पटना : सपना कि विपना (२०६६)
- कलकत्ताको रहर : प्रतीक्षाको कहर (२०६७)
- फेरि पनि मूर्खताकै कुरो (२०६९)
- पटनाको पुनर्यात्रा (२०७०)

### ३.२.७.४ स्मृति सभा तथा सम्मेलनमा भाग लिन

रविलाल अधिकारी साहित्यिक व्यक्तित्व हुन् । विभिन्न स्थानमा साहित्यकारका स्मृति सभा तथा विभिन्न साहित्यिक सम्मेलनमा उनी सहभागी बन्ने गर्छन् । यी नियात्राहरू उनी तिनै कार्यक्रममा सहभागी बन्दाका यात्रा वर्णन समावेश भएका छन् । उनी यस्ता सभा तथा सम्मेलनमा सहभागी बन्नका लागि कहिले दाङ, कलैया, भैरहवा आदि स्थानमा पुग्छन् । यी नियात्राहरूमा तिनै सभा सम्मेलनका सन्दर्भ आएका छन् :

- गोकुल जयन्ती मनाउन जाँदा (२०४८)
- दाङका आङमा आश्रय लिँदा (२०५६)

- ससुरालीदेखि स्मृति सभासम्म (२०५९)
- सातौँ सम्मेलनदेखि गाउँले मिलनसम्म (२०६३)
- पुष्पकमलको स्मृति दिवस मनाउन जाँदा (२०७०)
- प्रलेसको नवौँ सम्मेलनमा जाँदा (२०७०)

### ३.२.७.५ विशुद्ध यात्रा/भ्रमण

उद्देश्यका आधारमा रविलाल अधिकारीका नियात्रालाई वर्गीकरण गर्दा विशुद्ध यात्रा मात्रै पनि रहेका छन् । कुनै काम विशेषले जाँदा गरिने यात्रा भन्दा यो यात्रा फरक छ । नियात्राकार अधिकारी कुनै स्थान हेर्नका लागि नै भनेर गएका छन्, यी नियात्राहरू तिनकै उपज हुन् । साथै उनी घुम्नकै लागि अस्ट्रेलिया गएका छन्, जसबाट एउटा सिङ्गै नियात्रा कृति पनि जन्मन गएको छ । तिनको नाम क्रमशः तल प्रस्तुत छ :

- फेरि बनारस जाँदा (२०६४)
- मेरा निम्ति काशी ज्ञान भूमि हो (२०६४)
- मनकामनाको न्यू : केवलकारमा क्यू (२०६७)
- बन्दीपुरे यात्रा (२०६७)
- दार्जिलिङदेखि देउघाटसम्म (२०६८)
- भानु जन्मस्थलको यात्रा (२०७०)
- मिर्मी मुनि काली थुनेको (२०७०)
- पोखरादेखि क्यान्बेरासम्म (२०७१)
- क्यान्बेरा आइपुगेपछि (२०७१)
- अस्ट्रेलिया : छोटो चिनारी (२०७१)
- अस्ट्रेलियाको नेपाली साहित्य र पत्रपत्रिका (२०७१)
- भोजहरूको भोज (२०७१)
- सिड्नी यात्रा (२०७१)
- बाइबाइ अस्ट्रेलिया (२०७१)

- अस्ट्रेलियाबाट फर्कंदा (२०७१)
- क्यान्बेरामा मैले केके देखेँ (२०७२)

यी शीर्षकमा भएका वा लेखिएका उनका नियात्राहरू विशुद्ध भ्रमण गर्ने उद्देश्यले नै गरिएका हुन् ।

यसरी रविलाल अधिकारीका नियात्रालाई अन्य कोणबाट पनि हेर्न सकिन्छ । जस्तैः आकार वा संरचनाका हिसाबले हेर्दा लामो/छोटो आदि रहेका छन् तर पनि यहाँ खास गरी स्वदेशकेन्द्री र विदेशकेन्द्री नियात्रा तथा उद्देश्यका आधारमा वर्गीकरण गरिएको छ ।

## ३.२.८ निष्कर्ष

यसरी यस परिच्छेदमा रविलाल अधिकारीको व्यक्तिगत जानकारी तथा उनको बाल्यकाल, शिक्षा दीक्षा, साहित्य सिर्जना तथा नियात्राको वर्गीकरण, चरण विभाजन जस्ता शीर्षकहरू समेटिएका छन् । साथै उनका नियात्रा कृतिको छोटो परिचयसँगै प्रत्येक चरणका नियात्रा कृतिभित्रका रचनाको छोटो छोटो जानकरी पनि दिइएको छ ।

# चौथो परिच्छेद

# नियात्राकार अधिकारीका नियात्राहरूको अध्ययन तथा विश्लेषण

## ४.१ विधागत अध्ययन

रविलाल अधिकारी नेपाली साहित्यमा कविता, खण्डकाव्य, समालोचना, निबन्ध तथा नियात्रा विधामा कलम चलाउने स्रष्टा हुन् । यहाँ मूलतः उनको नियात्रा विधाको मात्र चर्चा गरिन्छ । नेपाली साहित्यमा निबन्ध विधा कान्छो विधाका रूपमा लिइन्छ । निबन्ध विधा अन्तर्गत नै नियात्रा पनि रहेको छ । समयको पछिल्लो क्रममा नेपालबाट वर्षेनी लाखौँ युवा विदेश जाने र आफूले देखेका भोगेका कुरालाई उतारी किताबको रूप दिई प्रकाशित गरेकाले हाल यो विधा मौलाउँदै गएको छ । जसले गर्दा नेपाली नियात्रा विधा झनै दरिलो हुँदै गएको छ । यसै क्रममा रविलाल अधिकारी पनि यस्तै एक सिर्जनशील स्रष्टा हुन् । आफू विभिन्न कामका सिलसिलामा जहाँ पुगे पनि त्यहाँको परिवेश तथा गरेका कामको टिपोट गर्ने र त्यसलाई पुस्तकाकार दिई प्रकाशित गर्ने गर्छन् । त्यसैले गर्दा उनको हालसम्म यिनै तीन वटा नियात्रा कृतिहरू प्रकाशित छन् । यी नियात्रा कृतिहरू उनको विभिन्न स्थानको भ्रमणका परिणति हुन् । यी तीन नियात्रा कृतिको छोटो परिचय तल प्रस्तुत गरिएको छ :

### १. फेरि बनारस जाँदा र अन्य नियात्राहरू (२०६६)

यो नियात्रा कृति नियात्राकार अधिकारीको पहिलो नियात्रा कृति हो । यो नियात्रा अधिकारीको लामो समयको पर्खाइपछि प्रकाशित भएको हो । वि.सं. २०४८ सालदेखि विभिन्न स्थानको भ्रमणको टिपोट गरी लेखिएको यो नियात्रा कृति २०६६ सालमा प्रकाशित भएको हो । यस कृतिभित्र नियात्राकार जनकवि गोकुल जोशीप्रति आस्था र सम्मान भाव जगाउँदै उनकै घर आँगनीमा उनको जन्म जयन्ती मनाउन पुग्छन् । तनहुँका विभिन्न स्थानको दृश्यावलोकन गर्दै उकाली ओराली गर्दै जनकवि गोकुल जोशीका सहेली, आफन्तलाई भेट्दै उहाँ बारेमा थप जानकारी राख्दै जन्मजयन्ती मनाउन पुग्छन् भने

साहित्यिक कार्यक्रममा भाग लिन अतिथिको भूमिका निर्वाह गर्न दाङका आङमा आश्रय लिन पुग्छन् । कविता, मुक्तक सुन्दै साहित्यका विविध गतिविधिसँग साक्षात्कार गर्न पुग्छन् । साहित्यिक कार्यक्रममा भाग लिनका लागि उनी बारामा पुग्छन् साथै ससुराली पनि पस्न भ्याउँछन् । नियात्राकार अधिकारी आफू सम्मानित हुने मात्र होइन साहित्य साधकको रथारोहण गर्न पनि कलैया पुग्छन् जहाँ नेपाली साहित्यका मूर्धन्य साधकहरू श्यामप्रसाद शर्मा, तारानाथ शर्मा, प्रेम विनोद नन्दन, भीम विरागलाई सम्मान गरिएको थियो । विभिन्न सभा सम्मेलनमा जाँदा गाउँका साथीहरूलाई पनि भेट्न छुटाउँदैनन् र आफूलाई प्रगतिशील लेखक सङ्घमा नराम्ररी हराइएको पनि सोभ्को वर्णन गर्छन् । आफू बनारसमै बसी पढेको भएकाले नियात्राकारले फेरि बनारस जाँदा भन्दै पुनः २०६४ सालमा आफू मात्र नभई श्रीमतीलाई पनि बनारसमा आफूले पढेको विश्वविद्यालय तथा हिँडेका गल्लीहरू चिनाउन लैजान्छन् । काशी आफ्नो निम्ति ज्ञान भूमि भएको भन्दै काशीमा पढी विभिन्न पुस्तक पनि खरिद गरेका छन् । आफ्नो गाउँ छाडेर आएपछि कुनै काम नपरी नगएको र कामै परेर मात्र गएको भन्दै आफ्ना गाउँमा आफैँ अतिथि बनेर विद्यालयको वार्षिकोत्सवमा भाग लिन गएको प्रसङ्ग तथा दिल्लीमा पुस्तक खरिद गर्न जाँदाका यात्रा वर्णन पनि उनले यसमा गरेका छन् । विभिन्न समयमा आफूले जाँगर चलाइ गरेका कार्य कालान्तरमा मूर्ख्याइँ पो थियो कि भन्दै नियात्राकार थकथकी पनि मान्छन् । पहिला देखेको पटना र पछि देखेको पटना सपना हो कि विपना भनेर प्रतिप्रश्न गर्छन् । यिनै साहित्यिक सभा सम्मेलन तथा पुस्तक खरिद जस्ता प्रसङ्गले भरिएको छ उनको यो पहिलो नियात्रा कृति जसमा समावेश गरिएका नियात्राको क्रमैसँग तल नाम प्रस्तुत गरिएको छ :

१. गोकुल जयन्ती मनाउन जाँदा (२०४८)

२. दाङका आङमा आश्रय लिँदा (२०५९)

३. ससुरालीदेखि स्मृति सभासम्म (२०५९)

४. सातौँ सम्मेलन देखि गाउँले मिलनसम्म (२०६३)

५. फेरि बनारस जाँदा (२०६४)

६. मेरा निम्ति काशी ज्ञान भूमि हो (२०६५)

७. आफ्नै गाउँ आफैँ पाहुना (२०६४)

८. दिल्ली यात्राको सम्झना गर्दा (२०६५)

९. मेरो जाँगर मेरो मुर्ख्याइँ (२०६६)

१०. पटना : सपना कि विपना (२०६६)

११. भैरहवाको साहित्यिक यात्रा (२०६६)

## २. घुमन्तेको सेरोफेरो (२०७१)

रविलाल अधिकारीको यो दोस्रो नियात्रा कृति हो । यसमा १५ वटा नियात्रा प्रसङ्गहरू समावेश गरिएको छ । यस कृतिभित्र पनि नियात्राकारले देशभित्र तथा विदेशमा गरिएका यात्रा प्रसङ्गहरू समावेश गरिएका छन् । जता गए पनि टिपोट गरी त्यसलाई प्रकाशित गर्ने बानीले यस कृतिको जन्म हुन गएको हो । यस कृतिभित्र पनि नियात्राकारले विभिन्न ठाउँमा यात्रा गर्दा पाएका हैरानी, दुःख, ठगिएको प्रसङ्ग बग्रेल्ती छन् । आफू ठगिएको र आफूले पाएको दुःखका कुरा उनले सीधा वर्णन गरेका छन् । यसमा नियात्राकार मनकामना दर्शन गर्न जाँदा धर्म कर्म गर्न जाँदा आफू लामो लाइन मै बसेर जाने भन्दै धाँधली गर्न नहुने बताउँछन् र ४-५ घण्टा लामो लाइनमा बस्छन् । कलकत्ता सहर जाँदा त्यहाँ देखेका प्रसङ्ग तथा फर्कंदाको हैरानी भारतीय रेल सेवाको लापरवाही समेत छुटाउँदैनन् । कलकत्ताका हेर्न लायक ठाउँको दृश्यपान गरेर दङ्ग पर्छन् भने कलकत्ता भारतको प्राचीन सहर हो भन्दै यहाँ सस्तो दरमा सामान र खाना पाइन्छ भन्ने जानकारी पनि दिन्छन् । नजिकको तीर्थ हेलाँ भन्दै बन्दीपुरको एक दिने यात्रामा त्यहाँबाट देखिएका रमाइला दृश्यको वर्णन पनि गरेका छन् । गाउँसहर र बेसीसहरको यात्राले आफ्ना पुरानो दिन मास्टरी गर्दाको यादलाई पुनर्जीवित गराएका छन् । प्रलेसको नवौं सम्मेलनमा आफू केन्द्रीय सदस्य भएको कुरा तथा पुष्पकमलको स्मृति दिवस मनाउन भिडाबारी गएको कुरा समेत उल्लेख गर्छन् । साथै आफू पृथ्वीनारायण क्याम्पसको नेपाली विभाग प्रमुख हुँदा प्राध्यापक साथीहरूलाई भानु जन्मस्थल घुमाउन लगेको प्रसङ्ग तथा यात्राका क्रममा भएका घटना समेत खुलस्त वर्णन गरेका छन् । नेपाली साहित्यका आदिकवि भानुभक्तको ससुराली गाउँमा भेटघाट चिना परिचय गर्दै त्यहाँको साहित्यिक स्वाद तथा प्राकृतिक सौन्दर्य पान गर्दै गर्छन् । आफ्नो विभागका सदस्यहरूले कोदोको रसपान गरेको आफूले समेत चाखेको प्रसङ्ग पनि छुटाउँदैनन् । साहित्यिक यात्रा गर्दा धादिङ बेसी तथा सिलगुडीसम्मका प्रसङ्ग तथा नेपाल बाहिरका स्रष्टालाई सम्मान गर्न पनि नियात्राकार पछि पर्दैनन् । सिलगुडी जाँदाको प्रसङ्ग, त्यहाँको सौन्दर्य, पटनाको पुनर्यात्रा तथा आफ्नो मूर्खताको प्रसङ्ग जस्ता कुराले भरिपूर्ण उनको यो दोस्रो कृति

पनि । यस कृतिभित्र १५ वटा शीर्षकमा विभिन्न स्थानमा भ्रमण गरिएको प्रसङ्ग समावेश क्रमशः तल दिइएको छ :

१. मनकामनाको न्यु : केवलकारमा क्यु (२०६७)

२. कलकत्ताको रहर : प्रतीक्षाको कहर (२०६७)

३. बन्दीपुरे यात्रा (२०६७)

४. गाउँसहरमा लमजुङ दरबार (२०६७)

५. दार्जिलिङदेखि देउघाटसम्म (२०६८)

६. यो पनि साहित्यिक यात्रा हो (२०६८)

७. सिलिगुडीसम्मको साहित्यिक यात्रा (२०६८)

८. फेरि पनि मूर्खताकै कुरो (२०६९)

९. धादिङ बेसीको साहित्यिक यात्रा (२०७०)

१०. भानु जन्मस्थलको यात्रा (२०७०)

११. पुष्पकमलको स्मृति दिवस मनाउन जाँदा (२०७०)

१२. प्रलेसको नवौं सम्मेलनमा जाँदा (२०७०)

१३. पटनाको पुनर्यात्रा (२०७०)

१४. सहिद दशरथचन्द स्मृति पुरस्कार लिन जाँदा (२०७०)

१५. मिर्मी मुनि काली थुनेको (२०७०)

### ३. अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२)

यो नियात्रा कृति नियात्राकार अधिकारीको तेस्रो नियात्रा कृति हो । यस कृतिमा नियात्राकार तीन महिनाको अस्ट्रेलिया भ्रमणमा जाँदा देखे भोगेका कुराहरू यसमा समावेश गरेका छन् । यसमा नौ वटा यात्रा प्रसङ्गहरू समावेश गरिएको छ । यस कृतिमा नियात्राकारले पोखरादेखि क्यान्बेरासम्मको यात्रामा देखेका, भोगेका प्रसङ्गहरू नेपालमा सानो जहाज चढेको तर सिंगापुर तथा सिड्नीमा जाँदा निकै ठूला करिब ३०० जना मानिस अट्ने जहाजको प्रसङ्ग, विमान स्थलको प्रसङ्ग पनि यसमा गरेका छन् । क्यान्बेरा आइपुगेपछि नेपालको भन्दा फरक भूगोल, अवस्थिति, त्यहाँको विकास निर्माणले नियात्राकार दङ्ग परेका छन् । अस्ट्रेलियाको छोटो चिनारी दिँदै वृक्ष, वनस्पति, जनावर

त्यहाँको रहनसहन, ऐतिहासिक जानकारी पनि नियात्राकारले दिएका छन् । नेपालीहरू सिर्जनशील छन् भन्ने परिचयसँगै अस्ट्रेलियामा निस्केका पत्रिका र साहित्यिक गतिविधिको पनि टिपोट गरेका छन् । नेपालीहरूको खाना दाल, भात, तरकारी भए पनि फरक परिवेश र भूगोलमा त्यसैअनुसार आफूलाई ढाल्नुपर्छ । त्यसैले नियात्राकारले आफू अस्ट्रेलियामा रहँदा त्यहाँ खाएका खानेकुराको प्रसङ्ग पनि छुटाएका छैनन् । सिड्नी यात्राका क्रममा उल्लङ्घोर विश्वविद्यालय, रेलस्टेशन, ओपेरा हाउस, हरबर ब्रिज, आदि स्थानको भ्रमण गर्दै त्यहाँको विकास निर्माण, प्रविधि हेरी दङ्ग पर्छन् साथै सो स्थानको चित्र पनि राखेका छन् । आफू तीन महिनापछि अस्ट्रेलियाबाट फर्कंदा बाटोमा जहाजमा भएका प्रसङ्ग जहाजमा खाना खान दिइएको साथै क्यान्बेरामा आफूले देखेका विभिन्न कुराहरूको वर्णन गरेका छन् । महोत्सव, नेसनल म्युजयिम, अस्ट्रेलियन नेसनल युनिभर्सिटी, पार्लियामेन्ट हाउस, विभिन्न प्रधानमन्त्रीका नाममा राखिएको जग्गाको नाम आदि प्रसङ्ग यस पुस्तकमा अटाएका छन् । यस नियात्रा पुस्तकभित्र विभिन्न नौवटा शीर्षकमा विभिन्न प्रसङ्गका यात्रा वर्णन छन् । तिनीहरूको क्रमशः तल नाम प्रस्तुत गरिएको छ :

१. पोखरादेखि क्यान्बेरासम्म (२०७१)

२. क्यान्बेरा आइपुगेपछि (२०७१)

३. अस्ट्रेलिया : छोटो चिनारी (२०७१)

४. अस्ट्रेलियाको नेपाली साहित्य र पत्रपत्रिका (२०७१)

५. भोजहरूको भोज (२०७१)

६. सिड्नी यात्रा (२०७१)

७. बाइबाइ अस्ट्रेलिया (२०७१)

८. अस्ट्रेलियाबाट फर्कंदा (२०७१)

९. क्यान्बेरामा मैले के के देखे (२०७१)

यसरी नेपाली नियात्रा परम्परामा रविलाल अधिकारीले तीन तीन वटा कृतिहरू प्रकाशित गरेर नेपाली नियात्रा विधालाई संमृद्ध पारेका छन् । ती तीन वटै कृतिहरूका फरक फरक वैशिष्ट्यहरू रहेका छन् । त्यसैले उनको नियात्राको विधागत योगदान महत्त्वपूर्ण छ ।

## ४.२ कृतिगत विश्लेषण

रविलाल अधिकारीका तीन ओटा नियात्रा कृतिहरू, फेरि बनारस जाँदा र अन्य नियात्राहरू (२०६६), घुमन्तेको सेरोफेरो (२०७१) र अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२) को अध्ययन विश्लेषण गर्दा उनका यी कृतिहरूमा विभिन्न प्रवृत्तिहरू वा वैशिष्ट्यहरू पाउन सकिन्छ । नियात्राकार अधिकारीका प्रवृत्तिहरू अरू नियात्राकारका भन्दा फरक छन् । उनका नियात्रा कृतिभित्रका वैशिष्ट्य वा प्रवृत्तिहरूको अध्ययन तथा विश्लेषण तल प्रस्तुत गरिन्छ :

### ४.२.१ पुस्तकप्रेमीका दृष्टिले

रविलाल अधिकारी प्राध्यापक हुन् । विश्वविद्यालयमा अध्यापन गर्ने मान्छे स्वभावैले पढ्नुपर्ने हुन्छ । नत्र ज्ञान प्रदान गर्न सकिँदैन त्यसैले उनका अधिकांश यात्रा वर्णनमा पुस्तक खरिद गर्न गएका प्रसङ्गहरू आएका छन् । यसै क्रममा उनी कहिले कलकत्ता, कहिले पटना, दिल्ली, बनारस जस्ता ठाउँमा पुस्तक खरिद गर्न जान्छन् । 'दिल्लीको नई सडकमा केही किताब लिई दरियागंज तिर लाग्यौँ ((पृ. ८३) दिल्ली यात्राको सम्झना गर्दा) त्यसपछि वाणी प्रकाशनमा, राजकमल प्रकाशन, ज्ञानपीठ प्रकाशनमा पुस्तक खोज्न जान्छन् । पिपुल्स पब्लिसिङ हाउसमा केही पुस्तक खरिद गर्छन् । आफू पुस्तक प्रेमी भएकाले नै नेपालमा भने जस्तो खोजेको पुस्तक नपाइएकाले नियात्राकार भारतका सहरमा पुग्छन् । राम्रा र विद्वान् लेखकका किताब खोजने क्रममा डा. राजेन्द्रप्रसादको पुस्तक, 'संस्कृत र संस्कृति', 'दर्शनशास्त्रको रूपरेखा' जस्ता किताबको खोजीमा उनी यात्रारत छन् । नियात्राकारले आफूले खरिद गरेका पुस्तकको नाम पनि छुटाएका छैनन् 'सूर्यकान्त त्रिपाठी निरालाको 'प्रबन्ध प्रतिमा', 'सङ्ग्रह र चयन', हजारी प्रसाद द्विवेदीका निबन्ध सङ्ग्रह 'कटुज' र 'अशोक के फूल', जयशंकर प्रसादको 'काव्य और कला तथा निबन्ध' आदि किताब किनेँ (पृ. ९०, मेरो जाँगर, मेरो मूर्ख्याइँ फेरि बनारस जाँदा) । त्यसै क्रममा किताब महलमा जवाहरलाल नेहरूका 'विश्वविद्यालयको झलक' दुवै खण्ड, 'मेरी कहानी' जस्ता किताब खरिद गर्छन् । कालिदासका 'विक्रमोवशीयम् र कुमार सम्भव' जस्ता कृति पनि किन्छन् । ए.बी. किथका 'संस्कृत साहित्यका इतिहास', राजेन्द्रप्रसादको 'दर्शनशास्त्रकी

रूपरेखा', डा. अजबसिंहको 'नवस्वछन्दतावाद र यथार्थवादः पुनर्मुल्याङ्कन' तथा डा. रामचन्द्र तिवारीको 'हिन्दी गद्य : प्रकृति और रचना' सन्दर्भ जस्ता पुस्तक एक यात्रामै किनेका छन् । नियात्राकार अधिकारी पुस्तक खरिद गर्नकै लागि पटना पुग्छन् । त्यहाँ उनले विभिन्न आफूलाई मन परेका तथा आवश्यक भएका पुस्तक खरिद गर्दछन् । त्यहाँ उनले हजारी प्रसाद द्विवेदीको 'भाषा, साहित्य और देश', शिवकुमार मिश्रको 'भक्तिभाव और लोकजीवन', मैनेजर पाण्डेको 'साहित्य और इतिहास दृष्टि' रामविलास शर्माको 'भारतीय साहित्यकी भूमिका', हरिमोहन झाको 'खट्टर काका', हजारीप्रसाद द्विवेदीको 'वाणभट्टकी आत्मकथा', हरिशंकर प्रसाईंको 'निठल्लेकी डायरी' र फणिश्वरनाथ रेणुको 'नेपाली क्रान्ति कथा' (पृ. १०० पटना : सपना कि विपना) फेरि बनारस जाँदा र अन्य नियात्राहरू) । जस्ता पुस्तकहरू किनी फर्कन्छन् । फेरि पनि मूर्खताकै कुरो भन्दै आफूलाई आवश्यक पुस्तक किन्न गोरखपुर गएको प्रसङ्गलाई जोडेका छन् । गोरखपुरमा कल्याण पत्रिकाको 'आरोग्य अङ्क', 'वेदकथा अङ्क' तथा पुस्तक 'पातञ्जल योग प्रदीप र सङ्क्षिप्त योगवासिष्ठ' जस्ता पुस्तक खरिद गर्छन् । (पृ. ६२ फेरि मूर्खताकै कुरो) घमुन्तेको सेरोफेरो) । पटनाको पुनर्यात्रामा नियात्राकार पुस्तक कै खोजीमा लाग्छन् । उनले त्यहाँ बलदेवका 'वैदिक साहित्य और संस्कृति, मैनेजर पाण्डेको 'भक्ति आन्दोलन और, सुरदासका काव्य', डा. नामवर सिंहको 'आलोचक के मुख से' जस्ता किताब खरिद गर्छन् (पृ. १०५, पटनाको पुनर्यात्रा घुमन्तेको सेरोफेरो) । यसरी हेर्दा एक्लै वा साथीसँग आफूलाई आवश्यकता महसुस गरेपछि नियात्राकार पुस्तक खरिदका लागि नेपाल पोखराबाट, दिल्ली, गोरखपुर, पटना सम्म पुग्ने गर्छन् । यो उनको ज्ञानको भोक शान्त पार्नु हो साथै पुस्तक प्रतिको असिम प्रेम हो । त्यसैले उनलाई पुस्तकप्रेमीका दृष्टिले उनको वैशिष्ट्यगत अध्ययन गर्न सकिन्छ ।

## ४.२.२ साहित्यिक व्यक्तित्वका दृष्टिले

नियात्राकार अधिकारी साहित्यिक व्यक्तित्व पनि हुन् । उनका साहित्यिक रचना, सिर्जनाका बारेमा माथिल्ला परिच्छेदमा चर्चा गरियो । त्यसैले उनी साहित्यिक व्यक्तित्व पनि हुन् । उनी गोकुल जयन्ती मनाउनकै लागि पोखराबाट केही साहित्यिक साथीका साथमा तनहुँको राइपुर (गोकुलको गाउँ) पुग्छन् । त्यहाँ नेपाली साहित्यका मूर्धन्य स्रष्टा जनकवि गोकुल जोशीका आफन्तजन, परिवारजनसँग भलाकुसारी गर्छन् । साथै त्यहाँ

भेटिएका एक जनाले जयप्रसाद भट्टराई जनकवि गोकुल जोशीका पद्यका बारेमा उनले लेखेका छन् :

हरेराम संसारज्यूनु छ गारो
उसै भाविले जेल फन्दामा पार्‍यो
सबैलाई चाहिन्छ लाभै पियारो
समेलिन्छ लैनो निकालिन्छ थारो

(पृ. ४।५, गोकुल जयन्ती मनाउन जाँदा)

यो पङ्क्ति आफूलाई मन परेपछि कागजमा उतारेँ। यी भनाइ पढ्दा उनी साहित्यका प्रेमी हुन् भन्ने स्पष्ट हुन्छ। साथै पोखराबाट कविता सम्मेलन तथा पुरस्कार वितरणमा भाग लिन जान्छन्। साहित्यप्रतिको अनुरागकै कारण उनी अनेक झमेला व्यहोर्दै दाङसम्म पुग्छन्। दाङमा रापती साहित्य परिषद्को पुरस्कार वितरण कार्यक्रममा सहभागी हुन्छन् साथै त्यस कार्यक्रममा आएका साहित्यिक व्यक्तित्वसँग साहित्यका गतिविधिको जानकारी पनि लिन्छन्। त्यहाँ चलेको कविता वाचन कार्यक्रममा ६ घण्टासम्म हलचल नगरी बसिरहन्छन्। यो पनि साहित्यिक व्यक्तित्वकै कारणबाट हो। यस्तै साहित्यिक कार्यक्रममा भाग लिन देवकोटा स्मृति सभामा सहभागी हुन कलैयामा पुग्छन्। त्यहाँ अघिल्ला दिनमा राखिएको सम्मान कार्यक्रममा सहभागी बनी भोलिपल्ट साहित्यकारका सम्मानमा आयोजित रथ यात्रा तथा देवकोटा स्मृति सभामा सहभागी बन्छन्। त्यहाँ नेपाली साहित्यका स्रष्टा तारानाथ शर्मा, श्याम प्रसाद शर्मा, प्रेम विनोद नन्दन र भीम विरागलाई सम्मान समेत गर्छन्। साथै साहित्यकार गोविन्द भट्टको बारेमा परिचय पनि दिन्छन्। भैरहवाको साहित्यिक यात्राका बारेमा पत्रात्मक शैलीमा प्रश्रितलाई सम्बोधन गर्दै देवकोटा शतवार्षिकीका अवसरमा आफूले गद्यकारका रूपमा देवकोटा भन्ने पुस्तक निकाल्ने जानकारी पनि दिन्छन्। अलि मियाँ लोक वाङ्मय प्रतिष्ठानका सल्लाहकारका नाताले भैरहवाका प्रतिभालाई सम्मान गर्न पुग्छन्। भैरहवामा सिद्धार्थ साहित्य परिषद् र सिर्जनशील साहित्यिक समाजको आयोजनामा भएको सम्मान कार्यक्रममा अतिथि बन्छन्। त्यहाँबाट निस्कने पत्रिका तथा साहित्यिक किताबका बारेमा विभिन्न व्यक्तित्वसँग जानकारी लिन्छन्। यसरी हेर्दा नियात्राकार साहित्यिक व्यक्तित्व वा साहित्यका साधक पनि हुन् भन्न सकिन्छ। उनी अलि मियाँ लोक वाङ्मय प्रतिष्ठानका सल्लाहकार भएकाले दमौलीमा गई भानुभक्त आचार्यका पनाति मुक्तिनाथ आचार्यलाई

सम्मान गर्ने कार्यक्रममा सहभागी बन्छन् । त्यहाँ भानुभक्तको बारेमा उनका भाइखलक तथा सन्तान परिवारजनका बारेमा सोधखोज गर्छन् । साथै त्यहाँ लोककवि अलि मियाँको साहित्यिक परिचय पनि दिन्छन् । साथै सोही संस्थाको संयोजनमा सिलिगुडीमा रहेका नेपाली भाषी स्रष्टालाई सम्मान गर्ने कार्यक्रममा नेपाल बाहिर पनि सहभागी हुन जान्छन् । नेपाल बाहिर बसेर पनि नेपाली भाषाको श्रीवृद्धिमा योगदान पुऱ्याउने स्रष्टालाई सम्मान गर्ने संस्थाको उद्देश्यमा उनी पनि सहभागी बन्छन् । बेलबारीमा बेलबारी साहित्य विकास समितिको संयोजनमा भएको पुण्यप्रसाद सुवेदी (मरणोपरान्त) सम्मान कार्यक्रममा सहभागी बन्छन् । सिलिगुडीमा सिक्सटी प्लस एसोसिएसन र अलिमियाँ लोक वाङ्मय प्रतिष्ठान पोखराको संयुक्त अयोजनामा भएको कार्यक्रममा संस्कृति कर्मीहरूको सम्मान कार्यक्रममा सहभागी बन्छन् साथै त्यहाँ लोककवि अलि मियाँका बारेमा परिचय पनि दिन्छन् । यसरी नियात्राकार साहित्यिक व्यक्तित्व तथा साहित्य अनुरागी भएकाले देशभित्र तथा बाहिरका साहित्यिक कार्यक्रममा सहभागी बन्छन् यी नियात्राहरू यिनै भ्रमणका उपज हुन् । यो पनि उनको वैशिष्ट्यका रूपमा लिन सकिन्छ ।

## ४.२.३ यथार्थ वर्णनका दृष्टिले

रविलाल अधिकारीका नियात्राको अध्ययन गर्दा उनका नियात्रा तथा त्यहाँका वर्णन यथार्थ लाग्छन् । नियात्राकार आफूले पाएको दुःख, हैरानी तथा आफूले गरेका काम पछि आफैँले हेर्दा मूर्खता जस्तो लाग्ने गरेका कुरा पनि लेख्न छुटाउँदैनन् । यो पनि उनको वैशिष्ट्य हो । गोकुल जयन्ती मनाउन जाँदा त्यहाँको गाउँ, खेत, खोला, खहरेको वर्णन यथार्थ छन् । त्यहाँका वरिपरिका डाँडा काँडा, पाखाको बारेमा जानकारी पनि लिन्छन् साथै बाटामा चुत्रो खान पनि पछि पर्दैनन् । 'साथीहरूले उकालोमा कालाम्मे रहेका चुत्राका ससाना दानाहरू चुसेर मुखलाई अँगार जस्तै बनाउनु भयो । मैले आफैँ आफ्नो थुतुनो देखिन, तर गाउँमा मास्टर रही लमजुङको सदरमुकाम बेसी सहर जाँदा लेकाली भेकका डाँडै डाँडा चुत्रो, अँगेरी, काफल र ऐंसेलु खाँदै हिँडेका दिनहरूको सम्झना गरी चुत्रो चुस्न म पनि पछि परेको थिइनँ (पृ. ४, गोकुल-जयन्ती मनाउन जाँदा) उनले वर्णन गरेका यी र यस प्रकारका राइपुर गाउँको वर्णन यथार्थ छन् । नियात्राकार अधिकारीका नियात्राहरूको अध्ययन गर्दा यी यथार्थका झलकहरू भेट्न सकिन्छ । नियात्राकार साहित्यिक कार्यक्रमका

सन्दर्भमा कलैयामा पुगेर त्यहाँको भ्रमण गरेको तथा सिद्धेश्वर महाविद्यालय भ्रमण, सिम्रौनगढ, गढीमाइ मन्दिर भ्रमण, कंकाली माइ तथा इसरा पोखरी भ्रमण आदि यो भ्रमण तथा त्यहाँ वर्णित विषयहरू यथार्थ छन् तथ्यपरक र सत्य छन्। नियात्राकारले यी सन्दर्भलाई सत्यतापूर्वक नै राखेका छन्। सातौँ सम्मेलनदेखि गाउँले मिलनसम्म शीर्षकको नियात्रामा नियात्राकारले नेपाली कम्युनिष्ट नेताका भाषण कलाको सन्दर्भमा भनेका छन् 'उद्घाटन समारोहमा लगभग सबै कम्युनिष्ट पार्टीको एक एक प्रतिनिधिले बोल्ने अवसर प्राप्त गर्नुभयो। भर्खर फुटेका मसाल र संयुक्त जनमोर्चाको तिक्तता सातौँ सम्मेलनका शुभकामना मन्तव्यका सन्दर्भमा पोखियो।

नेताका चर्का स्वरका भाषणले लेखक सम्मेलनका समारोह पनि सदन जस्तै बनाइदिए (पृ. ३५, सातौँ सम्मेलनदेखि गाउँले मिलनसम्म)। यस प्रकार नेपाली कम्युनिष्ट नेताका चरित्र तथा चर्का भाषण बाजीका कुरा यथार्थ हुन्। विदेश यात्राका सन्दर्भमा गरिएको वर्णन पनि यथार्थ छन्। खास गरी नेपाल भारत सीमाका होटलहरू यात्रीको सेवामा भन्दा लुट्न नै खोलिएको हो कि भन्ने नियात्राकारको भनाइ यथार्थ छ। 'राम्रा राम्रा होटल तलतिर भए पनि आफूलाई नजिक पर्ने बोर्डर नजिकैका एउटा नाम मात्रका होटलमा पुऱ्याएर कोटामा सामान समेत लगी कोठामा सामान लगेको सेवा चार्ज १० रूपैयाँ समेत गोजीमा हाली रेक्सावाल फर्क्यो (पृ. ४३, फेरि बनारस जाँदा) 'होटलको वासस्थान जस्तै भोजनालयको पाक स्थान पनि सफा सुग्घर थिएन र खाना नुन खुर्सानीको करामत थियो बोर्डरमा यात्रीलाई अक्करमा पारी पैसा लुट्ने यस्तै पोलिसी हुन्छ भन्ने जानेकाले .... (पृ.४३, फेरि बनारस जाँदा) नियात्राकारले यात्राका क्रममा गरेका वर्णन तथा यात्राका क्रममा पाएका दुःख हैरानी, सास्तीको वर्णन यथार्थ छ, कुनै पनि तथ्यलाई लुकाएका छैनन्। आफूले पहिला गरेका कार्य पछि आफैँलाई मूर्खता जस्तो लाग्ने वर्णन पनि यथार्थ छन्। कलकत्ता गएर आउँदा भारतमा रेल यात्रामा पाएको दुःख, रातभरि उभिएरै यात्रा गर्नु परेको प्रसङ्ग तथा प्रलेसको नवौँ सम्मेलनमा जाँदा आफू विजयी भएको खुसीयालीको समेत वर्णन गरेका छन्।

## ४.२.४ शीर्षकीकरणका दृष्टिले/तथ्यात्मकता

शीर्षकले कुनै पनि पाठ, अनुच्छेद वा विषयवस्तुको सन्दर्भ बुझाउने गर्दछ। कुनै पनि लेख, निबन्ध, कथा, कविता आदि रचनामा शीर्षकको ठूलो भूमिका तथा महत्त्व हुन्छ। यी नियात्राकृतिहरूमा पनि नियात्राकारले विभिन्न यात्रा वर्णन र तिनका सन्दर्भ

अनुसार नै शीर्षक राखेका छन् । यी शीर्षकहरू कुनै व्यङ्ग्यात्मक भन्दा पनि आफू घुमेको परिवेश तथा स्थान विशेष कै नामबाट राखेका छन् । गोकुल-जयन्ती मनाउन जाँदा शीर्षकको नियात्रामा नियात्राकार जनकवि गोकुल जोशीको जन्मस्थान तनहुँको राइपुर गाउँमा गोकुल जोशीको जन्म जयन्ती मनाउने सन्दर्भमा जाँदा लेखिएको हो र शीर्षक पनि त्यही परिवेश अनुसार राखिएको छ । कुनै शीर्षक छोटा छन् भने कुनै लामा पनि छन् । जस्तै फेरि बनारस जाँदा, बन्दीपुरे यात्रा, पटनाको पुनर्यात्रा आदि छोटा छन् भने मनकामनाको न्यू : केवलकारमा क्यू, पुष्पकमलको स्मृति दिवस मनाउन जाँदा, सहिद दशरथ चन्द स्मृति पुरस्कार लिन जाँदा आदि । यी लामा प्रकारका शीर्षकहरू भए । नियात्राकारले आफूले भ्रमण गरेको स्थान र कार्यलाई नै प्राथमिकता दिई त्यसको शीर्षक दिएका छन् । कुनै शीर्षक अन्त्यानुप्रास मिलेका जस्ता पनि छन् जस्तैः कलकत्ताको रहर प्रतीक्षाको कहर, मनकामनाको न्यू : केवलकारमा क्यू र कुनै शीर्षक गीतका सन्दर्भ जस्ता पनि छन् जस्तै मिर्मी मुनि काली थुनेको, गाउँ सहरमा लमजुङ दरबार । यसरी नियात्राकारले आफू भ्रमण गरेको परिवेश र स्थान कै सन्दर्भलाई जोडेर त्यसको शीर्षक राखेका छन् । जुन शीर्षक नियात्रा अनुसार सुहाउँदो रहेको छ ।

## ४.२.५ सूचनामूलकताका दृष्टिले

रविलाल अधिकारी आफू जहाँ जहाँ पुगेका छन् त्यो ठाउँको बारेमा तथा त्यहाँ पुग्नका लागि कसरी जाने भन्ने बारेमा समेत प्रष्ट पारेका छन् । उनका यी नियात्रा कृतिहरूमा प्रशस्त मात्रामा सूचनाहरू दिइएको छ र जो कसैले पढेर त्यो ठाउँको बारेमा जानकारी राख्न सक्छ । गोकुल जयन्ती मनाउन जाँदा जनकवि गोकुल जोशीको जन्मस्थान राइपुर गाउँ जाने बाटो तथा त्यहाँका प्राकृतिक सुन्दरताको सूचना पछि राइपुर जाने जो कोहीलाई सजिलो पर्न सक्छ । कलैयाका दर्शनीय स्थलको जानकारी तथा काशीका साँघुरा गल्लीमा कसरी हिँड्ने भनेर दिएको जानकारी पनि लिन सकिन्छ । 'राँड, साँढ, सिँढी, सन्यासी, ईनसे बँचे तो सेवे काशी' (पृ. ४६, फेरि बनारस जाँदा र अन्य नियात्राहरू) । यसरी काशीमा बस्दा कसरी बच्ने, को को सँग बच्ने भन्ने सूचना पनि दिएका छन् । पटना, दिल्ली, गोरखपुरमा कहाँ कहाँ किताब पाइन्छ र कुन प्रकाशन कहाँ

छ भन्ने सूचना पनि किताबमा राखिएको छ। यसरी हेर्दा उनका नियात्राहरू सूचनाले भरपुर छन् ।

त्यति मात्र नभई भैरहवा, दाङका कार्यक्रममा जाँदा त्यहाँका साहित्यिक गतिविधिको सूचना पनि नियात्राकारले दिएका छन् । कलकत्ता भ्रमण गर्दा त्यहाँका दर्शनीय स्थलहरूको सूची पनि किताबमा दिइएको छ। भारतको रेल्वे सेवाको जानकारी तथा त्यहाँका सवारी साधनका जानकारी पनि प्रशस्त दिइएको छ । यसै गरी अस्ट्रेलियामा घुम्दा देखिएका ठाउँको जानकारी तथा त्यहाँका साहित्यिक गतिविध र नेपाली पत्रपत्रिकाको जानकारी पनि यो नियात्रा कृतिमा दिइएको छ । त्यसैले यो नियात्रा कृतिहरूले तत्स्थानको सूचना पनि प्रदान गरेका छन् ।

## ४.२.६ ऐतिहासिक वर्णनका दृष्टिले

रविलाल अधिकारीले आफ्ना नियात्राकृतिमा विभिन्न स्थानको ऐतिहासिक वर्णन पनि गरेका छन्। जनकवि गोकुल जोशी वि.सं. २०१७ सालदेखि हराएका, घर फर्केर नआएका कुराको जानकारी दिएका छन्। 'जनकविका साथी जीवनाथ पोखरेलले सभाको सभापतित्व ग्रहण गर्दै संस्मरण सुनाउने क्रममा पछिल्लो पटक २०१७ सालमा गोकुलसँगै आफू करापुटारमा शिवरात्रिको मेलामा गएको र गोकुल फर्केर घर नआएको कुरो बताए ( पृ. ६, गोकुल जयन्ती मनाउन जाँदा)। साथै गोकुल जोशीको राशिको नाम शालिग्राम पोखरेल भएको जानकारी पनि दिएका छन्। यसरी नियात्राकारले जनकविका बारेमा ऐतिहासिक वर्णन गरेका छन् । कलैयाको सिद्धेश्वर महाविद्यालय (हाल माध्यमिक विद्यालय मात्र) को ऐतिहासिक वर्णन गरेका छन्, त्यसको स्थापनाका सन्दर्भमा लेखेका छन्। 'गोपाल ब्रह्मचारीले १९९१ सालमा शिवालयको स्थापना गरी विद्यालय बनाएका रहेछन् । शिवालयका दक्षिणपट्टि संस्थापक ब्रह्मचारीको सालिक पनि २०४३ सालमा बनाइएको रहेछ। छात्रावास, वेदशाला, हवनकुण्ड आदि धेरै भवनहरू त्यहाँ रहेछन् र गुठीको जमिन पनि धेरै छ रे। ती विभिन्न भवनहरू र शिवालय बनाउनका निमित्त धेरै रकम खर्चने सत्यनारायण अग्रवाल नाम गरेका मारवाडीको सालिक र समाधिस्थल पनि त्यहीँ रहेछ। १२ विघा कम्पाउण्डभित्र भएको रहेछ (पृ. २४, ससुरालीदेखि स्मृतिसभा सम्म)। यसमा

नियात्राकारले सिद्धेश्वर माध्यमिक विद्यालयको ऐतिहासिक वर्णन गरेका छन्। सिम्रौन गढको भ्रमणमा गढी माई मन्दिरको वर्णन तथा त्यहाँ दिइने बलि प्रथाको ऐतिहासिक चर्चा गरेका छन्। 'गढीमाईका मेलामा बलि दिने प्रसङ्गमा सबैभन्दा पहिले सेतो मुसाको बलि दिने र बनारसका हरिचन्द्र घाटका डुमले पहिले बलि दिन पाउने नियम रहेछ (पृ. २६, ससुरालीदेखि स्मृति सभासम्म)। गढीमाई मेलाको अर्को रहस्यका सन्दर्भमा नियात्राकारले लेखेका छन् मेलामा त्यतिका बलिको रगत र मासुको छेलो खेलो भए पनि एउटा माखा पनि देखिन्न रे (पृ. २७, ससुरालीदेखि स्मृति सभासम्म) सिम्रौनगढ भ्रमणकै क्रममा इसरा पोखरीको नजिकै जलेको अन्नभण्डारको ऐतिहासिक चर्चा गर्ने क्रममा लेखेका छन्। १३५६ मा गयासुद्धिन तुगलगको सेनापति समसुद्दीन तुगलगले आक्रमण गरेर अन्न भण्डारमा आगो लगाएको भनी त्यहाँ हिसाब गरियो र ७०३ वर्ष पहिले जलेका अन्नको अवशेष त्यो तिलक र चामल हो भनियो (पृ. २८, ससुराली देखि स्मृति सभासम्म)। त्यहाँ जलेका चामल आज पर्यन्त रहेको भन्ने सन्दर्भमा त्यसको ऐतिहासिक वर्णन गरेका छन्। हरिहरपुरमा गढेको सन्दुसका बारेमा समेत नियात्राकारले वर्णन गरेका छन्। सो सन्दुसभित्र के छ भनेर खोल्न सर्पले नदिने सन्दर्भको ऐतिहासिक चर्चा पनि गरेका छन् र निवासमा राणाहरूले बटुलेका रानीहरू राख्न बनाइएको घरको ऐतिहासिक वर्णन पनि गरिएको छ। जङ्गबहादुरका छोरा जगत्जङ्ग र जीतजङ्गहरूले बनाएको ठूला घण्टा र ठूला पोखरीको पनि निर्माण गरेको उल्लेख गरेका छन्। बनारसमा धर्मशालाको ऐतिहासिक चर्चा गरेका छन्। बनारसको ऐतिहासिक महत्त्व दर्शाउने क्रममा नियात्राकारले नेपालका नेताहरू काशी, बनारसमा बसेर पढेका र त्यहीँबाट नै राजनीति सुरु गरेको सन्दर्भ समेत व्याख्या गरेका छन्। काँग्रेस र कम्युनिष्टका नेताहरू विश्वेश्वरप्रसाद कोइराला, मातृकाप्रसाद कोइराला, पुष्पलाल श्रेष्ठ आदिको प्रसङ्ग समेत उल्लेख गरेका छन्। अस्ट्रेलियाको ऐतिहासिक पृष्ठभूमिको चर्चा गर्दै नियात्राकारले लेखेका छन्। छ ओटा राज्य र दुई वटा टेरीटोरी मिलेर आजको अस्ट्रेलिया बनेको छ। अस्ट्रेलिया महादेश एउटै राज्य नबन्दासम्म पूर्वी अस्ट्रेलियाको न्यू साउथ वेल्सको राजधानी सिड्नी थियो, तर आज भन्दा १०२ वर्ष पहिले सबै अस्ट्रेलिया एउटा राज्य बनेपछि क्यान्बेरालाई राजधानी बनाइएछ र कोलाहलमुक्त अवस्थामा राख्न खोजिएछ (पृ. १३, अस्ट्रेलिया : छोटो बसाइ,

थोरै हेराइ) । यसरी अस्ट्रेलियाको राजधानी क्यान्बेरालाई बनाइएको प्रसङ्ग सँगै अस्ट्रेलिया कसरी पत्ता लाग्यो ? कसले लगायो ? भन्ने ऐतिहासिक सन्दर्भको समेत चर्चा गरिएको छ ।

## ४.२.७ विविध चर्चाका दृष्टिले

### ४.२.७.१ प्राकृतिक सुन्दरताको चर्चा

नियात्राकार अधिकारी प्राकृतिक सौन्दर्यका पारखी हुन् । आफू जहाँ, जहाँ पुगेका छन्, त्यहाँको प्राकृतिक सुन्दरताको वर्णन गर्न पछि परेका छैनन् । जनकवि गोकुल जोशीको जन्म जयन्ती मनाउन जाने क्रममा बाटाका प्राकृतिक सुन्दरताको वर्णन पनि गरेका छन् । त्यहाँका गाउँ ठाउँ, बाटाघाटा, त्यहाँबाट देखिने दृश्यको समेत उल्लेख गरेका छन् । आफू जन्मेको, हुर्केको ठाउँ छोडेर आएको निकै वर्ष पछि छोरालाई समेत लिएर जाँदा त्यहाँको प्राकृतिक सुन्दरताको वर्णन पनि गरेका छन् । घाँस, दाउरा गर्ने वनजङ्गल, खेतबारी आदिको परिचय पनि गराएका छन् । बन्दिपुरे यात्राका क्रममा बन्दिपुरबाट देखिएका दृश्य तथा दार्जिलिङ यात्राका क्रममा देखिएको सूर्योदयको दृश्य, इलामको कन्याममा चियाबारीको हरियाली, अम्रिसो खेतीको वर्णन समेत गरेका छन् । दार्जिलिङको बाघचुलीबाट सूर्योदयको दृश्यको सन्दर्भमा वर्णन गरेका छन् । “जीप चढेर हामी बाघचुली पुग्दा घाम लाग्ने बेला भएको थियो र सूर्यभित्रभित्र माथि आइपुगेको थियो । बादलले ढाकेको हुँदा ऊ बाहिर निस्कन पाएको थिएन (पृ. ३६/३७, दार्जिलिङदेखि देउघाटसम्म) ।” पुष्पकमलको स्मृति दिवस मनाउन जाँदा मर्दी खोलाको सङ्लो पानीको चर्चा साथै मिर्मीमा आँधी खोला र काली गण्डकी मिसिएर बनाइएको तालको दृश्यको पनि वर्णन गरेका छन् । अस्ट्रेलिया भ्रमणका क्रममा विशाल समुद्रको दृश्यको चर्चा पनि नियात्राकारले गरेका छन् । यसरी हेर्दा उनी प्राकृतिक सौन्दर्यका पुजारी हुन् भनेर भन्न सकिन्छ ।

### ४.२.७.२ भौतिक उन्नतिको चर्चा

नियात्राकार अधिकारी आफू भ्रमण गरेको स्थानको चर्चा गर्दा देखेका विकास निर्माण सम्बन्धी चर्चा तथा मानवीय उन्नतिको चर्चा गर्न पछि परेका छैनन् । आफू पढ्न बस्दाको बनारस र अहिले (२०६४) को बनारस बीचको फरकका सन्दर्भमा नियात्राकारले

आफूले चिन्नै नसकेको, सबै कुरा फरक भएको, जस्ता कुरा उल्लेख गरेका छन् । यी सबै भौतिक परिवर्तनका कारणले भएका हुन् । कलकत्ताको यात्रामा हावडा स्टेशनको चर्चा विडला प्लेनेटरियम, चिडियाखाना आदि भौतिक उन्नतिले भरिपूर्ण स्थान दर्शनीय रहेछन् भन्ने चर्चा गरेका छन् । अस्ट्रेलिया भ्रमणमा जाँदा नेपालमा सानो आकारको हवाइजहाज मात्र चढेका नियात्राकार सिल्क एअरको ठूलो आकारको जहाज देखेर दङ्ग परेका छन् । सिड्नी यात्राका क्रममा त्यहाँको विकास निर्माणका कुरा तथा पानी जहाज आउँदा बत्ती बाल्ने लाइट हाउस टावरको दृश्य पनि हेर्न लायकको रहेछ भन्ने सन्दर्भको व्याख्या गरेका छन् । क्यान्बेरामा नियात्राकारले एन्सले हिलसम्म बाटो पुऱ्याइ रातमा बत्ती बल्ने टावर राखिदिनु भौतिक उन्नतिको चरम अवस्थाको चित्रण गरेका छन् । टेलेस्ट्रा टावरको चर्चा, पार्लियामेन्ट हाउस तथा गाडीहरू पार्किङ गरी राख्न जमिन मुनि बनाइएका पार्किङ स्थलको निर्माण, कैदीलाई राख्न छुट्टै बनाइएको जेल घरको निर्माण आदिको चर्चा गरेका छन् । यसरी नियात्राकार आफू जहाँ पुगे पनि त्यहाँको विकास निर्माण तथा भौतिक उन्नतिमा नयाँ नौलो लागेका कुराहरूको चर्चा गरेका छन् ।

### ४.२.७.३ सांस्कृतिक/धार्मिक चर्चा

नियात्राकार अधिकारी नियात्राका क्रममा विभिन्न स्थानमा पुगेका छन्, उनी जहाँ पुगे पनि त्यहाँ आफूले देखेका सांस्कृतिक पक्षको उल्लेख गरेका छन् । गोकुल जयन्ती मनाउन जाँदा गोकुल जोशीका गाउँलेहरूले नियात्राकारहरूलाई पाहुना मानी स्वागत सत्कार गरेको तथा कुनै पनि घरमा पुग्दा केही न केही नखाइ जान नदिइएको चर्चा गरेका छन् । नेपाली संस्कृतिमा पाहुनाको स्थान उच्च मान्ने संस्कृतिको चर्चा गरिएको छ। कलैयामा जाँदा सिद्धेश्वर माध्यमिक विद्यालयको स्थापनाको जानकारीसँगै त्यहाँ स्थापना गरिएको शिवालयको समेत चर्चा गरिएको छ । गढीमाईको मन्दिरमा पुग्दा त्यहाँको बली दिने प्रचलन तथा त्यहाँ काटिएका जनावरका टाउका गाड्ने चलनको पनि जानकारी लिएका छन् । साथै त्यहाँका सन्दर्भमा एउटा किंवदन्ती पनि लेखेका छन् “मेलामा त्यतिका बलिको रगत र मासुको छेलो खेलो भए पनि एउटा पनि माखा देखिन्न रे” (पृ. २७, ससुरालीदेखि स्मृति सभा सम्म) मनकामना मन्दिर दर्शन गर्न जाँदा लामो लाइनदेखि बाहिरैबाट फल प्रसाद चढाएर फर्केको कुरा पनि उल्लेख गरेका छन् । दमौलीसम्मको साहित्यिक यात्रामा जाँदा फुर्सदको समयमा व्यास गुफाको भ्रमण गरेको कुरा

नियात्राकारले उल्लेख गरेका छन् । नियात्राकारले स्थानीय एक व्यक्तिसँग जिज्ञासा राख्दै 'पञ्च मन्दिर भनेको कुन कुन देवताको हो ?' (पृ. ४५, यो पनि साहित्यिक यात्रा हो) भनी राखेको प्रश्नबाट नियात्राकार सांस्कृतिक पहिचानमा पनि रुचि राख्ने कुरा बुझिन्छ ।त्यहाँ उनले देवी, सूर्य, गणेश, विष्णु र शिवको मन्दिर देखी हामीले पुज्ने पञ्चायन देवताको पनि जानकारी हासिल गरेका छन् । नियात्राकार जुन ठाउँमा पुगे पनि संस्कृति तथा धार्मिक चर्चा गर्न चुकेका छैनन् । दक्षिणकाली मन्दिरको भ्रमण तथा उनको माताको मन्दिरको चर्चा पनि यसको उदाहरण हो । दार्जिलिङ भ्रमणबाट फर्कंदा मौलाकाली मन्दिरको दर्शन, गाउँसहरमा रहेको कालिका मन्दिरको दर्शन गरेको जस्ता सांस्कृतिक तथा धार्मिक चर्चा गरेका छन् ।

### ४.२.७.४ आहार विहार सम्बन्धी चर्चा

रविलाल अधिकारी आफू जहाँपुगेका छन् तत् स्थानको आहार विहार सम्बन्धी चर्चा पनि गरेका छन् । आफू पुगेको स्थानमा के कस्ता खानपिन भए, त्यहाँको चलन कस्तो रहेछ भन्ने पनि उल्लेख गरेका छन् । गोकुल जयन्ती मनाउन जाँदा तिर्खा लागेको सन्दर्भमा नियात्राकारका साथीले दही किनेर खाने इच्छा व्यक्त गर्दा गाउँ घरमा पाए त्यसै पाइन्छ नपाए पैसा तिरेर पनि नपाइने अर्का साथीको तर्कलाई पनि उनले गाउँ घरको संस्कार वा स्थान सम्मत तर्क मानी उल्लेख गरेका छन् । बेलुका बास बस्दा दूध दही, मही मनग्गे खान पाइएको चर्चा पनि गरेका छन् । बारा, कलैयाको साहित्यिक कार्यक्रममा जाँदा नास्ता दही च्युरा, दही पुरी, दही रोटी आदि तराईका खानपान खाएको चर्चा गरेका छन् । यात्राका सन्दर्भमा दिल्ली यात्रामा रहँदा नियात्राकार र उनका साथीहरूले जोप्रति खातिरदारी दर्शाउन मासु लिएर खुवाउन गए तर उनले नै मासु नखाने गरेको नमज्जाको प्रसङ्ग पनि उल्लेख गरेका छन् । हामी नेपालीहरू बेलुका खाना अघि अमृत पान गर्ने प्रसङ्ग उल्लेख गर्दै आफ्ना प्राध्यापक साथीहरूले पनि त्यसै गरेको चर्चा गरेका छन् । कलकत्ता यात्राका क्रममा रु. २८ मा माछा भात खाएको प्रसङ्ग पनि उल्लेख गरेका छन् । अस्ट्रेलिया भ्रमणका क्रममा खानपान सम्बन्धी चर्चा गर्ने क्रममा नियात्राकारले एउटा सिङ्गै शीर्षक दिएर चर्चा गरेका छन् । अस्ट्रेलियामा नेपालीहरूले के कस्ता खाना खाने गरेका छन्, उनी बस्दा के कस्ता खानेकुरा खाए भन्ने प्रसङ्ग पनि यसमा उल्लेख गरिएको छ । अस्ट्रेलियामा पनि नेपाली चलन अनुसार एकले अर्कालाई खाना खान डाक्ने

र खातिरदारी दर्शाउने चलन रहेछ । यसै सन्दर्भमा अस्ट्रेलयाका लागि नेपालका राजदूत रुद्रकुमार नेपालकहाँ खाना खान गएको प्रसङ्ग तथा डा. रमेश पौडेल कहाँ गई पोलेको मकै र पोलेकै मासु खाएको पनि भोज मानेका छन् । साथै उपसचिव राजेन्द्र पाण्डेकोमा गई खाना खाएको रमेश पौडेलकहाँ मःमः खान प्रतिस्पर्धा गरेको र माउन्ट एन्सलेमा गएर रमेश पौडेलको परिवार र नियात्राकारका छोरी जुवाइँका परिवारले आलु चप, चाउचाउ, गोलगप्पाको खानासँगै क्यानबेराको दृश्यपान गरेको सन्दर्भ उल्लेख गरेका छन् । प्रमोद अधिकारीका घरमा सेल रोटी, करेलाको अचार, आफ्नै बारीको काँक्रो खाएको प्रसङ्ग साथै रमेश पौडेलको परिवारसँग एडिसन पार्कमा पोलेको मासु, फर्सी, आलु, प्याज जस्ता खाना खाएको प्रसङ्ग नियात्राकारले गरेका छन् । पोलेको आलु त सधैं खाएको हो तर पोलेको फर्सी तथा प्याज चाहिँ नयाँ लागेको भन्ने सन्दर्भको समेत उल्लेख गरेका छन् । नियात्राकारले आफू जहाँ जाँदा पनि त्यहाँको चलन र स्थान विशेषका आहार विहारलाई प्राथमिकताका साथ चर्चा गरेका छन् । मानिसहरू आज भोजको खोजमा दगुरेका हुन्छन् भन्दै नियात्राकारले भोजहरूको भोज शीर्षक दिएर छुट्टै चर्चा गरेका छन् ।

### ४.२.७.५ राजनैतिक चर्चा

रविलाल अधिकारी प्राध्यापक हुन्, साहित्यकार हुन् । उनको जीवनीको चर्चाबाट यो कुरा छर्लङ्ग हुन्छ । तर पनि उनका नियात्राकृतिमा बेला बखत सन्दर्भ अनुसार उनले राजनैतिक चर्चा गरेका छन् । विश्वमा सन्दर्भमा पनि र नेपालका सन्दर्भमा पनि यो चर्चा उनका नियात्रा कृतिमा आएका छन । गोकुल जयन्ती मनाउन जाँदा नाउँडाँडामा रेडियो नेपालको आठ बजेको अङ्ग्रेजी भाषाको समाचारबाट भारतका भूपू प्रधानमन्त्री राजीव गान्धीको हत्या भएको समाचार सुन्छन् । यस्तो समाचार सुनेपछि उनी प्रतिक्रिया व्यक्त गर्दै ‘इन्दिरा गान्धी, राजीव गान्धी, अर्काद्वारा नै मारिएको र कालगतिले मर्न नपाएको कुरा सम्भँदा भारतमा ठूलो नेता हुनु नै दुर्भाग्यकै कुरो रहेछ भन्ने मलाई लाग्यो’ (पृ. ३, गोकुल जयन्ती मनाउन जाँदा) यसरी उनले भारतका नेता मारिएको समाचार उल्लेख गरेका छन् । प्रगतिशील लेखक सङ्घको सातौं सम्मेलन उद्घाटनका क्रममा कम्युनिष्ट नेताहरूका चर्का भाषण बाजीका सन्दर्भ र आफू उठे पनि विभिन्न तिकडमका कारण हार्नु परेको सन्दर्भ समेत उल्लेख गरेका छन् । काशी बनारसका सन्दर्भमा नियात्राकारले काशी ज्ञान, धर्म, संस्कृतिको मात्र उर्बरभूमि नभइकन नेपालको राजनैतिक पृष्ठभूमि पनि भएको

उल्लेख गरेका छन् । नेपाली काँग्रेसको गठन, राणा शासन अन्त्यको योजना पनि यहाँ बनारसमा नै बनाइएको हो भन्ने चर्चा गरेका छन् । पञ्चायती व्यवस्थाबाट वाक्क भई बनारसमा शरण लिएका कवि युद्धप्रसाद मिश्र तथा पुष्पलाल लगायतका कम्युनिष्ट नेताले पनि बनारसलाई नै आफ्नो आश्रय स्थल बनाए भन्ने चर्चा गरेका छन् । काशी तथा बनारस ज्ञान र संस्कृतिको उर्वर स्थान मात्र नभएर राजनीतिको पनि केन्द्र भएको उल्लेख गरेका छन् । प्रलेसको नवौं सम्मेलनमा जाँदा उद्घाटनका क्रममा कम्युनिष्ट नेताले एकले अर्कालाई गरेका गाली गलौजका कुरा तथा आफू एमालेका च्यानलबाट केन्द्रीय सदस्य भएको कुरा पनि उल्ले खगरेका छन् । अस्ट्रेलियामा राजदूतको घरमा कुराकानीका सन्दर्भमा नेपालका पार्टीहरूमा भएका युवाले नेतृत्व लिनुपर्ने जस्ता कुरा तथा नेपालमा गणतन्त्र आउनुमा माओवादीको भूमिका उल्लेख्य रहेको जस्ता राजनीतिक कुरा भएका उल्लेख गरेका छन् । नियात्राकार प्रगतिशील लेखक भएकाले राजनीतिक चासो र चर्चा हुनु स्वाभाविक नै हो । त्यसैले उनका नियात्रामा यी प्रसङ्गहरू आएका छन् ।

### ४.२.७.६ लोकगीतको चर्चाका दृष्टिले

रविलाल अधिकारी आफू जहाँ पुगे पनि नेपाली लोकगीतलाई भुल्दैनन् । आफू पुगेको स्थानमा त्यहाँको स्थान विशेष गरी गाइएको गीतलाई सम्झँदै उल्लेख गरेका छन् । बन्दीपुरे यात्रा शीर्षकको यात्रामा नियात्राकारले विभिन्न साहित्यकारले बन्दीपुरको सन्दर्भमा लेखेका गीतको उल्लेख गरेका छन् । राजा महेन्द्रले पहिलेका मोटर नपुगेको अवस्थामा पैदलै हिँडेर आइ 'बन्दीपुरे उकाली लामो मर्स्याङ्दी डुङ्गाले तरेर' भन्ने गीत लेख्नु भएको थियो । कवि क्षेत्रप्रताप अधिकारीले 'नेटो काटी गए झैँ लाग्छ पाइला भरि टेकिन्छ बन्दीपुर' भनेर गाउनुभयो । हाम्रा लोकगीतका भाकाहरूमा 'घर त बन्दीपुर, त्यो फूल टिपेर लाउँला भन्ने सुर', 'सुन साथी हो बन्दीपुर भनेको डुम्रे माथि हो' आदि भनेर बन्दीपुरको नाम गुन्जन्छ' (पृ. १६, घुमन्तेको सेरोफेरो) यसरी नियात्राकारले बन्दीपुरका सन्दर्भमा बनेका वा लेखिएका हाम्रा लोकगीतको चर्चा गरेका छन् । गाउँसहरमा लमजुङ दरबार शीर्षकको नियात्रामा नियात्राकारले गाउँसहर पुगेपछि गाउँसहरकै सन्दर्भमा बनेको गीतको थेगो गाएका छन् । 'मैले गाउँसहरमा लमजुङ दरबार हाम्रो दरबार भन्ने गीतको थेगो गाएँ । बुढियाले हाम्रो घरबार हुँदैन मेरो घरबार हुन्छ भनिन्' (पृ. २७, गाउँसहरमा लमजुङ दरबार) सिलिगुडीसम्मको साहित्यिक यात्रा शीर्षकको नियात्रामा बेलबारीमा भएको

साहित्यिक कार्यक्रममा त्यहाँका स्थानीय कलाकारले गाएको पुराना नेपाली लोकगीतको चर्चा गरेका छन् । कहिले त्यहाँका गायक संजीव धिमाल र गायिका सुनिता लिम्बूले गाउने गरेर बिचबिचमा सभालाई गुञ्जायमान गराउने कार्य जारी राखियो । रुबी जोशीले गाएको 'शीतलु माथि नि शीतल भयो नि लौलौ बरैका छाँयाले' भन्ने गीत संजीव धिमाले, तारादेवीले गाएको 'साँघुरी बारी नि हौ त्यो धारापानी गडतिरको हौ हजुर बालुवा ...' भन्ने गीत सुनिता लिम्बूले र 'पुष्प नेपाली र तारादेवीले गाएको घुमाइ र घुमाइ नि धुम बुन्ने दाजु लौ लौ लौ हजुर बुनिद्यौ छपनि' भन्ने गीत धिमाल र लिम्बूले संयुक्त गाउनु भयो' (पृ. ५२, घुमन्तेको सेरोफेरो) आफू विभिन्न स्थानमा साहित्यिक कार्यक्रममा जाँदा त्यहाँ गाइएका लोकगीतको चर्चा नियात्राकारले गरेका छन् । मिर्मी मुनि काली थुनेको शीर्षकको नियात्रामा नियात्राकारले "नेपाली लोकगीतको अन्त्यानुप्रास मिलाउनका लागि प्रयोग गरिने शब्दावलीले भौगोलिक परिवेश, संस्कृति, सामाजिक विकास र निर्माण तथा प्राकृतिक वातावरण आदिको पनि बोध गराउँछ भनेका छन् । आफूले प्रेम गर्न खोजेको मायालुले अर्कैसित माया लाउन थाली रे भन्ने सुन्दा नायकले कुरो साँचो हो वा होइन बुझ्नका लागि उही मायालुसँग अन्तै माया लाइछ्यौ रे मायाले साँचो हो कि हल्ला सुनेको भनेर प्रश्न सोध्छ । गीतमा प्रश्न सोध्दा मिठास भर्न गीतका अन्त्यको शब्द सुनेको सँग समता राख्ने थुनेको शब्द चयन गरियो र मिर्मी मुनि काली थुनेको भन्ने शब्दावली नेपाली लोकगीतमा घन्कन थाल्यो" (पृ. ११५, घुमन्तेको सेरोफेरो) । यसरी नियात्राकारले आफू पुगेको स्थानको सन्दर्भमा गाइएको वा बनाइएको नेपाली लोकगीतको चर्चा गरेका छन् ।

## ४.२.८ मानवतावादीका दृष्टिले

रविलाल अधिकारी प्रगतिशील लेखक हुन् । उनका सिर्जना तथा लेखन यिनै जनताका हकहित तथा उनीहरूको अधिकारतर्फ पनि चलेका छन् । उनी आफ्ना नियात्राका क्रममा ज्यामी, मजदुरलाई पनि माया गर्छन् । मानवता भन्ने कुरा मानवीय गुण नै हो । नियात्राकै सन्दर्भमा उनी लक्ष्मीप्रसाद देवकोटाको स्मृति सभामा भाग लिन जाँदा वीरगञ्जमा पोखराबाट गएको गाडीको कन्डक्टरलाई पिट्न खोज्दा जोगाएका छन् । 'वीरगञ्जबाट आएका एउटा केटाले आठ दशजना केटा लिएर आइ हामी पोखराबाट गएका बसका कन्डक्टरलाई बसबाट तानेर पिट्न खोज्यो । पिट्न खोज्नाको कारण सोध्दा

यसले मलाई पोखरामा पिट्यो भन्ने उसको भनाइ थियो, तैपनि सबैले रोकेर पिट्न दिइएन' (पृ. २१, ससुरालीदेखि स्मृति सभा सम्म) यसरी पिट्न खोजेको मान्छेलाई पिट्न नदिएको कुराले नियात्राकार मानवतावादी हुन् भन्ने स्पष्ट हुन्छ। प्रलेसको सातौँ सम्मेनलमा भाग लिन जाँदा क्यान्सर पीडित साहित्यकार जनकप्रसाद हुमागाइँलाई भेट्न जानु पनि मानवताकै उदाहरण हो। आफू जस्तै साहित्यकार, लेखक बिरामी हुँदा जानु, भेट्नु र सान्त्वना दिनु हाम्रो परम कर्तव्य नै हो तथा मानवताको एक उदाहरण पनि हो। बनारस जाँदा नियात्राकार भारतको बाटो गाडीमा यात्रा गर्दा लामो बाटोमा गाडी रोक्दा केही केही न केही किनेर खाने तर ड्राइभर र कन्डक्टरले केही नखाएको देखी उनीहरू प्रति सहानुभूति दर्शाएका छन्। 'बाटामा बस रोक्ता हामीहरू केही खोजेर खान्थ्यौं तर गोरखपुर पुग्नुभन्दा पहिले महाराजगंजका एक ठाउँमा केही जेरी पुरी खाने बाहेक उनीहरूले त्यति लामो बाटोमा सुर्ती र चुना मात्र खाए। सुर्ती र चुनाले उनीहरूको भोक मार्दो रहेछ' (पृ. ४३, फेरि बनारस जाँदा) 'एकदिन जाने यात्रीले दुःख सुख, भोक निद्रा, प्यास खपौला तर दैनिक रूपमा काम गर्ने ड्राइभर, कन्डक्टर यसरी भोकै हिँडेर कति साध्य हुन्छ ? भन्ने भावनाले मलाई सतायो र यिनीहरूले जागिरलाई खानु भन्दा जागिरले नै यिनीहरूलाई खाइदिन्छ' (पृ.४४, फेरि बनारस जाँदा)। यी भनाइले नियात्राकार मानवतावादी हुन् भन्ने मान्न सकिन्छ। कलकत्ताका यात्रामा जाँदा रक्सौलमा गाडीको टिकट लिइसकेपछि गाडी हिँड्ने समय नभएकाले नियात्राकार ड्राइभरसँग गफ गर्दै बस्छन्। ड्राइभरका दिनचर्याका सन्दर्भमा कुरा गर्दा बेलुका 'रक्सौलबाट पटना र बिहान पटनाबाट रक्सौल आउने गरेर उसको समय बित्तो रहेछ। यसरी मेसिन जस्तो भई रातदिन हिँड्दा बिचराले सुत्ने समय पनि पाउने रहेनछ। तपाइँ कति बेला सुत्नुहुन्छ त ? भन्ने प्रश्न गरेँ। यस्तै बेला म सुत्छु र अहिले एकघण्टा सुत्न लागेको थिएँ, तपाईले कुरा गरेर मेरो समय खाइदिनु भयो भन्ने जवाफ उसले फर्कायो। उसको मर्म बुझेर भो म समय खान्नँ भन्दै आफ्ना सिटमा गएर बसेँ, ड्राइभर पछाडिका सिटमा सुत्न गयो' (पृ. ७ कलकत्ताको रहर प्रतीक्षाको कहर) यसरी हेर्दा मजदुर वर्गको दिनचर्याका बारेमा सोधपुछ तथा ऊ प्रतिको सहानुभूति साथै उसको मर्मलाई आत्मसात् गर्नु नियात्राकारको मानवतावादी परिचय हो।

## ४.२.९ समीक्षक आग्रहका दृष्टिले

रविलाल अधिकारी नियात्राकार मात्र नभएर एक कुशल समालोचक पनि हुन् । थुप्रै समालोचना कृति प्रकाशित गरेका उनले प्रगतिवादी नेपाली समालोचनामा विद्यावारिधि पनि हासिल गरेका छन् । उनी आफू जहाँ गए पनि त्यहाँबाट प्रकाशित तथा आफूलाई प्राप्त साहित्यक पत्र, पत्रिका तथा कृतिको सरसर्ती व्याख्या वा टिप्पणी पनि गर्ने गर्छन् । कलैयाको साहित्यिक कार्यक्रममा वाचन गरिएको जुनु क्षेत्रीको गजल र शीतल गुरुङको गीत गाएको राम्रो थियो भन्दै प्रशंसा गरेका छन् । त्यहाँ अभिनन्दित स्रष्टाका विभिन्न साहित्यकारले परिचय गराएका पनि उल्लेख गरेका छन् । सिलिगुडीसम्मको साहित्यिक यात्राका सन्दर्भमा बेलबारीमा भएको साहित्यिक कार्यक्रममा वक्ताहरूले पुण्यप्रसाद सुवेदीको बारेमा बोल्दा तिथिमिति अलग अलग पारेर बोले पछि नियात्राकारले तिथिमिति सच्याउन सुझाव दिएको साथै धरानबाट प्रकाशित औजार पत्रिकामा पुण्यप्रसाद सुवेदीका बारेमा लेखिएको लेख पढेर आफूले जानकारी हासिल गरेको उल्लेख गरेका छन् । सहिद दशरथ चन्द स्मृति पुरस्कार गहण गर्न चितवन जाँदा नारायणघाट स्थित पुलचोक छोराको कोठामा हाम्रो सिर्जना पत्रिकाका चौधौ र पन्ध्रौं अङ्क पढेर नियात्राकारले सहिद दशरथ चन्दका बारेमा धेरै कुरा थाहा पाएको बताएका छन् । साथै सोही कार्यक्रममा आनन्ददेव भट्टको प्रश्नको उत्तरमा अब आफू नेपाली समालोचनाको पुस्तक तयार गर्ने योजनामा लागेको समेत उल्लेख गरेका छन् ।

अस्ट्रेलिया भ्रमणको क्रममा कोठामा उपलब्ध भएका नेपाली पत्रिकाको अध्ययन गर्दै नियात्राकारले समय कटाएको उल्लेख गरेका छन्। अस्ट्रेलियामा नेपाल न्यून अस्ट्रेलिया (मासिक), द नेपाली भिजन अस्ट्रेलिया (मासिक), द नेपाली टाइम्स अस्ट्रेलिया (मासिक) र अस्ट्रेलियाको नेपाली पत्र (पाक्षिक) जस्ता पत्रिका आफूले अध्ययन गरेको उल्लेख गरेका छन् । यी पत्रिकाहरूमा विविध विषयमा सम्बद्ध लेख, समाचारलाई प्रकाशित गर्ने गरिएको उल्लेख गरेका छन् । कुनैमा राजनीति विचार हावी छ भने कुनैमा आफ्ना विचारका पार्टीको गुणगान गाउन बढी महत्त्व दिइएको छ भन्ने उल्लेख गरेका छन् । विशेष गरेर ती पत्रिकामा नेपालकै प्रभाव परेको बताएका छन् । त्यति मात्र नभई अस्ट्रेलियामा विभिन्न क्षेत्रीय भावना तथा जातीय भावनाका आधारमा खोलिएका संगठनको पनि जानकारी दिएका छन् । ती संगठनले सबै नेपालीलाई हेर्ने भए त राम्रै भयो तर जातीयता र क्षेत्रीयतालाई मात्र हेर्ने हो भने यी सङ्गठन राम्रा हुँदैनन् भन्ने विचार व्यक्त

गरेका छन् । अस्ट्रेलियाका नेपाली पत्रपत्रिकामा प्रकाशित लेख रचना हेर्दा केही कविता र गजल बलजफ्ती पाना भर्ने उद्देश्य राखी लेखिएको जनाएका छन् । यी पत्रिकाहरूमा आर्थिक गतिविधिको जानकारी, लोककथा, बालकथा, विज्ञापन, राशिफल, सामान्य ज्ञान, शब्दार्थ ज्ञान, विचार स्तम्भ संस्मरण स्तम्भ जस्ता स्तम्भहरू राखी प्रकाशित गरिएको उल्लेख गरेका छन् । नेपालीहरू जहाँ पुगे पनि आफ्नो कला संस्कृति र भाषालाई मर्न दिएका रहेनछन् भन्दै युवाहरूको सक्रियतालाई नियात्राकारले धन्यवाद दिएका छन् । यसरी रविलाल अधिकारीले आफू पुगेको स्थानमा भएका कार्यक्रमको समीक्षा, पाएका पत्रपत्रिका तथा किताबका राम्रा नराम्रा पक्षको जानकारी दिने प्रयास गरेका छन् । यो उनको समालोचक व्यक्तित्वको परिचय पनि हो ।

## ४.२.१० इमानदार, स्पष्ट र सीधा वर्णनका दृष्टिले

रविलाल अधिकारीले यात्राका क्रममा पाएका दुःख, हैरानी, आनन्दको वर्णन गर्ने क्रममा कतै पनि तथ्यलाई तोडमोड गरेका छैनन् । एउटा इमानदार लेखकको परिचय पनि दिएका छन् । उनी जहाँ पुगेका छन् त्यहाँको वर्णन तथा देखेका कुरा स्पष्ट राखेका छन् । कलैयाको साहित्यिक कार्यक्रममा जाँदा सिम्रौनगढ भ्रमणका क्रममा पुजारीले टीका लगाइ दिन खोज्दा पुजारीलाई झपारेका डा. तारानाथ शर्माले एकैछिन पछि देवीको ध्यानमा मग्न भएको विपरीत प्रवृत्तिको पनि वर्णन गरेका छन् । ‘एकेडेमीका बगलमा रहेका गणेश मन्दिरमा टीको लगाइ दिन खोज्दा डा. तारानाथ शर्माले मलाई तँ टीको लगाइ दिन खोज्छस् भनेर पुजारीको सातो लिनुभएको थियो । तर आज उहाँ धेरै समयसम्म ध्यान मग्न भएको देख्दा हामी उहाँको विपरीत प्रवृत्तिबारे टीका टिप्पपणी गर्‍यौँ’ (पृ. २७, ससुरालीदेखि स्मृति सभासम्म) । यस्तै प्रलेसको सातौँ सम्मेलनमा आफू केन्द्रीय सदस्यमा उठेर पनि हार्नु परेको प्रसङ्ग उल्लेख गरेका छन् । प्रगतिशील लेखक सङ्घमा पनि पार्टीकै वर्चस्व रहेको र पार्टीको सिफारिस बिना उठ्न नपाइने थाहा नपाएका नियात्राकार उम्मेदवार उठेर पनि हार्न पुगे । ‘पार्टीका तर्फबाट प्रतिनिधित्व गराउने हिसाबले छलफल गरेर तय गरेको नाम लिष्ट भोट हुने बेला हात हातमा बाँडियो । लिष्टमा हाम्रा यस क्षेत्रका प्रतिनिधि पशुपतिनाथ तिमल्सेना पर्नु भएको रहेछ । आफू लिष्टमा रहेको कुरो डा. तिमल्सेनालाई र घनश्याम ढकाल दुवैलाई थाहा थियो, तर त्यो रहस्य हामीलाई खुलाउनु भएन । हामी अज्ञान मै रह्यौँ । नेकपा एमालेका तर्फबाट

पार्टीको सिफारिस डा. तिमल्सेनाले पाइसक्नु भएको रहेछ। रहस्य नबुझेर म उम्मेदवारको बागी बनेर उठेर पनि हार्नुपऱ्यो।' (पृ. ३७, सातौँ सम्मेलन देखि गाउँले मिलन सम्म) यसरी आफू पार्टीको सिफारिसमा नपरेको र उठेर पनि हार्नुपरेको प्रसङ्ग समेत नलुकाइ उल्लेख गरेका छन्। दार्जिलिङ यात्राबाट फर्कंदा नारायणगढमा एउटै होटलमा बस्न कोठा नपुगेपछि नियात्राकार र उनकी श्रीमतीलाई सँगै गएका साथीले आफन्तका होटलमा पुऱ्याउँछन् तर बिहान पैसा तिर्ने समयमा महङ्गो शुल्क सुन्दा आफ्नै साथीले फसाउनुभयो भन्ने तथ्य पनि उनले वर्णन गरेका छन्। पृथ्वीनारायण क्याम्पसका आफ्ना प्राध्यापक साथीहरूसँग भानु जन्मस्थलको भ्रमण जाँदा आफ्ना साथीहरूले कोदोको शुद्ध जल खाएको र आफूले पनि स्वादका निमित्त केही चाखेको प्रसङ्ग उल्लेख गरेका छन्। 'ओरालो झरेर भानुभक्तका पँधेरामा पानीले मुख धोई भानुभक्तकै घर भएका ठाउँमा आइ पुग्यौँ र तलको ठाँटीमा केहीबेर बस्यौँ। माथि कुखुराका मासुसित खाने भनिएको कोदोको पवित्र जल साथीहरूले त्यहीँ ल्याउनु भएको रहेछ। ठाँटीमा बस्ता चाउचाउका धुलासित सबैले खान लाग्नुभएको रहेछ। म पुगे पछि मलाई पनि मुखमा नहाली सुख दिनु भएन। एक बिर्को मुखमा हालेँ। कोदाको शुद्ध जलको स्वाद कस्तो हुँदो रहेछ त भनेर पछि मैले स्वादका निमित केही चाखेँ।' (पृ. ७६, घुमन्तेको सेरोफेरो) यसरी आफ्ना साथीहरू तथा आफूले कोदाको शुद्ध जल चाखेको कुरा पनि उनले स्पष्टसँग राखेका छन्। प्रगतिशील लेखक सङ्घको आफू गण्डकी अञ्चलको तयारी समितिको सदस्य भए पनि आफू केन्द्रीय सदस्य हुन नसकेको तीतो यथार्थ पनि लेखेका छन्। आफू चाकडी र चाप्लुसी गर्न नजान्ने भएकाले नै केन्द्रीय सदस्य हुन नसकेको यथार्थसँगै आफ्नो इमानदारीको पनि चर्चा गरेका छन्। 'एमाले इतर घटक बनेर जसरी पनि माथिल्लो माथिल्लो पद लिन रहर गर्ने र सफल हुने आफू भने एमालेको भनेर अरू घटकबाट नछोइने, पहिले पार्टीमा प्रतिबद्ध भए पनि अहिले प्रतिबद्ध छैन भनेर एमालेका नेताबाट पनि तान्न योग्य नहोइने आफ्नो स्थिति धोवीको कुत्ता घर न घाटको भयो' (पृ. ९०, घुमन्तेको सेरोफेरो) यसरी रविलाल अधिकारीले यात्राका क्रममा देखेको कुरा, भोगेका दुःख तथा सुखका कुरा सीधा र इमानदारशैलीमा प्रस्तुत गरेका छन्। यसैले गर्दा उनी सीधा, स्पष्ट र इमानदार नियात्राकारका रूपमा देखिन्छन्।

## ४.२.११ भाषाशैली प्रयोगका दृष्टिले

भाषा एक माध्यम हो । जो एक अर्काका पीर, भावना, खुसी साट्न बोलीका माध्यमद्वारा प्रयोग गरिन्छ । नियात्रा पनि एक यस्तै कृति हो जहाँ शब्दद्वारा लेखेर घटित घटनाको जानकारी गराइन्छ । रविलाल अधिकारीका नियात्रा कृतिको अध्ययन गर्दा भाषाशैली प्रयोगको विविध रूप भेट्न सकिन्छ । तिनीहरूको चर्चा तल प्रस्तुत गरिन्छ ।

### ४.२.११.१ सरल र बोधगम्य भाषा

रविलाल अधिकारीका नियात्रा पढ्दा भाषिक व्यवधान कतै देखिँदैन । अत्यन्त सरल र बोधगम्य भाषाले सबैलाई तान्न सक्छ । कृतिको महत्त्व भनेकै भाषा हो, सबैले बुझे पो त्यसको महत्त्व थाहा हुन्छ । यस्तै मान्यताका आधारमा नियात्राकारले सरल र बोधगम्य भाषाको प्रयोग गरेका छन् । यी तीनवटै कृतिमा कतै पनि लामा वाक्यको प्रयोग गरिएको छैन, सरल र संयुक्त वाक्यको प्रयोग गरी भाषालाई बोधगम्य बनाइएको छ ।

विशेषतः बोली चालीकै भाषा प्रयोग गरी चलनचल्तीमा रहेका शब्दको प्रयोगले गर्दा उनका यी कृतिहरू बोध गम्य भएका छन् । नियात्राकारको भाषा कृत्रिम र पाण्डित्यपूर्ण नभएर सबै खाले पाठकले बुझ्न सक्ने खालको सरल रहेको छ । वाक्य गठन तथा यात्रा वर्णनको प्रसङ्गमा शृङ्खलाबद्धता र क्रमबद्धता रहेको छ । तत्सम र तद्भव शब्दको प्रयोग पनि प्रशस्त मात्रामा गरिएको छ ।

### ४.२.११.२ उखान टुक्काको प्रयोग

उखान, टुक्का हाम्रा मौलिक सम्पत्ति हुन् । लोक जीवनमा भिजेका, लोकजीवनका अनुभवलाई समेट्ने यस्ता उखान र टुक्काले कृतिमा अचारको काम गरेका छन् । रविलाल अधिकारीले आफ्ना नियात्रा कृतिमा यिनै उखान र टुक्काको प्रशस्तै प्रयोग गरेका छन्, जसले कृतिको भाषिक मिठासलाई अझै उत्कृष्ट बनाएका छन् । धेरै कुरा भन्नलाई व्याख्या धेरै गर्नुपर्ने ठाउँमा एउटै उखानले प्रष्ट पारिदिन्छ । नियात्राकारले विविध सन्दर्भमा यस्ता उखान, टुक्काको प्रयोग गरेका छन् । जसलाई कृतिगत आधारमा हेर्न सकिन्छ :

**फेरि बनारस जाँदा र अन्य नियात्राहरू**

- बाह्र वर्षमा पोइ आएको, म राँडलाई ज्वरो आएको (पृ. ६)
- धान खाने मुसो चोट पाउने भ्यागुतो (पृ. ४२)
- बाखाले बिराउँछ भेडाको कान काट्ने (पृ. ४२)

- हेरेर मर्न भन्दा छेरेर मर्न बेस (पृ.५६)
- जानेका सिलोक घोक्नु छ, मासु भात ठोक्नु छ (पृ. ७०)
- हाँसको चाल न बकुल्लाको चाल (पृ. ७१)
- दन्त मिले तिरिन काटिन्छ (पृ. ७२)
- म गर्छु आग्राका कुरा सम्धी गर्छन् गाग्राका कुरा (पृ. ८४)
- खोदा पहाड, निकला चूहा (पृ. ९३) हिन्दी आदि ।

**घुमन्तेको सेरोफेरो**

- बाहिर नैना सुतभित्र भैँमा सुत (पृ. ६)
- सरात भन्दा सिधा पुऱ्याउन गाहारो (पृ. ११)
- आफ्नो कर मुन्टाको भर (पृ. १८)
- नेवार इष्ट हुँदैन, बाबु दुष्ट हुँदैन (पृ. ४२)
- बाह्र वर्ष ढुङ्ग्रामा राखे पनि कुकुरको पुच्छर बाङ्गाको बाङ्गै हुन्छ (पृ. ५९)
- धोबीको कुत्ता घर न घाटको (पृ. ९०)
- माछो माछो भ्यागुतो (पृ. ९१)

**अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ**

- देश गुनाको भेष (पृ. २७)
- खाए खा नखाए घिच (पृ. ५७)

यसरी यस्ता विभिन्न उखान र टुक्काले भाषिक मिठास बढाएको छ ।

### ४.२.११.३ आगन्तुक भाषाको प्रयोग

रविलाल अधिकारीले आफ्ना नियात्रा कृतिमा अङ्ग्रेजी शब्दको सिधै नेपालीमा लेखेका छन् । नियात्राभित्र यस्ता प्रकारका शब्दको प्रयोग थुप्रै स्थानमा रहेका छन् । जसलाई कृतिगत आधारमा हेर्न सकिन्छ :

**फेरि बनारस जाँदा र अन्य नियात्राहरू**

चानस (पृ. २१), गाइड (पृ. २५), लिस्ट (पृ. ३७), आर्ट फ्याकल्टी (पृ. ५२), कम्पाउण्ड (पृ. ४२), व्यान्डिङ (पृ. ५३), डिस्कस (पृ. ७९), रोटेशन (पृ. ९६) आदि ।

**घुमन्तेको सेरोफेरो**

क्यु (पृ. २), प्रोफेसर, भी.आइ.पी. (पृ. ३), ग्यारेन्टी, प्राइभेट (पृ. ७), वैटिङ (पृ. ९), इन्डियन टायम (पृ. १०), पर्मिशन (पृ. १२), एटेन्शन पोजिसन (पृ. १५), आइटम (पृ. २०), फाउण्डर (पृ. ३३), लास्ट (पृ. ३४), क्वालिटि (पृ. ३६), आइडिया (पृ. ३९), एडजेष्ट (पृ. ४२), प्राक्टिकल (पृ. ५९) आदि ।

**अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ**

भेजिटेरियन, ननभेजिटेरियन (पृ. ४), एरिया (पृ. ११), आर्टिकल (पृ. २३) काउन्ट ( पृ. ३५) ... आदि ।

यसरी नियात्राकारले अङ्ग्रेजी शब्दको सिधै नेपालीमा प्रयोग गरी लेखेका छन् । जसलाई आगन्तुक भाषा भनिन्छ । विभिन्न यात्राका सन्दर्भमा यस्ता शब्दहरू प्रशस्त मात्रामा प्रयोग गरिएको छ ।

### ४.२.११.४ कवितांशको प्रयोग

रविलाल अधिकारीले विभिन्न स्थानको भ्रमण गर्दा तत् स्थानको वर्णनमा सान्दर्भिकता ल्याउन कवितांशको प्रयोग गरेका छन् । आफ्ना भनाइलाई थप प्रष्ट पार्न पनि यस्ता कवितांशले मद्दत गरेका छन् । यी नियात्रा कृतिभरि यस्ता थुप्रै कवितांशको प्रयोग गरिएको छ । ती कवितांशले नियात्राकारले भन्न खोजेका कुरालाई थप बल पुऱ्याएका छन् । तल केही अंश प्रस्तुत छ :

नियात्राकार गोकुल जयन्ती मनाउन जाँदा एउटै होटलमा पाँचसय जनालाई पुग्ने खाना नभएपछि त्यहाँको स्थिति वर्णन गर्न प्रयोग गरेको कवितांश :

क) तर खेद छैन तिम्रै आकृति
लेखिएको छ यो हृदयभरि (पृ.९, गोकुल जयन्ती मनाउन जाँदा)
सल्यानको हटिया बडो छ घटिया देख्नलाई राम्रो असल ।

खोज्दा मेल्दा पनि केही नमिल्ने के गर्नु रित्तो पसल (पृ. ३ गोकुल जयन्ती मनाउन जाँदा)

ख) जनकवि गोकुलको गाउँको चित्र मनमा नै रहेको छ भन्ने सन्दर्भ बुझाउन प्रयोग गरिएको पङ्क्ति :

ग) जगन्नाथ गुरागाईंको सन्दर्भ बताउने क्रममा उनको जनताप्रति कविता

हे नेपाली समाजका सुजन हो ! माता पिता मित्र हो !
यौटा विन्ति बिसाउँछु हजुरका साम्ने परी आज यो
आफ्नो जाति र जन्म, कीर्ति कुलका उद्धार खातिर
मेरो विन्ति सुनी दिनोस् प्रभुको राखेर चित्त स्थिर
(पृ. ५७, फेरि बनारस जाँदा)

घ) उनै गुरागाईँको गुणरत्न मालाको चार पङ्क्ति :

ऐले जो घरबारि खेत धन छन् जो गाई वा भैँसी छन्
सारा नश्वर छन् शरीरसहितै आखिरमा छुट्तछन्
यस्ता यै धनबाट क्यै अलि अली काशीपुरीमा लगी
छात्रावास बनाउँ धन पछि लाग्ने छ हाम्रा अघि ।
(पृ. ५८, फेरि बनारस जाँदा)

ङ) विद्याधर्म प्रचारिणी समितिलाई चिनाउने सन्दर्भमा नीलहरि शर्मा ढकालले लेखेका पद्य

विद्याधर्म प्रचारिणी समिति हुँ नेपालकी नै धन
मेरा उन्नतिमा सदैव सबले राखून् उज्यालो मन ।
(पृ. ५९, फेरि बनारस जाँदा)

च) काशीमा तीर्थ, धर्म गर्न जाने सन्दर्भमा लेखनाथको चार पङ्क्ति नियात्राकारले परत्रमा मुक्ति मिल्छ कि मिल्दैन भन्दै लेखेका छन् :

परत्र यस्तो छ यसो गर्‍यो भने
यसो यसो हुन्छ भनेर देखने
नआउने कोही पनि यहाँ किन,
तँलाई मालुम् छ कि यो कुरा मन
(मेरा निम्ति काशी जाने भूमि हो, पृ. ६७)

यस्ता थुप्रै कविताांशको प्रयोगले नियात्राकृति अझ उत्कृष्ट बनेको छ। नियात्राकारले विविध स्थानको सन्दर्भ महत्त्व दर्शाउन तथा अझ प्रष्ट पार्न यस्ता कविताांशको प्रयोग प्रशस्तै गरेका छन्। उनका यी तीनवटै नियात्रा कृतिमा यस्ता कविताांशको प्रयोग प्रशस्तै भेटिन्छ।

### ४.२.११.५ संस्कृत सुक्तिको प्रयोग

नियात्राकार अधिकारीले भनाइलाई वा यात्रा वर्णनलाई अझै राम्रो बनाउन संस्कृत सुक्तिको प्रयोग गरेका छन्। जसले गर्दा यात्रा वर्णन अझै उत्कृष्ट बन्न गएको देखिन्छ। जस्तैः

क) बनारसको स्थितिको वर्णन गर्न काशीराज सुवेदीले भवभूतिको उत्तररामचरितको पद्यको उल्लेख गरको छन् :

पुरा यत्र स्रोतः पुलिनमधुना तत्र सरिता
विर्पासं यातो घनविरलभाव क्षितिरुहाम्।
बहोर्दृष्ट कालादपरमिव मन्ये वनमिदम्
निवेशः शैलानांतदिदिमिति बुद्धिं दृढयति (पृ. ४८, फेरि बनारस जाँदा)

ख) परिवर्तन निष्ठुर छ, भन्ने भाव जनाउन सुमित्रानन्दन पन्तको निष्ठुर परिवर्तन भन्ने कविताांश उद्धत गरेका छन् :

अहे दुर्जेय विश्वजित्
तुम नृशंस नृपसे जगती पर चढ अनियन्त्रित (पृ. ४९, फेरि बनारस जाँदा)

ग) आफ्नो महत्त्व बनाउन खोज्नेले जन्मभूमिको वात्सल्य त्याग्नुपर्छ भन्ने सन्दर्भमा लेखेका छन् :

आलस्य, स्त्रीसेवा, सरोगता, जन्मभूमिवात्सल्यम्
सन्तोषो, भीरत्वं, षड्व्याघाता महत्त्वस्य
(पृ. ७४, आफ्नै गाउँ, आफैँ पाहुना)

घ) बनियाँ व्यापारीको स्वभाव चर्चा गर्ने सन्दर्भमा नियात्राकारले उल्लेख गरेका छन् :

आदौ नम्रः पुनर्वक्रः कार्यकाले च निष्ठुर :
कार्यान्ते च पुनर्नम्र : शिश्नतुल्यो वणिग्जनः
(पृ. ४२, दार्जिलिङदेखि देउघाटसम्म)

ङ)	खाना खाने सन्दर्भमा वा भोजको सन्दर्भमा नियात्राकारले मुखमा माड दलिदिएपछि मृदङ्गले पनि मधुरो ध्वनि निकाल्छ भनेर संस्कृतको पद्य लेखेका छन् :

को न याति वशं लोके मुखे पिण्डेन पूरितः

मृदङ्गो मुख लेपेन करोति मधुर ध्वनिम्

(पृ. २६, भोजहरूको भोज)

यसरी नियात्राकारले यात्रा वर्णनका प्रसङ्ग बुझाउन, भनाइलाई थप स्पष्ट पार्न यस्ता संस्कृतका सुक्ति वा पद्यको उल्लेख गरेका छन् । जसले गर्दा नियात्रामा गद्यका सँगै पद्य समेत मिसिन पाएको छ ।

### ४.२.११.६ आञ्चलिक तथा झर्रा शब्दको प्रयोग

रविलाल अधिकारीका नियात्राको भाषा सरल तथा बोधगम्य छ । नियात्रामा उनले आफ्नै बोली चालीका भाषा तथा झर्रा शब्दको पनि प्रयोग गरेका छन् । जसले गर्दा उनका नियात्रामा आञ्चलिक भाषाको थोरै थोरै प्रभाव देख्न सकिन्छ : जस्तै :

फेरि बनारस जाँदा र अन्य नियात्राहरू :

तर्पाएँ-तर्पाएँ (पृ. ५), येनकेन (पृ. ४२), तेछ्र्यायो (पृ. ४२), ऐरेखैरे (पृ. ४२), अक्कर (पृ. ४३), समय बियाँल्न (पृ. ५५), गाहके (प. ५६), आउरे बाउरेहरू (पृ. ६७), डिंगाडाङ्गर (पृ. ६९), कैंडा लाग्नु (पृ. ७४), डल्लिएँ (पृ. ७४), दुख्याहा (पृ. ७५), गिरेछ (पृ. ७९), ह्वाङ्गै (पृ. ७९), पर्गेलेर (पृ. ९३) ।

### घुमन्तेको सेरोफेरो

फुस्ल्याइ राखेँ (पृ. १), बितारा पार्ने (पृ. ७), मिल्किन (पृ. १५), कुल्चाइ (पृ. १५), चक्कराइ दियो (पृ. १७), गोदेछ (पृ. १८), पलापिँदै (पृ. २१), मस्तसँग (पृ. २५), निहारेर (पृ. ३५), चेताएर (पृ. ३५), आजमाउनु (पृ. ३९), झाँटेको (पृ. ३९), फाल्टु (पृ. ४६), फुतफुतु (पृ. ४७), लुड्याउँदै (पृ. ७१), मच्छड (पृ. ६३), लिती कस्नु (पृ. ७१), बुकाउन (पृ. ७४), बाउँठिन (पृ. ७७), खर्म्याएर (पृ. ७९), थेचार्दा (पृ. ८५), हिरिक्क (पृ. ९०), तुर्क्याउनु (पृ. १०१), खोजखन्तर (पृ. १०३), ठिगुँराए (पृ. ११५) ।

नियात्राकारले यात्रा वर्णन गर्दा यी र यस्ता प्रकारका शब्दको प्रयोग गरेका छन् जसले गर्दा भाषाको स्तर पनि सरल र बोधगम्य बन्न पुगेको छ। नियात्राकारले यस्ता प्रकारका शब्द थुप्रै स्थानमा वर्णनका क्रममा गरेका छन् ।

### ४.२.११.७ बिम्ब र प्रतीकको प्रयोग

रविलाल अधिकारीले आफ्ना नियात्रामा विभिन्न प्रसङ्गलाई बुझाउन, तुलना गर्नका लागि बिम्ब वा प्रतीकको प्रयोग गरेका छन् । बिम्ब र प्रतीकको प्रयोगले भाषाको ओज निकै बढाएको पाइन्छ। सिधै भन्नु पर्नेमा यस्ता बिम्बको प्रयोगले भाषाको सुन्दरतालाई बढाएको पाइन्छ । जस्तैः

दमको रोगीलाई सगरमाथा (पृ. ९२, घुमन्तेको सेरोफेरो)

गर्मीले आगो बल्नु (पृ. ५९, घुमन्तेको सेरोफेरो)

चौरको तल दक्षिण पट्टि कोतमा हाइ स्कुलको भवन आफ्नै बुढ्यौली देखाइरेको रहेछ (पृ. ५, फेरि बनारस जाँदा र अन्य नियात्राहरू)

.... र २०४६ सालको जनआन्दोलन उसका निमित्त सुँगुरको सगर थियो । (पृ. १२, फेरि बनारस जाँदा र अन्य नियात्राहरू)

..... यिनीहरूले जागिरलाई खानुभन्दा जागिरले नै यिनीहरूलाई खाई खाइदिन्छ । ( पृ. ४४, फेरि बनारस जाँदा र अन्य नियात्राहरू)

यसरी यी र यस्ता विभिन्न बिम्ब र प्रतीकको प्रयोगले गर्दा भाषिक मिठासका साथै भाषिक ओजसमेत थपेको छ ।

## ४.२.१२ तस्वीर तथा चित्रको प्रयोग

रविलाल अधिकारीले आफ्नो नियात्रा कृतिमा आफू पुगेको स्थानको तस्वीरको प्रयोग गरेका छन् । उनका तीन नियात्रा कृति मध्ये अस्ट्रेलिया छोटो बसाइ : थोरै हेराइमा मात्र तस्वीर तथा चित्रको प्रयोग गरेका छन् । जसबाट पाठकले समेत तत्स्थानको वर्णनको साथमा चित्र समेत देख्न पाएका छन् ।

- पोखरादेखि क्यान्बेरासम्म शीर्षकको नियात्राको अन्त्यमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थ्लको चित्र राखिएको छ (पृ. ७) ।
- क्यान्बेरा आइपुगेपछिको अन्त्यमा टेलेस्ट्रा टावरको चित्र राखिएको छ (पृ. १२) ।

- अस्ट्रेलिया छोटो चिनारीमा क्यान्बेरा स्थित पार्लियामेन्ट हाउसको चित्र राखिएको छ (पृ. १८) ।
- अस्ट्रेलियाको नेपाली साहित्य र पत्रपत्रिकाको अन्त्यमा अस्ट्रेलियाको राष्ट्रिय जनावर कंगारुको चित्र राखिएको छ (पृ. २५) ।
- भोजहरूको भोज नियात्रामा अन्त्यमा एडिसन पार्कमा भोजमा जाँदाको पारिवारिक चित्र राखिएको छ (पृ. ३४) ।
- सिड्नी यात्रा नियात्राको अन्त्यमा अपेरा हाउस समेत खिचिएको सिड्नीको पुलको चित्र राखिएको छ (पृ. ४४) ।
- बाइ बाइ अस्ट्रेलिया शीर्षकको नियात्राको अन्त्यमा अस्ट्रेलियाको राष्ट्रिय पक्षी इमुको चित्र राखिएको छ (पृ. ४८) ।

नियात्राको अन्त्यमा विभिन्न पारिवारिक तथा घुमेका दर्शनीय स्थलको चित्र समावेश गरिएको छ ती क्रमैसँग तल प्रस्तुत छ :

- लेखक र श्रीमतीको, छोरी प्रमिता र ज्वाइँ नवीन पौडेल, नातिनी प्रणवी र नाति प्रकर्ष
- आमा र छोरी ज्वाइँ, नाति नातिनी
- घरपति क्यारमेला, रमेश पौडेल र लेखकको परिवार
- प्रमोद अधिकारी, राजदूत तथा लेखक परिवार
- सिड्नी स्थित पानी जहाजको बगलमा लेखकको चित्र
- रमेश पौडेल तथा लेखक र अरू ओपेरा हाउस अघि
- लेखक, रमेश पौडेल र अरू हरबर ब्रिज अघि
- रेडहिलको आकार सहित पार्लियामेन्ट हाउस
- अस्ट्रेलियाको नक्सा
- टेलेस्ट्रा टावर
- अपेरा हाउस बाट देखिने बजार
- सिड्नीको कैदी थुन्ने घर
- अस्ट्रेलियाको म्युजियमभित्रको आदिवासीको आकृति

- क्याप्टेन कुक मेमोरीमा सम्झनादेवी अधिकारी
- लेखककी श्रीमती र घरबेटी
- अस्ट्रेलियाको राष्ट्रिय झण्डा
- गोलवर्नमा रहेको विशाल भेडाको आकृति
- अस्ट्रेलियाको नेशनल म्युजियम
- क्यान्बेराको वार मेमोरियल

यसरी रविलाल अधिकारीले यात्राका क्रममा देखेका स्थानको वर्णनका साथै सन्दर्भ सुहाउँदो चित्रसमेत प्रयोग गरेका छन् । जसले गर्दा पाठकलाई पनि तत्स्थानमै पुगेको जस्तो स्मृति हुन जान्छ र तत्स्थान सम्बन्धी जानकारी पनि हासिल हुन्छ ।

## ४.३ नियात्रा विधाका तत्त्वगत आधारमा नियात्रा कृतिको विश्लेषण

यसभन्दा अघिका शीर्षकहरूमा अधिकारीका नियात्राको वैशिष्ट्यगत आधारमा कृतिको अध्ययन तथा विश्लेषण गरिएको छ। यस शीर्षकमा अधिकारीका तीनवटा नियात्रा कृतिहरू 'फेरि बनारस जाँदा र अन्य नियात्राहरू' घुमन्तेको सेरोफेरो र अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ' लाई समग्र रूपमा विधागत तत्त्वका आधारमा विश्लेषण गरिएको छ । उनका नियात्रा कृतिहरू नियात्राका विधागत तत्त्वका आधारमा के कस्ता छन् त भन्ने जान्नका लागि तीनवटै कृतिमा समग्र रूपमा विश्लेषण गरिएको छ ।

### १. गतिशीलता

नियात्राकार अधिकारीका समग्र तीन वटा कृतिको नियात्रा लेखनलाई विश्लेषण गर्दा सबैमा गतिशीलता देखिन्छ । फेरि बनारस जाँदा र अन्य नियात्राहरू कृतिको विश्लेषण गर्दा यसमा समावेश सबै नियात्रा लेखमा गतिशीलता देखिन्छ । नियात्राको केन्द्रीय पात्र तथा नियात्राकार पोखराबाट गोकुलको गाउँ राइपुर गएका छन्, साहित्यिक कार्यक्रममा दाङ पुगेका छन्, स्मृति सभामा कलैया पुगेका छन् भने विभिन्न काम विशेषले बनारस, सातौँ सम्मेलनका लागि काठमाडौँ, आफ्नै गाउँ गोर्जे, दिल्ली, पटना, गोरखपुर, भैरहवा तथा अस्ट्रेलियाको भ्रमण, कलकत्ताको भ्रमण आदि नियात्राहरूमा गतिशीलता देखिन्छ । नियात्राकार पोखराबाट दार्जिलिङको भ्रमणमा गएका छन्, मिर्मीको काली गण्डकीको बाँध हेर्न गएका छन्, धादिङ बेसी गएका छन् । यी समग्र कृतिको अध्ययन

गर्दा उनका नियात्रामा प्रशस्त गतिशीलता देखिन्छ। त्यसैले गतिशीलता नियात्राको एक प्रमुख तत्त्वका रूपमा रहेको देखिन्छ।

**२. स्थानीयता**

स्थानीयता नियात्राको एक प्रमुख तत्त्व हो। जुन स्थानको भ्रमण गरिएको हुन्छ, त्यहाँको परिवेश तथा त्यहाँ आउने प्राकृतिक भौगोलिक, सामाजिक, भाषिक, सांस्कृतिक विशेषताहरूले नियात्रामा स्थान लिएको हुन्छ। यसरी हेर्दा अधिकारीका नियात्रामा प्रशस्त रूपमा स्थानीयता आएको पाइन्छ। दाङ, कलैया, कलकत्ता, बनारस, अस्ट्रेलिया आदिको भ्रमण गर्दा त्यहाँको प्राकृतिक सुन्दरता, संस्कृति, भाषा, खानपान, रहनसहन आदिको पर्याप्त चर्चा गरेका छन्। तराईका खानपान जेरी, पुरी, दही, त्यहाँको वातावरण, भाषा आदिको प्रशस्त वर्णन गरिएको छ। गाउँसहरमा अवस्थित कालीका मन्दिर, दमौलीको व्यास गुफा नजिकको मन्दिर तथा देवी देवताको जानकारी, दार्जिलिङबाट देखिएको सूर्योदय दृश्यको वर्णन तथा गोकुल जयन्ती मनाउन जाँदा त्यहाँको दृश्य तथा त्यहाँका बासिन्दाले देखाएको सत्कार आदि। यी सबै स्थानीयताका पक्ष हुन्। यसरी हेर्दा रविलाल अधिकारीका नियात्रामा स्थानीयता आएको पाइन्छ।

**३. निजात्मकता/स्वच्छन्दता**

निजात्मकता नियात्राको एक अपरिहार्य तत्त्व हो। नियात्राकारले भ्रमण गर्दा उनले भ्रमण गरेको स्थानको वर्णन एवम् उनको भ्रमण अनुभव नितान्त निजात्मक रहेका छन्। उनले भ्रमण गर्दा आफूले देखेका वा भोगेका कुरालाई अत्यन्त स्वच्छन्द पूर्वक उल्लेख गरेका छन्। नियात्राकारले आफूले भ्रमण गर्दाका बखतका घटना प्रसङ्गलाई कुनै तोडमोड नगरी प्रस्तुत गरेका छन्। कलकत्ताको भ्रमण गर्दा त्यहाँ देखिएका दर्शनीय स्थल, फर्कँदाको रेलको कष्टमय यात्रा, अस्ट्रेलियाको भ्रमण गर्दा एन्सले हिलबाट देखिएका दृश्यको वर्णन, प्रलेसको सातौँ सम्मेलनमा आफूले केन्द्रीय सदस्यमा हार्नु पर्दाको पीडा, मनकामना दर्शनमा जाँदा चारघण्टा लाइनमा बस्दाको दुःख आदिको वर्णन गर्दा स्वच्छन्द रूपमा गरिएको छ। यसमा नियात्राकारको निजात्मकता देखिएको छ।

**४. चिन्तनशीलता/रोचकता/रसात्मकता**

नियात्राकार अधिकारीका नियात्रामा प्रचुर मात्रामा चिन्तनशीलता देखिन्छ। नियात्राकार भ्रमण गर्दा तत्स्थानका बारेमा तथा आफ्नो संस्मरणमा आएका कुरालाई

उनले प्रस्तुत गरेका छन् । बनारसको यात्रा गर्दा आफ्नी आमाले चिसो पानीले गङ्गामा स्नान गर्दा बिरामी परेको सन्दर्भ उल्लेख गरेका छन् । कलकत्ता यात्रामा जाँदा ड्राइभरको दिनचर्याका कुरा गर्दा उसप्रति सहानुभूति प्रकट तथा चिन्ता समेत प्रकट गरेका छन् । नियात्राकारले वर्णन गर्दा रसात्मक भाषा तथा रागात्मक भाषाको प्रयोग गरेका छन् । राइपुरको स्कुलको वर्णन गर्दा पुरानो स्कुलले बुढ्यौली देखाएको, खँजाहाले २०४६ सालको आन्दोलनमा परी खुट्टा भाँच्नुलाई 'सुँगुरको सगर' भनी उल्लेख गर्नु, दार्जिलिङ जाँदा सूर्योदयको दृश्यको वर्णनमा समेत रागात्मक तथा रसात्मकताको प्रयोग देखिन्छ । उनले आफ्ना नियात्रामा रोचक वर्णन समेत गरेका छन् । विभिन्न ऐतिहासिक स्थानको भ्रमणका सन्दर्भ तथा साथीहरूले आफूलाई उपहास गरेको, अस्ट्रेलियामा मःम खाने प्रतियोगिता आदि रोचकताले उनका नियात्रा भरिएका छन् ।

## ५. आत्मीयता/अनुभूतिमयता

सिर्जनशील यात्रीले यात्राका क्रममा अनेक वन, खोला नाला, फाँट, बगर, गाउँघर आदिका स्थानहरूमा आत्मीय सम्बन्ध स्थापित गरेको हुन्छ। ती अपरिचितहरू पनि उसका लागि आफन्त जस्तो लाग्ने हुन्छ । नियात्राकार अधिकारीका नियात्रामा यस्ता तत्त्व विभिन्न स्थानमा आएका छन् । नियात्राकार बनारस जाँदा त्यहाँका गल्ली, चोक, विश्व विद्यालयको वर्णन, आफ्नो गाउँ निकै वर्ष पछि जाँदा त्यहाँको वनजङ्गल, खेत, बारी, धारो, कुवा आत्मीय लागेका हुन्, गोकुलको गाउँ जाँदा त्यहाँको स्थानीय परिवेशको चित्र आफ्नो मनमा रहेको भनी उल्लेख गरेका छन् । यसरी हेर्दा विभिन्न स्थानको वर्णन गर्दा उनले त्यस स्थानप्रति आफ्नो आत्मीयता वा अनुभूतिलाई प्रस्तुत गरेका छन् । अस्ट्रेलियालाई बाइबाइ भनी बिदा गर्दा आदि सन्दर्भमा आत्मीयता प्रस्तुत भएको पाइन्छ ।

## ६. कल्पनाप्रवणता

नियात्रामा कल्पनाप्रवणताको प्रमुख स्थान रहन्छ। यात्राका क्रममा यात्रीले कल्पनाप्रवणताले तत्क्षणिकतामा विगतलाई आगत र अनागतमा समेत ल्याएका र अनागतलाई आगत र विगतमा समेत पुऱ्याएर समन्वित तुल्याउँछ । यी नियात्रा कृतिभित्र त्यस्तै प्रकारका वर्णन तथा घटना समावेश भएको पाइन्छ। नियात्राकारका बनारस कालीन बसाइ तथा त्यहाँको विगतलाई उनी पछि बनारस जाँदा ताजा स्मरण गराएका छन् । जनकप्रसाद हुमागाईंलाई भेट्न जाँदा उनीसँग पोखरा घुम्दाका यादहरूलाई

पुनर्जीवित गराएका छन् । आफू जन्मेको स्थानमा जाँदा आफूले भोगेको विगतलाई सम्झेका छन् । अस्ट्रेलियालाई बिदा गर्दाका नियात्रामा पनि त्यस्तै आफ्नै विगतप्रति स्मरण गरेका छन् । यसरी हेर्दा नियात्राकारका नियात्रामा प्रशस्त मात्रामा कल्पनाप्रवणताको प्रयोग भएको पाइन्छ ।

## ७. कौतुहलता

यात्राकारले यात्रा गर्नुपूर्व यात्राप्रति कौतुहल उत्पन्न भएको हुन्छ । त्यहाँको भूगोल, रीतिस्थिति, समाज, जनजीवनप्रति उसमा कौतुहल उत्पन्न भएको पाइन्छ । अधिकारीका नियात्रामा पनि प्रशस्त मात्रामा कौतुहल उत्पन्न भएको पाइन्छ । गोकुलको गाउँ ठाउँ कस्तो होला भन्ने उनमा कौतुहल उत्पन्न भएको पाइन्छ । कलकत्ताको भ्रमण गर्दा, दिल्ली यात्राका क्रममा आगराको ताजमहलप्रतिको कौतुहल, अस्ट्रेलियाको भ्रमण गर्दा त्यहाँका दर्शनीय स्थलको बारेमा उनका मनमा प्रशस्त कौतुहलता उत्पन्न भएको पाइन्छ । भिँडाबारीमा पुष्पकमलको स्मृति दिवस मनाउन जाँदा त्यहाँको स्थानप्रति उनको मनमा प्रशस्त कौतुहल उत्पन्न भएको र उनले पुष्पकमलको बारेमा जान्न खोजेको पाइन्छ । यसरी हेर्दा रविलाल अधिकारीका नियात्रामा प्रशस्त स्थानमा कौतुहलता पाइन्छ ।

## ८. पात्र

पात्र नियात्रा साहित्यको एक महत्त्वपूर्ण तत्त्व हो । नियात्राकार नै नियात्राको मुख्य पात्र हुन्छ । नियात्रामा प्रयोग हुने विभिन्न विषयवस्तुहरूलाई सुनियोजित रूपमा प्रस्तुत गर्न पात्रको महत्त्वपूर्ण भूमिका रहन्छ । अधिकारीका नियात्रामा रविलाल अधिकारी नै केन्द्रीय पात्र हुन् । अधिकारी यात्रामा जाँदा अन्य मानिसहरू पनि सहायक रूपमा आएका छन् । गोकुल जयन्ती मनाउन जाँदा सँगै गएका पाँच जना साथीहरू भए पनि केन्द्रीय पात्र भने नियात्राकार नै हुन् । अस्ट्रेलिया भ्रमणमा जाँदा श्रीमती, छोरी, ज्वाइँ साथमा भए पनि उनी नै केन्द्रीय भूमिकामा रहेका छन् । प्रलेसको सम्मेलनमा भाग लिन जाँदा, कलकत्ताको यात्रामा जाँद,ा पटना, गोरखपुर आदिको भ्रमणमा जाँदाका केन्द्रीय पात्र नियात्राकार नै हुन् । उनको केन्द्रीय भूमिकाबाट नै नियात्राकृतिको जन्म भएको हो । यहाँ आएका असङ्ख्य व्यक्तिहरू छन्, तिनीहरू सबै सहायक वा गौण पात्र रहेका छन् ।

## ९. अवधि

यात्रा साहित्यमा अवधि यति नै हुन्छ भनेर किटान गर्न सकिँदैन । जति समयमा यात्रा गरिन्छ त्यति नै समय भित्र यात्रा विवरण तयार गरिन्छ । अधिकारीको यात्राको अवधि कुनै लामा छन् भने कुनै एक दिनका पनि रहेका छन् । नियात्राकार अस्ट्रेलियाको भ्रमण जाँदाका समय/अवधि तीन महिना लामो रहेको छ भने फेरि बनारस यात्रा ७-८ दिनको रहेको छ, दिल्ली यात्रा, कलकत्ता यात्रा ५-६ दिनका अवधिका रहेका छन् भने बन्दीपुरे यात्रा, मिर्मि मुनी काली थुनेको, पुष्पकमलको स्मृति दिवस मनाउन जाँदा लगायतका एक दिने समयका रहेका छन् । अधिकारीका यात्राको अवधिमा पनि विभिन्नता देखिन्छ । अरू यात्रा २, ३, ४ दिनका रहेका छन् ।

अधिकारीका यात्रा लेखको अध्ययन, विश्लेषण गर्दा 'फेरि बनारस जाँदा र अन्य नियात्राहरू' कृतिमा केही लामा छन् भने अन्य दुई कृतिमा अलि छोटा लेखहरू रहेका छन् । आयतनका हिसाबले फेरि बनारस जाँदा २१ पेजसम्म फैलिएको र ११ उपशीर्षकमा बाँडिएको छ । आयतनका हिसाबले हेर्दा ससुरालीदेखि स्मृति सभासम्म, दिल्ली यात्राको सम्झना गर्दा, दाङका आङमा आश्रम लिँदा, भैरहवाको साहित्यिक यात्रा, दार्जिलिढदेखि देउघाटसम्म, सिलिगुढीसम्मको साहित्यिक यात्रा विशेष लामा छन् भने अरू कुनै लघु आकारका ४-५ पृष्ठभित्र अटाएका र कुनै त्यसभन्दा माथिका मध्यम स्तरका छन् ।

## १०. आख्यानात्मकता

रविलाल अधिकारीका नियात्रामा पनि झिनो आख्यानको स्वरूप भेट्न सकिन्छ । नियात्राकारले यात्राको अवधिमा उनीसित साक्षात्कार हुन आउने नयाँ परिवेश, प्रकृति, दृश्य, घटनाले आख्यानको काम गरेका छन् । नियात्राकार फेरि बनारस जाँदा, अस्ट्रेलिया भ्रमणमा जाँदा, दिल्ली यात्रामा जाँदा तथा त्यहाँका स्थान, परिवेश आदिको चित्रण गर्दा त्यहाँ झिनो आख्यानात्मकता आएको छ । यसरी नियात्रामा पनि आख्यानात्मक तत्त्व हुनुपर्छ र अधिकारीका नियात्रामा आख्यान तत्त्व प्रशस्त पाइन्छ ।

तथ्यात्मकता/सूचनामूलकता, उद्देश्य, भाषाशैलीका बारेमा यसभन्दा अघिका शीर्षकहरूमा चर्चा गरिएकाले यहाँ समावेश गरिएन । यसरी हेर्दा रविलाल अधिकारीका तीनवटा नियात्रा कृतिहरूका समग्र रूपमा नियात्राका तत्त्वगत आधारमा अध्ययन

विश्लेषण गरियो । यसरी विश्लेषण गर्दा उनका नियात्राहरू नियात्रा तत्त्वले पूर्ण छन् भन्न सकिन्छ ।

## ४.४ निष्कर्ष

नेपाली नियात्राको लामो कालखण्ड मध्ये आधुनिक कालको तृतीय चरणमा देखा परेका एक सिद्धहस्त नियात्राकारमा रविलाल अधिकारीलाई लिन सकिन्छ । यस परिच्छेदमा नियात्राकार अधिकारीका तीन नियात्रा कृतिहरू १. फेरि बनारस जाँदा र अन्य नियात्राहरू (२०६६) २. घुमन्तेको सेरोफेरो (२०७१) ३. अस्ट्रेलिया छोटो बसाइ, थोरै हेराइ (२०७२) का अध्ययन र विश्लेषण गरियो । यी तीन कृतिको विधागत चिनारी (सोलोडोलो) का साथै तीन कृतिभित्रको वैशिष्ट्यगत अध्ययन गरियो । रविलाल अधिकारीका नियात्राभित्र विचरण गर्दा विभिन्न प्रकारका वैशिष्ट्यहरू भेट्न सकिन्छ। यिनीहरूको अध्ययन गर्दा पुस्तक प्रेमीको दृष्टिले, साहित्यिक व्यक्तित्वका दृष्टिले, यथार्थ वर्णनका दृष्टिले, शीर्षकीकरणका दृष्टिले, सूचनामूलकताका दृष्टिले, ऐतिहासिक वर्णनका दृष्टिले, विविध चर्चाका दृष्टिले, मानवतावादीका दृष्टिले, समीक्षक आग्रहका दृष्टिले, भाषाशैली प्रयोगका दृष्टिले, इमानदार, स्पष्ट र सोझो वर्णनका दृष्टिले जस्ता उनका वैशिष्ट्यहरूको अध्ययन गरी विश्लेषण गरिएको छ। अधिकारीका नियात्रा कृतिको नियात्रा विधाको विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ । समग्रमा उनका यी तीन नियात्राकृतिको अध्ययनबाट नेपाली नियात्रा साहित्य लेखनमा आफ्ना छुट्टै शैली तथा शिल्पका साथ यिनीहरू उभिएका छन्। अरू कृतिका तुलनामा यी कृतिको महत्त्व र विशेषता अलग्गै रहेको पाउन सकिन्छ ।

## पाँचौ परिच्छेद
## शोध निष्कर्ष

### ५.१ निष्कर्ष

यस परिच्छेदमा रविलाल अधिकारीका नियात्रा सङ्ग्रहहरूको प्रवृत्तिगत अध्ययन गरी प्राप्त भएको सार सङ्क्षेप र निचोडलाई प्रस्तुत गरिएको छ । यस अध्यायमा प्रस्तुत शोधका क्रममा भएका महत्त्वपूर्ण उपलब्धीहरूलाई उल्लेख गरिएको छ ।

प्रस्तुत शोधको समग्र संरचनालाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । ती पाँचवटै परिच्छेदमा भएको अध्ययनको सारांश निम्नानुसार रहेको छ ।

यस शोधको पहिलो परिच्छेदमा शोधकार्यको परिचय दिइएको छ । यसअन्तर्गत विषय परिचय, शोधशीर्षक, शोध प्रयोजन, शोध समस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य, सीमा, सामग्री सङ्कलन र शोधविधि माथि प्रकाश पार्दै शोधपत्रको रूपरेखा तयार पारिएको छ ।

शोधपत्रको दोस्रो परिच्छेदमा निबन्ध विधाको चिनारी तथा निबन्ध भित्रकै उपविधा मानिने नियात्राको चिनारी, परिभाषा, तत्त्व, नियात्राका निकटवर्ती उपविधाहरूको सङ्क्षेपमा चिनारी, नेपाली साहित्यमा नियात्राको सुरुवात, नेपाली साहित्यमा यात्रा साहित्यको काल विभाजनको चर्चा सँगै प्राप्त नियात्रा कृतिको जानकारी र अन्त्यमा निष्कर्ष जस्ता विषयवस्तु समावेश गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा रविलाल अधिकारीको वैयक्तिक परिचय, शिक्षा, दीक्षा, पेसा, साहित्य, सिर्जनामा प्रेरणा, साहित्यिक व्यक्तित्वको परिचय, नियात्रा लेखन यात्रा, चरण विभाजन, नियात्रा कृतिको चिनारीसँगै निष्कर्ष दिएर टुङ्ग्याइएको छ । यस परिच्छेदको थप सारांश तल प्रस्तुत गरिएको छ ।

नेपाली साहित्यको उर्वर भूमि गण्डकी अञ्चलको कास्की जिल्ला अन्तर्गत (पुरानो लमजुङ) मिजुरे डाँडा वडा नं. ७ गोर्जेमा वि. सं. २००२ साल असार १७ गते शनिबारका दिन बाबु काशीनाथ अधिकारी र आमा राधिकादेवीका कोखबाट रविलाल अधिकारीको

जन्म भएको हो । गाउँले जीवनका उकाली ओराली, खेतबारीमा व्यस्त रहनुपर्ने दैनिकी थियो । दुःख गरेर खान पुग्ने जमिन भएपनि दुःख गर्नु बाध्यता थियो । परिवारिक अवस्था निम्न मध्यम वर्ग भएकाले पनि जीवनयापन गर्न कठोर संघर्ष गर्ने पर्थ्यो । आफू र बहिनी सहित पाँच जनाको परिवार रहेको उनको बाल्यकाल यिनै गोर्जे कै उकाली ओरालीमा बितेको देखिन्छ । आफू अनपढ रहे पनि छोरालाई पढाउनु पर्छ भन्ने मान्यता बाबु आमामा रहेको देखिन्छ । यही मान्यता अनुरूप गोर्जेमा खोलिएको भाषा पाठशालामा पढ्न पुगेको देखिन्छ । त्यहाँ उनले संस्कृत कर्मकाण्ड सम्बन्धी लघुकौमुदी, पाणिनी व्याकरण, संस्कृत व्याकरण जस्ता विषय पढेको देखिन्छ । वि.सं. २०२१ सालमा बाबुको मृत्यु भएपछि वि.सं. २०२१ सालमै काठमाडौँको रानीपोखरी स्थित संस्कृत पाठशालामा एक वर्ष अध्ययन गरी वि.सं. २०२२ सालमा बनारस गई त्यहीँ सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय अन्तर्गतको नेपाली संस्कृत महाविद्यालयमा भर्ना भई वि.सं. २०२७ सालमा शास्त्री पास गरेको देखिन्छ । वि.सं. २०२८ सालमा आफ्नै गाउँ गोर्जेमा हिमालय नि.मा.वि. मा प्रधानाध्यापक नियुक्त भई अध्यापन गर्न थालेको देखिन्छ । अध्ययनकै क्रममा त्रिभुवन विश्वविद्यालयमा प्राइभेट रूपमै भर्ना भई वि.सं. २०३३ सालमा नेपालीमा एम.ए पास गरेको देखिन्छ । वि.सं. २०३५ साल फागुनमा पृथ्वीनारायण बहुमखी क्याम्पसमा सहायक प्राध्यापक नियुक्त भई प्राध्यापन गर्न थाले । प्राध्यापन कै क्रममा वि.सं. २०५५ सालमा ‘प्रगतिवादी नेपाली समालोचनाको विश्लेषणात्मक अध्ययन’ शीर्षकमा विद्यावारिधी हासिल गर्न पुग्छन् ।

रविलाल अधिकारीलाई साहित्य सिर्जना गर्न सर्वप्रथम गोर्जे पाठशाला कै गुरु हेमराज अधिकारीले प्रेरणा दिएको देखिन्छ । पाठशालामा हरेक शुक्रबार हुने साहित्यिक कार्यक्रममा सक्रिय रूपमा भाग लिने अधिकारीले त्यहीँबाट नै आफ्नो प्रतिभा प्रस्तुत गरेका छन् । वि.सं. २०१५ सालमा ‘बन्ने थियो गोर्जेको डाँडा एउटा मास्टर भिकाइ देऊ महेन्द्र’ बोलको गीत सिर्जना गरी साहित्यतर्फ प्रवेश गरेका उनले तीनजना साथीहरू मिली वि.सं. २०२० सालमा ‘दुःखको आवाज’ कविता संग्रह प्रकाशित गर्छन् । पाठशालाका गुरुको प्रेरणा तथा नेपाली साहित्यका मूर्धन्य स्रष्टाहरू माधव घिमिरे, लक्ष्मीप्रसाद देवकोटालगायतका कविता अध्ययन पश्चात् कविता सिर्जना गर्न तिनै कविहरूका कविताबाट प्रेरणा मिलेको पाइन्छ । वि.सं. २०२२ सालमा बनारसमा पढ्न बसेपछि नेपालबाट जाने साहित्यकारहरूसँग हुने साहित्यिक बहस तथा मार्क्सवादी नेता पुष्पलाल

श्रेष्ठ, बलराम उपाध्ययको सम्पर्कले उनी पनि प्रगतिशील लेखनतर्फ आकृष्ठ भएको पाइन्छ । प्रगतिवादी साहित्यले अन्धविश्वासको घोर निन्दा गर्ने, दुःखी पीडितको भलो र हित चाहने भएकाले उनी प्रगतिशील लेखनतर्फ लाग्न थाले । भारतीय साहित्यको अध्ययन पश्चात् पनि उनी प्रगतिवादी दर्शनतर्फ उन्मुख भएको पाइन्छ । नेपाली साहित्यकार युद्धप्रसाद मिश्र, डिल्लीराम तिम्सिनाका संसर्गबाट पनि प्रेरणा पाएको देखिन्छ ।

अधिकारीको लेखन आरम्भ कविताबाट नै भयो । आफ्नै एकल सिर्जनामा उनको 'बुकिफुल' कविता संगालो २०३१ सालमा प्रकाशित भएको देखिन्छ भने अन्य कविता तथा काव्य कृतिमा एकलव्य (२०३५) परदेशीलाई पत्र (२०४१) हर्के (२०४६) प्रकाशित छन् । अरु थुप्रै अप्रकाशित अवस्थामा नै रहेको र केही फुटकर रूपमा प्रकाशित भइसकेका छन् । क्याम्पसतिर प्राध्यापनमा संलग्न हुन थालेपछि बढुवाका लागि पनि समालोचना र निबन्ध विधातर्फ उनको प्रतिभा प्रदर्शित हुन थलेको देखिन्छ । उनको समालोचना विधातर्फ प्रगतिवादी नेपाली कविता) (इतिहास र विश्लेषण - २०४४), अनुभव र आँखाहरू (लेख समालोचना संग्रह - २०४६), प्रगतिवादी दृष्टिमा यौन सम्बन्ध र सांस्कृतिक चिन्तन (लेख संग्रह - २०४७), नेपाली समालोचनाको रूपरेखा (इतिहास र विश्लेषण -२०५१), छेलिएका छविहरू (पाँच प्रतिभाको परिचय - २०५२), प्रगतिवादी नेपाली समालोचना ( इतिहास र विश्लेषण - २०५६), साहित्यिक सन्दर्भ : चर्चा र टिप्पणीहरू (लेख समिक्षा संग्रह - २०५८), अलिमियाँ व्यक्ति र कृति (व्यक्तिपरक अध्ययन -२०६०), कमल दीक्षितका नियात्रा : एक अध्ययन (व्यक्ति परक अध्ययन - २०६५), नेपाली लोक साहित्यको झलक (लोक साहित्य - २०६५) जस्ता उनका कृतिहरू प्रकाशित छन् । यी कृतिहरूमा उनको समालोचक व्यक्तित्व झनै माझिएको र निखार आएको पाइन्छ । यी कृतिहरू कुनै लोक सहित्य, कुनै प्रगतिवादी विचार त कुनै व्यक्तिपरक अध्ययनमा फरक फरक विषय तर्फ केन्द्रीत रहेको पाइन्छ ।

अधिकारीले आफ्नो सिर्जनात्मकता कायम राख्नका लागि गद्य तथा पद्यको सिर्जना गरेको देखिन्छ । पछि पद्यतर्फको लेखन छुट्दै गएर गद्य तर्फमात्र लागेको पाइन्छ । यसै क्रममा उनका तीनवटा निबन्ध कृतिहरू प्रकाशित भएको देखिन्छ । मनोरमा (२०६०), कुरौटेको कुटुरो (२०७०) र बिर्सिदिने परम्परा (२०५७) रहेका छन् । यी निबन्ध कृति आत्मपरक शैलीमा रमरम बौद्धिकताले भरिएका छन् । निबन्ध विधातर्फ कलम चलाउँदै गर्दा काम विशेषले भ्रमण गर्दा गरिएको टिपोटलाई लेखका रूपमा लेखी नियात्रा विधातर्फ

पनि उनले कलम चलाउन थालेको पाइन्छ। वि.सं. २०४६/०४७ सालतिर बाटै नियात्रा लेख्न थाले पनि तिनीहरू अप्रकाशित अवस्थामा नै रहेको र यी आभ्यासिक काम मात्र भएको देखिन्छ। वि.सं. २०४८ सालमा जनकवि गोकुल जोशीको जन्म जयन्ती मनाउन तनहुँको राइपुर (गोकुलको गाउँ) जाँदाको यात्रा प्रसङ्ग वि.सं. २०५८ सालमा प्रकाशित गरी नेपाली नियात्रा विधामा पहिलो पाइला चालेको देखिन्छ। यसै क्रममा उनका तीन नियात्रा कृतिहरू १. फेरि बनारस जाँदा र अन्य नियात्राहरू (२०६६), २. घुमन्तेको सेरोफेरो (२०७१), ३. अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२) प्रकाशित छन्।

अधिकारीको पहिलो नियात्रा कृति फेरि बनारस जाँदा र अन्य नियात्राहरू (२०६६) हो। यो कृतिभित्र ११ ओटा नियात्रा प्रसङ्गहरू समावेश छ। यो कृतिभित्र नियात्राकार नेपालभित्र तथा नेपाल बाहिर खास गरी भारतीय सहरमा काम विशेषले यात्रा गर्दाका प्रसङ्ग समावेश छन्। अधिकारीको दोस्रो कृति घुमन्तेको सेरोफेरो (२०७१) हो। यो कृतिभित्र १५ ओटा नियात्रा प्रसङ्गहरू समावेश छन्। यो कृतिभित्रका नियात्रा पनि नेपालभित्रका यात्रा प्रसङ्ग सँगै भारतीय सहरका यात्रा प्रसङ्ग समावेश छन्। उनका यी दुई नियात्रा कृतिभित्रका नियात्राहरू स्वदेशकेन्द्री र विदेशकेन्द्री दुवै थरी रहेको पाइन्छ। अधिकारीको तेस्रो नियात्रा कृति अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२) हो। यो नियात्रा कृतिभित्र ९ ओटा यात्रा प्रसङ्ग समावेश छन्। यो नियात्रा कृति नियात्राकारको विशुद्ध विदेशकेन्द्री नियात्रा हो। यसमा नियात्राकार अस्ट्रेलिया गएदेखि, त्यहाँ बस्दा र फर्कँदासम्मका यात्रा प्रसङ्ग समावेश छ।

अधिकारीको नियात्रा याात्राको चरण विभाजन गर्दा २०४६/०४७ देखि पहिलो कृति प्रकाशन फेरि बनारस जाँदा र अन्य नियात्राहरू (२०६६) सम्म पूर्वाद्धचरण हो। यस चरणका उनका नियात्राहरू संरचनाका हिसाबले पनि लामा रहेका छन् साथै आत्मपरक शैलीमा विवरणात्मक, सूचनामूलक खालका छन्। कताकति बौद्धिकताका झलकहरू देखिए पनि ज्यादाजसो विवरणात्मक र वर्णनात्मक साथै समीक्षक आग्रहका ज्यादा देखिएका छन्। उनको नियात्रा यात्राको चरण पूर्वाद्ध चरण २०४६/०४७ - २०६६ सम्म हो भने उत्तराद्ध चरण २०६६-हालसम्म हो। उनका नियात्रालाई अध्ययन गर्दा पूर्वाद्ध चरण र उत्तराद्ध चरणमा शैली र शिल्पमा खासै भिन्नता पाइँदैन तर उनको पूर्वाद्ध चरण भन्दा उत्तराद्ध चरण नियात्रा लेखन र प्रकाशनका हिसाबले उर्बर समय देखिएकोले गर्दा चरण विभाजन गरिएको हो। पूर्वाद्ध चरणमा उनको नियात्रा लेखन निकै धिमा गतिमा अघि

बढेको देखिन्छ । २०४८ सालमा लेखिएको पहिलो नियात्रा 'गोकुल जयन्ती मनाउन जाँदा' २०५८ सालमा प्रकाशित भएको देखिन्छ । यस चरणमा उनको नियात्रा लेखन मात्र रह्यो भने प्रकाशन गर्न पनि निकै समय लाग्यो । २०४८ सालमा लेखिएको नियात्रा लेख किताबका रूपमा प्रकाशित गर्न झन्डै २० वर्षको समय लाग्यो । यसैले गर्दा पनि २०६६ सालभन्दा अघिको समयलाई उनको नियात्राको पूर्वार्द्ध चरण मानिएको हो । उनको यस चरणको कृति 'फेरि बनारस जाँदा र अन्य नियात्राहरू' (२०६६) हो । पहिलो कृति प्रकाशनपछि उनको नियात्रा लेखनको दोस्रो चरण वा उत्तरार्द्ध चरण सुरु हुन्छ । यस चरणमा उनको नियात्रा लेखन तथा प्रकाशनको उर्वर समय रहेको पाउन सकिन्छ । यसपछि उनको दोस्रो कृति घुमन्तेको सेरोफेरो (२०७१) र अस्ट्रेलिया : छोटो बसाइ, थोरै हेराइ (२०७२) प्रकाशित भएको देखिन्छ । यस चरण (उत्तरार्द्ध) मा उनको विदेशकेन्द्री नियात्राको सिङ्गै कृति प्रकाशित हुनु र पूर्वार्द्ध चरणमा भन्दा यस चरणका नियात्रामा पाठकसँग खुल्न सक्नुले गर्दा पनि पूर्वार्द्ध चरण र उत्तरार्द्ध चरण छुट्याउन सकिएको हो ।

अधिकारीका समग्र नियात्राको अध्ययन गर्दा उद्देश्यका आधारमा स्वदेशकेन्द्री नियात्रा र विदेशकेन्द्री नियात्रा, संरचनाका आधारमा लामा र छोटा गरी वर्गीकरण गर्न सकिन्छ । खास गरी नियात्राकार कुनै न कुनै काम विशेषले यात्रा गर्दा तत् यात्रा प्रसङ्ग लेखिएको नियात्रा उद्देश्य मूलक भयो भने विशुद्ध भ्रमण मात्र गर्दाका प्रसङ्ग आएका छन् भने ती विशुद्ध भ्रमण उद्देश्य भनेर राखिएको छ । उद्देश्यका आधारमा वर्गीकरण गर्दा पुस्तक खरिद गर्न जाँदा, पुरस्कार ग्रहण गर्न जाँदा, स्रष्टालाई सम्मान गर्न जाँदा, स्मृति सभा तथा सम्मेलनमा जाँदा, विशुद्ध भ्रमण यात्रा भनेर गरिएको छ ।

यस शोधपत्रको परिच्छेद चारमा रविलाल अधिकारीका नियात्राहरूको प्रवृत्तिगत अध्ययन विश्लेषण गरिएको छ । रविलाल अधिकारीका नियात्राको अध्ययन, विश्लेषण गर्दा उनी पुस्तक प्रेमीका रूपमा देखिन्छन् । आफू प्राध्यापक तथा साहित्यकार पनि भएकोले पुस्तक पढ्नु स्वभाविक नै हो । यसैले उनी पुस्तक खरिद गर्न भारतका विभिन्न सहरमा पुग्छन् । न त कुनै गर्मी न त जाडो जब आफूलाई किताब अध्ययनको भोक लाग्छ उनी हिँडिहाल्छन्, यसै सन्दर्भमा उनी आफैँले गरेका यस्ता कामलाई मूर्खता भन्न पनि पछि पर्दैनन् । विभिन्न साहित्यिक सभा सम्मेलन, कवि गोष्ठी, पुरस्कार वितरण, सम्मान गर्न तथा ग्रहण गर्न नेपालका कुना काप्चा तथा नेपाल बाहिर सिलिगुडी सम्म पनि पुग्छन् । पुस्तक खरिद गर्न पटना, गोरखपुर, दिल्ली, कलकत्ता, बनारस पुगेजस्तै सभा सम्मेलनमा

भाग लिनका लागि भैरहवा, कलैया, दाङ आदि स्थानमा पुग्छन् र तिनकै उपजमा यी नियात्राको जन्म हुन पुग्छ। उनका नियात्रामा उनका सरल र प्रवाहमय भाषाको प्रयोगले गर्दा कृति सरल र बोधगम्य बन्न गएको छ। कृतिभित्र तत्सम तथा आञ्चलिक र झर्रा शब्दको प्रयोगले गर्दा पनि कृतिको मिठास छुट्टै बन्न गएको छ। स्थान अनुसार संस्कृतका सुक्ति, उखान, टुक्काको प्रयोगले भाषिक मिठास बढाएको साथसाथै विभिन्न कविता, पङ्तिको प्रयोगले गर्दा गद्यसँगै पद्यले पनि स्थान पाएको छ। आफूले भ्रमण गर्दा देखेका भोगेका कुनै पनि तथ्यलाई नलुकाई यथार्थ बर्णन गरेकोले उनलाई इमान्दार नियात्राकारका रूपमा लिन सकिन्छ। आफू ठगिँदा होस् वा प्रलेसको सातौं सम्मेलनमा हार खानुपरेको प्रसङ्ग होस् आफ्ना साथीहरूले कोदाको शुद्ध जल चाखेको प्रसङ्ग होस् या आफैँले चाखेको तथ्य कतै पनि लुकेको छैन। यसरी हेर्दा अधिकारीलाई इमान्दार लेखकका रूपमा लिन सकिन्छ। यो नै उनको वैशिष्ट्य पनि हो। कृतिभित्र प्रशस्त मात्रामा सूचना पनि दिइएको छ, कलकत्ताको यात्रा गर्दा, दिल्लीको यात्रा गर्दा, नेपालभित्रकै विभिन्न स्थानको यात्रा गर्दा पटना, गोरखपुरमा किताब कहाँ कहाँ पाइन्छ भन्ने सूचनाले नियात्रा कृति भरिपूर्ण छ। नियात्राकार आफू जहाँ यात्रा गरेका छन् त्यहाँको प्राकृतिक सुन्दरताको बर्णन पनि सँगसँगै गरेका छन्। दार्जिलिङको सूर्योदय, तनहुँको राइपुर गाउँको सुन्दरता, त्यहाँबाट देखिने दृश्यको वर्णन, बन्दीपुरबाट देखिने हिमालको दृश्य, अस्ट्रेलियामा देखिएका प्राकृतिक छटाहरूको वर्णन पनि प्रशस्तै गरिएको छ। मानव निर्मित भौतिक उन्नतिको चर्चा पनि उत्तिकै रूपमा पाउन सकिन्छ। यात्रा गर्दाका स्थानको सांस्कृतिक जानकारी तथा चर्चा कलैयाको शिवालय, बाराको गढीमाई मन्दिर, मनकामना मन्दिर दमौलीको व्यास गुफानेरको देवताको मन्दिरको चर्चा पनि गरेका छन्। विभिन्न स्थानमा पुग्दाका खानपानको चर्चा साथै स्थानसम्मत लोकगीतको चर्चा पनि नियात्रा कृतिमा गरिएको छ। नियात्राकार कुशल समालोचक पनि भएकाले साहित्यिक कार्यक्रमको राम्रो समीक्षा गरिएको छ। आफूले पाएजति पुस्तक तथा पत्रिकाको छोटो टीका टिप्पणी पनि सँगै गरिएको छ। अस्ट्रेलियाका नेपाली पत्रिकाका बारेमा उनले राखेका टिप्पणी यथार्थ छन्।

अधिकारीका तीनवटै नियात्रा कृतिहरूको समग्रमा नियात्रा विधाको विधातत्त्वका आधारमा अध्ययन विश्लेषण गरिएको छ। अधिकारीका नियात्राहरू तत्त्वगत आधारमा पनि निकै गहन रहेका छन्। जसमा उनका नियात्रामा गतिशीलता,

तथ्यात्मकता/सूचनामूलकता, कल्पनाप्रवणता, निजात्मकता/स्वच्छन्दताजस्ता गुण तथा तत्त्वहरू भेट्न सकिन्छ ।

सभ्यताको प्रारम्भदेखि नै मानिसले घुमफिर गर्न थाल्यो र यही प्रवृत्तिले गर्दा मानिसलाई आजको वैज्ञानिक र विकसित युगसम्म ल्याइपुऱ्यायो । सभ्यताको प्रारम्भमा मानिसले गास, बास र कपासकै लागि यात्रा गरे पनि जब चेतनाको विकास भयो तब मानिस नयाँ संस्कृति परिवेश तथा मनोरञ्जनको खोजीमा लाग्यो । यात्राकै कुरा गर्दा चिनियाँ यात्रीहरू फायमान, ह्वेन साङ आदिका यात्रा वर्णन पनि उल्लेखनीय छन् । नेपाली नियात्राको विकास क्रममा यसको पहिलो सर्वप्राचीन ग्रन्थ राजा गगनिराजको यात्रा (वि. सं. १५५०) तिर हो । अज्ञातले लेखकको यो यात्रा वर्णनमा राजा गगनिराजलाई कल्याणकारी र दानी व्यक्ति तथा भ्रमणप्रिय भनी वर्णन गरिएको छ । यस पछि निकै लामो समय पछि अज्ञातलेखक कै जङगबहादुरको बेलायत यात्रा वि.सं. १९१० अर्को यात्रा लेख प्राप्त हुन्छ । जङ्गबहादुरले वि.सं. १९०६ मा बेलायत भ्रमण गरेको आधारमा यो कृति रचना भएको हो । यस कृतिमा जङ्गबहादुर बेलायत गएदेखिको बेलायतमा भएका सम्पूर्ण गतिविधिका बारेमा वर्णन गरिएको छ । यसरी अघि बढेको नेपाली नियात्रा विधामा बत्तीस सालको रोजनाम्चा अज्ञात लेखकको अर्को कृति देखा पर्छ । यसमा जङ्गबहादुर वि.सं. १९३२ सालमा पश्चिम नेपालको भ्रमणमा गएको र विसं. १९३३ सालमा फर्केको कुरा सरल भाषा शैलीमा दैनिकीको ढाँचामा लेखिएको छ । वि.सं. १९६७ सालमा चिरञ्जीवी शर्मा पौड्यालको श्री युरोप यात्रा पद्यमा प्रकाशित भएको पाइन्छ ।

यी त भए नेपाली नियात्राका पृष्ठभूमि काल र केही कृतिहरू भने नेपाली नियात्राको काल विभाजन गर्दा पृष्ठभूमिकाल (वि.सं. १५५० देखि वि. सं. १९६९), आरम्भ काल (वि.सं. १९७० देखि वि. सं. १९९८) आधुनिक काल (वि. सं. १९९९ देखि वर्तमानसम्म) भनेर गर्न सकिन्छ । आधुनिक काल (वि. सं. १९९९ देखि वर्तमान सम्म) लाई पनि तीन भागमा वर्गीकरण गर्न सकिन्छ । प्रथम चरण (वि. सं. १९९९ देखि वि. सं. २००९ सम्म) द्वितीय चरण (वि. सं. २०१० देखि २०२२ सम्म) तृतीय चरण (वि. सं. २०२३ देखि वर्तमानसम्म) ।

यस शोधपत्रको परिच्छेद पाँचमा चारवटै परिच्छेदको सारांशलाई छोटकरीमा समेट्ने प्रयास गरिएको छ । रविलाल अधिकारी तृतीय चरणमा देखा परेका एक सशक्त नियात्राकार हुन् । वि. सं. २०४८ सालमा नियात्रा लेखन आरम्भ गरेर वि. सं. २०५८

सालमा समकालीन साहित्यमा आफ्नो प्रथम नियात्रा लेख 'गोकुल-जयन्ती मनाउन जाँदा' प्रकाशित गराएर यस फाँटमा प्रवेश गरेका हुन् । हालसम्म तीनवटा नियात्राकृति प्रकाशित गरेका अधिकारीका नियात्रात्मक प्रवृत्तिहरूको विश्लेषण गर्दा उनी सरल, इमान्दार तथा स्पष्ट विचार वा चर्चा गर्ने नियात्राकारका रूपमा देखिन्छन् । सरल भाषाशैली, शृङ्खलाबद्धता तथा पाठकसँग खुल्न सक्ने खुबीलाई नै उनका नियात्रात्मक प्रवृत्ति मान्न सकिन्छ । विशेष गरी अघिल्लो चरणमा भन्दा उनको पछिल्लो चरणको कृतिमा यस प्रकारको बैशिष्ट्य भेट्न सकिन्छ । मानवतावादी चिन्तन, साहित्यिक व्यक्तित्व, समीक्षक आग्रह तथा उनको विभिन्न विषयसँग सम्बद्ध दृष्टिकोण उनका नियात्रा भरि भेट्न सकिन्छ । यसरी हेर्दा नेपाली नियात्रा सहित्यको फाँटमा रविलाल अधिकारीका यिनै विशेषता तथा आफ्नै शैली र शिल्पले छुट्टै स्थान छ भनेर भन्न सकिन्छ । आत्मपरक शैलीमा विवरणात्मक तथा सूचनामूलक साथै रमरम बौद्धिकताले रङ्गिएका उनका नियात्रा कृति नेपाली नियात्रा साहित्यको उत्कृष्ठ कृति रहेको मान्न सकिन्छ । नेपाली युवाहरू तथा लेखक साहित्यकारहरू विविध काम विशेषले विदेश तथा स्वदेश भ्रमणमा जाँदा आफूले गरेका यात्रा वृतान्तलाई पुस्तकाकार दिने गरेका छन् । यिनै सिर्जनशील युवाहरूको सिर्जनाले गर्दा नेपाली साहित्यमा नियात्रा विधा झनै दरिलो र संबृद्ध बन्दै गएको छ ।

# सन्दर्भ सूची


अज्ञात, कपिल “नेपाली यात्रा साहित्यको उद्भव र विकास, **समकालीन साहित्य,** (वर्ष ११ अङ्क ३, पूर्णाङ्क ४१-२०५८, वैशाख-असार)

अधिकारी, रविलाल (२०६६), **फेरि बनारस जाँदा र अन्य नियात्राहरू,** पोखरा : साहित्य शृङ्खला ।

_____________ (२०७१), **घुमन्तेको सेरोफेरो,** पोखरा अलिमियाँ लोक वाङ्मय प्रतिष्ठान ।

_____________ (२०७२), **अस्ट्रेलियाः छोटो बसाइ थोरै हेराइ,** पोखराः लेकाली प्रकाशन ।

असद माजदा ई (१९८६) **गद्यकी नई विधाओका विकास,** नयाँ दिल्ली : ग्रन्थ अकादमी

**इन्साइक्लोपेडिया ब्रिटानिका (इण्डेपस)** ई (१९६८), भोलुम-५ ।

उपाध्याय, केशव प्रसाद (२०४९), **साहित्य प्रकाश (पा.सं),** काठमाडौँ साझा प्रकाशन ।

उपाध्याय, वेदव्यास (२०६६), **नेपाली यात्रा साहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन,** त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग प्रस्तुत पी.एच.डी शोधपत्र, (वि.सं. १९९९-२०४६) ।

उप्रेती, गङ्गाप्रसाद (२०४६), **दृष्टिकोणका विविध बिसाउनी,** काठमाडौँ : प्रतिभा प्रकाशनका लागि माया उप्रेती ।

उप्रेती, भीष्म (२०५३), **आकाश खस्यो भने के हुन्छ ?,** काठमाडौँ : लेखक स्वयम् ।

गौतम, प्रिया (२०५४), **यात्राकार तारानाथ शर्मा,** त्रि.वि नेपाली केन्द्रीय विश्वविद्यालयमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

ढकाल, पुरुषोत्तम (२०६१), **कवि रविलाल अधिकारीको कवित्वको अध्ययन,** पृथ्वीनारायण क्याम्पस नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

निर्मोही, व्यास “नियात्रा साहित्यको सिर्जनात्मक स्वरूप” **मघुपर्क,** (वर्ष ३०, अङ्क ४, पूर्णाङ्क ४२३, २०६१ भदौ) पृ. ५९ ।

पराजुली, ठाकुरप्रसाद (२०५८), **अन्य विधा वा आख्यान मुक्त गद्य विधा,** काठमाडौँ : शिविर प्रवेशाङ्क उपत्यका साहित्यिक समाज ।

पोखरेल, गणेशप्रसाद (२०६९), **नेपाली नियात्रा परम्परामा भीष्म उप्रेतीको योगदान,** पृथ्वीनारायण क्याम्पस नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पोखरेल, बालकृष्ण (२०५०), **बेलाइततिर बरालिँदा (आमुख),** काठमाडौं : साझा प्रकाशन

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०६७), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : ने.रा.प्र.प्र ।

पौडेल, डोलकुमारी (२०६०), **रविलाल अधिकारी : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** पृथ्वीनारायण क्याम्पस नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पौडेल, हेमनाथ (२०६१), "कता कताको कथा", **गरिमा,** पूर्णाङ्क २६२, पृ. १२७ ।

प्रधान, प्रमोद (२०६६), **नेपाली निबन्धको इतिहास,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बराल, ईश्वर (सम्पा.) (२०४६), **सयपत्री,** चौ.सं., काठमाडौँ : साझा प्रकाशन ।

बस्नेत, वसन्ती (२०६९), **उत्तरी गोलार्द्धको एक फन्को : कृतिगत अध्ययन,** पृथ्वीनारायण क्याम्पस नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

राई, वीरेन्द्र (वीरेन्द्र एन राई) (२०६१), **नेपाली नियात्रा परम्परामा धनश्याम राजकर्णिकारको योगदान,** त्रि.वि नेपाली केन्द्रीय विश्वविद्यालयमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

रोका, रमेशचन्द्र (२०५५), **पारिजातका अन्य धिवाको विश्लेषणात्मक अध्ययन,** त्रिभुवन विश्वविद्यालय केन्द्रीय नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

शर्मा, तारानाथ, **मधुपर्क,** (वर्ष २२, अङ्क ८, पूर्णाङ्क २४७, २०४६ पुस) पृ. ३८ ।

शर्मा, तारानाथ "नियात्रा" **नेपाल** (वर्ष २, अङ्क २०, २०५९ जेठ १६-३१)

शर्मा (भट्टराई) शरच्चन्द्र "मेरो लण्डन राजतिलक यात्रा : यात्रा साहित्यको कोसेढुङ्गा **समकालीन साहित्य,** (वर्ष ११, अङ्क ३, पूर्णाङ्क ४१, २०५८ वैशाख असार)

शर्मा (मञ्जुल) मेघराज (२०४७), **जाने होइन दाइ आलापोट ?** त्रि.वि नेपाली केन्द्रीय विभागमा प्रस्तुत स्नातकोत्तर सिर्जनात्मक लेखन पत्र ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौँ : ने.रा.प्र.प ।

सुवेदी, राजेन्द्र (२०५८), **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,** काठमाडौं : साझा प्रकाशन ।

____________ (२०६३), **स्नातकोत्तर नेपाली निबन्ध,** भाग ३, चौ.सं., काठमाडौँ : पाठ्यसामग्री पसल ।

## परिशिष्ट खण्ड

### शोधनायक तथा कृतिकारसँग लिइएको अन्तर्वार्ता

प्रस्तुत शोधपत्र 'रविलाल अधिकारीको नियात्राकारिता' रहेको छ । यसमा रविलाल अधिकारीको जन्म, बाल्यकाल, शिक्षा दिक्षा आदि प्रष्ट हुन नसकेका पाटाहरूका बारेमा उहाँसँग लिइएको अन्तर्वार्ता :

**प्र.नं. १ रविलाल अधिकारी ज्यू, तपाइँको जन्म, बाल्यकाल र विवाह तथा पारिवारिक अवस्थाका बारेमा बताइदिनु हुन्छ कि ?**

**रविलाल :** मेरो जन्म २००२ साल, आषाढ १७ गते शनिवारका दिन माता राधिकादेवी र पिता काशीनाथ अधिकारीका कोखबाट भएका हो । जन्मस्थान चाहिँ मिजुरेडाँडा गा.वि.स वडा नं. ७ गोर्जे, कास्की हो । कमजोर आर्थिक अवस्था भएका कारण कठोर परिश्रम गर्नुपर्थ्यो । घरमा बुबा आमाले गराएका काम गर्दै स्थानीय साथीभाइसँग खेल्दै मेरो बाल्यकाल बित्यो ।

मेरो पहिलो विवाह २०२८ सालमा भएको थियो । कुनै सन्तानको जायजन्म नहुँदै श्रीमती बाटा लागे पछि २०३३ सालमा सम्झनादेवी अधिकारीसँग भयो । हाल दुई छोरा र एक छोरी र नाति नातिनाका साथ पोखरा लेखनाथ महानगरपालिका वडा नं. १० बुद्ध चोकमा बसोबास गरिरहेको छु ।

**२. अधिकारीज्यू तपाइँको युवा अवस्था र शिक्षाका बारेमा थप प्रकाश पारिदिनुहोस् न ।**

**रविलाल :** गोर्जे कै उकाली ओराली तथा सङ्घर्षपूर्ण जीवन थियो । तत्कालिन समयमा पर्याप्त शिक्षण संस्थाको अभाव थियो तर पनि गोर्जे मै गोर्जे भाषा पाठशाला थियो । त्यसमा गुरु हेमराज अधिकारीले पढाउनुहुन्थ्यो । त्यसैमा संस्कृत सम्बन्धी कर्मकाण्ड एवं पाणिनी व्याकरण, संस्कृत व्याकरण, लघुकौमुदी जस्ता विषय पढियो । वि.सं. २०२१ सालमा बाबु काशीनाथको मृत्यु भएर एउटै छोरो भएकोले काज किरिया पछि २०२१ सालमा काठमाडौँको रानीपोखरी संस्कृतप्रधान पाठशालामा छ महिना जति अध्ययन पश्चात् २०२२ सालमा बनारस गएर सम्पूर्णानन्द तत्कालीन वाराणसेय संस्कृत

विश्वविद्यालय अन्तर्गत नेपाली संस्कृत महाविद्यालय मंगलागौरमिा भर्ना भई सम्पूर्ण पूर्वमध्यमादेखि लिएर २०२७ सालमा साहित्य विषयबाट शास्त्री पास गरेँ ।

२०२८ सालमा गोर्जेकै हिमालय नि.मा.वि. मा अध्यापन गर्दै प्राइभेट रूपमा नेपाली विषयमा २०३३ सालमा एम.ए पास गरेँ भने २०३५ सालबाट पृथ्वीनारायण बहुमुखी क्याम्पसमा सहायक प्राध्यापकका रूपमा अध्यापन आरम्भ गरेँ । २०५५ सालमा 'प्रगतिवादी नेपाली समालोचनाको विश्लेषणात्मक अध्ययन' शीर्षकमा विधावारिधि पनि हासिल गरेँ ।

**३. तपाईलाई साहित्य सिर्जना गर्ने प्रेरणा कसरी प्राप्त भयो ?**

**रविलाल** : साहित्य सिर्जना गर्न वातावरणको ठूलो प्रभाव रहन्छ । तत्कालीन समयमा साहित्य सिर्जना गर्न गाह्रो थियो । शिक्षित व्यक्ति भेट्न मुस्किल थियो । गोर्जेकै भाषा पाठशाला पढ्न थाले पछि गुरु हेमराज अधिकारीको प्रेरणाले शुक्रबार राखिने साहित्यिक कार्यक्रममा साथीहरू टीकाराम अधिकारी, बाबुराम अधिकारी आदिसँगै म सक्रिय रूपले सहभागी हुने गर्थें । पछि विस्तारै म मा पनि लेख्नुपर्छ भन्ने अन्तस्करणबाट प्रेरणा जाग्न थाल्यो । बनारस बस्दा त्यहाँको साहित्यिक वातावरण तथा नेपाली साहित्यकारहरूको जमघटमा हुने साहित्यिक छलफलले गर्दा पनि साहित्य सिर्जना गर्न प्रेरणा मिल्यो । बनारसमै कवि भरतराज पन्त, वासु शशी, मदन रेग्मी नेपालका र युद्धप्रसाद मिश्र, डिल्लीराम तिमसिना आदि बनारसका साधकसँग सम्पर्क भयो । नेपाली साहित्यका मूर्धन्य स्रस्टाहरू लेखनाथ पौडेल, भानुभक्त आचार्य, माधव घिमिरेका रचनाहरू अध्ययन गर्न थाले पछि म मा पनि कविता रचना गर्ने क्षमता छ भन्ने लाग्यो । मलाई विशेष गरेर प्रेरणा दिने गुरुहरूमा भाषा पाठशालाका गुरु हेमराज अधिकारी, बनारसका गुरु पद्मनाभ निरौला विशेष हुनुहुन्छ ।

**४. तपाई कसरी प्रगतिवादी साहित्यतर्फ आकर्षित हुनुभयो ?**

**रविलाल :** नेपालमा तत्कालीन समयमा प्रगतिवादी साहित्य लेखन तर्फ भर्खरै बामे सर्दै थियो । म वि.सं. २०२२ सालमा बनारस गएपछि त्यहाँको साहित्यिक वातावरण तथा नेपालका कम्युनिष्ट नेताहरू पुष्पलाल, बलराम, प्रदीप गिरी तथा अन्य नेताका बहस तथा विचारले त्यतातिर आकर्षित भएँ । हिन्दी साहित्यको अध्ययन गर्दा मैथिलीशरण, छायावादी

कविहरूका धेरै कविता पढें । पछि गहिरिँदै जाँदा प्रगतिवादी साहित्य बाहेकका धारालुप्त प्रायः रहेको र जे जति पुस्तक तथा लेख रचनाहरू प्रगतिवादी धाराकै रहेकोले पनि मलाई त्यतातिर तान्यो । प्रगतिवादी साहित्यले पीडित र निमुखा वर्गको हित चाहने रुढीवादी अन्ध विश्वासको घोर विरोध गर्ने मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई अवलम्बन गर्ने भएकाले आफू पनि निमुखा वर्गकै भएकाले मलाई उक्त दर्शन स्वीकार्य भयो र त्यतैतिर कलम चलाउन थालेँ ।

**५. अधिकारी ज्यू तपाईको साहित्यलेखन यात्राका बारेमा केही बताइदिनु होस् न।**

**रविलाल :** मैले सुरुमा कविताबाट साहित्य साधना गरेको हुँ । २०१५ सालमा 'बन्ने थियो गोर्जेको डाँडो एउटा मास्टर झिकाइदेउ महेन्द्र' भन्ने बोलको गीत लेखेको र यो अप्रकाशित अवस्थामा नै रहेको छ । त्यसपछि वि. सं. २०२० सालमा तीनजना साथीहरू मिलेर 'दु:खको आवाज' कविता सङ्ग्रह प्रकाशित गरियो । त्यसपछि बुकिफूल र कविता संग्रह (२०३१) सालमा प्रकाशित गरेँ । साथै लघुकाव्य, निबन्ध तथा समालोचनाका कृतिहरू क्रमशः प्रकाशित हुँदै गए भने केही अझैं अप्रकाशित अवस्थामा नै छन् ।

वि. सं. २०३३ सालमा त्रिभुवन विश्व विद्यालयबाट प्राइभेट दिएर एम.ए. पास गरेपछि वि.सं. २०३५ साल फागुनबाट पृथ्वीनारायण क्याम्पस प्रवेश गरेँ । त्यसपछि क्याम्पसमा बढुवाका लागि पनि नम्बर प्राप्त गर्नुका लागि समालोचना र अनुसन्धानतर्फ लागेँ । साथ साथै कविता सिर्जना पनि धिमा गतिमा अघि बढ्यो भने पछिल्ला चरणमा कविता लेखन बन्द प्रायः रहेको छ। मेरो साहित्यिक रचनाहरू विभिन्न विषयसँग सम्बन्धित रही २० वटा जति प्रकाशित छन् । केही प्रकाशनका चरणमा रहेका छन् ।

**६. अधिकारीज्यूले नेपाली साहित्यमा कुन कुन विधामा कलम चलाउनुभयो ?**

**रविलाल :** मैले सुरुवाती चरणमा कविताबाटै साहित्य सिर्जना थालनी गरेँ । केही कविता संग्रह तथा लघुकाव्य प्रकाशित पनि गरेँ । क्याम्पस प्रवेश गरे पछि बढुवा प्रयोजन तथा आफ्नै अध्ययन अनुसन्धानका कारण समालोचना, निबन्ध विधातर्फ पनि कलम चलाइरहेको छ। आफ्नो विधावारिधि शोध प्रबन्ध पनि समालोचना नै रहेकाले समालोचनातिर बढी लागिरहेको छु। पछिल्ला समयमा अर्काका कुरामात्र काटेर बस्दा

मभित्रको सिर्जनात्मकता मर्ने भयो भन्ने ठानेर निबन्ध र नियात्रा विधातिर पनि कलम चलाइरहेको छु ।

### ७. अधिकारी ज्यूको नियात्रा लेखनबारे बताइदिनुहोस् न ।

**रविलाल :** क्याम्पसतिर प्रवेश गरेपछि पद्यतिर भन्दा गद्यतिर नै मेरो ध्यान आकृष्ट भयो । नेपाली साहित्यमा थुप्रै निबन्धकारहरूका निबन्ध पढेपछि मलाई पनि निबन्धप्रति हौसला जाग्यो र निबन्ध लेख्न थालेँ । नेपाली साहित्यमा थुप्रै साहित्यकारहरूले नियात्राका कृतिहरू प्रकाशन गरिरहेको सन्दर्भमा मैले पनि २०४६-२०४७ सालतिर नियात्रा लेख्न थालेँ । त्यतिबेलाका प्रारम्भिक नियात्राहरू मैले पत्रपत्रिकामा छपाउने प्रयास पनि गरिनँ । ती आभ्यासिक काम मात्र भए । २०४८ सालमा तनहुँको राइपुरमा 'गोकुल जयन्ती मनाउन जाँदा' को संस्मरण पहिलो प्रकाशित नियात्रा हो । यो वि.सं. २०५८ सालको 'समकालिन साहित्य' मा छापिएको छ ।

### ८. नेपाली साहित्यमा नियात्राको के कस्तो स्थान छ भन्ने लाग्दछ ?

**रविलाल :** नेपाली साहित्यको पछिल्लो चरणमा निबन्धअन्तर्गत नियात्रा विधा अत्यन्त मौलाएको विधाका रूपमा लिन सकिन्छ । नेपाली युवाहरू रोजगारीका कारणले वा विविध कारणले संसारभर पुगेका छन् । तिनै युवाले देखेका ठाउँ भोगेका दुःख सुख आफ्ना कलमद्वारा उतार्ने गरेका छन् जसका कारणबाट आज यो विधा समृद्ध बन्न गएको छ । कामका सिलसिलामा विभिन्न देश पुगेका नेपालीहरूले आ-आफ्ना स्तर अनुसारको अभिव्यक्ति यात्रा साहित्यका रूपमा प्रस्तुत गर्ने हुँदा नेपाली साहित्यमा अहिले यो विधाको बाहुल्य देखिन्छ । यात्रा साहित्य पढेर धेरै नेपाली नागरिक ती देशहरूका सभ्यता, संस्कृति, चालचलन र भौगोलिक, सामाजिक, राजनैतिक, आर्थिक पक्ष आदि क्षेत्रका गतिविधिका बारेका जानकार हुन गई लाभान्वित हुन पाएका छन् । म पनि लाभान्वित भएको छु ।

### ९. अधिकारी ज्यू नेपाली नियात्रा (पछिल्लो) समयमा आएका के कस्ता छन् ?

**रविलाल :** नेपाली युवाहरू विभिन्न काम विशेषले विदेशमा पुगेका छन् । ती युवाहरूले आफू पुगेको स्थानको जानकारी आफ्ना कलमद्वारा गराएका छन् । ती नियात्रालाई नियाल्दा उनीहरूले त्यहाँको भूगोल, संस्कृति, रहनसहन, प्रकृति, भौतिक उन्नतिको चर्चा

आदि गरेका छन् । ती नियात्राहरू केही वैचारिक उच्चताका छन् भने केही नियात्राहरू ज्यादाजसो प्रकृति चित्रणमा नै रहेका छन् । व्यक्तिको रुचि तथा इच्छा अनुसार नै प्रस्तुत गरेका छन् । जे भए पनि तिनीहरूले नेपाली पाठकलाई लाभान्वित नै पारेका छन् ।

**१०. अधिकारी ज्यू तपाइँलाई विशेष मन परेका नेपाली नियात्राकार र उनका कृतिहरू बताइदिनुहोस् न ।**

**रविलाल :** नेपाली नियात्राकारहरूमा कोही कलापक्षले राम्रा र विशेष छन् भने कोही विचार र कला दुवैका दृष्टिले विशेष छन् । पछिल्ला समयमा आएका युवा लेखकका कृतिहरू पनि कला र विचारका दृष्टिले स्तरीय नै छन् । नेपाली नियात्रामा मैले विशेष मानेका नियात्राकार र तिनका कृतिहरूमा डा. तारानाथ शर्माको बेलायततिर बरालिँदा, जीवनका छाल, पाताल प्रवास, यादव खरेलको (समुन्द्रपारि) रमेश विकलको (सातसूर्य एक फन्को निलगिरीको छायाँमा) घनश्याम राजकर्णिकारको (केही चिन्तन केही मन्थन) विदेशको यात्रा, 'स्वदेशको सम्झना' देश प्रदेशको भ्रमण केही संस्मरण) मञ्जुलको ( सम्झनाका पाइलाहरू, जाने होइन दाइ आलापोट) श्रीकृष्ण गौतमको (अल्छीका पाइला, तस्मात् चरैवेति, घुम्टोभित्र सय रङ्गी अनुहार : हुम्ला) कमल दीक्षितका (ज्यूँदा कुरा, महाचीन, सँगालो) धनुषचन्द्र गौतमका (कालान्तर, संज्ञा सर्वनाम, सम्झनाका गल्छेडाहरू, तीनबास, आरोहण अवरोहण) निर्मोही व्यास, भीष्म उप्रेती, हेमराज पहारी, डा. कृष्णराज अधिकारी आदि लेखकका कृतिहरू विशेष राम्रा छन् भन्ने मलाई लाग्छ ।